# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS- NEPALI

## SEMESTER-III

# समकालीन समालोचनाका सिद्धान्त र पद्धति

## NEP(DE)-PG-C-305-OE-(OPEN-ELECTIVE)

# BLOCK-1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# समकालीन समालोचनाका सिद्धान्त र पद्धति

**BLOCK-1**

एकाइ – 1, आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति.............................. 8

एकाइ – 2, उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख ........................... 51

प्रवृत्तिहरू\ ........................................................................................ 51

एकाइ – 3, आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति 95

एकाइ – 4, नारीवादको स्वरूप अनि प्रवृत्ति ............................................. 134

एकाइ – 5, लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति ......................... 172

एकाइ – 6, नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध ...................... 214

एकाइ – 7, नारीवाद र लैङ्गिक समालोचनाका........................................ 256

प्राप्ति ................................................................................................ 256

**BLOCK-2**

एकाइ – 8, परिवेश विमर्श – स्वरूप एवम् प्रकार

एकाइ – 9, साहित्यमा परिवेश विमर्शको स्थान एवम् प्राप्ति

एकाइ – 10, ग्रहण सिद्धान्त – स्वरूप एवम् प्रकार, साहित्यमा ग्रहण सिद्धान्तको स्थान एवम् प्राप्ति

एकाइ – 11, उपनिवेश र उपनिवेशवादका मान्यता एवम् स्वरूप

एकाइ – 12, उत्तर - उपनिवेशवादका मान्यता एवम् स्वरूप

एकाइ – 13, उपनिवेशवाद र उत्तर - उपनिवेशवाद माझ भिन्नता

एकाइ – 14, साहित्यमा उपनिवेशवाद र उत्तर - उपनिवेशवादका प्राप्ति

# समकालीन समालोचनाका सिद्धान्त र पद्धति

यस **समकालीन समालोचनाका सिद्धान्त र पद्धति** अन्तर्गत रहेको यस प्रभाग –१ लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – १, आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति ।**

यस एकाइमा आधुनिकतावादबारे विशेष विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ आधुनिकतावादको अवधारणालाई केलाउँदै आधुनिकतावादको अर्थ र परिभाषा, यसबारे विभिन्न विद्वानहरूका मत – विचारलाई अध्ययन गरिएको छ । यसका साथै आधुनिकतावादको प्रमुख प्रवृत्ति जस्तै - स्वच्छन्दतावादिता, यथार्थवादिता, मनोविश्लेषणात्मकता, विसङ्गतिवादिता अस्तित्ववादिता, प्रयोगपरकता, आदर्शोन्मुख, यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, प्रकृतवादी यथार्थवाद , अतियथार्थवाद, ऐतिहासिक यथार्थवाद, बहुलवादी विचार, नारीवाद, लैङ्गिकता, द्वन्द्व र युद्धको अभिघात, डायस्पोरिक चेतना, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको सम्मिश्रण, पर्यावरणीय चेतना, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, पराऔपन्यासिकता, विधामिश्रण, पुनर्लेखन अन्तरपाठीयता, अपरम्परितता आदिलाई यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ ।

**एकाइ – २, उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्तिहरू ।**

यस एकाइमा उत्तर - आधुनिकतावादबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ उत्तर - आधुनिकको सामान्य परिचय, अत्तर - आधुनिकतावादको अर्थ र परिभाषा उत्तर - आधुनिकतावादको अवधारणा आदिको पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यस बाहेक उत्तर – आधुनिकतावादका विभिन्न प्रवृतिहरू जस्तै – **साइबरीय सिद्धान्त,** विनिर्माण सिद्धान्त, बहुलताको सिद्धान्त, लेखकको मृत्युको अवधारणा, भूमण्डलीकरण, स्वैर कल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोग, सीमान्तकृतहरूको नायकीपन, उपभोक्तावादी प्रवृत्तिको चित्रण, स्थानीय रङ्ग, डायस्पोरिक (आप्रवासी) लेखन, अभिघातको चेतना, सन्दिग्धताको मान्यता, प्रर्यावरणीय चेतना आदिको अध्ययन यस एकाइमा गरिएको छ ।

**एकाइ – ३, आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति ।** यस एकाइमा आधुनिकतावाद र उत्तर - आधुनिकतावादबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन आधुनिकतावाद र उत्तर –

आधुनिकतावादको सामान्य परिचय दिँदै यी दुई माझको भिन्नतालाई पनि यस एकाइमा अध्ययन गरिएको छ । यति मात्र नभएर आधुनिकतावाद र उत्तर – आधुनिकतावादका प्राप्तिहरू के के हुन् र नेपाली साहित्यमा यी दुई वादद्वारा के कस्तो उपलब्दि हुन सकेको छ भन्ने कुरा आदिको पनि उक्त एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ४, नारीवादको स्वरूप अनि प्रवृत्ति ।** यस एकाइमा नारीवादलाई मुख्य रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ नारीवादको अर्थ र परिभाषालाई विषद रूपमा अध्ययन गर्दै नारीवादको स्वरूपहरूबारे अध्ययन गरिएको छ । यस एकाइमा नारीवादका विभिन्न प्रवृत्तिहरू के के हुन् भन्ने बारे पनि अध्ययन गरिएको छ । यसका अतिरिक्त नारीवादका प्रवृत्तिहरू जस्तै - राजनैतिक नारीवादी प्रवृत्ति, गाइनो प्रवृत्ति, फ्रान्सेली नारीवादी प्रवृत्ति आदिबारे पनि विषद रूपमा अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – ५, लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति ।**

यस एकाइमा लैङ्गिकताबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लैङ्गिक शब्दको अर्थ र परिभाषा, लैङ्गिक समालोचनाको अवधारणाबारे यस एकाइमा गरिएको छ । यसका साथै लैङ्गिक समालोचनाको के कस्तो मान्यताहरू रहेका छन् ? साथै यस मान्यताको किन साहित्यमा महात्व र मूल्य छ ? भन्ने विशयमा पनि अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । मूलरूपमा लैङ्गिक समालोचनाका के कस्ता प्रवृत्तिहरू हुन्छन् भन्ने विशयमा यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ – ६, नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध ।**

यस एकाइमा नारीवाद र लैङ्गिक समालोचनाबारे विषद् रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ नारीवाद र लैङ्गिक समालोचनाको सामान्य परिचय अध्ययन गर्दै यी दुई माझ के कस्तो सम्बन्ध रहेको छ भन्ने बारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका निम्ति नेपाली साहित्यमा नारीवाद र लैङ्गिक समालोचनालाई मुल आधार गरेर लेखिएका कृतिहरूको अध्ययन गर्दै नारीवाद र लैङ्गिक समालोचना बीचको सम्बन्धलाई खुट्याउने प्रयास यस एकाइमा गरिएको छ ।

**एकाइ – ७, नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति ।**

यस एकाइमा नारीवाद र लैङ्गिक समालोचनाबारे विषद् रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ नारीवाद र लैङ्गिक समालोचनाको सामान्य परिचयबारे अध्ययन गर्दै यी दुईको अवधारणाबारे अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त निम्ति नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति अनि साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको प्रयोग के कस्तो रूपमा भएको छ भन्नेबारे विस्तृत रूपमा अध्ययन यस एकाइमा गरिएको छ ।

# एकाइ – 1, आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति

## संरचना

1.0 उद्देश्य

1.1 परिचय

1.2 आधुनिकतावादको अर्थ र परिभाषा

1.3 आधुनिकतावादको अवधारणा

1.4 आधुनिकतावादको प्रमुख प्रवृत्ति

1.4.1 [illegible]

1.4.2 [illegible]

1.4.3 [illegible]

1.4.4 [illegible]

1.4.5 [illegible]

1.4.6 [illegible]

1.4.7 [illegible]

1.4.8 [illegible]

1.4.9 [illegible]

1.4.10 [illegible]

1.4.11 [illegible]

1.4.12 [illegible]

1.4.13 □ □ □ □ □:□

1.4.14 □ □ □ □ □ □ □ □:□ □

1.4.15 □ □ □ □ □ □ □ □ □ □

1.4.16 □ □ □ □ □ □र□ □ □ □ □ □□□ □ □ □:□

1.4.17 □ □ □ □ □ □ □ □ □□□ □ □ □:□

1.4.18 □ □ □ □ □ □ □ □ □ □ □:□ □

1.4.19 □ □ □र □ □ □ □ □ □ □ □ □ □ □□□□ □ □ □ □ □:□

1.4.20 □ □ □ □ □ □ □ □ □ □ □ □ □ □

1.4.21 □ □ □ □ □ □ □ □ □ □ □ □□□ □ □ □ □ □ □ □ □ □ □ □:□ □ □

1.4.22 □ □ □ □□ □ □ □ □ □ □ □ □ □ □ □ □:□

1.4.23 □ □ □ □ □ □ □□□ □ □ □:□

1.4.24 □ □ □ □ □ □ □ □ □ □ □ □:□ □ □

1.4.25 □ □ □ □ □ □ □ □:□ □

1.5 उपसंहार

1.6 सार

1.7 अनुशीलनी

1.8 अतिरिक्त अध्ययन

1.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- आधुनिकको सामान्य परिचय
- आधुनिकतावादको अर्थ र परिभाषा
- आधुनिकतावादको अवधारणा
- आधुनिकतावादको प्रमुख प्रवृत्ति

## 1.1 परिचय

आधुनिक भनेको एउटै समयको वा उही समयको वा अहिलेको, भरखरैको, तत्कालैको हो । यसलाई आधुनिकतवाद पनि भनिन्छ । आधुनिक वा आधुनिकतावाद साहित्य भनेको अहिलेको वा भरखरै प्रकाशित भएको साहित्यिक कृतिहरू भनेको हो । आधुनिकतवाद वा अहिले भनेर कहिलेदेखिको अवधिलाई मान्ने भन्ने प्रश्न आउँछ । यसका साथै विचार र शैलीको पनि प्रश्न आउँछ । भरखरै लेखिएको तर भरखरैको विचार शैली नभएको साहित्यलाई आधुनिकतवाद भन्न सकिँदैन । पश्चिमी साहित्यमा आधुनिकतवाद भनेर द्वितीय विश्वयुद्धपछि लेखिएको साहित्य वा उत्तरआधुनिक साहित्य भनेर चिनिन्छ । नेपाली देशमा भने दोस्रो विश्वयुद्ध अर्थात् वि. सं. १९९६ - २००२ पछि लेखिएको साहित्यलाई **आधुनिकतावाद** भनिन्छ ।

नेपालीमा आधुनिकतवादी साहित्य लेखन दार्जीलिङका साहित्यकार रूपनारायण सिन्हाको भ्रमर (सन् १९३६) उपन्यास, इन्द्रबहादुर राईको **आज**

**रमिता छ** उपन्यास, **कठ पुतलीको मन** (कथा सङ्ग्रह) लीला लेखन वि. सं. २०३४ देखिमात्र सुरु भएको मानिन्छ । यसरी सामान्यतः आधुनिकतवादी नेपाली साहित्य भनेर वि. सं. २०३५ पछि लेखिएका साहित्य भन्न सकिन्छ, तर पचासको दशकदेखि मात्र नेपालीमा आधुनिकतवाद विचार वा उत्तरआधुनिक चेतना वा विशेषता भएका साहित्य लेखिन थालेको पाइन्छ ।

## 1.2 आधुनिकतावादको अर्थ र परिभाषा

आधुनिकतावादलाई चिनाउन अप्ठ्यारो छ किनभने यसका अनगिन्ती विशेषता र प्रवृत्तिहरू छन् । यसका अनन्त विषय छन् र साहित्यकारहरू पनि अनेक ठाउँ र अनेक प्रकृति र संस्कृतिका छन् । त्यस्तै आधुनिकतावादले आफ्नै बारेमा आलोचना गर्छ । नयाँ र पुराना विषयवस्तुलाई मिसाउँछ र टाँस्छ । रूप र संरचनामा निरन्तर प्रयोग गरिरहन्छ । यसको शैली यही हो भनेर हत्तपत्त पत्ता लगाउन सकिँदैन । त्यसैले शैली पत्ता लगाउन पाठक र लेखकमा भर पर्न बाध्य हुनुपर्छ । वास्तवमा आधुनिकतावादभन्न सजिलो छ, तर आधुनिकतावादी साहित्य कस्तो हुन्छ भनेर परिचय दिन गाह्रो छ ।

आधुनिकतावादले अहिलेको जीवन र संस्कृतिलाई प्रतिविम्बित गर्छ । जीवन र संस्कृति सदा परिवर्तनशील र विरोधाभासपूर्ण हुन्छ । यसले जीवन र संस्कृतिको त्यही परिवर्तनशीलता र विरोधाभासमा देखाउँछ । आधुनिकतावाद झट्ट हेर्दा निर्दोष वा सोझो देखिए तापनि यो व्यङ्ग्यात्मक हुन्छ । यसले हाम्रो राजनीतिक, सामाजिक र वैयक्तिक भ्रममुक्तता प्रतिविम्बित गर्छ । यसले जे कुराको पनि नव सिर्जना गरिदिने साहस गर्छ । यसले पुरानालाई नयाँ रूपमा देखाउँछ । यसले विश्वमा कुनै निश्चित सत्य वा यथार्थ हुँदैन भनेर

देखाउँछ, किनभने हामी जे जान्दछौँ, त्यो हाम्रै परिप्रेक्ष्यमा आधारित हुन्छ । कुनै पनि वस्तुलाई सबैले आफ्नै दृष्टिले हेरिरहेका हुन्छन्, त्यसैले सत्य वा यथार्थ पनि दृष्टि अनुसारकै हुन्छन् । सत्यको पूर्णता, अविनाशितता र ठोस आधार छैन । सत्य इतिहासरूपी मरुभूमिको बालुवा जस्तो बदलिरहने स्वभावको छ । यो स्थानीय हुन्छ, अनिश्चित हुन्छ । यसलाई मानव पिँढीले आफू सत्तामा टिकिरहन र सम्मानित भइरहन सांस्कृतिक पद्धतिबाट निर्माण गरिरहन्छ । त्यसैले हाम्रो मूल्य वा परिचय भनेको सांस्कृतिक निर्मिति मात्र हो, त्यो हाम्रो स्थायी अस्तित्व होइन । शब्द भनेको प्रतीक हो र प्रतीकले वास्तविकतालाई वा वस्तुलाई प्रत्यक्ष उपस्थित गराउन सक्दैन । शब्दसँग सन्दर्भार्थ मात्र हुन्छ र यो विशिष्ट रूपमा हुन्छ । त्यसैले शब्दका कुनै निश्चित र स्थिर अर्थ छैनन् । अहिलेका आधुनिकतावाद साहित्यले यिनै माथिका कुरा व्यञ्जित गर्छन् ।

कुनै पनि कुरा विनाकारण हुँदैनन् । आधुनिकतावादको जन्म र लेखनका पनि विभिद कारणहरू छन् । ती कारणलाई राष्ट्रिय र अन्तरराष्ट्रिय भनेर छुट्टयाउन सकिन्छ । प्रमुख राष्ट्रिय कारणमा विभेदमूलक सामाजिक संरचना, २०४६ सालको पुनःप्राप्त प्रजातन्त्र र यसले ल्याएको उदारता, २०५२ सालदेखि २०६२ सालसम्म चलेको द्वन्द्व र युद्ध तथा २०६३ मा भएको राजनीतिक परिवर्तन पर्दछन् । प्रमुख अन्तरराष्ट्रिय कारणमा विश्व राजनीतिमा रहेको द्वि ध्रुवीय दृष्टिकोणको अन्त्य र बहुलवादी दृष्टिको उदय, सञ्चार र प्रविधिको तीव्र विकास र त्यसको प्रभाव तथा आधुनिकतावादी लेखनमा आएका नवीन प्रवृत्तिको विश्वव्यापी प्रयोग पर्दछन् । यीबाहेक डार्विन, कार्लमाक्र्स र सिग्मन्ड फ्राइडले प्रतिवादन गरेका वैज्ञानिक र

भौतिकवादी दृष्टिकोण, माक्र्सवादोत्तर समयमा आएका नवमाक्र्सवादी र अन्य समसामयिक धारणा र पूर्वीय समन्वयवादी (आध्यात्मिक र भौतिक) विचार पनि आधुनिकतावादी लेखनका कारण बनेका देखिन्छन् । यीबाहेक विभिन्न कारणले नेपाली जातिको तीव्र बहिर्गमन पनि आधुनिकतावाद लेखनको कारण बनेको पाइन्छ । यिनै कुराहरू नै आधुनिकतावादी नेपाली साहित्य लेखनका प्रेरक तत्व हुन् ।

## 1.3 आधुनिकतावादको अवधारणा

प्रत्येक युग र देशका आ - आफ्नै आधुनिकता हुन्छन् वा हुन सक्छन्। नेपालको आधुनिकता ईस्वी संवत् १९३० र ४० को दशकमा सुरु भएको थियो, जसको राजनीतिक उत्कर्ष २००७ सालमा प्राप्त प्रजातन्त्र थियो। लोकतन्त्र भनेको फगत एउटा राजनीतिशास्त्रले दिएको शासकीय स्वरूप हैन। लोकतन्त्रको अवधारणा आधुनिक मानव सभ्यताको विकाससँग जोडिएको बृहद् बौद्धिक र सांस्कृतिक परम्पराहरूको एउटा राजनीतिक अभिव्यक्ति हो। तसर्थ, लोकतन्त्र आधुनिकताको एउटा आधारभूत सर्त हो। नेपाली आधुनिक चेतनाको निर्माण कसरी, कहाँबाट सुरु भयो भनेर नेपालको बौद्धिक इतिहास त लेखिएकै छैन।

सायद लेखिने कुरा धेरै नभएर पनि होला। कोरा इतिहासले केवल घटनाक्रमको विवरण लेख्छ। तर 'बौद्धिक इतिहास' - ले प्रत्येक समयचक्रका मुख्य विचार - चिन्तन, सांस्कृतिक/धार्मिक प्रभाव, त्यतिबेलाको कला - साहित्यको स्थिति, आर्थिक अवस्थिति र तत्कालीन समयमा विद्यमान राजनीतिक प्रणालीलाई एकै ठाउँमा राखेर हेर्छ। किनभने यी सबै राजनीतिक,

सांस्कृतिक, धार्मिक, आर्थिक र बौद्धिक धारहरूको निर्माण र विनिर्माण हुने प्रक्रिया एउटाले अर्कोलाई पार्ने प्रभावबाट निर्धारित हुन्छ। आधुनिकतावादमा राजनीतिक आन्दोलन आधुनिकतातर्फ प्रवेश गर्न उकुस – मुकुस प्रचेष्टा, बौद्धिक र सांस्कृतिक चेतनासँग मिसिएको पुनर्जागरणको सुरुआत, युवा अवस्थामा प्रजातन्त्रको लडाइँ, राजनीतिक क्रान्ति आदि बृहद् आयाम रहेको हुन्छ । यस वादमा लोकतन्त्र र प्रजातन्त्र भन्ने कुरो विशेष रूपमा रहेको हुन्छ ।

इतिहासमा दुई - चार जना राजनीतिशास्त्री बसेर 'शासन गर्ने प्रणालीमध्ये लोकतन्त्र ठीक हो, त्यसकारण यो पद्धतिलाई अंगालौं' भनेर प्रजातन्त्रको सुरुआत भएको होइन। 'भगवानको यो सृष्टिमा जे हुन्छ उनैको इच्छाले हुन्छ' भनेर मानिने युग धेरै लामो समयसम्म चल्यो। त्यस्तो युगमा वैचारिक संक्रमण सुरु भएपछि प्रजातन्त्रको अवधारणाको सुरु भएको हो। यसो भनेर लोकतन्त्रलाई सोझै नास्तिकतासँग जोड्न खोजिएको होइन। आफ्नो अस्तित्वको बारेमा मान्छे आफैंले स्वतन्त्र रूपमा सोच्न सम्भव छ भन्ने ठम्याउन थालिएपछि लोकतान्त्रिक चिन्तनले जरा गाड्न थालेको हो। मान्छेले भगवान् - निरपेक्ष आफ्नो व्यक्तिगत 'मानवीय सम्मान' खोज्न थालेपछि लोकतन्त्र खोज्न थालिएको हो। आधुनिकतावादमा मान्छेको आफ्नो स्वभाव ऊ आफैंले जान्न सक्छ, मान्छे स्वयं आफ्नै अध्ययनको विषय हुन सक्छ भनेर जब मान्छेले नै लेखेका कुराहरूको पढाइ सुरु हुन थालेको पाइन्छ । त्यसलाई मानविकी वा अंग्रेजीमा 'ह्युमानिटिज' भनिएको इतिहास लोकतन्त्र वा आधुनिकताको अर्को बौद्धिक जग थियो। उदाहरणका लागि संसारकै इतिहासमा त्यत्रो फरक धार ल्याउन सक्ने 'फ्रेन्च रिभोलुसन' - को

दार्शनिक आधार रुस्सोको मानवीय व्यक्तिगत सम्मान र समताको चिन्तन थियो। ईश्वरले नै बनाएका होलान् , तर मान्छे आफैंमा आफ्नो कुरा बुझ्न सक्ने प्राणी हो। त्यस आधारमा सबै मान्छे बराबर आत्मसम्मानका हकदार हुन्छन् भन्ने चिन्तन अहिले लोकतन्त्र भनिने कुराको दार्शनिक जग थियो। यो आधुनिकता भनेको स्वदेशी सांस्कृतिक चेतना र भूमण्डलीय बौद्धिक परम्पराका धारसँग कुनै पनि देशलाई जोड्ने एउटा अभियान हो ।

ईश्वरीकरणमा अल्झिएको ज्ञानको 'मानवीकरण', आफ्ना काम र तिनको असर वा प्रतिफलका लागि मानिस आफैं जिम्मेवार हुनुपर्छ, अर्को नदेखिएको कोही ईश्वरीय तत्वले तिम्रा पृथ्वीका कामको जिम्मा लिइदिनेवाला छैन भन्ने चिन्तनको प्रभुत्व र मानिस आफूलाई शासन गर्न आफैं सक्षम छ भन्ने दर्शन आधुनिकतावादको खम्बा हो भन्न सकिन्छ । यिनै चिन्तनधारका खम्बाहरू नै लोकतान्त्रिक चिन्तनका जगहरू थिए, जसलाई साहित्यकारहरूले विभिन्न साहित्यिक धारा, वाद, प्रणाली, आन्दोलन आदिका मार्फत साहित्यमा भित्र्याएको देखिन्छ। पछि यिनै मान्यताहरूलाई आ - आफ्ना राजनीतिक दस्तावेजमा राखेको, आ – आफ्नो साहित्यमा कोरिएको पाइन्छ। बुझ्न सजिलोका लागि, महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कवितामा सोधिने 'कुन मन्दिरमा जान्छौ यात्री' भन्ने प्रश्नभित्रको अर्थ पनि 'ईश्वरीयता' - लाई 'मानवीयता' - मा ल्याउने सशक्त काव्यिक अभिव्यक्ति मात्र नभएर आधुनिकतावाद पनि हो। इतिहासले आफूले आफैंलाई त लेख्दैन। तसर्थ इतिहास भनेको त्यस बेलाका घटना वा भएका कुरा मात्र होइनन्। इतिहास भनेको घटना र प्रवृत्तिको संवाद र त्यसको अनुवाद हो - एउटा व्यक्तिले वा धेरै व्यक्तिले धेरै तरिकाबाट गरेको संवाद।

## 1.4 आधुनिकतावादको प्रमुख प्रवृत्ति

आधुनिकतावादका प्रमुख प्रवृत्तिलाई अध्ययन गर्नु भन्दा अघि यसलाई आधुनिक र उत्तरआधुनिक गरी दुई खण्डमा बाँडेर विश्लेषण गर्नु बढी उपयुक्त हुन्छ । किनभने यस आधुनिकतावादमा आधुनिक र उत्तर - आधुनिक दुवै किसिमका विशेषता भएका साहित्यहरू लेखिएका छन् । सामान्यतः आधुनिक भन्दा पनि अहिलेको र उत्तरआधुनिक भन्दा पनि अहिलेकै भन्ने बुझिन्छ, तर यी दुवैमा धेरै भिन्नता रहेको कुरा समालोचकहरूले देखाएका छन् ।

आधुनिकताबाट उत्तर - आधुनिकतालाई छुट्ट्याउने आधार इहाव हसनले **द पोस्टमोडर्न टर्नः एसेज इन पोस्टमोडर्न थ्योरी एन्ड कल्चर** (सन् १९८७) - मा प्रस्तुत गरेका र नेपाली समालोचक गोविन्दराज भट्टराई (२०६१) र कृष्ण गौतम (२०६३) - ले हसनकै आधारलाई उद्धृत गरेर देखाएका छन् । उनीहरूले उद्धृत गरे अनुसार आधुनिकता र उत्तर - आधुनिकताबिच निम्न प्रकारका भिन्न विशेषता देखिन्छन् । ती हुन् - केन्द्रण र विकेन्द्रण, आधार र शून्यता, मूल र निर्माण, एकल र बहुल, सार्वभौम र सापेक्ष, समग्र र खण्डित, वस्तुपरक र व्यक्तिपरक, बुद्धिवाद र अलङ्कारवाद, प्रगति र प्रगतिहीनता, इतिहासको गतिमयता र इतिहासको अन्त्य, लेखकको अस्तित्व र लेखकको मृत्यु, बद्ध र मुक्त, उच्च र निम्न, उत्पादन र उपयोग, गहिराइ र सतह, अन्तरराष्ट्रियता र भूमण्डलीकरण - स्थानीयता, मौलिक र मिश्रित, कृत्रिम, यातायात र सञ्चार, नियमित र स्वच्छन्द, निश्चित र अनिश्चित आदि । आधुनिकतावादी नेपाली साहित्यमा पनि आधुनिक र उत्तर - आधुनिक दुवै विशेषता देखिन्छन् । दुवै प्रकारले विशेषता पाइने साहित्य वर्तमानमा नेपाली

साहित्यमा लेखिँदै गरेका छन् । त्यसैले प्रवृत्तिगत हिसाबले ती आधुनिक र उत्तर - आधुनिक दुवै हुन सक्छन् ।

आधुनिकतावादका प्रवृत्तिको अध्ययन विभिन्न अध्येताले विभिन्न किसिमले गरेका छन् । **एटम**ले गरेको वर्गीकरण र विश्लेषण अनुसरा राजनीतिक विकृति, पीत - पत्रकारिता, लैङ्गिकता, मिथकको पुनः सिर्जन, वर्गीय र जातीय शोषणबाट मुक्ति, युद्धको प्रभाव र पलायन, डायस्पोरा सङ्घात, स्वैरकल्पना, आत्मकथा, शरणार्थी समस्या, साइबर संस्कृति आदि आधुनिकतावाद भित्र पर्दछन् । सुवेदीले आधुनिकतावादलाई मार्क्सवादी चेतना, सीमान्तीय जातीय, कुसङ्केतन, लैङ्गिक, पहिचानगत न्यून आदिमा वर्गीकरण गरेका छन् । यसरी नै लुईटेलले आदर्शनोमुख यथार्थवाद, ऐतिहासिक यथार्थवाद, सामाजिक यथार्थवाद, आलोचनात्म यथार्थवाद, समाजवादी यथार्थवाद, मनोविश्लेषणात्मक यथार्थवाद, स्वच्छन्दतावादी धारा र प्रयोगवादी धारा, अस्तित्ववादी - विसङ्गतिवाद, नारीवाद आदिमा विभक्त गरेको पाइन्छ । बरालले मावोवाद र त्यसको प्रभाव अनि परिणाम, सिमानामा हुने थिचोमिचो र राष्ट्रिय अस्मिताको चिन्ता, नक्षवादी र जातिवादी राजनीतिप्रतिको मोह र क्रान्तिकारी निरन्तरताप्रतिको प्रतिबद्धता गरी आधुनिकतावादको चारवटा मुख्य प्रवृत्ति छन् भनेर उल्लेख गरेका छन् ।

### 1.4.1 स्वच्छन्दतावादी प्रवृत्ति :

स्वच्छन्दतावादी प्रवृत्ति पाश्चात्य साहित्यमा आधुनिक कालभन्दा अगाडिको मानिन्छ । तर नेपाली साहित्यमा चाहिँ आधुनिक साहित्य लेखनको एक प्रवृत्तिका रूपमा चिनिएको छ । यो प्रवृत्ति आधुनिक साहित्यको आरम्भदेखि

नै निरन्तर रूपमा प्रवाहित छ । यस प्रवृत्तिमा लेखिएका आधुनिकतावादा नेपाली कृतिहरूमा रूपनारायण सिन्हाको **भ्रमर**, शिवकुमार राईको **डाक बङ्गला**, लैनसिंह बाङ्गदेलको **मुलूक बाहिर**, इन्द्रबहादुर राईको **आज रमिता छ**, हिरण्य भोजपुरेका **छिटेन, गोरी**, होमराज आचार्यको **निर्दोष कैदी,** श्रेष्ठ प्रिया पत्थरका **रङ्गभूमि**, **मर्यादा, कसिङ्गर, पुनरावृत्ति,** इन्दिरा बुढाथोकीको **अमूर्त सपना**, भारती खरेलका **कुमारी आमा, लाहुरे,** राजेन्द्र पौडेलका **समाजले देखिनसहेको प्रेम, बिछोडको चोट, सपनाको राजकुमार,** किसनसिंह धामीको **कलेजगर्ललाई इमेल**, रामचन्द्र पोखरेलको दीपशिखा, सङ्गीता स्वेच्छाको **ओभानो सिउँदो,** चन्द्रप्रसाद न्यौपानेको **बुद्धको नायिके**, कलानिधि दाहालको **अरस्तुदेखि बङ्करसम्म** आदि पर्दछन् ।

जीवनलाई आदर्श देखाउनु, कल्पनाको बढी प्रयोग गर्नु, कृतिको मानक संरचनाप्रति अरुचि देखाउनु, वस्तुपरकता भन्दा वैयक्तिकता बढी हुनु, आलङ्कारिक भाषाको प्रयोग गर्नु, कष्टपूर्ण जीवनबाट पलायन हुने, संवेगप्रधान, अन्तर्मुखी र भावुक पात्रको निर्माण गर्नु, सिर्जना भन्दा सर्जक महत्वपूर्ण लाग्नु क्रान्तिकारी र परिवर्तनकामी सोच देखिनु आदि स्वच्छन्दतावादी आधुनिकतावादी लेखनका प्रमुख प्रवृत्ति हुन् ।

## 1.4.2 यथार्थवादी प्रवृत्ति

भौतिक सत्यमा विश्वास गर्ने सिद्धान्तलाई यथार्थवाद भनिन्छ । यसले देखे - भोगेको वास्तविकतालाई मात्र सत्य ठान्छ र कल्पना र आदर्शलाई अस्वीकार गर्छ । साहित्यमा लेखकले गरेको कल्पनालाई सत्यको भान पार्ने कला वा टेक्निक पनि यथार्थवाद हो । यसका अनेक प्रकार छन् । आधुनिकतावादमा

विभिन्न प्रकारका यथार्थवादी नेपाली साहित्य लेखिएको पाइन्छ । यो पनि छ प्रकारका हुन्छन् । ती हुन् -

### 1.4.3 आदर्शोन्मुख यथार्थवादी लेखनः

यो प्रवृत्ति यथार्थवादको एक पक्ष हो । यो नेपाली साहित्यको विकासकाल वा आधुनिक कालदेखि नै निरन्तर रूपमा प्रवाहित हुँदै आएको छ । आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति भएका आधुनिकतावादी कृतिहरूमा विकास आचार्यको **अप्पो दीपो भव**, विनोद धितालको **योजन गन्धा,** गीता केशरीका **खोज**, **अन्तिम निम्तो, विश्वास, खुला आकाश, नोकरी, बदलिँदो क्षितिज**, राजेश्वर देवकोटाका **पूर्णिमा, डबली, विश्वास,** सूबसेन ओलीको **अञ्जुश्रीदेखि आन्दोलनसम्म**, बखतबहादुर थापाका **परदेश, कुहिरो र काग, कालचक्र** आदि पर्दछन् । यी कृतिहरूले जीवनको उच्च वा भव्य पक्षको चित्रण, हीनपक्षको चित्रण, सुधारवादी दृष्टि, असल वा अनुकूल पक्षको विजय आदि देखाएका छन् । त्यसैले यिनलाई आदर्शोन्मुख यथार्थवादी साहित्य भनिएको हो ।

### 1.4.4 सामाजिक यथार्थवादी लेखनः

यो प्रवृत्ति पनि आधुनिक कालको प्रथम चरणदेखि नै रहेको पाइन्छ । यस प्रवृत्तिलाई आधार बनाएर लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा नयनराज पाण्डेका **नाङ्गो मान्छेको डायरी, उलार, लू, घामकिरी**, शैलेन्दु प्रकाश नेपालको **अपरिभाषित, बलदेव मजगैयाँका कुहिरो, चारु, विवशता, मानसी,** शिव अधिकारीका **आखेट, पुंश्चली,** सुस्मिता नेपालका **एकान्त पनि रुन्छ, मेरा छातीका कोलाजहरू, उडेका उमेरहरू,** गोवद्र्धन पूजाका **शून्यताको आँचलभित्र,**

**अब इतिहास रुँदैन**, अप्सरा लावतीको **लोजिमा**, श्रीधर पौडेलको **दुई ढुङ्गाबीचको तरुल**, हरिप्रसाद पाण्डेको **मुटुभित्रका ढुकढुकीहरू,** विन्ध्या सुब्बाका **फूलहरूः धर्साहरू, अथाह,** प्रकाश सुबेदीको **बैँसालु सुन्दरी**, होमबहादुर रानाभाटको **आदर्श शिला**, शशि भण्डारीको **लक्ष्मी दिदी**, **विचलन,** पुण्यप्रसाद प्रसाईँको **छापामार,** कृष्ण धरावासीका **शरणार्थी, आधा बाटो, तपाईं, टुँडाल,** कञ्चन पुडासैनीको **अधुरो उपन्यास अधुरा इच्छा** आदि पर्दछन् । जीवनको उज्यालो पक्षको भन्दा अँध्यारो पक्षको चित्रण, समकालीन वा समसामयिक घटनाको प्रस्तुति, आञ्चलिकता, निम्न वर्गको जीवनलाई केन्द्र बनाउनु, बोलीचालीको भाषा प्रयोग गर्नु, यथार्थपरक प्रस्तुतिलाई महत्व दिनु, प्रतिनिधि पात्रहरूको प्रयोग गर्नु, सामाजिक विकृति, अन्धविश्वास र कुरीति देखाउनु आदि सामाजिक यथार्थवादी कृतिका मूल पहिचान हुन् । यो सामाजिक यथार्थवाद यथार्थवादको एक पक्ष हो ।

### 1.4.5 समाजवादी यथार्थवादी लेखन :

यो प्रवृत्ति पनि नेपाली साहित्यको आधुनिक कालदेखि नै प्रवाहमान देखिन्छ । यस प्रवृत्तिमा लेखिएका कृतिलाई कतिले आलोचनात्मक यथार्थवादी, कतिले प्रगतिवादी पनि भनेका छन् । यी सबैलाई समेट्ने गरी भन्दा समाजवादी यथार्थवादी भन्नु नै बढी समीचीन देखिन्छ । यस प्रवृत्तिका कृतिले मूलतः माक्र्सवादी सिद्धान्तलाई जीवनदृष्टि बनाएका हुन्छन् । यस्ता साहित्य लेख्ने साहित्यकारहरू भने कोही बढी कट्टर जो माक्र्सवादलाई अक्षरशः पालना गरेर लेख्छन् भने कोही उदार माक्र्सवादी पनि हुन्छन् जो माक्र्सवादलाई जीवनदृष्टि त बनाउँछन् तर त्यसको पालना कट्टरतापूर्वक गर्दैनन् ।

माक्र्सवादलाई गतिशील, परिवर्तनशील दर्शन मान्नेहरू नै उदार माक्र्सवादी हुन् । दुनियाँमा माक्र्सवाद मात्र ठिक अरू सबै बेठिक भन्नेहरू चाहिँ कट्टर माक्र्सवादी हुन् । यी सबैलाई समाजवादी यथार्थवादी भन्न सकिन्छ ।

समाजवादी यथार्थवादी प्रवृत्तिलाई आधार बनाएर लेखिएका आधुनिकतावादी कृतिहरू यी हुन्ः आहुतीका **नयाँघर २०५०**, **स्खलन २०५९**, रमेश विकलका **सागर उर्लन्छ सगरमाथा छुन**, मदनमणि दीक्षितका **त्रिदेवी**, **भूमिसूक्त**, पुष्पनाथ शर्माको **बिहानीको खोजी**, विजयकुमार चालिसेको **मुस्ताङको गुफा**, ऋषिराज बरालको **समरगाथा**, खगेन्द्र सङ्ग्रौलाको **जुनकीरीको सङ्गीत**, नारायण ढकालका **दुर्भिक्ष, पीतसंवाद, प्रेतकल्प,** अनिल अधिकारीको **प्रकृति**, रामप्रसाद ज्ञवालीको **जीवनका घुम्तीहरू,** नारायण तिवारीको **पिताम**, एमपी खरेलको **पुस्तान्तर**, भक्तबहादुर नेपालीका **बेचिएका दिदी - बहिनीको कथा**, **भूतको ओखती, लीलावती,** प्रदीप नेपालका **स्विप्नल सहर, अनौठो प्रेमकथा, यात्रा, चरैवेति चरैवेती, बर्बरिक,** शरद पौडेलका **लिखे, सिमाना वारिपारि**, हरिहर खनालको **समयको रेखाचित्र,** भास्करका **अमर बस्ती**, **अचम्मको फैसला**, इस्मालीको **जिरो माइल**, सुकुम शर्माका **सङ्घर्षशील युवाको डायरी**, **अनवरत यात्रा**, घनश्याम ढकालको **रातो आकाश** आदि । माक्र्सवादी दृष्टिले समाजको अध्ययन गर्नु, वर्गीय द्वन्द्वलाई महत्व दिनु, सामन्त, शोषक र सत्ताधारीहरूबाट हुने अन्याय, अत्याचार, दमन, शोषणको विरोध र प्रतिकार गर्नु, गरिब, निमुखा, तल्लो जात भनेर हेपिएका, नारी भनेर पछाडि पारिएकालाई नायक नायिका बनाउनु, उनीहरूको क्रान्तिकारी, विद्रोह र परिवर्तनकामी स्वर मुखरित गर्नु, राजनीतिक अधिकार प्राप्तिका लागि सचेत, सङ्घर्षशील हुन प्रेरित गर्नु, जीवनलाई आशावादी दृष्टिले हेर्नु, हरेक प्रकारका बन्धबाट मुक्तिको लागि प्रयत्नशील रहनु, विषयवस्तु अनुरूपको भाषा शैली

प्रयोग गर्नु आदि समाजवादी यथार्थवादी कृतिका मूलभूत प्रवृत्ति हुन् । यो समाजवादी यथार्थवाद पनि यथार्थवादकै एक पक्ष हो ।

## 1.4.6 ऐतिहासिक यथार्थवादी लेखन :

यो यथार्थवादकै एक पक्ष हो । इतिहासका यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएका कृतिहरू नै ऐतिहासिक यथार्थवादी हुन् । यस प्रवृत्तिका कृतिहरू नेपाली साहित्यमा पहिलेदेखि नै लेखिँदै आएका छन् । यस प्रवृत्तिमा आधारित आधुनिकतावादी कृतिहरूमा डायमन शमसेरका **धनको धब्बा**, **गृहप्रवेश**, एस. पी. आशाका **पृथ्वीनारायण शाह, कसरी प्रजातन्त्र ल्यायौँ, नेपालको पहिलो कोतपर्व,** सुन्दरप्रसाद शाहका **बहादुर शाह, कान्तवती, सानुहजुर**, श्रीकृष्ण श्रेष्ठका **जङ्गबहादुर, भीमसेन थापा**, दौलतविक्रम विष्टको **फाँसीको फन्दा**, भुवनचन्द ठकुरीको **आहुती** आदि पर्दछन् । यी कृतिहरूले प्रायः पहिलेको र भरखरैको इतिहासलाई विषय बनाएका छन् । बितिसकेका महत्वपूर्ण घटना वा व्यक्तिलाई विषय बनाउनु, ऐतिहासिक तथ्यमा निजी कल्पनाको रङ्गरोगन लगाउनु, इतिहास सापेक्ष परिवेश सिर्जना गरी ऐतिहासिक जीवनलाई यथार्थवादी ढाँचामा प्रस्तुत गर्नु, अतीतको पुनः सिर्जना गरेर यथार्थको भ्रम सिर्जना गर्नु आदि नै ऐतिहासिक यथार्थवादी कृतिका प्रमुख प्रवृति हुन् ।

## 1.4.6 अतियथार्थवादी लेखन :

यो पनि यथार्थवादकै विस्तारित रूप हो । बाह्य यथार्थ भन्दा आन्तरिक यथार्थ खास गरी फ्रायडेली स्वप्न सिद्धान्तमा आधारित यथार्थमा जोडदिनु, स्वचालित लेखन, प्रयोगपरकता, अवचेतन मन अनुसारको विशृङ्खलित वा व्याकरण असम्मत भाषाको प्रयोग गर्नु आदि अतियथार्थवादी कृतिका मूल प्रवृति हुन् । यो प्रवृति पनि नेपाली साहित्यमा आधुनिक लेखनको प्रथम चरणदेखि नै खास गरी वाङ्गदेलको **लङ्गडको साथी** उपन्यासदेखि प्रयुक्त भएको मानिन्छ । यस प्रवृतिमा लेखिएका आधुनिकतावादी कृतिहरूमा चाहिँ गोविन्द गोठालेका **अर्पणा**, **पिया नानी**, हिरण्य भोजपुरेका **गोरी, सगरमाथा भन्दा माथि**, सिता पाण्डेको **अन्तद्र्वन्द्व** आदि पर्दछन् ।

## 1.4.7 प्रकृतिवादी यथार्थवादी लेखन :

यो पनि यथार्थवादकै एक पक्ष हो । यस प्रवृतिको प्रयोग पनि नेपाली कृतिहरूमा पहिलेदेखि नै भएको पाइन्छ । आधुनिकतावादी साहित्यमा पनि यो प्रवृति पाइन्छ । आदर्शरहित, नैतिकताहीन मान्छेको प्राकृत रूपलाई देखाउनु, मानवीय आवेग वा संवेगलाई महत्व दिनु, मान्छे अरू कुनै अलौकिक कुराबाट सञ्चालित हुँदैन प्रकृतिबाट हुन्छ भन्ने विश्वास गर्नु, वैज्ञानिक दृष्टिले मानव जीवनको निरीक्षण गर्नु, वैयक्तिकताको गहिरो छाप पार्नु, आहार, निन्द्रा, भय, मैथुन जस्ता कुरा मान्छे र पशुमा समान हुन्छन् भनेर देखाउनु, मान्छेमा देवता हुँदैन पशुत्व चाहिँ हुन्छ भनेर पाशविक प्रवृतिको उद्घाटन गर्नु, भाषा शैलीलाई अमूर्त पारेर प्रस्तुत गर्नु प्रकृतिवादी यथार्थवादी कृतिका मूल प्रवृति हुन् ।

यस्ता प्रवृति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा ध्रुवचन्द्रको **जेलिएको**, **उपसंहार अर्थात् चौथो अन्त्य,** कृष्ण धारावासीको **टुँडाल**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सरुभक्तको **समय त्रासदी**, सीता पाण्डेको **अन्तद्र्वन्द्व**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, राजेन्द्र थापाका **खेलौना, द्रौपदी**, अनुपम रोशीका **कुमारी आमा, नाङ्गो मान्छे** आदि पर्दछन् ।

## 1.4.8 मनोविश्लेषणात्मकता :

मानव मनको यथार्थ प्रस्तुत गर्ने हुनाले यसलाई मनोवैज्ञानिक यथार्थवाद पनि भन्ने गरेको देखिन्छ (श्रेष्ठ र शर्मा, २०५६) । फ्रायड, एडलर, युङ र ज्याक लकाँहरूका मनोवैज्ञानिक विचारहरूलाई प्रमुख आधार मानेर लेखिने कृतिलाई **मनोविश्लेषणवादी** भन्न सकिन्छ । मानव मनका विविध पक्षको चित्रण गर्नु, वैयक्तिक चरित्रलाई महत्व दिनु, मान्छेका अन्तद्र्वन्द्व प्रस्तुत गर्नु, विविध मनोग्रन्थिको चित्रण गर्नु, जीवनका आन्तरिक यथार्थको खोज गर्नु, कृतिलाई खास गरी अचेतन मनकै प्रतिक्रियाका रूपमा स्वीकार्नु, भाषा र अवचेतनको सम्बन्ध खोतल्नु, कलात्मक पक्षलाई कम महत्व दिनु आदि मनोविश्लेषणात्मक कृतिका मूल प्रवृति हुन् । यस प्रवृत्तिको प्रयोग गरेर पहिलेदेखि नै नेपाली साहित्य लेखिँदै आएको पाइन्छ ।

यस्ता आधुनिकतावादी कृतिहरूमा परशु प्रधानको **सीताहरू**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, सीता पाण्डेको **अन्तद्र्वन्द्व** , गोविन्द गोठालेका **अर्पणा**, **पिया नानी**, इन्दिरा प्रसाईंको **विश्वामित्र, शिखा**, कृष्ण धरावासीको **टुँडाल,** कुलचन्द्र कोइरालाको **वासना र प्रेम**, विजय मल्लको **श्रीमती शारदा, तेराखको सर्वजा,** जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, धुरवचन्द्र

गौतमको **जेलिएको**, मोहनराज शर्माको **सलिजो,** सञ्जीव उप्रेतीको **घनचक्कर** आदि हुन् ।

## 1.4.9 विसङ्गतिवादिता वा अस्तित्ववादिता :

विसङ्गतिवाद र अस्तित्ववादलाई बेग्ला - बेग्लै राखेर पनि विश्लेषण गर्न सकिन्छ, तर यहाँ यी दुवैलाई एकै ठाउँमा राखेर विश्लेषण गर्ने प्रयत्न गरिएको छ । किनभने विसङ्गतिको बोध नभई अस्तित्वका कुरा नै आउँदैनन् । अस्तित्ववादको कुरा गर्दा स्वतः विसङ्गतिवाद आउँछ । यी दुवैका चिन्तक र लेखक प्रायः समान छन् । कुनै पनि कृति वा कृतिकार विसङ्गतिवादी हुन अनिवार्यतः अस्तित्ववादी हुनै पर्छ । दुवैको दृष्टिकोण मानवतावादी हुन्छ । दुवैले व्यक्तिको महत्वलाई सर्वोपरि ठानेका छन् । दुवैले अस्तित्वको अभिलक्षण पीडा र विसङ्गतिमा खोजेका छन् । (शर्मा र लुइटेल, २०६१, पृ. ३४९) । जीवनको निस्सारता, शून्यता, अर्थहीनता, अभिशप्तता, एक्लोपन, मृत्युभय, व्यक्तिको सर्वोपरिता, मान्छे आफ्ना कर्मको लागि ऊ स्वयम् जिम्मेवार हुन्छ भन्ने मान्यता राख्नु कलात्मकतालाई महत्व दिनु आदि विसङ्गतिवादी अस्तित्ववादी उपन्यासका मूल प्रवृति हुन् । यो प्रवृतिको प्रयोग नेपाली साहित्यमा आधुनिककालको दोस्रो चरणदेखि भएको देखिन्छ । आधुनिकतावादी नेपाली साहित्यमा विसङ्गतिवादी अस्तित्ववादी प्रवृतिमा लेखिएका कृतिहरू धुर्वचन्द्रका **जेलिएको**, **एउटा असफल आख्यानको आरम्भ**, **भीमसेन ४ को अन्तिम खोजी, दुबिधा, अग्निदत्त + अग्निदत्त, फूलको आतङ्क, तथाकथित,** सहस्राब्दीको **अन्तिम प्रेमकथा**, गोविन्दराज भट्टराईको **सुकरातका पाइला**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, सरुभक्तको **पागल**

**बस्ती, तरुनी खेती, समय त्रासादी, चुली,** रोशन थापाको **प्रत्येक श्रवणकुमार अर्थात् युद्ध, प्रस्थान्तर**, कृष्ण धरावासीको **टुँडाल**, तेराखको **सर्वजा**, धुरव सापकोटाको **अकल्पनीय** आदि हुन् ।

## 1.4.10 पुराकथात्मकता :

पूर्व र पश्चिम दुवैतिरका पुराण वा लोकमा प्रचलित कथा, किस्साहरू जो अतिमानवीय हुन्छन्, असम्भव हुन्छन्, अतिकाल्पनिक हुन्छन्, रहस्यात्मक रोमाञ्चक हुन्छन्, तर तिनले कुनै सत्यलाई यथार्थलाई व्यञ्जित गरिरहेका हुन्छन् तिनलाई पुराकथा भनिन्छ । साहित्यकार यस्ता पुराकथालाई प्रतीक वा अन्योक्ति बनाएर युगीन सत्यलाई व्यञ्जित गर्न आफ्नो कृतिमा लेख्छ । त्यस्ता कृतिलाई **पुराकथात्मक** भनिन्छ । पुराकथालाई मिथकीय पनि भनिन्छ । तर मिथक भमेको भिन्दै कुरो हो, जसको चर्चा तल गरिएको छ । सूक्ष्म यथार्थलाई व्यञ्जित गर्नु, कथ्यलाई प्रतीकात्मक र अन्योक्तिमूलक बनाउनु, प्राचीन र नवीन युगका सत्यविशेषलाई दाँजेर प्रस्तुत गर्नु, कलात्मक पक्षलाई जोड दिनु, सामूहिक अवचेतनलाई व्यञ्जित गर्ने आद्यरूपीय चरित्र पुनः सिर्जना गर्नु पुराकथात्मक कृतिका प्रमुख प्रवृत्ति हुन् । नेपाली साहित्यमा पुराकथात्मक कृतिको लेखन आधुनिक कालको दोस्रो चरणदेखि सुरु भएको पाइन्छ । आधुनिकतावादी नेपाली साहित्य मध्ये पुराकथाको प्रयोग गरेर लेखिएका कृतिहरूमा ध्रुवचन्द्र गौतमका **अग्निदत्त + अग्निदत्त**, **भीमसेन ४ को अन्तिम खोजी**, विनोदप्रसाद धितालको **योजन गन्धा**, जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, कृष्ण धरावासीको **राधा** आदि पर्दछन् ।

## 1.4.11 प्रयोगपरकता

पराम्परागत साहित्य सिद्धान्तबाट मुक्त भएर नवीन शिल्पको आविष्कार गर्नु प्रयोग परकता हो । प्रयोग साहित्यकारको जीवनदृष्टि, कृतिको विषयवस्तु, भाषाशैली र संरचना आदिमा गरिएको देखिन्छ । कृतिका स्थापित मान्यताप्रति अनास्था, परम्पराप्रतिको मोहभङ्ग, समसामयिक जटिल मानवीय चेतनालाई अभिव्यक्ति दिने चेष्टा, दुर्बोधता आदि प्रयोगपरक कृतिका प्रवृत्तिहरू हुन् । प्रयोगवादी साहित्यकारहरू अकथा – अउपन्यास, अकृति आदिको रचना गर्न मन पराउँछन्, नवीनता खोज्छन् र पाठकलाई विचित्र प्रयोगद्वारा आश्चर्यमा पार्न चाहन्छन् । नेपाली साहित्यमा प्रयोगपरकताको प्रवेश यथार्थवादसँगसँगै भएको हो ।

विशयलाई एकै ठाउँ राखेर कथोपन्यास नाम दिइएका कृतिहरूमा परशु प्रधानको **सीताहरू**, कृष्ण बरालको **अवतरण**, कुमार भट्टराईको **धनबहादुर र म** हुन् । ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क**, भीमसेन ४ को **अन्तिम खोजी**, जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, सरुभक्तका **समय त्रासदी, चुली, एक अविनवको आत्मकथा**, रोशन थापा नीरवका **प्रत्येक श्रवण कुमार अर्थात् युद्ध, प्रस्थान्तर,** स्वागत नेपालको **मातृसम्भो**ग, नयनराज पाण्डेको **लू,** मनुज बाबु मिश्रको **स्वप्न सम्मेलन**, कृष्ण धरावासीका **शराणार्थी, आधा बाटो, तपाईं, टुँडाल** आदि पर्दछन् । प्रयोगवाद आधुनिक र उत्तर आधुनिक दुवै प्रवृत्तिमा पर्दछन् ।

## 1.4.12 आञ्चलिकता :

Notes

कुनै खास क्षेत्रविशेषमा केन्द्रित रहेर त्यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक आदि मौलिकता एवं विशेषताहरूको उजागर गर्ने प्रवृत्ति वा मान्यतालाई आञ्चलिकता भनिन्छ । 'आञ्चलिकता' खास गरेर साहित्य, कलाका क्षेत्रमा एउटा अलग्गै प्रवृत्ति र सिद्धान्तका रूपमा रहेको छ । संसारका हरेक भाषाको साहित्यमा धेरथोर रूपमा आञ्चलिकताको प्रयोग पाइन्छ । मान्छेमा स्वभावैले रहेबसेको, देखेभोगेको प्राकृतिक, सामाजिक तथा सांस्कृतिक पर्यावरणको प्रभाव पर्छ । त्यसमा पनि साहित्यकार त झन् आफ्नो जन्मभूमि, संस्कृति, परम्परा आदिप्रति बढी नै संवेदनशील र आकर्षित हुनेगर्छ । त्यसैले साहित्यमा आञ्चलिकता एउटा महत्त्वपूर्ण प्रवृत्तिका रूपमा रहने गरेको छ । आञ्चलिकता साहित्यका हरेक विधामा धेरथोर रूपमा प्रयोग हुन्छ र पनि यसको विशेष प्रयोग उपन्यास विधामा हुने गरेको छ । नेपाली साहित्यमा पनि आञ्चलिकताको प्रयोग सघन रूपमा भएको पाइन्छ ।

आञ्चलिकता अङ्ग्रेजीको 'रिजनालिजम्' शब्दको नेपाली रूपान्तरण हो । 'रिजनालिजम्' शब्दको प्रयोग सर्वप्रथम इ. १७८९ तिर फ्रान्समा सरकारी संयन्त्रको विकेन्द्रीकरणका सन्दर्भमा भएको थियो । पछि फ्रान्स, इटाली, बेलायत, जर्मन, पोल्यान्ड आदि देशमा क्षेत्रीयता, प्रादेशिकता तथा केन्द्रीकृत राज्यव्यवस्थाका सट्टामा स्थानीय स्वशासनको माग राखी भएका आन्दोलनको प्रभावमा अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्रलगायत ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा साथै साहित्यका क्षेत्रमा पनि आञ्चलिकता एउटा मान्यताका रूपमा स्थापित हुन पुग्यो ।

आञ्चलिकताको सैद्धान्तिक मान्यता स्थापित हुनुभन्दा अगाडि नै आञ्चलिक साहित्यको लेखन बेलायतबाट भएको हो भने यसको सैद्धान्तिक प्रतिस्थापन अमेरिकाबाट भएको हो । बेलायती लेखक ओलिभर गोल्डस्मिथको द डिजर्टेड भिलेज (सन् १७७०) सबैभन्दा जेठो आञ्चलिक कृति र बेलायतकी उपन्यासकार मारिया इजवर्थ (सन् १७६७ - १८४९) - को कासल याकरेन्ट (सन् १८००) विश्वसाहित्यकै पहिलो आञ्चलिक उपन्यास मानिन्छ । अमेरिकामा 'सिभिल वार' (सन् १८६१ - १८६५) पछि क्षेत्रीय अवधारणाले प्रश्रय पायो । यसक्रममा अमेरिकाका पछि परेका क्षेत्रबाट रङ्गसम्बन्धी आन्दोलन सुरु भयो । अमेरिकी लेखक र समालोचकहरूले सन् १९३० तिर राष्ट्रिय साहित्यको उत्थानका लागि आफ्नाआफ्ना ठाउँ विशेषमा जोड दिनुपर्ने प्रस्ताव गरे र स्थानीय रङ्गप्रधान रचना लेख्न थाले, जसलाई 'लोकल कलर मुभमेन्ट' नाम दिइयो । यही अभियानले अन्ततः आञ्चलिकताको सैद्धान्तिक अवधारणा जन्मिन पुग्यो । आञ्चलिकताको एउटा अलग प्रवृत्तिका रूपमा स्थापित छ र यसको खास प्रयोग आख्यान विधा (उपन्यास र कथा) - मा हुने गरेको छ ।

आञ्चलिक साहित्यमा कथाञ्चलका खासखास विशिष्टता स्पष्ट पार्न घटनाहरूको तार्किक विन्यास गररे कथानकको निर्माण गरिएको हुन्छ । यसमा कथाञ्चलको जीवन र समाजको यथार्थ स्पष्ट पार्न विभिन्न स्वभाव, रुचि र प्रवृत्तिका पात्रको सिर्जना हुन्छ । आञ्चलिक साहित्यमा परिवेश तत्त्वको महत्त्वपूर्ण भूमिका हुन्छ । अञ्चलभित्रका विभिन्न स्थान, प्रकृति, संस्कृति आदिको चित्रण, प्राकृतिक सौन्दर्य वर्णन वा आलम्बनका रूपमा मात्र नभएर सम्बद्ध अञ्चलको समग्रता र विशिष्टता देखाउने उद्देश्यबाट गरिन्छ । कृतिमा पात्रको बोलीमा सम्बद्ध अञ्चलमा बोलिने भाषिकाको प्रयोग हुन

सक्छ साथै स्थानीय उखान, लोकतत्त्व जनाउने शब्द विशेष, लोकमा प्रचलित भनाइ आदिको प्रयोग वाञ्छनीय देखिन्छ ।

आञ्चलिक साहित्यमा अञ्चललाई मुख्य विषय मानेर त्यस अञ्चलको गहन चित्रण हुने गर्छ । अञ्चलको समग्र जीवनचित्र स्पष्ट पार्न कथाञ्चलका चाडपर्व, उत्सव, परम्परा, मूल्य, मान्यता, विश्वास, दुःख, व्यथा, लोकसाहित्य, सङ्घर्ष, प्रवृत्ति, पुरानो र नयाँ मान्यताबिचको मूल्य, मान्यता र द्वन्द्व आदिको चित्रण गरिएको हुन्छ । यसमा कथाञ्चलका भौगोलिक तथा प्राकृतिक पर्यावरण, अञ्चलविशेषका बासिन्दाको जातिगत विशिष्टता र मौलिकता, त्यहाँको सामाजिकता, ऐतिहासिकता, आर्थिक स्थिति, राजनीतिक विशिष्टता, त्यहाँका समस्या, मनोभाव, सौन्दर्य चेतना लगायतका अञ्चलका खासखास विशिष्टताको चित्रण गरिन्छ ।

## 1.4.13 मिथकिय :

नेपाली आधुनिकतावादी साहित्यको पहिलो पाइला नै मिथकीय लेखनबाट भएको मानिन्छ । गिरिशवल्लभ जोशीको **वीर चरित्र**बाट नेपाली आधुनिक उपन्यासले यात्रा थालनी गर्नु संयोगमात्रै होइन, हाम्रो संस्कृतिमा मिथक अभिन्न रुपमा गाँसिनुको प्रमाण हो । मिथकहरु हाम्रा बिम्ब हुन्, आदर्श हुन् र हाम्रो जीवन शैलीसँग गाँसिएका छन् । यस कृतिमा खण्डमित्रलाभमा बाग्लुङको ब्राम्हण परिवारको यात्रा वर्णन छ। यसक्रममा भेटिने मासनदेवी, जल पिशाचीनी, वनझाँक्री जस्ता पात्रले नेपाली लोककथाले निर्माण गरेका मिथलाई प्रस्तुत गरेको छ । अन्य खण्डहरु सुहृद्भेद, विग्रह र सन्धिमा पनि यस्ता प्रसङ्ग अनेकौं छन् ।

संस्कृत साहित्यले स्थापना गरेका कतिपय मिथकलाई विनिर्माण गर्दै स्थानीय रुप दिए भने कतिपयलाई जस्ताको तस्तै नेपाली भाषामा प्रस्तुत गरे । अरबी फारसी संस्कृतिमा लोकप्रिय लोकआख्यानहरुलाई समेत यो समय नेपाली साहित्यमा भित्र्याउने काम भयो । जोशीकै बहादुर चरित्र तथाचन्द्रकला - आदित्यसेन उदाहरण हुन् । सदाशिव शर्मा अधिकारी, रामप्रसाद सत्याल, शम्भूप्रसाद ढुंगेलका आख्यान सामग्रीले पनि संस्कृतका महाआख्यान, नेपाली लोकसाहित्य र अरबीफारसी लोकगाथाहरुका मिथकहरुलाई समेटेका छन् । नेपाली साहित्यमा मुख्य चारवटा मार्गबाट मिथक आएका छन् ।

### 1.4.14 नारीवादिता :

हुन त नारीवादी साहित्यहरू पहिले पनि लेखिएका छन् र यसलाई आधुनिक प्रवृत्ति मानेर चर्चा गर्न पनि सकिन्छ । तापनि पश्चिमी साहित्यमा सन् १९६० पछि प्रबल रूपमा देखापरेको नारीवादको प्रभाव नेपाली साहित्यमा आधुनिकतावादको अवधिमा बढी परेको देखिन्छ । पुरुष - केन्द्री साहित्यका विरुद्धमा नारी - केन्द्री साहित्यको सिर्जना गर्नु, पुरुषको एकाधिकारवादी चिन्तनको विरोध गर्नु, कृतिमा नारी अनुभवलाई अग्रभूमिमा ल्याउन खोज्नु, नारी समानता, स्वतन्त्रता र सबलताको पक्षधर हुनु, शोषित, पीडित, अपहेलित नारीहरूका कुण्ठा, पीडा र अवसादलाई प्रमुखता दिनु, नारीमाथिका यावत् विभेद अन्त्य गर्न खोज्नु आदि नारीवादी साहित्यका प्रमुख प्रवृत्ति हुन् ।
नारीवादी साहित्य नारीले मात्र नभएर पुरुषले पनि लेखेका छन् । नारीवादी प्रवृत्ति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा प्रेमा शाहको **ममी**, नकुल

सिलवालको **तेस्रो पाइला**, शवनम श्रेष्ठको **मनीषा,** भाषा भण्डारीको **सम्झौता**, पद्मावती सिंहको **समानान्तर आकाश**, कमला कुँवरको **अन्त्यहीन पीडा**, मनीषा गौचनको **बल्लीको डायरी**, कृष्ण धरावासीका **राधा**, **टुँडाल**, परशु प्रधानको **सीताहरू**, शशि भण्डारीको **लक्ष्मी दिदी**, सङ्गीता स्वेच्छाको **पखालिएको सिउँदो**, अप्सरा लावतीको **लोजिमा**, गौरा रिजालको **अघोषित द्वन्द्व,** शारदा शर्माको **ताप,** जलेश्वरी श्रेष्ठको **नियति चक्र** आदि पर्दछन् ।

## 1.4.15 लैङ्गिकताः

लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् । यी बाहेक परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र अटाउन सक्छन् । यस्ता नेपाली कृतिहरूमा मोहनराज शर्माका **सलिजो, पल्ली**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

## 1.4.16 द्वन्द्व र युद्धको अभिघात :

पश्चिममा पनि प्रथम र द्वितीय विश्वयुद्धपछि युद्ध साहित्य खुब लेखियो। नेपाली साहित्यमा युद्धलाई विषय बनाएर साहित्य रचना नभएको होइन, भएको छ तर थोरै । नेपालमा विक्रम संवत् दुईहज्जारको पहिलो, तेस्रो र पाँचौँ दशकमा युद्ध भएका छन् । पहिलेका युद्धलाई विषय बनाएर साहित्य कम लेखिएको पाइन्छ । तथापि पछिल्लो युद्ध (२०५२ - २०६२) - लाई

विषय बनाएर धेरै नेपाली कृतिहरू लेखिएका र लेखिँदै पनि छन् । युद्ध दर्शनलाई यस प्रवृत्तिको कृतिहरूमा मूल विषय बनिएको हुन्छ ।

यता भारतका नेपाली साहित्यकारहरूले नेपाली लाहुरेहरूले प्रथम र दोस्रो विश्वयुद्धमा लडेको प्रसङ्ग, भारत स्वतन्त्रता आन्दोलनमा लडेको युद्ध आदिलाई समेटेर पनि युद्ध विषयक धेरै कृतिहरू लेखेका छन् । द्वन्द्व र युद्ध सम्बन्धी साहित्यमा हत्या, हिंसा, अपहरण, त्रास, धराप थापना, नाकाबन्दी, अङ्गभङ्ग, वैधव्य, अनाथत्व, अपुत्रत्व, बमविस्फोट, गोली हाना - हान, आतङ्क, पलायन, विस्थापन, अनिश्चय, अराजकता आदि अनेक कुरालाई विषय बनाइन्छ । यस्ता कृतिहरूबाट दुःख, वेदना, अवसाद, अभिघात धेरै मात्रमा बोध हुने गर्दछ । द्वन्द्व र युद्ध सम्बन्धी साहित्यमा एकथरी माथि लेखिएका विषय भएका दुःखान्त कृतिहरू हुन्छन् भने अर्काथरी कृतिहरूमा युद्धको, हिंसाको आवश्यकता बोध गराएर युद्ध मोर्चामा लड्ने योद्धाहरूलाई धैर्य, जोस र साहस प्रदान गर्ने खालका पनि हुन्छन् ।

आधुनिकतावादी साहित्यमा यी दुवै प्रवृत्तिका द्वन्द्व र युद्ध सम्बन्धी कृतिहरू लेखिएका छन् । यस्ता नेपाली कृतिहरूमा रुकु कार्कीको **जीवन ज्योति**, गणेश राईका **युद्ध एम्बुसमा राइफलको सङ्गीत, राइफलको नालबाट जीवन नियाल्दा**, डि. बि. गुरुङको **हिमालयको चीत्कार**, धीरकुमार श्रेष्ठको **घुर,** नारायण वाग्लेको **पल्पसा क्या**फे, गोविन्दराज भट्टराईको **सुकरातका पाइला,** शारदा शर्माको **ताप**, बुद्धि सागरको **कर्णाली ब्लुज**, प्रदीप नेपालको **देउमाईको किनारमा**, ऋषिराज बरालको **समरगाथा**, हरिहर खनालको **समयको रेखाचित्र**, घनश्याम ढकालको **रातो आकाश,** अन्विका गिरीको **मान्छेको रङ**, दीप शिखाको **रात फुलेको याम**, नन्द हाङखिमको **युद्धहरू**, सुवास घिसिहको **लुम्फुम क्याम** आदि पर्दछन् ।

### 1.4.17 डायास्पोरिक भावना :

अनेक कारणले आफ्नो देश छोडेर अर्को देशमा पुगेका र उभय परिचय बोकेका पात्र प्रयोग गरेर रचिने साहित्यलाई परादेशीय वा आप्रवासीय वा डायास्पोरिक भनिन्छ । आफ्नो ठाउँ छोड्नु तर जोडिन नसक्नुको बाध्यता, नयाँ देशमा बस्दा हुने भय, चिन्ता, अपरिचितता, असुरक्षा, स्वसंस्कृति र परसंस्कृतिबिचका आकर्षण विकर्षण, विस्थापन भय, पूर्वस्मृति, ऐकान्तिकता, क्षयबोध, उभयबोध, विच्छिन्नता आदि भाव भएका साहित्यलाई **डायस्पोरिक** भनिन्छ ।

डायास्पोरिक प्रवृत्ति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा होमनाथ सुवेदीका **घौराली**, **अङ्कुर**, यमपुरीको **महल**, राजवको **एटलान्टिक स्ट्रिट**, कृष्णराज खनालको **पातालकी प्रेयसी**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

### 1.4.18 आत्मकथात्मकता :

आत्मकथात्मकता आधुनिकतावादी साहित्य लेखनको एउटा विशिष्ट शैलीगत प्रवृत्ति हो । प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका र कथककै जीवनलाई प्रस्तुत गर्ने साहित्यलाई आत्मकथात्मक भन्न सकिन्छ । तर धेरै विद्वानहरूले साहित्यकार स्वयमले आफ्नो जीवनलाई विषय बनाएर लेखेको कृतिलाई मात्र **आत्मकथात्मक** भनेका छन् । यस्ता प्रवृत्तिमा लेखिएको साहित्यलाई **आत्मन्यास** पनि भन्न सकिन्छ ।

साहित्यकारको निजी जीवनलाई संस्मरणका रूपमा प्रस्तुत गर्ने आधुनिकतावादी नेपाली कृतिहरूहरूमा ध्रुवचन्द्र गौतमका **बाढी**, **घुर्मी**, कृष्ण

धरावासीका **आधा बाटो, पाण्डुलिपि**, होमनाथ सुवेदीको **यमपुरीको महल**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, पुरुषोत्तम दाहालको **शान्ता**, प्रदीप नेपालको **बर्बरिक** आदि पर्दछन् ।

## 1.4.19 तथ्य र स्वैरकल्पनाको सम्मिश्रण :

यो एउटा साहित्य लेख्ने उत्तर - आधुनिक तरिका हो । यसलाई उत्तर - आधुनिक औपन्यासिक शिल्प पनि भन्न सकिन्छ । साहित्यकारले यथार्थ र स्वैरकल्पना मिसाएर अर्कै नवीन संसारको रचना गर्दछ । त्यसबाट व्यञ्जित हुने सन्देश प्रभावकारी हुन्छ । यस्तो शिल्प प्रयोग गरेर लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा सरुभक्तको **समय त्रासदी**, मनुज बाबु मिश्रको **स्वप्न सम्मेलन**, ध्रुवचन्द्र गौतमका **जेलिएको**, **अग्निदत्त + अग्निदत्त, तथाकथित, दुबिधा**, स्वागत नेपालको **मातृ सम्भोग** आदि पर्दछन् । त्यस्तै वास्तविकता र कल्पित वास्तविकता मिसाएर पनि आधुनिकतावादी कृतिहरू लेखिएका छन् ।

यस्ता उपन्यास लेख्नेहरूमा कृष्ण धरावासीलाई पहिलो पङ्क्तिमा राख्न सकिन्छ । उनको **आधा बाटो, टुँडाल आदि** उपन्यासमा यस्तो शिल्प प्रयोग भएको छ । यस अतिरिक्त कृष्ण बरालको **अवतरण,** शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि कृतिहरूमा पनि यो शिल्प प्रयोग भएको छ ।

## 1.4.20 पर्यावरणीय चेतनाः

यसलाई मानवेतर जगतप्रतिको चिन्ता पनि भन्न सकिन्छ । वनस्पति, मानवेतर प्राणी र तिनीहरूको वासस्थान, जलवायुका साथै समग्र पृथ्वीप्रतिको

चिन्ताले लेखिएका कृतिहरूलाई पर्यावरणीय चेतना भएका साहित्य भन्न सकिन्छ । औद्योगिकीकरणले, प्रविधिको विकासले, दिगो विकासको धारणा नभएकाले दिनानुदिन पृथ्वी यावत् जीव - जन्तुका लागि बस्न अयोग्य भइरहेको छ । पृथ्वीलाई यस अवस्थामा पुराउने मान्छे नै हो । मान्छेका अदूरर्शी कृत्यले पृथ्वीको वातावरण प्राणी मात्रका लागि प्रतिकूल हुँदै गएको छ भनेर दर्शाउने साहित्य वातावरणीय चेतना भएका हुन्छन् । यस प्रकारका विचारले लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा तेराखको **सर्वजा**, सरुभक्तको **चुली**, हिरण्य भोजपुरेको **सगरमाथा भन्दा माथि**, ध्रुवचन्द्रको **जेलिएको**, प्रदीप नेपालको **स्वप्निल सहर**, हरिहर खनालको **उज्यालोको खोजी**मा आदि हुन् ।

## 1.4.21 नवइतिसाहवादिता वा बहुसांस्कृतिकता :

यो सन् १९८० पछि आएको उत्तर - आधुनिक विचार हो । यसले साहित्यलाई संस्कृति सापेक्ष मान्दछ । इतिहास र संस्कृति सापेक्ष साहित्य नै जीवन सापेक्ष हुन्छन् । इतिहास र संस्कृति निरपेक्ष साहित्य सार्थक हुँदैनन् । ज्ञान वा सत्य सत्ताद्वारा लागू हुन्छ । सत्ता परिवर्तन हुने बित्तिकै सत्यमा पनि परिवर्तन हुन्छ । सत्य वा ज्ञानको केन्द्रीयता र सीमान्तता सत्ताले निर्धारण गर्दछ । जो शक्तिशाली छ ऊ आफ्नो सत्ता चलाइराख्न अनेक प्रपञ्च गरेर विभेदक कुराहरूलाई कायम गराइरहन्छ भन्ने विचारसँग मिल्ने साहित्यहरू नवइतिहासवादी वा बहुसांस्कृतिक हुन्छन् ।

नवइतिहास वा बहुसंस्कृतिभित्र दलित उत्पीडन, जातीय पहिचान, सीमान्तीकृत वर्गको आवाजको प्रतिनिधित्व जस्ता इस्यु पनि समाविष्ट हुन्छन् । यस्तो

विचारको प्रभावमा लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा भरत जङ्गमका **रातो घाम**, **ख्वपदेश**, कृष्ण धरावासीको **टुँडाल**, श्रीकृष्ण श्रेष्ठको **भीमसेन थापा**, नारायण ढकालको **प्रेतकल्प**, राजन मुकारुङ्का **हेत्छा कुप्पा**, **दमिनी भिर**, डि. बि. गुरुङको **हिमालयको चीत्कार**, देश सुब्बाको **अपमान**, नेपाल कुश्शाको **छोटो फ्रक** आदि पर्दछन् ।

## 1.4.22 साइबर संस्कृतिको चित्रण :

अहिलेको युग प्रविधि र तकनितीको युग हो । अब मनुष्यको निर्णय मनुष्यले होइन प्रविधिले गर्दछ । आज मानिसको चयन स्वतन्त्रतालाई प्रविधिले अपहरण गरिदिएको छ । मान्छेले कि त यसलाई स्विकार्नु पर्दछ, कि त बाँच्न छोडि दिनुपर्छ । प्रविधिको युग माध्यमको युग हो । प्रविधिमा माध्यम र अन्तर्ववस्तुमा फरक हुँदैन । प्रविधि स्वयं अन्तर्वस्तु हुन्छ । साहित्यको माध्यम पहिले मौखिक थियो । त्यसपछि छापा भयो र अहिले विद्युत् वा डिजिटल भएको छ । यही विद्युतीय माध्यमलाई **साइबर संस्कृति** भनिने गरिन्छ । अङ्गेजीमा यसलाई **टेक्नोकल्चर** पनि भन्न सकिन्छ । हुनत विद्युतीय माध्यममा, रेडियो, टिभी पनि पर्छन् । तर यहाँ साइबर भनेर कम्प्युटर र इन्टरनेट माध्यमलाई लिइएको छ । अहिले इन्टरनेट स्वयं संस्कृति वा अन्तर्वस्तु भएको छ ।

सञ्चार प्रविधिले विश्वलाई आज ग्रामीकरण गरिदिएको छ । समय र स्थानको दूरत्व कम भएको जस्तो लाग्दछ । यी आधुनिक सञ्चारले ज्ञान ओसार्ने मात्र होइनन्, ज्ञान उत्पादन पनि गर्दछन् । यी आज स्वयं उत्पादक भएका छन् । आज ज्ञान जोसँग हुन्छ त्यही शक्तिशाली हुन्छ । प्रविधि

Notes

आज शक्तिशाली भएको छ । यसको प्रभावमा लेखिएका कृतिलाई साइबर संस्कृतिको चित्रण गर्ने साहित्य भनिन्छ । यस्ता साहित्यहरू प्राय: **हाइपर रियल** हुन्छन् । आधुनिकतावादी नेपाली कृतिहरूमा मनुज बाबु मिश्रको **स्वप्न सम्मेलन**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, सरु भक्तको **समय त्रासदी**, ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क, दुबिधा, तथा कथित,** सहस्राब्दीको **अन्तिम प्रेमकथा**, होमनाथ सुवेदीको **यमपुरीको महल**, नारायण वाग्लेको **पल्पसा क्याफे**, रोशन थापा **नीरवका प्रत्येक श्रवणकुमार अर्थात् युद्ध, प्रस्थान्तर**, राजवको **एटलान्टिक स्ट्रिट** आदि हुन् ।

## 1.4.23 बहुलवादी विचार :

आधुनिक प्रवृत्तिमा आधारित साहित्यहरू एकलवादी हुन्थे कुनै एक वादका पक्षधर हुन्थे । तर आधुनिकतावाद प्रवृत्ति भएका साहित्यहरू बहुलवादी हुन्छन् । यिनीहरू एकलवाद विरोधी हुन्छन्, केन्द्र विरोधी, स्थापना विरोधी हुन्छन् । पहिले एक वाद अर्को वादको विरोधी भनिन्थ्यो, अहिले एक वाद अर्को वादको सहयोगी मानिन्छ । यसरी अहिले एकलताको साटो बहुलताको धारणा आएको छ । उदारताको, समानताको पूर्णको होइन अंशको, जात, जाति, जनजाति, स्त्रीलिङ्गी, पुलिङ्गी, विषमलिङ्गी, समलिङ्गी, तेस्रो लिङ्गीबिच हुने विभेद र असमानता हट्नुपर्छ भन्ने विचार आएको छ । पहिले खास विचार राम्रो अरू विचार नराम्रा खास विचार शक्तिशाली, अरू विचार शक्तिहीन हुन्छन् भन्ने वैचारिक विभेद थिए । पहिले विचारको निषेध गरिन्थ्यो । अब विचार राम्रा नराम्रा, साना, ठुला, शक्तिशाली शक्तिहीन हुँदैनन् । तिनलाई सत्ताले

त्यस्तो बनाउँछ र आफ्नो वर्चस्व कायम राख्न तिनलाई त्यस्तो बनाइरहन्छ ।

हामीले शक्तिशालीहरूको कुत्सित चाल बुझ्नुपर्छ र बहुलवादी हुनुपर्छ भन्ने विचार आएका छन् । यसरी आज विचारमा मात्र होइन, लेखन शैलीमा, चरित्र निर्माणमा, कृतिको अर्थ लगाइमा बहुलताले प्रवेश गरेको छ । बहुलतालाई आधार बनाएर लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा कृष्ण धरावासीका **शरणार्थी**, **आधा बाटो, टुँडाल**, कृष्ण बरालको **अवतरण**, तेराखको **सर्वजा,** पद्मावती सिंहको **समानान्तर आकाश**, मोहनराज शर्माको **सलिजो**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क**, **जेलिएको, तथाकथित, दुबिधा, एक असफल आख्यानको आरम्भ,** जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, गोविन्दराज भट्टराईको **सुकरातका पाइला**, देश सुब्बाको **आदिवासी**, डि. वि. गुरुङको **हिमालयको चीत्कार**, होम सुवेदीको **यमपुरीको महल** आदि पर्दछन् ।

## 1.4.24 पराऔपन्यासिकता :

यथार्थको चमत्कारपूर्ण उद्बोध गराउनु नै पराऔपन्यासिकता हो । यथार्थलाई चमत्कारी बनाउन यथार्थमा स्वैरकल्पना, परीकथा, चमत्कारी कथा मिसाइन्छ । पराउपन्यास आधुनिकतावादी औपन्यासिक प्रवृत्तिको देन हो । वस्तुगत यथार्थको साटो विषयगत यथार्थ, सामाजिक यथार्थ भन्दा व्यक्तिगत यथार्थलाई महत्व दिने, आदर्शोन्मुख यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद भन्दा भिन्न यथार्थ प्रस्तुत गर्ने साहित्य **पराउपन्यास** हुन्छन् । यथार्थवादले कल्पित यथार्थ प्रस्तुत गरेर पाठकमा यथार्थको भ्रम

सिर्जना गर्छ भने परायथार्थले यो यथार्थ होइन, काल्पनिक यथार्थ हो, साहित्यिक यथार्थ हो भनेर पाठकलाई पर्ने यथार्थको भ्रम हटाइदिन्छ । यस्ता साहित्यमा कृतिको रचना प्रक्रियाको पनि उल्लेख हुन्छ वा कृतिले कृतिकै आलोचना गरिरहेको हुन्छ । पराऔपन्यासिक उपन्यासलाई **अधिऔपन्यासिक** पनि भनिने प्रचलन छ ।

यस्ता प्रवृत्ति भएका आधुनिकतावादी नेपाली कृतिमा तेराखको **सर्वजा**, जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, ध्रुवचन्द्र गौतमका **जेलिएको, एक असफल आख्यानको आरम्भ**, कृष्ण धरावासीको **शरणार्थी**, नारायण वाग्लेको **पल्पसा क्याफे**, ध्रुव सापकोटाको **अकल्पनीय**, होमनाथ सुवेदीको **यमपुरीको महल**, गोविन्दराज भट्टराईका **सुकरातका पाइला, सुकरातको डायरी**, राजेन्द्र पराजुलीको **अनायिका,** सञ्जीव उप्रेतीको घनचक्कर आदि पर्दछन् ।

## 1.4.25 विधामिश्रण :

साहित्यिक विधा भन्ने बित्तिकै पाठकका मनमा साहित्यिक पाठको खास स्वरूपको बोध हुन्छ । तर अहिले साहित्यिक पाठहरू पहिलेका जस्ता विधाका निर्धारित ढाँचामा आउँदैनन्, तिनले विधाको स्वरूपलाई दुरुस्त देखाउँदैनन् । ती एक अर्कामा मिसिएर, एक - अर्काले एक - अर्काका गुण वा विशेषता बोकेर आउँछन् । साहित्यिक पाठकको यस्तो मिश्रित रूपलाई **विधाहीनता** भनिन्छ । सबैभन्दा बढी विधामिश्रण आत्मसात् गर्ने क्षमता उपन्यासमै हुन्छ । त्यसैले विधामिश्रण आधुनिकतावादी उपन्यासको प्रवृत्ति भएर देखापरेको छ । उपन्यासभित्रै कथा, निबन्ध, नाटक, कविता आदि

विधाका विशेषता वा गुण पाइनु नै विधामिश्रण हो । यस्ता उपन्यासले उपन्यासका परम्परागत संरचनात्मक ढाँचालाई भत्काएका हुन्छन् ।

जेनेटिक इन्जिनियरिङले विभिन्न प्राणी र वनस्पतिहरूलाई एक - अर्कासँग मिसाएर क्रसब्रिड वा हाइब्रिड निकाले जसरी साहित्यकार पनि हाइब्रिड संरचनामा आफ्नो कृति लेख्छन् । त्यसैलाई **विधामिश्रण** भनिएको हो । विधाहीन वा मिश्रित संरचना भएका आधुनिकतावादी कृतिहरूमा वानिरा गिरीको **शब्दातीत शान्तनु**, परशु प्रधानको **सीताहरू**, कृष्ण बरालको **अवतरण,** कृष्ण धरावारीको **टुँडाल**, जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क,** भीमसेन ४ को **अन्तिम खोजी**, होमनाथ सुवेदीको **यमपुरीको महल**, गोविन्दराज भट्टराईको **सुकरातका पाइला**, मोहनराज शर्माको **सलिजो,** गणेश राईका **युद्ध एम्बुसमा राइफलको सङ्गीत, राइफलको नालबाट जीवन नियाल्दा**, रश्मि शेखरको **जोहिना** आदि पर्दछन् ।

## 1.5 उपसंहार

वर्तमान समयमा लेखिएका र अहिलेकै विचार र शैली भएका साहित्यलाई आधुनिकतावाद भन्न सकिन्छ । पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछि लेखिएको उत्तर - आधुनिक साहित्यलाई **आधुनिकतावाद** भनिन्छ । नेपाली साहित्यमा भने दोस्रो विश्वयुद्धपछि मात्र आधुनिक साहित्य लेखनको थालनी भएको पाइन्छ । नेपाली साहित्यमा आधुनिकतावाद साहित्य लेखन वि. सं. २०३४ पछि आरम्भ भएको हो । त्यसैले पचासको दशकदेखि लेखिएका साहित्यलाई मात्र आधुनिकतावाद भनेर भन्न सकिन्छ ।

आधुनिकतावादी साहित्यमा विषयवस्तु , रूप र संरचना, शैलीशिल्प आदि दृष्टिले परम्परा भिन्न र नवीन हुन्छन् । यिनले वर्तमानको जीवन र

संस्कृतिलाई प्रतिविम्बित गर्छन् । अहिलेका साहित्यले सार्वकालिक, सार्वभौम सत्य प्रकट नगरेर स्थानीय सत्य, आंशिक सत्य मात्र प्रकट गर्छन् । साहित्यकारले देखेका अनुभव गरेका र उनीहरूलाई सत्य लागेका कुरा देखाउँछन् । आधुनिकतावादी साहित्य लेखिनाका मुख्य राष्ट्रिय कारणमा विभेदमूलक सामाजिक संरचना, वि. सं. २०४६ सालमा पुनः प्राप्त प्रजातन्त्र र त्यसले दिएको उदारता, वि. सं. २०५२ - २०६२ को द्वन्द्व र युद्ध तथा वि. सं. २०६३ सालको राजनीतिक परिवर्तन र नेपालीको तीव्र बहिर्गमन पर्दछन् । अन्तरराष्ट्रिय मुख्य कारणमा विश्व राजनीतिमा रहेको द्विध्रुवीय दृष्टिकोणको अन्त्य र बहुलवादी दृष्टिको उदय, सञ्चार र प्रविधिको तीव्र विकास र त्यसको प्रभाव तथा विश्व साहित्य लेखनमा आएका नवीन प्रवृत्तिको विश्वव्यापी प्रयोग पर्दछन् । यसरी नै डार्विन, माक्र्स र फ्रायडका वैज्ञानिक भौतिकवादी धारणा, माक्र्सवादोत्तर समयमा देखा परेका नवमाक्र्सवादी र अन्य समसामयिक विचार तथा पूर्वीय समन्वयवादी विचार पनि पर्दछन् ।

आधुनिकतावाद साहित्यका मुख्य प्रवृत्तिलाई आधुनिक र उत्तर - आधुनिक गरी दुई वर्गमा राखेर देखाउन सकिन्छ । आधुनिक प्रवृत्ति स्वच्छन्दतावादिता, यथार्थवादिता, मनोविश्लेषणात्मकता, विसङ्गतिवादिता अस्तित्ववादिता, प्रयोगपरकता आदिको प्रयोग आधुनिकतावाद साहित्यमा पर्याप्त मात्रामा भएको र यी प्रवृत्तिहरू नै मूल प्रवाहका रूपमा देखिन्छन् । खास गरी यथार्थवाद र यसका विविध पक्ष जस्तै - आदर्शोन्मुख, यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, प्रकृतवादी यथार्थवाद, अतियथार्थवाद, ऐतिहासिक यथार्थवादमा आधारित कृतिहरू नै बढी देखिन्छन्

। उत्तर - आधुनिक प्रवृत्तिहरू जस्तै - बहुलवादी विचार, नारीवाद, लैङ्गिकता, द्वन्द्व र युद्धको अभिघात, डायस्पोरिक चेतना, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको सम्मिश्रण, पर्यावरणीय चेतना, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, पराऔपन्यासिकता, विधामिश्रण, पुनर्लेखन अन्तरपाठीयता, अपरम्परितता आदिको प्रयोग पनि भएको देखिन्छ।

आधुनिकतावादी नेपाली साहित्यमा आधुनिक प्रवृत्तिका साथै उत्तर - आधुनिक दुवै प्रवृत्तिहरू पनि मिसिएको पाइन्छन् । खास गरी पचासको दशकदेखि यताका साहित्य लेखनमा उत्तर - आधुनिक प्रवृत्तिहरू प्रशस्त पाइन्छन् । ती प्रवृत्तिको अध्ययन सर्वप्रथम गोविन्दराज भट्टराई (२०६१) - ले गरेको देखिन्छ । त्यसमा उत्तर - आधुनिक परिस्थितिमा देखिएका साहित्य लेखनका प्रवृत्ति, शैली, प्रक्रिया र नौल्याइँका बारेमा विमर्श प्रस्तुत गरेको छ । त्यस्तै उत्तर - आधुनिक प्रवृत्तिहरूलाई विषय, शैलीशिल्प र विचारका आधारमा वर्गीकरण गरेर देखाउन पनि सकिन्छ, तर यहाँ एकै ठाउँमा प्रस्तुत गरिएको छ । नारीवादिता, लैङ्गिक चेतना, जातीय पहिचान, दलित चेतना, सीमान्तीकृत वर्गको आवाज, द्वन्द्व र युद्धको अभिघात, डायास्पोरिक भावना, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको मिश्रण, पर्यावरणीय चेतना, नवइतिहासवादिता वा बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, बहुलता, पराऔपन्यासिकता, विधामिश्रण आदि प्रमुख उत्तर - आधुनिक प्रवृत्ति हुन् । यी सबैलाई वास्तवमा आधुनिकतावादकै मूल प्रवृत्तिहरू मान्न सकिन्छ ।

## 1.6 सार

यस प्रखण्डमा **आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ वर्तमान समयमा लेखिएका र अहिलेकै विचार र शैली भएका साहित्यलाई आधुनिकतावाद भन्न सकिन्छ । पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछि लेखिएको उत्तर - आधुनिक साहित्यलाई **आधुनिकतावाद** भनिन्छ ।
- ❖ नेपाली साहित्यमा भने दोस्रो विश्वयुद्धपछि मात्र आधुनिक साहित्य लेखनको थालनी भएको पाइन्छ । नेपाली साहित्यमा आधुनिकतावाद साहित्य लेखन वि. सं. २०३४ पछि आरम्भ भएको हो ।
- ❖ पचासको दशकदेखि लेखिएका साहित्यलाई मात्र आधुनिकतावाद भनेर भन्न सकिन्छ ।
- ❖ आधुनिकतावादी साहित्यमा विषयवस्तु , रूप र संरचना, शैलीशिल्प आदि दृष्टिले परम्परा भिन्न र नवीन हुन्छन् । यिनले वर्तमानको जीवन र संस्कृतिलाई प्रतिविम्बित गर्छन् ।
- ❖ यसमा साहित्यकारले देखेका अनुभव गरेका र उनीहरूलाई सत्य लागेका कुरा देखाउँछन् ।
- ❖ डार्विन, माक्र्स र फ्रायडका वैज्ञानिक भौतिकवादी धारणा, माक्र्सवादोत्तर समयमा देखा परेका नवमाक्र्सवादी र अन्य समसामयिक विचार तथा पूर्वीय समन्वयवादी विचार पनि पर्दछन् ।
- ❖ आधुनिकतावाद साहित्यका मुख्य प्रवृत्तिलाई आधुनिक र उत्तर - आधुनिक गरी दुई वर्गमा राखेर देखाउन सकिन्छ ।

- ❖ आधुनिक प्रवृत्ति स्वच्छन्दतावादिता, यथार्थवादिता, मनोविश्लेषणात्मकता, विसङ्गतिवादिता अस्तित्ववादिता, प्रयोगपरकता आदिको प्रयोग आधुनिकतावाद साहित्यमा पर्याप्त मात्रामा भएको र यी प्रवृत्तिहरू नै मूल प्रवाहका रूपमा देखिन्छन् ।
- ❖ यथार्थवाद र यसका विविध पक्ष जस्तै - आदर्शोन्मुख, यथार्थवाद, सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद, प्रकृतवादी यथार्थवाद, अतियथार्थवाद, ऐतिहासिक यथार्थवादमा आधारित कृतिहरू नै बढी देखिन्छन् ।
- ❖ उत्तर - आधुनिक प्रवृत्तिहरू जस्तै - बहुलवादी विचार, नारीवाद, लैङ्गिकता, द्वन्द्व र युद्धको अभिघात, डायस्पोरिक चेतना, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको सम्मिश्रण, पर्यावरणीय चेतना, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, पराऔपन्यासिकता, विधामिश्रण, पुनर्लेखन अन्तरपाठीयता, अपरम्परितता आदिको प्रयोग पनि भएको देखिन्छ ।
- ❖ उत्तर - आधुनिक परिस्थितिमा देखिएका साहित्य लेखनका प्रवृत्ति, शैली, प्रक्रिया र नौल्याइँका बारेमा विमर्श प्रस्तुत गरेको छ । त्यस्तै उत्तर - आधुनिक प्रवृत्तिहरूलाई विषय, शैलीशिल्प र विचारका आधारमा वर्गीकरण गरेर देखाउन पनि सकिन्छ ।

यस प्रखण्डको अध्ययनले **आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । आधुनिकतावादको परिचय र यसका विविध प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.7 अनुशीलनी

१. आधुनिककालको उद्भवबारे चर्चा गर्दै यस कालका विविध साहित्यिक धाराहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. आधुनिकतावादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा आधुनिकतावादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

४. आधुनिक र आधुनिकतावादका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. आधुनिकतावाद र उत्तर आधुनिकतावादमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा आधुनिकतावादले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमामा आधुनिकतावादलाई अङ्गालेर के कति साहित्य लेखिएको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

८. आधुनिकतावादको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. आधुनिकतावादमा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. आधुनिकतावादका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

## 1.8 अतिरिक्त अध्ययन


१. गौतम, कृष्ण – **उत्तर - आधुनिक जिज्ञासा ।**

२. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र ।**

३. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास ।**

४. भट्टराई, गोविन्दराज - **पश्चिमी बलेँसीका बाछिटा ।**

५. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन ।**

६. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक विमर्श ।**

७. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक ऐना ।**

८. नेपाल, घनश्याम – **आख्यानका कुरा ।**

९. नेपाल, घनश्याम – **विधा विविधा ।**

१०. सिंह, अमरकुमार – **नयी कविता की रचना प्रक्रिया ।**

११. उप्रेती, सञ्जिव – **सिद्धान्तका कुरा ।**

१२. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

१३. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श ।**

१४. प्रधान, डा. दिवाकर – **कविताका कुरा ।**

१५. न्यौपाने, टङ्कप्रसाद, सन् १९९२, **साहित्यको रूपरेखा ।**

१६. एटम्, नेत्र - **नेपाली डायस्पोरा र अन्य समालोचना ।**

१७. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त ।**

१८. तामाङ, पेम्पा – **आख्यानदेखि पराख्यानसम्म ।**

१९. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति ।**

२०. सुवेदी, राजेन्द्र - **बृहत् नेपाली समालोचना ।**

२१. लुइटेल, लीला - "महिलालेखन र नारीवादी नेपाली उपन्यास" , **मधुपर्क**, चैत्र, वि. सं. २०६६ ।

यस अतिरिक्त आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 1.9 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. आधुनिकतावादको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.३ को आधुनिकताको अर्थ र परिभाषा खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. आधुनिकतावादको अवधारणा ।

.......................................................................................

.......

.......................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४. खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. आधुनिकतावादको प्रमुख प्रवृत्तिहरू ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. नारीवाद र विधामिश्रण ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

Notes

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.५ अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. आञ्चलिकता र मिथक ।

.........................................................................................
.......

.........................................................................................
.......

.........................................................................................
.......

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.५ अन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 2, उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख  प्रवृत्तिहरू\

**संरचना**

2.0 उद्देश्य

2.1 परिचय

2.2 उत्तर - आधुनिकतावादको अर्थ र परिभाषा

2.3 उत्तर - आधुनिकतावादको अवधारणा

2.4 उत्तर - आधुनिकतावादको प्रमुख प्रवृत्ति

2.5 उपसंहार

2.6 सार

2.7 अनुशीलनी

2.8 अतिरिक्त अध्ययन

2.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- उत्तर - आधुनिकको सामान्य परिचय
- अत्तर - आधुनिकतावादको अर्थ र परिभाषा

- उत्तर - आधुनिकतावादको अवधारणा
- उत्तर - आधुनिकतावादको प्रमुख प्रवृत्ति

## 2.1 परिचय

विगत एक-दुई दशकदेखि नेपाली साहित्यिक – समालोचनाको वृत्तमा उत्तर - आधुनिकताबारे व्यापक छलफल र परिचर्चा भइरहेको पाइन्छ । त्यसमा पनि पछिल्लो समय (मूलतः सन् २००० पछि) - मा यस वादले आफ्नो प्रभाव अत्यधिक विस्तार गरिरहेको देखिन्छ । यस अत्तर - आधुनिकतावादको चर्चा र विस्तार यस मान्यताका पक्ष र विपक्षमा, अन्यौल र ढुलमुलमा पनि भइरहेका छन् । यसैले यस वादको चर्चाले यस मान्यताका बारेमा जान्न उत्सुक सामान्य पाठकदेखि बौद्धिक पाठकसम्ममा एक खालको तरङ्ग पैदा गरिरहेको प्रतीत हुन्छ ।

उत्तर - आधुनिकताले विश्वभरि नै विविध क्षेत्रमा प्रभाव पारि रहेको देखिन्छ । राजनीति, साहित्य, दर्शन, अर्थशास्त्र, समाज शास्त्र, सङ्गीत, पत्र - कारिता, इतिहास, खेलकुद आदि हरेक विषय र क्षेत्रमा फैलिएर रहेको यस वादलाई कतिपयले मान्यता र धारणाका रूपमा पनि चर्चा गरेका छन् । धेरै माक्र्सवादीहरूले पुँजीपति तन्त्रको नयाँ सांस्कृतिक खेलका रूपमा तथा केही प्रजातान्त्रिक मूल्यमा आस्था राख्नेहरूले वामपन्थी झुकाव राख्ने मान्यताका रूपमा पनि उत्तर - आधुनिकताको चर्चा गरेका छन् । यिनै विवाद तथा यस मान्यताको विस्तृतिले फैल्याएका जीवन र जगत्का विविध रङ्गहरू र ती कतिपय रङ्गहरूभित्र देखिएका विभिन्न विरोधाभासहरूले यस वादलाई अलि खजमजिँदो बनाइरहेको आभाष पनि हुन्छ । यस्तो स्थितिमा यस लेखमा अत्तर - आधुनिकतावादको अवधारणालाई मूलतः साहित्यिक समालोचनासँग

सन्दर्भित रहेर त्यसमा देखिएका मान्यता, धारणाहरूलाई औँल्याउने प्रयास गरिएको छ ।

उत्तर - आधुनिकतावाद विश्व साहित्यमा मात्र होइन नेपाली साहित्यमा समेत दबदबा रूपमा अघि आइरहेको छ । समकालीन स्रष्टा एवम् साहित्य कुनै न कुनै रूपमा उत्तर - आधुनिकतातिर ढल्किएको भन्ने आक्षेप छ । अत्तर - आधुनिकतावादको मान्यताहरूमा संरचनावाद, उत्तर माक्र्सवाद, उत्तर आधुनिकतावादका तीन वटै मान्यताहरू प्रस्तुत भएका छन् । उत्तर – आधुनिकतावादको अवधारणाबारे विभिन्न विद्वानहरूले आ - आफ्ना दृष्टिकोणले हेरेका छन् । विद्वान् ल्योतारले उत्तर - आधुनिकतालाई विद्यमान संस्कृति र सौन्दर्यशास्त्रमा एक आमूल विच्छेद भनेका छन् । यद्यपि कतिपय नेपाली विद्वानहरूले यो हाम्रो जलवायुको होइन र उपयुक्त छैन भन्ने आग्रह पनि गर्दछन् । तर फर्केर हेर्दा नेपाली स्रष्टा र चिन्तकहरू बिम्बवादको लक्षण र प्रभावको कुरा गर्छन्, घनत्ववादको पठन - पाठन गर्दछन् । यथार्थवाद, समाजवाद, अस्तित्ववाद, विसङ्गतिवाद, यौन मनोविज्ञानवाद, नारीवाद, मार्क्सवाद आदि उत्तर – आधुनिकतावाद कै उपजहरू मान्न सकिन्छ ।

उत्तर - आधुनिकतावादले विधालाई मान्दैन, इतिहासलाई स्वीकार गर्दैन, लेखकको सर्वसत्तावादलाई अस्वीकार गर्दै उसलाई पाठबाट पूर्ण रूपले अलग्याउँछ । पाठलाई विभिन्न अर्थमा पुनर्पठन गर्दै जान्छ, हरेक सत्यलाई सापेक्षित रूपमा हेर्छ आदि जस्ता सैद्धान्तिक मान्यताका कुरा गर्न जति सजिलो र स्वादिलो देखिन्छ तर यिनैलाई लिएर कुनै पनि कृतिको समीक्षा गर्नु त्यति स्वादिलो र सजिलो भने छैन ।

## 2.2 उत्तर - आधुनिकतावादको अर्थ र परिभाषा

अङ्ग्रेजी भाषाको शब्द **पोस्ट मोडर्निज्म्** (Postmodernism) - को नेपाली रूपान्तरण उत्तर - आधुनिकतावाद हो । सन् १९३४ मा सर्वप्रथम फेडरिको डी. ओनिसले यस शब्दको प्रयोग गरेको मानिन्छ । उनी पछि विद्वान् आर्नोल्ड टोयनबीले आफ्नो पुस्तक **अ स्टडी अफ् हिस्ट्री** (A study of History) कृतिमा प्रथम र द्वितीय विश्वयुद्ध बिचको समयावधि बुझाउनका निम्ति यस शब्दको प्रयोग गरेको बुझिन्छ । 'Postmodernism' - को शब्दिक अर्थलाई हेर्दा 'Post' भन्नाले 'पश्चात्' र 'Modernism' भन्नाले 'आधुनिक' भन्ने हुन्छ । यसरी आधुनिकतावाद अर्थात् सन् १९६० पछिको पाश्चात्य जगतमा विकसित साहित्यिक सिद्धान्त नै उत्तर - आधुनिकतावाद हो ।

अत्तर - आधुनिकतावादको मान्यताहरूमा संरचनावाद, उत्तर माक्र्सवाद, उत्तर आधुनिकतावादका तीन वटै मान्यताहरू प्रस्तुत भएका छन् । यो दर्शन राजनीति, अर्थतन्त्र, भाषा चिन्तन, निर्माण प्रविधि र सञ्चार प्रविधिसँग सम्बद्ध नयाँ चिन्तनद्वारा सृजित सामाजिक, संस्कृतिक चिन्तनको एउटै मेलो हो । परम्परित तवरमा साहित्यिक प्रणाली र सिद्धान्तको विकास युरोपबाट भएको पाइन्छ तर उत्तर आधुनिकतावादले युरोपेली केन्द्रीयतालाई क्रमभङ्ग गर्दै अमेरिकी केन्द्रीयतालाई सूत्रपात गरेको छ । यस सिद्धान्तले अमेरिकी भाषा, संस्कृति, आधारभूत मूल्य मान्यता, शक्ति, सामथ्र्य आदिको पृष्ठपोषण गरेको छ । खास गरी अमेरिकी स्रष्टा चार्ल्स ओल्सनको आविष्कार तथा मार्क्सवादी समालोचक जेम्सनले फ्रान्सेली साहित्यको 'एभान्डगार्ड' को विकासपछि यसले वास्तविक स्वरूप लिएको बताएका छन् ।

एभान्डगार्ड एउटा त्यस्तो मान्यता हो जसले व्यक्तिवाद, अराजक, यथार्थको विरोध, वितृष्णा, पुरातनप्रतिको मोह पलायन र भ्रम जस्ता बहुलतामा रमाउने गर्दछ । द्वितीय विश्वयुद्ध औद्योगिक मन्दी, ज्ञानको व्यापकता, विश्व भूमण्डलीकरण, सूचना प्रविधिको विकास, सांस्कृतिक अन्तर्मिश्रण, बहुलवाद, मार्क्सवाद विरोधी अवधारणा, उपभोक्तावाद, औपनिवेशिक साम्राज्यवाद, विस्तारवाद आदि नीतिहरू विकास हुन पुगे । यसैसँगै लियोटार्ड, बड्रिलार्ड, मिचेल फुको, ज्याक डेरिडा, फ्रेडरिक जेम्सन आदि विद्वान् ले विश्वलाई नवीन ढङ्गले पुनव्र्याख्या गर्नुपर्नेमा जोड दिए । पुँजीवादी प्रसारवाद, बहु राष्ट्रिय कम्पनीहरूको विस्तारवाद आदिका कारण विश्वलाई भूमण्डलीकरण गर्न थालियो । तसर्थ मिचेल फुकोको शक्ति र ज्ञानको सिद्धान्त, डेरिडाको विनिर्माणवाद, लियोटार्डको महाख्यानको अन्त, बड्रिलार्डको उपभोक्तावादी मान्यता, जेम्सनको उदार पुँजीवाद, रोलाँ बार्थको पाठपरक अवधारणा चर्चामा आए । यसबाट उत्तर आधुनिकतावादको पकड मान्छेको व्यक्तिगत वा सार्वजनिक जीवनसँग सम्बद्ध हरेक पक्षमा पर्न गयो । सन् १९७९ मा प्रकाशित लियोटार्डको The postmodern condition A Report on Knowledge, हसन मिलुवाकीको The post modern Turn: essays in postmodern Theory & culture, फ्रेडरिक जेमसनको post modernism: o n the wltural logic of Late capitalism(सन् 1991) आदि कृतिले उत्तर - आधुनिकतावादलाई थप विकास गर्नका लागि सहयोग पुर्यायो । अहिले उत्तर - आधुनिकतावादको विकास र विस्तार कला साहित्यमा समेत गहिरो प्रभावमय भएर जमेको छ । मार्क्सवादको आलोचना गर्ने यस सिद्धान्तले पुँजीवादी विश्व निर्माणको ध्येय राख्दै कला साहित्यमा प्रत्यक्ष प्रभाव पारेको छ ।

यसरी प्रविधि केन्द्रित भाषाशैलीको आविष्कार र पद्धतिको आविष्कारमा जोड दिँदै, माक्र्सवादी दृष्टिकोणको खण्डन गर्दै विपठन, बहु केन्द्रक, अराजक लेखनमा जोड, सार्वभौमिकता र सार्वकालिकतालाई आधार मान्दै विश्वलाई मूल्याङ्कन र विश्लेषण गर्नु पर्छ भन्ने धारणा कला साहित्यमा पनि सशक्त रूपले छाएको छ । कला साहित्यलाई उत्तर आधुनिकतावादको आधारभूत कसीमा राखेर हेरिनु पर्छ भन्ने समालोचना प्रणाली नै उत्तर आधुनिकतावादी समालोचना प्रणाली हो । यसका निम्न मान्यताहरू रहन्छन् ।

१. केन्द्रभङ्ग वा एककेन्द्रको सत्तालाई समाप्त पारी अर्थ बहुलता खोली गरिएको पाइन्छ । ज्याक डेरिडाको विनिर्माणवादमा यस सम्बन्धी मान्यता छ ।

२. रोनाल्डा सुखेनिकले Death of the Novel and other stories (1969) -मा यथार्थ सुन्दर यात्राको भ्रमणमा निस्केको छ भन्दै भ्रम उडन्ते, स्वैर कालपनिक चिन्तनमा विश्वस गरेका छन् ।

३. नित्सेको Tee Genealogy of moral पुस्तकमा शून्यता, रिक्तता, भौतिक यन्त्रणाको वर्णन गरेका छन्, जसबाट भौतिकवादबाट पलायन हुँदै अराजक, उत्तेजना, आवेगमा उद्दत भई आत्मपराजयमा डुबेको छ ।

४. मेलियरको Why Are we in Vietnam ? पुस्तबबाट तानाशाही व्यवस्थाको आलोचना गर्दै स्वतन्त्रता, मानव अधिकार, सीमान्तकृत वर्गको उत्थानमा उत्रनुपर्ने मान्यता राखेका छन् ।

५. विधाको विखण्डन, विधा भञ्जन गर्दै विधागत मूल्य धरापमा पारिएको छ । अर्थात् विधागत इमानदारिता हुँदैन ।

Notes

६. उत्तर - आधुनिकतावादले भ्रमलाई सत्यमा अर्थात यथार्थको छलन गरी सूचना र प्रविधिका कारण यस्तो हुने मान्यता राख्छ ।

७. उत्तर - आधुनिकतावादको अर्को मान्यता अनन्त अर्थ नै कृतिको लक्ष्य भन्ने रहेको छ । यसमा भाषिक खेल, अन्तर्पाठात्मक अध्ययन गरिन्छ।

८. निरर्थक लेखक वा शून्यवाद नै यस मान्यताको मूल सार हो । सैद्धान्तिक लेखनलाई ध्वस्त पारेर शून्यवाद खोज्नु यिनीहरूको मूल मन्त्र हो ।

९. अश्लीलता र यौन जङ्गली रूपलाई प्रश्रय दिँदै नाङ्गो हुनुलाई पारदर्शी हुनु भन्ने मान्यता राख्दछ ।

१०. डायस्पोरा शैलीलाई लेखनको शैली बनाइनुपर्ने मान्यता उत्तर - आधुनिकतावादको अर्को महत्त्वपूर्ण मान्यता हो ।

११. भाषालाई खेल र विज्ञानलाई नाटक ठान्नु उत्तर आधुनिकतावादको तर्क रहन्छ ।

उत्तर - आधुनिकतावादको मान्यतालाई पछ्याउँदा उत्तर - आधुनिकतावादी समालोचनाले चिन्तन अनिश्चितता, शून्यता रिक्तताकेन्द्री अवधारणालाई मूल मान्यता बनाउँदै यथार्थलाई अतिरञ्जनात्मक, स्वैर कालपनिक रूपमा प्रस्तुत गर्नु, मनगडन्ते, भ्रामित द्वैत मनोदशा, पुँजीवादको उदय र मार्क्सवादको आलोचना गर्नु यसको आधारभूत चिन्तन हो ।

## 2.3 उत्तर - आधुनिकतावादको अवधारणा

उत्तर - आधुनिकतालाई निकै विस्तृत र विवादास्पद चिन्तनको रूपमा साहित्य र साहित्यइतर क्षेत्रहरूमा देखिएको मान्यता मानिन्छ । यसको

Notes

थालनीको समय तथा यसका आधारभूत मान्यतामा नै प्रशस्त विवाद रहेको देखिन्छ । विभिन्न देशमा भिन्न - भिन्न रूपमा यसलाई प्रयोग गरिएकामा पनि यसले विवादास्पद रूप लिएको हो । मूलतः विकसित राष्ट्र र तेस्रो विश्वमा यस मान्यता (वाद) - लाई भिन्न रूपमा स्विकारिएको छ । माथि भनिए झैं अधिकांश माक्र्सवादीहरूले पुँजीपति तन्त्रको संरक्षकका रूपमा तथा कतिपय उदारवादीहरूले माक्र्सवादीहरूको पक्षपोषकका रूपमा यसलाई आरोपित गरेको पनि पाइन्छ । त्यस्तै कतिपय समीक्षकहरूले यसलाई छुट्टै वाद वा चिन्तनका रूपमा नलिएर आधुनिकताकै एउटा खण्डका रूपमा पनि उल्लेख गरेको पाइन्छ । उत्तर - आधुनिकताका कतिपय प्रवृत्तिहरूलाई हेर्दा यो आधुनिकताबाट धेरै टाढा नरहेको आभाष पनि हुन्छ । तर पनि फेरि यसका धेरै त्यस्ता नौल्याइ" छन् जसले यसलाई आफुमै उभिन सक्ने हैसियतको बनाएका पनि छन् । त्यसैले यसलाई कतिपय सन्दर्भमा आधुनिकताको क्रम बद्धता तथा कतिपय सन्दर्भमा क्रम भङ्गताका रूपमा हेरिनु स्वाभाविकै देखिन्छ ।

प्रर्याप्त विवादका बाबजुद पनि सन् १९६० पछि उत्तर - आधुनिकताले आफ्नो प्रभाव देखाउन थालेको कुरा बढी मात्रामा स्वीकार गरिएको छ । मूलतः दुई ठुला युद्धहरूका कारण संसारभर देखिएको चरम निराशा तथा नित्सेको ईश्वर मृत्युको घोषणाले भत्काएको महाकेन्दका पृष्ठभूमिमा उत्तर - आधुनिक चिन्तन हुर्किएको बुझ्न सकिन्छ । त्यस्तै संसारभर बढ्दो सहरीकरण, यसले निम्त्याएको चरम उपभोक्तावादी संस्कृति तथा उक्त संस्कृतिलाई सम्पूर्ण रूपले सहयोग गरि रहेको साइबर संस्कृति यस चिन्तनको विकासका मुख्य आधार बनेको थाहा हुन्छ । हाल आएर उत्तर - आधुनिक चिन्तन मात्रात्मक

रूपमा कमबेसी देखिए पनि तथा यस मान्यताकै मुख्य पक्ष सापेक्षतलाई मान्दा त्यो विभिन्न रूपमा हुर्किए पनि यसले संसारभरि नै गतिलै प्रभाव पारि रहेको भने प्रत्यक्ष अनुभव हुन्छ ।

यस उत्तर - आधुनिकतावाद मान्यताको पछिल्लो टड्कारो प्रभाव साहित्य सँगसँगै खेलकुदका क्षेत्रमा पनि देखिएको छ । परम्परागत रूपमा खेल्दै आइएका क्रिकेट र फुटबलका नयाँ रूपहरू देखिएका छन् । फुटबल ११ खेलाडीबाट सातमा झर्दै तथा मैदानको आकार सानो बनाउँदै छ भने परम्परागत रूपमा पाँच दिनको क्रिकेट सन् १९७५ मा छोटिएर एक दिनको भएकामा अहिले केवल २० - २० ओबरमा खुम्चदै चार घन्टामा सीमित भइसकेको छ । यस्तो हुनुमा वर्तमान समयको अति व्यस्त जीवन र उत्तर - आधुनिक सञ्चार संस्कृतिको प्रभावलाई मूल रूपमा लिनु पर्ने हुन्छ । यसैले उत्तर - आधुनिकताको प्रभाव विविध विषय र क्षेत्रहरूमा परेको प्रतीत हुन्छ ।

उत्तर – आधुनिकतावादको मुल अधारणा साहित्यको सन्दर्भमा विधा – विभाजनमा पनि अडिएको पाइन्छ । यसले यी कुरालाई नेपाली साहित्यको सन्दर्भमा हेरिमाग्न पनि आग्रह गर्दछ । विषयको गहनताले गर्दा मलाई विस्तारमा बोलौँ लागेको छ, तर स्थान वा समयको सीमाले सङ्क्षेपमा अवतरण गर्नुपर्ने हुन्छ । त्यसकारण यस सूत्र पक्रेर अरूले विस्तारमा जाने मार्ग पत्ता लगाउन सक्छन् । 'उत्तर - आधुनिक' पदलाई अरूले जसरी प्रयोग गर्दछन्, हामीले पनि तिनैबाट प्रेरणा लिनु पर्ने हो कि अन्य प्रकारको । यसमा हाम्रो मात्र व्याख्या छैन; विश्वको पनि रहेको छ । यद्यपि त्यसमा हाम्रा मौलिक उदाहरण आउन सक्छन् । तर यसको विस्तार र व्यापकताले अस्पष्टता पनि सँगसँगै ल्याइरहेको छ- के यो साहित्यमा प्रयोग हुने पद हो

? कि दर्शन हो ? कि एक हल्का फेसन ? यस्ता कुरा पनि उठेका छन् तर संवादविना कुनै ज्ञान खुल्दैन । ज्याक डेरिडा (सन् १९३० – सन् २००४) – लाई यस धारणा सँगसँगै विनिर्माणवादका प्रवर्तक मानिन्छन् । यसलाई ज्याक लकाँ, रोलाँ बार्ट, जँ-फ्रास्वाँ ल्योतार, मिसेल फुको, बोद्रियार, गायत्री स्पिभाक, जेमिसनजस्ता चिन्तकले अघि बढाएका छन् । यो विभिन्न विचार धाराहरूको विमर्श केन्द्र भएको छ । यसमा अनेक मतमतान्तर विद्यमान छन् ।

उत्तर – आधुनिकतावादको अवधारणाबारे विभिन्न विद्वानहरूले आ - आफ्ना दृष्टिकोणले हेरेका छन् । विद्वान् ल्योतारले उत्तर - आधुनिकतालाई विद्यमान संस्कृति र सौन्दर्यशास्त्रमा एक आमूल विच्छेद भनेका छन् । यद्यपि कतिपय नेपाली विद्वानहरूले यो हाम्रो जलवायुको होइन र उपयुक्त छैन भन्ने आग्रह पनि गर्दछन् । तर फर्केर हेर्दा नेपाली स्रष्टा र चिन्तकहरू बिम्बवादको लक्षण र प्रभावको कुरा गर्छन्, घनत्ववादको पठन - पाठन गर्दछन् । यथार्थवाद, समाजवाद, अस्तित्ववाद, विसङ्गतिवाद, यौन मनोविज्ञानवाद, नारीवाद, मार्क्सवाद यस्ता अनेकौँ वाद र सिद्धान्तमा प्रवेश गर्दछन् ।

वास्तवमा भाषा - साहित्य कला बुझ्ने - बुझाउने विश्वका समस्त आधार, सिद्धान्त र विचार यिनै हुन् । यसलाई कुनै एउटा देशले मात्र जन्माएको मान्न सकिन्न । किनकि विचार र दर्शनले भौगोलिक सीमा नाघेर र्सवत्र यात्रा गर्दछ । नेपाली साहित्यको स्थिति पनि त्यही छ । कुनै पनि सिद्धान्त नेपाली मल - माटाका छैनन्, तर विश्व - विचार सबैको साझा सम्पत्ति हो । अझ आजको चिन्तन वा विचारलाई साइबर जगतले तत्कालै र्सवत्र पुऱ्याइदिन्छ । यो सानो विश्वमा हामी प्रभावको प्रभाव मात्र बोल्न सक्छौँ । विश्व - विचारहरू एउटै जलवायुले सम्पोषित हुन्छन् । आजको परिवेशमा

उत्तर - आधुनिकतालाई साहित्यसँग जोडेर विमर्श चलाउने जुन प्रयत्न भएको छ, त्यसले नेपाली मस्तिष्कलाई व्यापक विश्वतिर निमन्त्रणा गर्दछ । किनभने केही नयाँ दृष्टिकोणले नहेरी अबको सिर्जना र मूल्याङ्कनमा लाग्न सकिँदैन; नयाँ गन्तव्यमा पुग्न पनि सकिँदैन । अव सबै कुरामा ग्लोबलता छ - उपभोग्य वस्तुमा, विचारमा, सिद्धान्तमा, सिर्जनामा, संस्कृति र व्यवहारमा । यतिखेर सबैलाई टेक्नोसाइन्सले छोपेको छ, विश्व साइबरीकृत छ; सबै - सबै हाम्रा कर्महरूमा जाँ बोद्रियारले भनेझैँ सदृशता मात्र छ; वास्तविकता छोपिएको छ ।

डोना ह्यारावेले पनि **द साइबोर्ग म्यानुफेस्टो**मा भनेकी छन् - आजको प्रविधि मानव शरीर - रचनाको विपरीत हुनुको सट्टा एउटा प्रतिरक्षात्मक साधन बनेको छ, यो स्वयम् मानव बन्ने प्रयत्नमा मरेर लागिपरेको छ । मार्क्सवादी, उदारवादी, अनुदारवादी जस्ता पुराना राजनीतिक उपायहरू –सिद्धान्तहरू आजको ग्लोबल प्रविधि विज्ञानको सामुन्ने अप्रचलित भइसकेका छन् । यी कुरालाई थाम्नको लागि हामीले निर्माण गरेका नैतिक र राजनीतिक संयन्त्रहरूलाई यसले नाघिरहेको छ । त्यसैले गर्दा आजको साहित्य नियाल्ने दृष्टिकोण पनि यस्तै परिस्थितिको सापेक्षतामा हुनुपर्दछ । मूलतः उत्तर - आधुनिकतालाई समकालीन विश्वले कला, साहित्य, संस्कृति, सङ्गीत र दर्शन सबैमा पुऱ्याएको छ । सबैले आफ्नो परिभाषा उत्तर - आधुनिक परि्रेक्ष्यबाट गर्दछन् । समकालीन जीवन जगतलाई र सिर्जनालाई बोध गर्ने दृष्टिकोण पनि यसैबाट प्राप्त भएको देखिन्छ । यसका प्रमुख विशेषताहरू निम्न प्रकार रहेका छन् -

क) अपखण्डनको सिद्धान्त

ख) साइबरीय सिद्धान्त

ग) विनिर्माणको सिद्धान्त र

घ) बहुलताको सिद्धान्त

**क) अपखण्डनको सिद्धान्त**

सर्वप्रथम कला - साहित्यलाई कहिल्यै पनि एक विचारले, शैलीले, नियमले बाँधेको पाइन्न । त्यसैले भिन्नताहरू सधैँ स्वीकार्य छन् । विभिन्नताको उपस्थिति भनेको निश्चित विश्वास, एकरूपता वा अपरिवर्तनीयताबाट मुक्ति हो; सारा तङ्खवलाई, इतिहासलाई समेत अपखण्डनमा बुझ्ने हो । अपखण्डनमाथिको विश्वासले विचार र आकारहरूको सिङ्गो स्वरूप आलोचित छ, महाख्यानिक समग्रता भत्काइँदैछ । यसैमा अडेर सिर्जनामा अभ्यास गरिने प्यास्टिस - जोडजाड अर्थात् पुनः संयोजन, प्रतिकृति, भाषिक खेल, ववर्णसङ्करताजस्ता धारणा स्थापित छन् । एक पाठमा अनेक विचार पस्ने, एक पाठमा अनेक पठन पस्ने हाइपरटेक्स्टको सिद्धान्त आएको छ, एकविधामा अर्को मिसिने अन्तरविधात्मकता, एक विषयमा अर्को विषय पस्ने अन्तरविषयकता आजको लेखन र मूल्याङ्कनका साँचामा परेका छन् ।

यस अभ्यासले अनेक प्रकारका द्विचरताको अन्त्य गरेको छ । तिनीहरूलाई बुझ्न - बुझाउन सांतत्यक (कन्टिनम) चेतना आवश्यक हुन्छ । यस्ता विशेषताले युक्त वर्तमान साहित्य नै हाइपर लिटरेचर भएको छ । यसको एक उदाहरण छ - मल्टिमिडिया अथवा अनलाइन वेबसाइटहरू । एउटा विषयमा पसेपछि अन्यसँग हाइपर लिङ्क हुँदै अनेक टेक्स्टमा, ध्वनिमा, दृश्यमा मिसिएर मानिस पाखा निस्कन नसक्ने हुन्छ । अन्तर्सम्बन्धित विषयहरूको सञ्जाल बुनिन्छ । यसमा एकत्वको, क्रमिकताको, सङ्गतिको खोजी हुँदैन । त्यसैले महाख्यानको समापन,

तात्कालिकता, स्थानीयता, नवीनता र अल्पताका कुरा आउँछन् । एउटै टुङ्गामा पुग्नलाई अनेक माध्यम सिर्जित छन्, मल्टिमिडिया यही हो । नेपाली विद्वान् राजेन्द्र शलभले तयार पारेको कविताको भिजुअल सीडी र सेतोवाघको सिडि जस्ता उदाहरण उत्तर – आधुनिकतावादकै मनुनाहरू हुन् । मानव उन्नतिको पूर्णता एउटा मिथ्या हो र अन्य प्रकारका पूर्णता पनि भ्रामक छन्, केवल आंशिकता र पार्श्विकता यथार्थ हो । साहित्यमा पनि त्यही हुन्छ । त्यसकारण महाख्यानप्रति विश्वास हटेको हो । अपखण्डन र विविधतामा गएको हो । विविधतामा जानु युगको प्रवल चाहनाले सिर्जनामा अपरम्परिता, नवीनता, प्रयोग र मार्जिनलताको कदर हुन थालेको हो ।

**ख) साइबरीय सिद्धान्त**

यान्त्रिकताको विकास र साहित्यमा त्यसको प्रभाव, यसले ल्याउने हाम्रा दृष्टिकोण परिवर्तन र अर्थ परिवर्तन महङ्खवपूर्ण कुरा हुन् । यतिखेर वास्तविकता छेलिएको छ, वास्तविकता प्रतिस्थापित छ र छायाँले त्यो स्थान लिएको छ । त्यो वास्तविकताको क्षयलाई वोद्रियारको भाषामा **अनुरुपण** (सिम्युलेसन) भनिन्छ । यसप्रकारले हरेक वस्तुको जतातत्तै छायाँ मात्र उपलब्ध हुने भएकाले वास्तविक र अवास्तविक बीचको भेद हराउँदै गएको छ ।यसको प्रयोगले समय र स्थानप्रतिका अवधारणा गलत भएका छन् । मानिस यन्त्रसँग प्रतिस्पर्धा खेल्दैछ- साइबर एकातिर छ, हृयुमन अर्गानिजम् अर्कातिर; दुवै मिलेर बनेको साइबोर्ग एक नयाँ उपस्थिति छ - अर्धमानव अथवा अर्धयन्त्र । डोना हृयारावेको योगदान यस सिद्धान्तमा प्रभावमयी रहेको देखिन्छ ।

दिक्कालका परम्परित स्वरूप मेटेर चल्न थालेका http://www.sahityaghar.com/m का विश्व वेबक्याम कविता प्रतियोगिता नेपाली साहित्य कला डटकमका साइबर प्रवेशका प्रयत्न नेपाली साहित्यले पनि पूर्णरूपमा प्रतिमान (प्याराडाइम) बदलेको कुरा प्रष्ट हुन्छ । अब यो रोकिँदैन, रोक्नु छैन । साइबर संस्कृतिमा प्रवेश गरेपछि र्सजकमा इतिहास - चेतना भिन्न हुन्छ । यो एकत्वपूर्ण, एकरेखीय रहँदैन; यथार्थको भिन्न अनुभूति हुन्छ । यो परोक्ष अतियाथार्थिक र अझ भर्चुअल हुन जान्छ; सत्यको रूढता रहँदैन, यो तात्कालिक, लक्षित र परिवर्तनशील हुन्छ, व्यक्ति, स्थान र समयसापेक्ष हुन्छ, यसका स्वरूपहरू प्रतिस्थापित भइरहन्छन्, विस्थापित भइ रहन्छन् - no truth is final । त्यसकारणले कुनै कुरालाई, विषयलाई, सत्यलाई अन्तिम ठानेर त्यसमा लाग्नुको तार्त्पर्य एकप्रकारको भ्रान्तिमा पुगेर अन्वेषक चेतनाको आत्महत्या गर्नु हो । त्यसैले गर्दा नयाँ सिर्जना सिद्धान्तले भन्छ - प्रयोग गर्दै जान, नवीनताको खोजीमा पनि लागिरहनू । यसमा दुईकुरा निरन्तर आइरहन्छन्- अताङ्खविकता (एन्टि-एसेन्सिआलिजम्) र स्थापनावैरोध्य (एन्टिफाउन्डेसनालिजम्) ।

कुनै पनि तङ्खवको अन्तिम सारमा, निचोडमा पुग्न नसकिने हुनाले, मानव इन्द्रिय र चेतनाले, उसको भाषा प्रयोगले त्यो ठहर गर्न असम्भव हुने भएकाले गर्दा अताङ्खविकता स्वीकार्य हुन्छ र सारा पूर्वस्थापित मान्यताहरू पनि मानवज्ञानको यही सीमितताबाटै पलाएकाले गर्दा हामी सधैँ त्यो स्थापनाको विरुद्ध उठिरहनु पर्छ । ती स्थापित केन्द्रहरू भत्काएर नवीनताको खोजीमा निरन्तर नै लागिरहनु पर्दछ, ती अरू केन्द्र, अरू नवीनताको यो यात्रा । यो कहिले टुङ्गिन्छ ? हजारौँ वर्ष हिँडिसक्ता पनि मानवचेतना, चिन्तन, प्रयोग र विद्वताको सामुन्ने सधैँ एउटा कृष्णविवर (ब्ल्याकहोल) छ । आजको

समाचारमा आएको छ - वैज्ञानिकहरूबाट अर्को आकाशगङ्गा, सौर्य मण्डल, ग्रहपिण्ड र जीवातहरूको खोजी हुँदैछ । हाम्रो अज्ञानतामा, अन्धकारको गर्तमा करोडौँ यस्ता नवीन र अज्ञात सत्यतथ्य लुकेका हुन सक्छन् । जहिले पनि हामी त्यतैतिर लागिरहनु पर्दछ । यसरी हामीले आर्जन गरेको र गर्न बाँकी ज्ञानको सारतङ्खव सधैँ differ हुन्छ, परसर्छ; फेरि एक सारतङ्खव अर्कोभन्दा सधैँ भिन्न भइरहन्छ त्यो differ हुन्छ । यी दुई शब्दले उत्तरआधुनिक दृष्टिको सारतङ्खव र सत्यचेतनालाई परिभाषित गर्ने हुँदा दुवैलाई जोडेर डेरिडाले ‘डिफराँस’ (difference) शब्दको निर्माण गरेका छन् । हरेक कुराको अर्थाभास एकैचोटि पर सर्दै जाने र फरक पर्दै जाने प्रकृति हो - डिफराँस ।

### ग) विनिर्माणको सिद्धान्त

विनिर्माण एक प्रकारको पुन: र्निर्माण हो; प्रतिसोच, वैकल्पिकता र प्रतिस्थापन हो । तर यो विस्थापन भने होइन । यो पुनर्व्याख्या र पुनः परिभाषा हो । यो सिद्धान्तको प्रतिपादन गर्दै ज्याक डेरिडाले एक क्रान्तिकारी वैचारिक दर्शन प्रस्तुत गरेका थिए । उनले यसो भनेका छन् - हाम्रा सबै सोचलाई उल्टयाउनु, भत्काउनु र उच्छेदित गर्नुपर्दछ; तिनलाई प्रतिस्थापित गर्नुपर्दछ किनभने भाषाले कहिल्यै पनि सत्य बोलेन । भाषाले ढाँटेको कुरालाई भाषैले सच्याउन सकिन्छ, यद्यपि हरेक सँच्याइ व्यक्ति अनि समय सापेक्षमात्र हुन्छ । हरेक सोचको, अभ्यासको विकल्प हुन्छ । यसरी नै निर्विकल्पताको अन्त्य हुनुपर्छ ।

विनिर्माण सिद्धान्तको मूल मर्म यही हो । डेरिडाको **स्ट्रक्चर, साइन्, एन्ड प्लेइ** (सन् १९६७) शीर्षक रचना नै आधुनिक विश्वमा परिवर्तनकारी सोचको बीज रोप्ने कृति हो । त्यसको आरम्भमा डेरिडाले फ्रान्सेली

निबन्धकार माइकल दि मोतैँलाई उद्धृत गरेका छन् - We need to interpret interpretations more than to interpret things । यसको तात्पर्य हो - हामीले वस्तुको भन्दा पनि, व्याख्याको व्याख्या गर्नुपर्छ अर्थात् हामीले आफ्ना विचारको पुनर्व्याख्या र संशोधन गरिरहनु पर्दछ । कुनैको एक व्याख्या छैन, अन्तिम छैन, अरू अर्थ र सम्भावनाहरू त्यहाँ छोपिएकै हुन्छन् । अघि लेखिएका, गरिएका, भनिएका, मानिएका कतिपय कुरा सम्पूर्ण सत्य नहुन सक्छन् । किनभने कुनै व्याख्या अन्तिम हुन सक्तैन, कुनै निर्णय अन्तिम हुन सक्दैन । विचार वा सिद्धान्तको पुनर्व्याख्या भइरहनु पर्छ, विज्ञानमा नवीन आविष्कार निरन्तर रहेझैं" । कति कुरा गलत हुन सक्छन्, ती सच्याउनु पर्छ । यो मानव सभ्यताको निरन्तर अनिवार्य प्रक्रिया हो ।यस सिद्धान्तले भन्छ- सामाजिक व्यवहार पनि कृतिपाठ जस्तै हो, यसका सबै नियम नपत्याउनू, सांस्कृतिक जीवनका सबै अभ्यासलाई अन्तिम नठान्नू, कुनै धर्म वा राजनीतिक सिद्धान्त अन्तिम नठान्नू, कुनै कट्टरतामा लगेर आफ्ना दृष्टिकोण र जीवन पद्धतिलाई सीमित नगर्नू ।

कुनै कुरा अपरिवर्तनीय छैन । उदार, संशोधनशील र परिवर्तनशील रहनू । यसरी हेर्दा विनिर्माण एकप्रकारको समालोचना हो, एक विश्लेषणात्मक खोजी । सन्देह र असन्तुष्टि, जिज्ञाशा र तृप्तिसँगै भिरेको एक दार्शनिक हतियार । यसको तात्पर्य पुरानाको पुनर्निर्माण हो, पुनःसंरचना हो । समकालीन विश्वमा यो सिद्धान्तको गहिरो प्रभाव छ, पुरानो संरचनात्मक सोच र शैलीलाई परिवर्तित गर्ने यस सिद्धान्तले विश्वलाई उत्तरसंरचनात्मकतातिर निरन्तर धकेलिरहेको छ ।कुनै केन्द्र अन्तिम छैन । कुनै सत्य अन्तिम छैन नयाँ केन्द्र खोजिरहनू, यसले भनिरह्यो । अपरम्परित केन्द्रको खोजीमा लाग्दा छोपिएका ठाउँहरूतिर हाम्रो ध्यान जान्छ । पुरानो संरचनाले, धर्मले,

भाषाविज्ञानले, संस्कृतिले, राजनीतिले बनाएका नियम पल्टाएर हेर्दा त्यहाँ अनेक प्रकारका अपूर्णताहरू ग्यापहरू – रिक्त स्थानहरू हुन्छन् । त्यहाँ नयाँ सत्य छेलिएको, छोपिएको हुन्छ । त्यसलाई उल्टाएर उत्क्रमणले सच्याउँदै जानू, त्यो सँच्याइ पनि समयसापेक्ष र तात्कालिक कर्म मात्र हो । नवीन सिद्धान्त र प्रविधिको प्रयोगले हाम्रो सिर्जना र संस्कृति उत्तर - आधुनिक लक्षणयुक्त हुँदैछ ।

नेपाल साहित्य संसारको अघिल्लो दशकले त्यो प्रमाण देखायो, समकालीन विश्वचेतनाको बोधले, त्यसको प्रयोगले त्यो कर्म सरल र तीव्र गतिमा भएको थियो; अझै हुँदैछ । धेरै कुरा उल्टाएको प्रमाण हाम्रो सामु छ । मार्जिनल पात्रहरू केन्द्रमा आउने, परिस्थिति आउने, भूगोल आउने, संस्कृति आउने- सबैले केन्द्रको खोजी गर्ने परिस्थिति आउँछ । सबै परिचयको लागि उठ्तछन् । यसले बहुलतापूर्ण, विविधतापूर्ण दृश्यहरू ल्याउँछ । यसैमा महिला, दलित, अपाङ्ग, यौनकर्मी, तेस्रो लिङ्गी, समलिङ्गीलगायतका माइनोरिटी जातजाति, भषाभाषी, पेशाकर्मी, विचारक सबै मानवअधिकारको खोजीमा उठ्तछन्, उठेका छन् । यी सबैलाई उत्तर - आधुनिकतावाद परिस्थितिको देन मान्न सकिन्छ । हाम्रो सिर्जना सिद्धान्त र प्रक्रिया पनि त्यतै ढल्किरहेको छ । नेपाली साहित्यका नयाँ र्सजक यतै पसेका छन् ।

**घ) बहुलताको सिद्धान्त**

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तलाई मानिन्छ । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न

सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ - जेन्डरमा । पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।

## 2.4 उत्तर - आधुनिकतावादको प्रमुख प्रवृत्ति

यहाँ मूलतः साहित्यिक क्षेत्रमा उत्तर - आधुनिकतावाद मान्यताका कारण देखिएका मूल प्रवृत्तिहरूलाई बुँदागत् रूपमा अध्ययन – विश्लेषण गरिएको छ। यस प्रवृत्तिलाई निम्नप्रकार यसरी हेर्न सकिन्छ -

क. केन्द्रको विघटन वा केन्द्र भञ्जन

ख. विधा मिश्रण तथा विधा भञ्जन

ग. शब्द केन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु

घ. महाख्यानको अन्त्य

ङ. बहुलताको प्रयोग

च. विनिर्माण, पूनर्लेखन तथा विषय विस्तार

छ. लेखकको मृत्युको अवधारणा

ज. भूमण्डलीकरण

झ. साइबर संस्कृतिको प्रयोग

ञ. स्वैर कल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोग

ट. सीमान्तकृतहरूको नायकीपन

ठ. उपभोक्तावादी प्रवृत्तिको चित्रण

ड. स्थानीय रङ्ग

ढ. डायस्पोरिक (आप्रवासी) लेखन

ण. अभिघातको चेतना

त. सन्दिग्धताको मान्यता

थ. प्रर्यावरणीय चेतना

द. रहस्यात्मकता

यस्ता अरू दर्जनौं प्रवृत्ति वा प्रयोगलाई देखाउन सकिन्छ , जसले उत्तर - आधुनिकतालाई सङ्केत गर्दछन् । तर यहाँ मूलतः उत्तर - आधुनिकतावादी चिन्तनका कारण साहित्यिक –समालोचनाका क्षेत्रमा कस्ता चुनौतीहरू देखिएका छन् भन्ने बारेमा तिनलाई नेपाली साहित्यिक परिप्रेक्ष्यमा केन्द्रित रहेर अध्ययन गर्ने प्रयास गरिएको छ ।

मूलरूपमा उत्तर - आधुनिकतावादको थालनी कलाका क्षेत्रमा भएको मानिन्छ । अथवा यसो भनौं सन् १९६० पछि पश्चिममा मूलतः जुन खालको चिन्तनको विकास भयो त्यसको पूर्व रूप खोजिने क्रममा पहिला कलाका क्षेत्रमा भेटियो । तर यस चिन्तनको प्रभावले अहिले नछोएको सायद कुनै विषय र क्षेत्र छैन । उत्तर - आधुनिकताको फराकिलो छाताले जन केज र लरी एन्डरसनका सङ्गीतदेखि रेसनवर्ग र वारहोलका कलासम्म, बार्थ र पन्चनका आख्यानदेखि जोन्स र भेन्तुरीका वास्तुकलासम्म, विनिर्माणवाद र उत्तर - संरचनावादी सिद्धान्त तथा समालोचनादेखि विलफोर्ड र मार्कुसका नृतृत्व विज्ञानसम्म, बौद्रिलर्ड र ल्योटार्डका सामाजिक सिद्धान्तदेखि ज्याक डेरिडा र रोर्टीका दर्शनसम्म सबैलाई ओगटेको छ ( शर्मा, २०५५, पृ. १६) । हाल आएर कुनै पनि विधा र विषयमा चोखोपन देखिन छाडि सकेको छ ।

सबै विषय र विधामा क्वाटी वा हाइब्रिड संस्कृतिले प्रभाव देखाइ सकेको छ । यही विविध विषय र क्षेत्रमा फैलिएको र पुरानो मूल्यलाई भत्काउदै नयाँ मूल्य दिन खोजे पनि उत्तर – आधुनिकतावादले स्थापित गराउन नसकि रहेको अवस्थाले यसभित्र विरोधाभासी चिन्तन र स्वरूप पनि देखिएका छन् । एकातिर पूर्व आधुनिकतातर्फ मोह अथवा रहस्यात्मक अतीतागमन र अर्को तर्फ सञ्चार तथा मिडियामय फास्ट लाइफको यथार्थतामा यो चिन्तन घोलिएको छ । कता - कता अराजकतावादी जस्तो पनि आभाष हुने यस मान्यताका कारण अहिलेको समालोचना जटिल बन्दै गहिरहेको छ र त्यसलाई उजिल्याउन तथा त्यसबाट मुक्तिका लागि ठुलो चुनौती तेर्सिएको छ । यद्यपि सापेक्षित सत्यलाई अङ्गीकार गर्ने यस मान्यताका कारण जे लेखि दिए पनि त्यसलाई एउटा सत्य मानेर स्वीकार गर्नुपर्ने अवस्था त छ नै तर

त्यो सस्तो सतहीपन भन्दा पनि यस मान्यताका कारण साहित्यिक - समालोचनामा देखिएका चुनौतीहरू भने धेरै पाइन्छन् ।

उत्तर - आधुनिकतावादले समालोचकलाई दोस्रो सर्जक वा पुर्नसर्जक मान्दछ । मान्नु जति सजिलो छ तर हुनु त्यत्तिकै कठिन छ । कुनै पनि कृतिलाई विविध सम्भावनामा पठन गर्दै त्यसबाट अभिव्यञ्जित हुन सक्ने विविध अर्थहरूलाई देखाउनु लरतरो काम होइन । सर्जकले पाठमा छाडेका विविध ग्यापहरूलाई भर्दै कृतिलाई नयाँ जीवन दिन उत्तर - आधुनिकतावादले समीक्षकलाई अनुमति दिन्छ । परम्परित मान्यतामै रहेर उही कथानक, चरित्र, परिवेश, उद्देश्य भनेर मात्र समीक्षा गर्दा त्यो ग्यापलाई भर्न सकि"दैन । त्यसैले यसलाई निभाउन सक्नु समीक्षकका लागि अवसर र चुनौती दुबै रूपमा आएको छ । यतिमात्र होइन उत्तर - आधुनिकतावादले विधालाई मान्दैन, इतिहासलाई स्वीकार गर्दैन, लेखकको सर्वसत्तावादलाई अस्वीकार गर्दै उसलाई पाठबाट पूर्ण रूपले अलग्याउँछ । पाठलाई विभिन्न अर्थमा पुनर्पठन गर्दै जान्छ, हरेक सत्यलाई सापेक्षित रूपमा हेर्छ आदि जस्ता सैद्धान्तिक मान्यताका कुरा गर्न जति सजिलो र स्वादिलो देखिन्छ तर यिनैलाई लिएर कुनै पनि कृतिको समीक्षा गर्नु त्यति स्वादिलो र सजिलो भने छैन ।

उत्तर - आधुनिकतावादले उच्च र निम्न तथा असल र खराब विचार, संस्कार, साहित्य आदिको भेद मेटिएको कुरा गर्छ । यसरी असल र खराबकै भेद मेटिएपछि कुनै पनि कृतिलाई कुन आधारमा विवेचना गर्ने ? यो गम्भीर प्रश्न भएर आएको छ । यस्तै स्थितिका कारण साहित्यमा राम्रा स्रष्टा र राम्रा कृति पछाडि परेको र जसले मिडिया मार्पmत हल्ला गर्न सक्छ उही अगाडि आएको देखिएको छ । ‘बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल पनि

नबिक्ने' भन्ने उखान वर्तमान मिडियामय संसारमा सत्य साबित भइ रहेको छ । यसबाट मुक्ति खोज्दै ओझेलमा परेका राम्रा स्रष्टा र कृतिलाई अगाडि ल्याउनु समीक्षकका लागि ठूलो चुनौती भएको छ । उत्तर – आधुनिकतावादमा विधाभञ्जनको अवधारणा पनि त्यति प्रष्ट रहेको छैन । विधा मान्यतालाई पनि एउटा आधुनिक केन्द्र मान्दै त्यसलाई भत्काइएको हो भनिन्छ र साहित्यिक रचनालाई विधागत आधारमा वर्गीकरण गर्नुभन्दा पनि एउटा पाठका रूपमा हेर्नु पर्ने आवाज चर्को सुनिन्छ । यसलाई मान्दै कृतिलाई भाषिक खेलका रूपमा देखाउ"दा मात्रै कुनै पनि साहित्यिक रचनाको कलात्मकता कति उजिलिन सक्छ ? किनभने कलात्मकताको रूप विधागत विशिष्टताभित्र बढी टल्किने गरी देखिन्छ । यस्तो स्थितिमा विधा भञ्जनलाई कति मात्रामा स्वीकार गर्ने ? यो पनि गम्भीर प्रश्न भएर आएको छ ।

महाख्यानको अन्त्य उत्तर - आधुनिकतावाद मान्यतामा देखिएको विवादास्पद चिन्तन हो । मान्छे समग्रतालाई बुझ्न सक्षम छैन । ऊ केवल खण्ड मात्र बुझ्न सक्छ भन्ने मान्यतालाई आधार बनाउँदै यस मान्यताले महत् आख्यानको मृत्यु भइ सक्यो भन्ने मान्दछ । यस मान्यतालाई स्वीकार गर्दागर्दै पनि उत्तर - आधुनिकताकै अन्य कतिपय मान्यताले यसलाई एकातिर काटि रहेको देखिन्छ भने अर्कातिर मूलतः पश्चिममा विकसित यस मान्यताले विश्वव्यापी रूपमा काम गर्न नसकेको तथ्य त वर्तमानको नेपाली राजनीतिक अवस्थाले नै पुष्टि गरि सकेको छ । जतिसुकै केन्द्र भञ्जनको कुरा गरे पनि आज धेरै रूपले अमेरिका विश्वकै महाकेन्द्र बनि रहेको छ र यसलाई फेरि मोहम्मदको महाख्यानले चुनौती दिइ रहेको पनि देखिन्छ । नेपालमा राजावादी केन्द्रलाई वा राज परम्पराको महाख्यानलाई तोड्न र

त्यसपछि पनि आफ्नो वर्चस्व स्थापना गर्न माक्र्सवाद - माओवादको आधुनिक महाख्यान सफल भएको छ । यस्तो स्थितिमा महाख्यानको अन्त्य भयो, हामी सबै त्यसको भूतबाट मुक्त भयौ", हामी ती इतिहासलाई विदा दिँदै नयाँ र खुल्ला उत्तर आधुनिक विश्वमा विचरण गर्दै छौ" भन्ने कुरा कति सत्यतामा टिकेको छ ? प्रश्न गर्न सकिन्छ ।

साहित्यिक सन्दर्भमा कुरा गर्दा मायिक यथार्थवाद तथा स्वैर कल्पनालाई पनि उत्तर - आधुनिकतावादी साहित्यको बलियो शैल्पिक हतियार मानिएको छ । स्वैर कल्पनाका केही रूपहरू तथा मायिक यथार्थता पूर्ण रूपले यथार्थबाट रहस्यमयता तर्फको यात्रा हो । त्यो रहस्यमयता कतिपय वैज्ञानिक तथ्य र सम्भावनामा केन्द्रित रहे पनि अधिकांश रूपमा पौराणिक र सामाजिक महाख्यानमै आधारित रहेको देखिन्छ । जसको उदाहरणका रूपमा ब्राजिली उपन्यासकार पावलो कोयल्होको 'द आल्केमिष्ट' तथा नेपाली उपन्यासकारद्वय मनुज बाबु मिश्रको 'स्वप्न सम्मेलन' र तेराखको 'सर्वजा' - लाई लिन सकिन्छ । कोयल्होको उपन्यास माध्यमिक कालीन 'गाढधन' - को महाख्यानमा आधारित रहेर लेखिएको उपन्यास हो भने मिश्र र तेराखका उपन्यासहरू हिन्दू तथा बौद्ध दर्शनका महाख्यानहरूमा मूल रूपले उनिएका छन् । अझ यी भन्दा पनि भन्नुपर्ने के जस्तो लाग्छ भने विश्वव्यापी दुन्दुभीले गर्दा डेरिडाको दर्शन स्वयम्मा अर्को महाख्यान बनिरहेको छ । यो खजमजिदोपनले जरुर नै समालोचकलाई उछार दिइ रहेको छैन ।

अङ्ग्रेजी Deconstruction को नेपाली रूपान्तरण विसंरचनावाद हो र यो अवधारणाले सन् १९६० पछिको विश्वज्ञान विज्ञानका क्षेत्रमा आएका परिवर्तनहरूलाई सङ्केत गर्दछ । नेपालीमा विसंरचनावादलाई विनिर्माणवाद,

विरचनावाद, विसङ्घटनावाद, विनिर्मितिवाद आदि नामकरण समेत गरिएको पाइन्छ । फ्रान्सेली विद्वान् ज्याक डेरिडाको पाठको अध्ययन गर्ने पद्धति वा चिन्तनको रूपमा विसंरचनावादको विकास भएको मानिन्छ । सन् १९६६ मा जोन हप्किन्स विश्व विद्यालयमा आयोजित गोष्ठीमा डेरिडाले 'Structure, sign and play in Discourse of the human science' शीर्षकको लेखबाट यसवादको मान्यता अघि सारे । यिनले नित्से र हाइडेगरको शून्यतावादी दर्शनको मौलिक मान्यता विकास गरे ।

विसंरचनावादलाई ध्वंसात्मक र रचनात्मक दुबै स्तरमा अथ्र्याएको पाइन्छ । ध्वंसात्मक भन्नाले पाठभित्रका अनिश्चय, अन्तर्विरोध, जटिलता, बहुलता खोज्दै पाठकलाई भ्रम र अन्योल भन्ने मान्यता बुझिन्छ । डेरिडासँगै पौल डिम्यानु , हेराल्ड ब्लुम आदि विद्वान् आदिले यस सिद्धान्तलाई सैद्धान्तिक र व्यावहारिक दुबैै रूपले चिनाउने प्रयत्न गरे । सन् १९७९ मा प्रकाशित 'Deconstruction & criticism' कृति विनिर्माणवादको घोषणा पत्र नै हो । यस मान्यताले इतिहासको सत्यतालाई शङ्काको दृष्टिले हेर्ने काम गर्दछ । विसंरचनावादले मूलतः निम्न मान्यताहरू प्रस्तुत गर्दछ । विनिर्माणवादमा केन्द्रवादको प्रभुत्व छ भन्नु उपस्थितिलाई स्वीकार गर्नु हो । यसलाई उपस्थितिको अध्यात्मवाद भनिन्छ । उनले यसलाई उल्टाएर अनुपस्थिति वा भिन्नताको अवधारणा अघि सारेका छन् । सस्युरको शब्द र अर्थको सम्बन्ध हुन्छ भन्ने मान्यतालाई खण्डन गर्दै डेरिडाले ती दुई तत्वका बिच बिमेल, अनिश्चय, बहुल सम्बन्ध हुने भन्दै भाषाको चिह्न रूप वा गुणद्वारा भिन्न हुनु, चिह्नले अन्तहीनतिर सङ्केत गर्नु दुई सन्दर्भमा भिन्नता हुन्छ भनेका छन् ।

उपस्थिति र अनुपस्थितिको खेलमा नै कृतिको अर्थ सीमित रहन्छ भन्नु नै डेरिडाको मान्यता हो ।

लेखन कलाका कारण भाषामा भिन्नता आउँछ । कागजका काला अक्षर नै भाषाका आधिकारिक स्रोत हुन् भन्ने मान्यता डेरिडाको रहेको छ । यतिमात्र होइन साहित्यका अतिरिक्त दर्शन, इतिहास आदिमा प्रयुक्त भाषासमेत आलङ्कारिक हुन्छ भन्ने मान्यता डेरिडाको छ । विसंरचनावादका तमाम् मान्यतालाई हेर्दा यो सिद्धान्त परम्परित दृष्टिकोणलाई उल्टाएर पाठको अनेकन पठन र व्याख्या हुने भन्दै पाठको संरचनालाई विखण्डन गरी अर्थ पाठबाहिरबाट नखोजी पाठभित्रैबाट खोजी गर्ने सिद्धान्त हो । उत्तर - आधुनिकतावादको मान्यताले एकातिर मूल रूपमा भूमण्डलीकरणको अवधारणालाई आत्मसात् गर्दै विश्व मानवको खोजी गरि रहेको छ भने अर्कातिर सीमान्तकृतहरू तथा दबिएकाहरूको पक्षमा वकालत गर्दै वर्गीय तथा क्षेत्रीय रूपमा पनि देखिएको छ । जसको उदाहरणका रूपमा युरोप र वर्तमान सन्दर्भको नेपाललाई हेरे पुग्छ । सन् १९९३ मा युरोपिएन युनियनको स्थापना भएपछि युरोपमा राष्ट्रिय सीमामा प्रश्नचिन्ह देखिएको छ भने यता हामी नेपाल जस्तो सानो देशमा विभिन्न सङ्घ र प्रदेशका कुरा गरि रहेका छौं । यी दुवै स्थितिलाई उत्तर आधुनिकताले स्वागत गर्दछ ।

सञ्चारका कारण विश्वमा भएका प्रत्येक गतिविधि हाम्रा लागि अब नयाँ र नौला रहेनन् भने अर्कातिर हाम्रो धरातलीय यथार्थ पनि आप्mनै प्रकारको छ । कुनै पनि सर्जक यी दुबैबाट उत्प्रेरित भएर सृजन कर्म गरि रहेको हुन सक्छ । यो आपैmमा अनौठो र विरोधाभासी रूपमा पनि देखिन्छ । यस्तो स्थितिमा सिर्जित साहित्यको समालोचना गर्नु समालोचकका लागि गम्भीर

Notes

चुनौती हुन पुगेको छ । उत्तर - आधुनिकतावादमा देखिएका विरोधाभासले मात्र समालोचकहरूमा चुनौती देखिएको छैन । यसले स्वीकार गरेको बहुलताको मान्यताले पनि त्यत्तिकै चुनौती थपि रहेको छ । नेपाली समालोचनाको क्षेत्रमा रहेर कुरा गर्दा माध्यमिक कालसम्मका कृतिहरूको विश्लेषण गर्दा संस्कृत र नेपाली भाषा जान्नु तथा भरतमुनिदेखि जगन्नाथसम्मका काव्यमान्यताहरूलाई जाने पुग्ने अवस्था थियो । यद्यपि ययाँ यसो भनेर ती सिद्धान्त जान्नु र त्यसका आधारमा समालोचना गर्नु सजिलो थियो भनिएको चाहि होइन ।

आधुनिक कालमा आएर अङ्ग्रेजी साहित्यको प्रभावसँगै अङ्गेजी भाषा जान्नु र निश्चित समयमा देखिएका निश्चित वाद वा मान्यताहरू जान्नु पर्ने भयो । तर अहिले आएर बहुलता र समावेशी मान्यताका कारण समालोचकहरूमा धेरै गम्भीर जिम्मेवारी थपिएको छ । जसलाई सानो उदाहरणद्वारा यहाँ देखाउन खोजिएको छ । नेपाली साहित्यको सन्दर्भमा हेर्दा आधुनिक साहित्यले पनि विभिन्न जातजातिको विषयलाई उठाएको थियो । दृष्टान्तका रूपमा विश्वेश्वर प्रसाद कोइराला लिखित सुम्निमा तथा रमेश विकल लिखित अविरल बग्दछ इन्द्रावति उपन्यासलाई लिन सकिन्छ । तर यी कृतिहरूको विषेशता के थियो भने यिनले समालोचकहरूलाई नै नया“ दृष्टि दिएका थिए अथवा यी कृतिहरूले पाठकलाई नै किरा“ती संस्कृति र माझी संस्कृतिस“ग परिचित गराएका थिए । तर अहिले त्यो स्थिति छैन । धुरवचन्द्र गौतमको जेलिएको उपन्यासलाई हेरे मात्रै पनि यसलाई अनुभूत गर्न सकिन्छ । गौतमले उक्त उपन्यासमा एक त नेपाली भाषाभित्र सिधै भोजपुरी भाषाको प्रयोग गरेका छन् भने त्यहा“को संस्कार र संस्कृतिलाई छुस्स - छुस्स प्रतीकात्मक रूपमा

उल्लेख गर्ने काम पनि गरेका छन् । यस कृतिबाट हामी भोजपुरी संस्कृतिसँग परिचित हुन पाउ“दैनौ बरु उक्त कृतिलाई पुरा मात्रामा पर्गेल्न हामीले भोजपुरी संस्कृति र भाषालाई छुट्टै अध्ययन गर्नु पर्ने हुन्छ । यदि यसैगरी अन्य नेवारी, मगराती, मैथिली, गुरुङ, चेपाङ, राई, लिम्बु, राउटे आदि भाषालाई नेपाली भाषी कृतिभित्र सोभैm प्रयोग गर्ने हो भने कस्तो अवस्था होला ? त्यसैले बहुलता र समावेशी चिन्तनले समालोचनामा गम्भीर चुनौती र जिम्मेवारी पनि थपेको देखिन्छ ।

उत्तर - आधुनिकतावादको मुख्य आधार स्तम्भ साइबर संस्कृतिले समालोचनालाई गम्भीर सङ्कटमा पारेको देखिन्छ । मिडियाका विभिन्न माध्यमहरूले साहित्यिक कृतिहरूको परिचयात्मक समीक्षा प्रस्तुत गरि दिनु र पाठकहरू त्यसैलाई हेरेर कृतिप्रति आफ्नो धारणा बनाउन थालेका छन् । जसले गम्भीर किसिमका समालोचनामाथि अस्तित्वको सवाल खडा गरेको छ । यसै सम्बन्धमा कृष्ण गौतम भन्छन् - समीक्षा असमीक्षामा परिणत हुँदै गयो । समीक्षा यस्तो विधा थियो जो कृतिकारलाई चिनाउन सक्थ्यो, कृतिकार र कृतिको, विश्वको, पाठकको सम्बन्धमा प्रकाश पार्न सक्थ्यो तर अब अहिले एकातिर शोधले अचेट्दै आएको छ भने अर्कोतिर यसलाई घचेटेर पत्रकारिताले त्यो ठाउँ लिन अघि बढि रहेछ । समीक्षामा सबभन्दा ठुलो आपत् त उत्तर - आधुनिक प्रहारले गर्दा परेको हो । संरचनावादी, उत्तर - संरचनावादी, उत्तर - सेमियोटिक्सेली वा उत्तर - आधुनिकतावादी हेराइमा समीक्षा समीक्षा रहेन । यो त पठन (रिडिङ) को रूपमा बचेको छ (गौतम, २०६४, पृ. १३३ - ३४) । यस्तो स्थितिबाट साहित्य र समालोचना दुवै लाई बाचय राख्नु ठुलो चुनौति बनेर वर्तमानमा हाम्रो सामु उभिएको आभास हुन्छ।

**उत्तर - आधुनिकताको** विरोध गर्ने ठूलो जमानहरूमा पहिलो जडसूत्रवादीहरूको र दोस्रो यथास्थितिवादीहरूको रहेको पाइन्छ । पहिलो समूहलाई उत्तर - आधुनिकताले गर्दा अधिनायकतावाद आउन सक्तैन होला भन्ने चिन्ता थियो। नभन्दै त्यस्तै भयो। सट्टामा बहुलवाद आयो। अनेक विचार आए। अनेक केन्द्रमा मानिसको इच्छाहरू विभाजित भए। दोस्रोलाई यथास्थिति समाप्त भयो भने आफ्नो स्थान र महव रहने छैन भन्ने चिन्ता थियो; त्यस्तै भयो। आज हरेक क्षेत्रको संरचनावाद बढारिएर कहाँ पुग्योयहाँ पनि ! नवीनता र विविधताको आवश्यकता र अपरिहार्यताले यथास्थितिवादी आकाङ्क्षालाई परास्त गरयो। अहिले त केही छैन, सबैले स्वीकारेका छन्। नयाँ चेतना एवम् अग्रगामिताको विजय हुने रहेछ भन्ने सबैलाई बोध भएको छ। विश्वभरि अहिले एउटै चेतना–लहर र प्रवृत्ति आएको छ; जीवन–शैली नै एकरूप हुँदैछ भन्ने सबैलाई थाहा छ। ग्लोबलताको हुरी चलेको बेला कुनै पुरानो सिद्धान्तको दीयो बाँकी नरहने रहेछ भन्ने चेतना सबैमा आएको छ। सिद्धान्त जेजे भन्दै हिँडेपनि यथार्थ जीवन अहिलेको लागि उत्तरआधुनिकता, बहुल चेतनाको रहेछ भन्ने सत्य प्रत्येक आत्माले स्वीकार गरेको छ। भृकुटी पब्लिकेशनले उत्तरआधुनिकतावाद विशेषाङ्क नामक बृहत् ग्रन्थ छापेर पनि यसतर्फ ठूलो योगदान पुरायो। बहुलवादी सिद्धान्तको अभ्यासलाई स्वीकारिसके त्यसपछि नवीनताको विरुद्धमा उठ्नेहरू मत्थर हुँदै गए। त्यसलाई समयले नै निस्तेज गराउने रहेछ। तर उनीहरू पनि धर्मसङ्कटमा थिए, किनभने माओवादको सुरक्षा गरौं भने समयको माग अर्कै छ ।

माक्र्सवादले आह्वान गरेको अग्रगामिता धेरै पुरानो समयको, भिन्न भूगोल र संस्कृतिको कुरा थियो। आज त्यो क्युरिओजस्तो भएको छ। अझै पनि केही

मित्रहरू त्यसैको बिस्कुन सुकाउँछन्, पिस्छन् , धुलो उडाउँछन्। त्यस्ता कुरा राजनीतिमा एकछिनलाई काम लाग्छन्। किनभने त्यहाँ ध्रुवीकरणको भरयाङ चढ्ने खुड्किला हुन्छन् र माथि पुगेर प्रयोग गर्ने केही 'प्याटेन्ट' शब्दहरू र विम्बहरू हुन्छन्। तर आजको मानिस सालखोल भएको छ, वर्गीकरणले। एउटा सिद्धान्तले नछुने, अनेक पक्षले दृष्टिले, विचारले मनोविज्ञानले हेरिनुपर्ने। सर्वप्रथम ता नेपाली स्रष्टाको अघिल्तिर धेरै बाटा छन्, विचार छन् भन्ने कुुरा सुनाउनु थियो। विश्वपरिस्थिति बदि्लयो, अब नयाँ चेतना र बाटाहरू सुनौँ–हेरौ भन्नु थियो र उनीहरूलाई धेरै पुरानो जडसूत्रीय कारखानाबाहिरको कला - साहित्य देखाउनु - बुझाउनु थियो। अधिकांश नेपालीले त्यो देखे, बुझे। तर हेर्नाेस्, राजनीतिमा धेरै पिङ खेलियो भने लेखनमा तिनै शब्द र पदावली मात्र आउँछन्। जस्तो माक्र्सवादीको कलममा हुन्छ। त्यसैले ज्यादा उत्तरआधुनिकताको रटान गरियो भने यो पनि त्यस्तैमा परिणत हुन्छ। एउटा ग्याण्ड–न्यारेटिब भत्काउन हिँडेको मान्छे अर्काे ठड्याउँछ भने के काम लाग्छ? त्यस कारण सैद्धान्तिक रूपले शब्दको मचान बनाउनु लेखनको हितमा छैन। जस्तो कि हिजोआजको प्रत्येक एनजीओले भन्छ— दलित, महिला, पिछडिएका, जनजाति ।

उत्तरआधुनिक विचारले ती कुरा न थप्न न घटाउँछ। यसले त जगत्बारेको चेतना मात्र बढाउँछ, सयौँ वर्षको रुढीवाबाट फुकालेर मानिसलाई एक नयाँ र असुरक्षित मैदानमा ल्याउँछ। उसले फेरि पनि निरन्तर सोचिरहनुपर्छ; यो अन्तिम सिद्धान्त भनी पक्रेर बस्ता माक्र्सवादी समालोचकको जस्तै स्थिति आउँछ। नयाँ विचारलाई काम लागुन्जेल फक्रिने, नलागे फ्याक्ने र फेरि नयाँ खोज्ने चेतना चाहिन्छ। त्यसैले 'नट द लेटर बट

द स्पिरिट' भनेझैँ शब्दको रटानले, अधिक प्रयोगले, सिद्धान्तको हिटेड डिस्कशनले लेखनको "उज्यालो" आउँदैन। मान्छे शब्द–जालमै बेरिएर रहन्छ। कुनै लेखकलाई सिकाएर, पढाएर हुँदैन। हुनुछ भने आफैँ हुन्छ। तर रुढता बसिरह्यो भने लेखन पनि त्यस्तै होला र जगत्लाई परिवर्तित दृष्टिले हेर्न नसक्ला भन्ने चिन्ताले उत्तरआधुनिकताको सहारा खोजेको हुँ। जुनसुकै होस् सफल लेखनको शक्ति अर्कै छ, सिद्धान्त होइन। त्यसकारणले नेपाली स्रष्टाहरू त्यो वैचारिक नवीनतातिर छन्, तर बाटैमा छन्, टुङ्गोमा पुगेर बिसाएका छैनन्। साँच्चो कलासाधना यद्यपि आंशिक लक्षण देखिएका छन्। उत्तरआधुनिकताले लेखनमा विविधता ल्यायो; समालोचनामा नयाँ सिद्धान्तहरू पनि ल्यायो, तर नेपाली लेखनमा त्यस्तो उज्यालो आउन सकेको छैन। सर्वप्रथम त्यस्ता प्रतिभा जन्मिनु परयो।

**उत्तर - आधुनिकताले बहुलताको पक्षमा वकालत गर्ने र सीमामा दबेर रहेका स्वरहरूलाई वाचाल बनाउने काम गर्दछ। नेपालमा पनि त्यो भयो। तर, साथसाथै कतिपय अवस्थामा जातीय विद्वेष र फाटो पनि बढ्यो भन्छन् नि जानकारहरू। यसमा सरको मत के छ ? के उत्तराधुनिकता "ब्याकफायर्ड" भएको हो ?** यतिखेर नेपालमा ठूलो परिवर्तन आएको महसूस हुन थालेको समय छ। कतिपय कुल्ली, श्रमिक र मजदूर दुखी छन्, तर मानिसले अब हेपेर बोल्न छोडेको छ। सबैको सम्मान बढ्दैछ। काठमाडौँका सवारी सह–चालकहरूमा मात्र यो सुधार आउन बाँकी छ। आमूल परिवर्तनको समय छ, तर सुदूरमा शिक्षा छैन, चेतना छैन। कुसंस्कारको लामो इतिहास बदि्लन युगौँ लाग्ने रहेछ। यता सिद्धहस्तहरूबीच ठूला कुरा, चर्का नारा, अन्तर्राष्ट्रिय डिस्कोर्श हुन्छन्, तर धेरैजसो ती एलिट वर्ग वरिपरि चल्छन्। यद्यपि सरकार

पनि सकारात्मक भएकाले वञ्चितको पक्षमा कानूनी अडान लिएर उभिएकाले अब परिवर्तनको तीव्रतालाई महसूस गर्न थालिएको छ। यो सारा त उत्तरआधुनिकताको देन हो; बहुलता र विविधताको सिद्धान्तले उठाएको कुरा हो।

'पहिचानको सर्वोच्चता' भन्ने कुरा आज सबै लेखकमा देखिन्छ । कथा, कविता, नाटक जहाँ पनि उनीहरू पहिचानको अधिक प्रयोग गर्दैछन्। अघिल्लो दशकमा आवश्यक पनि थियो र ठीक थियो। तर उनीहरू केवल पहिचानलाईमात्रै जोड दिँदैछन् र केवल आफ्नो सांस्कृतिक परिवेश र ऐतिहासिक नोष्टाल्जिया लेख्छन्। मैले प्रश्न गरेको छु, त्यहाँ पनि अबको लेखन त्यो मात्र होइन अरु पनि त्यस्तो दृष्टिकोणले कताकति असहिष्णुता पनि प्रकट गरेको छ। यसले हामीबीचको हार्मोनी बिग्रन सक्छ। साहित्य त्यो मात्र होइन। मुख्य त राष्ट्र हो, अनि अर्थोक पनि हो। यसरी हामीले मानेको सिद्धान्तले लेखनको, सिर्जनाको नयाँ शक्तिलाई सिथिल बनाउने हो कि भन्ने चिन्ता छ। यस्तो अभ्यास राई स्रष्टाहरुमा पनि छ। जातीयता ठूलो कुरा तर सार्विकता झन् ठूलो हो। हाम्रो सिर्जना युनिभर्सल ह्युमन भ्याल्युरहीत भयो भने, के काम लाग्ला र?

**हाललाई उत्तर - आधुनिकतालाई यहीँ छोडौँ र लागौँ डायस्पोरा सिद्धान्ततिर । नेपालबाहिर बसेर लेख्ने कतिपय नेपालीहरू अस्थायी प्रवासी हुन् , मुलुक फेरिरहन्छन्, उताका नागरिक पनि होइनन्, र नेपाललाई पूर्णतामा छोडेका पनि होइनन् । यिनीहरूलाई पनि "डायस्पोरा" - मा समेटिएको पाइन्छ। यो त सैद्धान्तिक विचलन भएन र ?** यिनीहरूलाई कसले डायस्पोरामा समेट्यो थाहा छैन। तपाईंले त्यस्तो लेख्ने व्यक्ति वा कृतिको नाम लिनु भएको भए

संवाद स्पष्ट हुन्थ्यो। बरु तपाईंका नै एक दुई डायास्पोराका यस्ता लेखमा यस्ता अस्पष्ट कुरा पढ्न पाएको छु र आज स्पष्ट पार्दछु।

नेपाली डायास्पोरा बारेमा रुटलेजको नेपाली डायस्पोरा इन् अ ग्लोबलाइज्ड इरा हेर्नुभयो होला। रक्ष राई र मिजास ते (२०१५) म्बेकृत डायास्पोरा पनि हेर्नुभयो होला। यस्ता अरु पनि (२०७२) सिद्धान्त तथा समालोचना कृति आउँदैछन्, अध्ययन विस्तृत हुँदैछ; कृति बढ्दै छन्। तर आजसम्मको अध्ययनले भन्छ त्यस्तो अस्थायी आवागमन समूह "लेबर डायास्पोरा" भित्र पर्छ।

**अन्य देशका डायस्पोराको साहित्य हेर्दा गृहदेशमा लेखिएको साहित्यभन्दा पनि उच्चस्तरको साहित्य उनीहरूले लेखिरहेको पाइन्छ। नेपाली डायस्पोराको साहित्यले, अपवादबाहेक, खासै स्तरीयता ग्रहण गरेको देखिँदैन।** यो सत्य हो। गाँस, बास र जीवनको न्यूनतम लक्ष्य पूरा गर्ने उद्देश्यले वर्षौंसम्म अराजकता र अधिनायकवादले पिसिएको, राजनीतिक अस्थिरताले निलेको मुलुकबाट निस्केर त्राण खोज्दै अनेक मुलुक पुगेका नेपाली धन्य छन्। तर सबै नेपाली जाति "न्यू डायस्पोरा" हुन्।

निकोलास् भ्यान हिअरको **न्यू डायस्पोराज्** ले यस्तो कुरा प्रष्ट्याएको (१९९८) छ। त्यस कृतिमा बर्माबाट उच्छेदित रोङगिया र नेपाली जातिको दृष्टान्त छ। संसारभरि कि न्यू डायस्पोरा छन्, कि लेबर डायास्पोरा छन्, कि पर्मानेन्ट डायास्पोरा छन्। 'शिफ्टिङ डायस्पोरा' ता सबैको साझा चरित्र नै हो। डायस्पोराको अन्तिम गन्तव्य हो 'ट्रान्सन्याशनलिजम्' अर्थात् पारदेशीयता। तिनीहरू 'शिफ्टिङ डायस्पोरा' नै रहन्छन्। उनीहरू सर्दै हिँड्दै सबै देशका नागरिक हुनेछन्। संसारभरिका सबै नेपाली डायस्पोरा नयाँ हुन्। जीवनको

प्रारम्भिक संघर्षमा डुबेका; पहिलो पुस्ता। उनीहरूसँग भाषिक हतियार पनि दह्रो छैन। सांस्कृतिक–हतियार नयाँ छ। त्यसकारण यता सिकेको नेपालीका भरमा जीवन संघर्षबाट उभ्रेको नेपालीमा समयमा जो जति सिर्जना गर्दैछन् त्यो धन्य छ।

भारतीयसँग हाम्रो तुलना हुन सक्तैन। उनीहरूले तीनसय वर्षदेखि बहिर्गमन खपेर डायस्पोरालाई आफ्नो कल्चर बनाएका छन्। नेपाली नयाँ विरुवा हो। शक्तिशाली अङ्ग्रेजीमा सिर्जना गर्न सक्ने पुस्ता जन्मोस् तब त्यसले अमेरिकी बा बेलायतीसँग प्रतिष्पर्धा गर्नेछन्। एउटा उर्बर लेखकको निम्ति समालोचना साँच्चै नै व्यर्थ कर्म हो। यो गर्नु भनेको अर्काको बाँझोबारी जोत्नु हो। मकै फल्छन् बोट छोडेर घोगा भाँचेर उसैले लान्छ। तपाईं सदाको ज्यलादारी मात्रै। आफ्नो काम गर्नाेस्, सिर्जनाका सारा विधा तपाईंलाई नै पर्खिरहेका छन्। त्यहाँ कल्पना र कलासँग खेल्नोस्। समालोचनाको साङ्लामा किन बाँधिएको? मजस्तो लेखकलाई यो अभिशाप हो। मुक्तिमार्ग खोज्ने भक्तलाई सांसारिक मायाले पछ्यारेजस्तै भएको छ । समालोचना स्वतन्त्र छैन। **समालोचना निकै प्राज्ञिक, जटिल र अपजसिलो काम हो। यसले व्यक्तिलाई विवादमा तानिरहन्छ।**

## 2.5 उपसंहार

अङ्ग्रेजी भाषाको शब्द **पोस्ट मोडर्निज्म्** (Postmodernism) - को नेपाली रूपान्तरण उत्तर - आधुनिकतावाद हो । सन् १९३४ मा सर्वप्रथम फेडरिको डी. ओनिसले यस शब्दको प्रयोग गरेको मानिन्छ । उनी पछि विद्वान्

Notes

आर्नोल्ड टोयनबीले आफ्नो पुस्तक **अ स्टडी अफ् हिस्ट्री** (A study of History) कृतिमा प्रथम र द्वितीय विश्वयुद्ध बिचको समयावधि बुझाउनका निम्ति यस शब्दको प्रयोग गरेको बुझिन्छ । 'Postmodernism' - को शब्दिक अर्थलाई हेर्दा 'Post' भन्नाले 'पश्चात्' र 'Modernism' भन्नाले 'आधुनिक' भन्ने हुन्छ । यसरी आधुनिकतावाद अर्थात् सन् १९६० पछिको पाश्चात्य जगतमा विकसित साहित्यिक सिद्धान्त नै उत्तर - आधुनिकतावाद हो ।

उत्तर – आधुनिकतावादको अवधारणाबारे विभिन्न विद्वानहरूले आ - आफ्ना दृष्टिकोणले हेरेका छन् । विद्वान् ल्योतारले उत्तर - आधुनिकतालाई विद्यमान संस्कृति र सौन्दर्यशास्त्रमा एक आमूल विच्छेद भनेका छन् । यद्यपि कतिपय नेपाली विद्वानहरूले यो हाम्रो जलवायुको होइन र उपयुक्त छैन भन्ने आग्रह पनि गर्दछन् । तर फर्केर हेर्दा नेपाली स्रष्टा र चिन्तकहरू बिम्बवादको लक्षण र प्रभावको कुरा गर्छन्, घनत्ववादको पठन - पाठन गर्दछन् । यथार्थवाद, समाजवाद, अस्तित्ववाद, विसङ्गतिवाद, यौन मनोविज्ञानवाद, नारीवाद, मार्क्सवाद आदि उत्तर – आधुनिकतावाद कै उपजहरू मान्न सकिन्छ । मूलरूपमा आजको परिवेशमा उत्तर - आधुनिकतालाई साहित्यसँग जोडेर विमर्श चलाउने जुन प्रयत्न भएको छ, त्यसले नेपाली मस्तिष्कलाई व्यापक विश्वतिर निमन्त्रणा गर्दछ । किनभने केही नयाँ दृष्टिकोणले नहेरी अबको सिर्जना र मूल्याङ्कनमा लाग्न सकिँदैन; नयाँ गन्तव्यमा पुग्न पनि सकिँदैन । अव सबै कुरामा ग्लोबलता छ - उपभोग्य वस्तुमा, विचारमा, सिद्धान्तमा, सिर्जनामा, संस्कृति र व्यवहारमा । यतिखेर सबैलाई टेक्नोसाइन्सले छोपेको

छ, विश्व साइबरीकृत छ; सबै - सबै हाम्रा कर्महरूमा जाँ बोद्रियारले भनेझैँ सदृशता मात्र छ; वास्तविकता छोपिएको छ ।

उत्तर - आधुनिकताले सृजना गरेका समालोचनात्मक चुनौतीहरू अरू पनि धेरै छन् । एउटै मान्यताको लगभग एकै समयमा देखिएको विश्वव्यापी प्रभाव र प्रत्येक जाति तथा संस्कृति मौलिक रूपमा भत्कदो र अनि फेरि आस्तित्विक रूपमा उभिन खोज्दो अवस्थाले गर्दा प्रत्येक व्यवहार र चिन्तनले निकै ठूलो धक्का महसुस गरेको छ । यस्तो स्थितिबाट साहित्य तथा समालोचना अछुतो रहने कुरा पनि होइन । वर्तमान सूचना र सञ्चारले जकडिएको उत्तर आधुनिक समयमा यस मान्यताका कारण कतिपय सन्दर्भमा साहित्यिक समालोचनाका क्षेत्रमा काम गर्न झन् सजिलो स्थिति जस्तो पनि देखिन सक्छ तर मूल रूपमा भने चुनौती नै थपि रहेको कुरा प्रस्टै देखिन्छ । यस चिन्तनका धेरै पक्ष सकारात्मक हुँदाहुँदै पनि विश्वलाई कता - कता अराजकता तर्फ धकेल्ने हो कि भन्ने अवस्था पनि देखिदैछ ।

सायद यसै कारण पनि होला पश्चिममा पनि हाल यस मान्यताको प्रभाव क्षीण हुँदै गइरहेको र त्यसको ठाउँमा नव - आलोचनात्मक यथार्थवाद आइ सकेको भन्ने कुरा पनि उल्लेख भएको पाइन्छ । उत्तर - आधुनिकतावाद मान्यताको मेरुदण्ड मानिने विनिर्माणवादका जनक ज्याक डेरिडा पनि आफ्नो जीवन कालको अन्त्यमा परम्परागत मूल्यतिर आकृष्ट हुँदै त्यसलाई नै जीवनको मूल गुदो स्वीकार गरेको स्थितिमा यस चिन्तनमाथि जरुर नै गम्भीर शङ्कालु आँखा फ्याक्नु पर्ने भएको छ । त्यसैले उत्तर - आधुनिक चिन्तनले संसारलाई दिएको उदार नव दृष्टिलाई मूल्यवत् चुनौतीका रूपमा

स्वीकार गर्दै यसका कतिपय अवधारणामा भने साहित्यिक समीक्षकहरूले पुनर्विचार गर्नुपर्ने अवस्था देखिएको छ ।

समग्रमा उत्तर - आधुनिकतावादले चिन्तन अनिश्चितता, शून्यता रिक्तता केन्द्री अवधारणालाई मूल मान्यता बनाउँदै यथार्थलाई अतिरञ्जनात्मक, स्वैर काल्पनिक रूपमा प्रस्तुत गर्नु, मनगडन्ते, भ्रामित द्वैत मनोदशा, पुँजीवादको उदय र मार्क्सवादको आलोचनाको आधारभूत मान्यता राख्दछ । त्यस्तै विसंरचनावादले परम्परित दृष्टिकोणलाई उल्टाएर पाठको अनेकन पठन र व्याख्या हुने भन्दै पाठको संरचनालाई विखण्डन गरी अर्थ पाठबाहिरबाट नखोजी पाठभित्रैबाट खोजी गर्ने मान्यता राख्दछ ।

## 2.6 सार

यस प्रखण्डमा **उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ वर्तमान समयमा लेखिएका र अहिलेकै विचार र शैली भएका साहित्यलाई आधुनिकतावाद भनिन्छ भने यसभन्दा पर वा आधुनिकतावाद भन्दा टाढाको साहित्यलाई उत्तर – आधुनिकतावाद भन्ने चलन छ ।
- ❖ पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछि लेखिएको साहित्यलाई उत्तर - आधुनिकतावादी साहित्यलाई भनिने गरिन्छ ।
- ❖ नेपाली साहित्यमा उत्तर - आधुनिकतावाद साहित्य लेखन सन् २००० को दशक पछि आरम्भ भएको हो ।

- पचासको दशकदेखि लेखिएका साहित्यलाई आधुनिकतावाद र नब्बेको दशकपछि लेखिएको साहित्यलाई उत्तर – आधुनिकतावाद भन्न सकिन्छ ।
- उत्तर - आधुनिकतावादी साहित्यमा विषयवस्तु , रूप र संरचना, शैलीशिल्प आदि दृष्टिले परम्परा भिन्न र नवीन मात्र होइन फरक प्रभृत्तिका हुन्छन्।
- उत्तर - आधुनिकतावाद प्रवृत्तिमा यथार्थवादिता, विसङ्गतिवादिता, समाजवादी यथार्थवाद, विधामिश्रण, प्रयोगपरकता आदिको प्रयोग मूल प्रवाहका रूपमा देखिन्छन् ।
- उत्तर - आधुनिक प्रवृत्तिहरू जस्तै - बहुलवादी विचार, नारीवाद, लैङ्गिकता, द्वन्द्व र युद्धको अभिघात, डायस्पोरिक चेतना, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको सम्मिश्रण, पर्यावरणीय चेतना, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, पुनर्लेखन अन्तरपाठीयता, अपरम्परितता आदिको प्रयोग पनि भएको देखिन्छ ।
- उत्तर - आधुनिक परिस्थितिमा देखिएका साहित्य लेखनका प्रवृत्ति, शैली, प्रक्रिया र नौल्याइँका बारेमा विमर्श प्रस्तुत गरेको छ । त्यस्तै उत्तर - आधुनिक प्रवृत्तिहरूलाई विषय, शैलीशिल्प र विचारका आधारमा वर्गीकरण गरेर देखाउन पनि सकिन्छ ।
- उत्तर – आधुनिकतावादमा विधाको विखण्डन, विधा भञ्जन गर्दै विधागत मूल्य धरापमा पारिएको छ । अर्थात् यो विधागत इमानदारिता हुँदैन ।
- उत्तर - आधुनिकतावादले भ्रमलाई सत्यमा अर्थात यथार्थको छलन गरी सूचना र प्रविधिका कारण यस्तो हुने मान्यता राख्छ ।
- उत्तर - आधुनिकतावादको अर्को मान्यता अनन्त अर्थ नै कृतिको लक्ष्य भन्ने रहेको छ । यसमा भाषिक खेल, अन्तर्पाठात्मक अध्ययन गरिन्छ ।

- निरर्थक लेखक वा शून्यवाद नै यस मान्यताको मूल सार हो । सैद्धान्तिक लेखनलाई ध्वस्त पारेर शून्यवाद खोज्नु यिनीहरूको मूल मन्त्र हो ।
- अश्लीलता र यौन जङ्गली रूपलाई प्रश्रय दिँदै नाङ्गो हुनुलाई पारदर्शी हुनु भन्ने मान्यता राख्दछ ।
- डायस्पोरा शैलीलाई लेखनको शैली बनाइनुपर्ने मान्यता उत्तर - आधुनिकतावादको अर्को महत्त्वपूर्ण मान्यता हो ।
- भाषालाई खेल र विज्ञानलाई नाटक ठान्नु उत्तर - आधुनिकतावादको तर्क रहन्छ ।
- उत्तर - आधुनिकतावादी समालोचनाले चिन्तन अनिश्चितता, शून्यता रिक्तताकेन्द्री अवधारणालाई मूल मान्यता बनाउँदै यथार्थलाई अतिरञ्जनात्मक, स्वैर कालपनिक रूपमा प्रस्तुत गर्नु, मनगडन्ते, भ्रामित द्वैत मनोदशा, पुँजीवादको उदय र मार्क्सवादको आलोचना गर्नु यसको आधारभूत चिन्तन हो ।
- महिला, दलित, अपाङ्ग, यौनकर्मी, तेस्रो लिङ्गी, समलिङ्गीलगायतका माइनोरिटी जातजाति, भषाभाषी, पेशाकर्मी, विचारक सबै मानवअधिकारको खोजीमा उठ्तछन्, उठेका छन् । यी सबैलाई उत्तर - आधुनिकतावाद परिस्थितिको देन मान्न सकिन्छ ।
- उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ ।

- ❖ विविध विषय र क्षेत्रमा फैलिएको र पुरानो मूल्यलाई भत्काउदै नयाँ मूल्य दिन खोजे पनि उत्तर – आधुनिकतावादले स्थापित गराउन नसकि रहेको अवस्थाले यसभित्र विरोधाभासी चिन्तन र स्वरूप पनि देखिएका छन् ।
- ❖ एकातिर पूर्व आधुनिकतातर्फ  मोह अथवा रहस्यात्मक अतीतागमन र अर्को तर्फ सञ्चार तथा मिडियामय फास्ट लाइफको यथार्थतामा यो चिन्तन घोलिएको छ ।
- ❖ कता - कता अराजकतावादी जस्तो पनि आभाष हुने यस मान्यताका कारण अहिलेको समालोचना जटिल बन्दै गहिरहेको छ र त्यसलाई उजिल्याउन तथा त्यसबाट मुक्तिका लागि ठुलो चुनौती तेर्सिएको छ ।

यस प्रखण्डको अध्ययनले **उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । उत्तर - आधुनिकतावादको परिचय र यसका विविध प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 2.7 अनुशीलनी

१. उत्तर - आधुनिककालको उद्भवबारे चर्चा गर्दै यस कालका विविध साहित्यिक धाराहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. उत्तर - आधुनिकतावादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३.  साहित्यमा उत्तर - आधुनिकतावादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४.  आधुनिक र उत्तर - आधुनिकतावादका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. आधुनिकतावाद र उत्तर - आधुनिकतावादमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा उत्तर - आधुनिकतावादले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमामा उत्तर - आधुनिकतावादलाई अङ्गालेर के कति साहित्य लेखिएको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

८. उत्तर - आधुनिकतावादको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. उत्तर - आधुनिकतावादमा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. उत्तर - आधुनिकतावादका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

## 2.8 अतिरिक्त अध्ययन

२२.गौतम, कृष्ण – **उत्तर - आधुनिक जिज्ञासा** ।

२३.गौतम, लक्ष्मण प्रसाद - **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**।

२४.गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति** ।

२५. चापागाईं, निनु - **उत्तर आधुनिकता : भ्रम र वास्तविकता** ।

२६. त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि**।

२७. नवीन, देव शङ्कर तथा शुसान्त कुमार मिश्र - **उत्तर आधुनिकता : कुछ विचार** ।

२८.पचौरी, सुधीश - **उत्तर आधुनिक साहित्यिक विमर्श** ।

२९. भट्टराई, रमेश प्रसाद - "नेपालमा उत्तर आधुनिकतावाद", **गरिमा**, २७ : ८, ललितपुर : साझा प्रकाशन ।

३०. शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** ।

३१. शर्मा, मोहन राज - **आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना** ।

३२. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र** ।

३३. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ।

३४. भट्टराई, गोविन्दराज - **पश्चिमी बलेँसीका बाछिटा** ।

३५. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन** ।

३६. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक विमर्श** ।

३७. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक ऐना** ।

३८. नेपाल, घनश्याम –**आख्यानका कुरा** ।

३९. नेपाल, घनश्याम - **विधा विविधा** ।

४०. सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया** ।

४१. उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा** ।

४२. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

४३. एटम् , नेत्र - **नेपाली डायस्पोरा र अन्य समालोचना** ।

४४. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त** ।

४५. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म** ।

४६. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** ।

४७. सुवेदी, राजेन्द्र - **बृहत् नेपाली समालोचना** ।

यस अतिरिक्त उत्तर - आधुनिकतावादको अवधारणा र प्रमुख प्रवृत्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 2.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. उत्तर - आधुनिकतावादको अर्थ र परिभाषा ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.३ को उत्तर – आधुनिकतावादको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

७. उत्तर आधुनिकतावादको अवधारणा ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.४ को उत्तर – आधुनिकतावादको अवधारणामा उत्तर खोज्न सक्नेछन् )**

८. उत्तर - आधुनिकतावादको प्रमुख प्रवृत्तिहरू ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.५ को उत्तर – आधुनिकतावादको प्रमुख प्रवृत्ति खण्डमा उत्तर खोज्न सक्नेछन् )**

९. साइबरीय सिद्धान्त र बहुलताको सिद्धान्त ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. विनिर्माणवाद र विधाभञ्जाङ ।

Notes

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले २.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )

# एकाइ – 3, आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति

**संरचना**

3.0 उद्देश्य

3.1 परिचय

3.2 आधुनिकतावादको सामान्य परिचय

3.3 उत्तर - आधुनिकतावादको सामान्य परिचय

3.4 आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता

3.5 आधुनिकतावाद र उत्तर - आधुनिकतावादको प्राप्ति

3.6 उपसंहार

3.7 सार

3.8 अनुशीलनी

3.9 अतिरिक्त अध्ययन

3.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- उत्तर - आधुनिकको सामान्य परिचय
- अत्तर - आधुनिकतावादको अर्थ र परिभाषा
- उत्तर - आधुनिकतावादको अवधारणा
- उत्तर - आधुनिकतावादको प्रमुख प्रवृत्ति

## 3.1 परिचय

आधुनिक भनेको एउटै समयको, अहिलेको, भरखरैको, तत्कालैको हो । यसलाई आधुनिकतवाद पनि भनिन्छ । आधुनिक वा आधुनिकतावाद साहित्य भन्नाले अहिलेको वा भरखरै प्रकाशित भएको साहित्यिक कृतिहरूहरूलाई बुझिन्छ । आधुनिकतवादमा विशेष अवधि साथै विचार र शैली भन्ने प्रश्न मुख्य रूपमा रहेको हुन्छ । भरखरै लेखिएको तर भरखरैको विचार शैली नभएको साहित्यलाई आधुनिकतवाद भन्न सकिँदैन । पश्चिमी साहित्यमा आधुनिकतवाद भनेर द्वितीय विश्वयुद्धपछि लेखिएको साहित्य वा उत्तर - आधुनिक साहित्य भनेर चिनिन्छ । नेपाल र भारतमा भने दोस्रो विश्वयुद्ध अर्थात् वि. सं. १९९६ - २००२ पछि लेखिएको साहित्यलाई **आधुनिकतावाद** भनिन्छ ।

आधुनिकतावादले अहिलेको जीवन र संस्कृतिलाई प्रतिविम्बित गर्छ । यसले जीवन र संस्कृतिको त्यही परिवर्तनशीलता र विरोधाभासमा देखाउँछ । आधुनिकतावाद झट्ट हेर्दा निर्दोष वा सोझो देखिए तापनि यो व्यङ्ग्यात्मक हुन्छ । यसले हाम्रो राजनीतिक, सामाजिक र वैयक्तिक भ्रममुक्तता प्रतिविम्बित गर्छ । यसले जे कुराको पनि नव सिर्जना गरिदिने साहस गर्छ । यसले पुरानालाई नयाँ रूपमा देखाउँछ । यसले विश्वमा कुनै निश्चित सत्य वा यथार्थ हुँदैन भनेर देखाउँछ, किनभने हामी जे जान्दछौँ, त्यो हाम्रै

परिप्रेक्ष्यमा आधारित हुन्छ । कुनै पनि वस्तुलाई सबैले आफ्नै दृष्टिले हेरिरहेका हुन्छन्, त्यसैले सत्य वा यथार्थ पनि दृष्टि अनुसारकै हुन्छन् । सत्यको पूर्णता, अविनाशितता र ठोस आधार छैन । सत्य इतिहासरूपी मरुभूमिको बालुवा जस्तो बदलिरहने स्वभावको छ । यो स्थानीय हुन्छ, अनिश्चित हुन्छ । यसलाई मानव पिँढीले आफू सत्तामा टिकिरहन र सम्मानित भइरहन सांस्कृतिक पद्धतिबाट निर्माण गरिरहन्छ । त्यसैले हाम्रो मूल्य वा परिचय भनेको सांस्कृतिक निर्मिति मात्र हो, त्यो हाम्रो स्थायी अस्तित्व होइन । शब्द भनेको प्रतीक हो र प्रतीकले वास्तविकतालाई वा वस्तुलाई प्रत्यक्ष उपस्थित गराउन सक्दैन । शब्दसँग सन्दर्भार्थ मात्र हुन्छ र यो विशिष्ट रूपमा हुन्छ । त्यसैले शब्दका कुनै निश्चित र स्थिर अर्थ छैनन् । अहिलेका आधुनिकतावाद साहित्यले यिनै माथिका कुरा व्यञ्जित गर्छन् ।

उत्तर – आधुनिकतावादल मूलतः सन् २००० पछि आफ्नो प्रभाव अत्यधिक रूपमा विस्तार गर्दै विश्वमा फैलिरहेको देखिन्छ । यस वादले विश्वभरि नै विविध क्षेत्रमा प्रभाव पारिरहेका छन् । राजनीति, साहित्य, दर्शन, अर्थशास्त्र, समाज शास्त्र, सङ्गीत, पत्र - कारिता, इतिहास, खेलकुद आदि हरेक विषय र क्षेत्रमा फैलिएर रहेको यस वादलाई कतिपयले मान्यता र धारणाका रूपमा पनि चर्चा गरेका छन् । धेरै माक्र्सवादीहरूले पुँजीपति तन्त्रको नयाँ सांस्कृतिक खेलका रूपमा तथा केही प्रजातान्त्रिक मूल्यमा आस्था राख्नेहरूले वामपन्थी झुकाव राख्ने मान्यताका रूपमा पनि उत्तर - आधुनिकताको चर्चा गरेका छन् । यिनै विवाद तथा यस मान्यताको विस्तृतिले फैल्याएका जीवन र जगत्का विविध रङ्गहरू र ती कतिपय रङ्गहरूभित्र देखिएका विभिन्न विरोधाभासहरूले यस वादलाई अलि खजमजिँदो बनाइरहेको आभाष पनि

हुन्छ । यस्तो स्थितिमा यस लेखमा अत्तर - आधुनिकतावादको अवधारणालाई मूलतः साहित्यिक समालोचनासँग सन्दर्भित रहेर त्यसमा देखिएका मान्यता, धारणाहरूलाई औँल्याउने प्रयास गरिएको छ ।

उत्तर - आधुनिकतावाद विश्व साहित्यमा मात्र होइन नेपाली साहित्यमा समेत दबदबा रूपमा अघि आइरहेको छ । समकालीन स्रष्टा एवम् साहित्य कुनै न कुनै रूपमा उत्तर - आधुनिकतातिर ढल्किएको भन्ने आक्षेप छ । अत्तर - आधुनिकतावादको मान्यताहरूमा संरचनावाद, उत्तर माक्र्सवाद, उत्तर आधुनिकतावादका तीन वटै मान्यताहरू प्रस्तुत भएका छन् । उत्तर – आधुनिकतावादको अवधारणाबारे विभिन्न विद्वानहरूले आ - आफ्ना दृष्टिकोणले हेरेका छन् । विद्वान् ल्योतारले उत्तर - आधुनिकतालाई विद्यमान संस्कृति र सौन्दर्यशास्त्रमा एक आमूल विच्छेद भनेका छन् । यद्यपि कतिपय नेपाली विद्वानहरूले यो हाम्रो जलवायुको होइन र उपयुक्त छैन भन्ने आग्रह पनि गर्दछन् । यथार्थवाद, समाजवाद, अस्तित्ववाद, विसङ्गतिवाद, यौन मनोविज्ञानवाद, नारीवाद, मार्क्सवाद आदि उत्तर – आधुनिकतावाद कै उपजहरू मान्न सकिन्छ । उत्तर - आधुनिकतावादले विधालाई मान्दैन, इतिहासलाई स्वीकार गर्दैन, लेखकको सर्वसत्तावादलाई अस्वीकार गर्दै उसलाई पाठबाट पूर्ण रूपले अलग्याउँछ । पाठलाई विभिन्न अर्थमा पुनर्पठन गर्दै जान्छ, हरेक सत्यलाई सापेक्षित रूपमा हेर्छ आदि जस्ता सैद्धान्तिक मान्यताका कुरा गर्न जति सजिलो र स्वादिलो देखिन्छ तर यिनैलाई लिएर कुनै पनि कृतिको समीक्षा गर्नु त्यति स्वादिलो र सजिलो भने छैन ।

## 3.2 आधुनिकतावादको सामान्य परिचय

प्रत्येक युग र देशका आ - आफ्नै आधुनिकता हुन्छन् वा हुन सक्छन्। नेपालको आधुनिकता ईस्वी संवत् १९३० र ४० को दशकमा सुरु भएको मानिन्छ , जसको राजनीतिक उत्कर्ष वि. सं. २००७ सालमा प्राप्त प्रजातन्त्र हो। यो वाद राजनीतिक, सांस्कृतिक, धार्मिक, आर्थिक र बौद्धिक धारहरूको निर्माण र विनिर्माण हुने प्रक्रिया एउटाले अर्कोलाई पार्ने प्रभावबाट निर्धारित हुन्छ। आधुनिकतावादमा राजनीतिक आन्दोलन आधुनिकतातर्फ प्रवेश गर्न उकुस – मुकुस प्रचेष्टा, बौद्धिक र सांस्कृतिक चेतनासँग मिसिएको पुनर्जागरणको सुरुआत, युवा अवस्थामा प्रजातन्त्रको लडाइँ, राजनीतिक क्रान्ति आदि बृहद् आयाम रहेको हुन्छ । यस वादमा लोकतन्त्र र प्रजातन्त्र भन्ने कुरो विशेष रूपमा रहेको हुन्छ ।

आधुनिकतावादमा मान्छेको आफ्नो स्वभाव ऊ आफैंले जान्न सक्छ, मान्छे स्वयं आफ्नै अध्ययनको विषय हुन सक्छ भनेर जब मान्छेले नै लेखेका कुराहरूको पढाइ सुरु हुन थालेको पाइन्छ । त्यसलाई मानविकी वा अंग्रेजीमा 'ह्युमानिटिज' भनिएको इतिहास लोकतन्त्र वा आधुनिकताको अर्को बौद्धिक जग थियो। उदाहरणका लागि संसारकै इतिहासमा त्यत्रो फरक धार ल्याउन सक्ने 'फ्रेन्च रिभोलुसन' - को दार्शनिक आधार रुस्सोको मानवीय व्यक्तिगत सम्मान र समताको चिन्तन थियो। ईश्वरले नै बनाएका होलान् , तर मान्छे आफैंमा आफ्नो कुरा बुझ्न सक्ने प्राणी हो। त्यस आधारमा सबै मान्छे बराबर आत्मसम्मानका हकदार हुन्छन् भन्ने चिन्तन अहिले लोकतन्त्र भनिने कुराको दार्शनिक जग थियो। यो आधुनिकता भनेको स्वदेशी सांस्कृतिक चेतना र भूमण्डलीय बौद्धिक परम्पराका धारसँग कुनै पनि

देशलाई जोड्ने एउटा अभियान हो । नदेखिएको कोही ईश्वरीय चिन्तनको प्रभुत्व र मानिस आफूलाई शासन गर्न आफैं सक्षम छ भन्ने दर्शन आधुनिकतावादको खम्बा हो भन्न सकिन्छ । यिनै चिन्तनधारका खम्बाहरू नै लोकतान्त्रिक चिन्तनका जगहरू थिए, जसलाई साहित्यकारहरूले विभिन्न साहित्यिक धारा, वाद, प्रणाली, आन्दोलन आदिका मार्फत साहित्यमा भित्र्याएको देखिन्छ। पछि यिनै मान्यताहरूलाई आ - आफ्ना राजनीतिक दस्तावेजमा राखेको, आ – आफ्नो साहित्यमा कोरिएको पाइन्छ। इतिहासले आफूले आफैंलाई त लेख्दैन। तसर्थ इतिहास भनेको त्यस बेलाका घटना वा भएका कुरा मात्र होइनन्। इतिहास भनेको घटना र प्रवृत्तिको संवाद र त्यसको अनुवाद हो ।

## 3.3 उत्तर - आधुनिकतावादको सामान्य परिचय

उत्तर - आधुनिकतावाद आज सबैको निम्ति धेरै नौलो र अबोधगम्य कुरा होइन । यद्यपि यसले अझै पनि कला एवं विचारधाराका क्षेत्रमा आफ्नो वर्चस्व कायम गरि रहेकै छ । **उत्तर - आधुनिकतावाद** के हो ? भन्ने सन्दर्भमा फ्रेडरिक जेमेसनले भनेको कुरा सम्झन सकिन्छ । वास्तवमा द्वितीय विश्व युद्धोत्तर कालमा पुँजीवादको चरित्रमा आएको परिवर्तन र स्वतन्त्रता, समानता र भ्रातृत्वको नारा लिएर विकसित भएको पुँजीवादको पूर्ववर्ती चरित्रको विस्थापनसँगै वित्तीय पुँजीवाद र उपभोक्तावादी समाजको विकास पश्चिममा जसरी भयो अनि त्यसको सांस्कृतिक अभिव्यक्ति जुन रुप र पद्धतिमा भयो, त्यसलाई उत्तर - आधुनिकतावाद भनेर जेमेसनले बुझाउन खोजेका हुन् । उनले यसलाई वृद्ध पुँजीवादको सांस्कृतिक तर्क भनेर यही आशय व्यक्त गर्न खोजेका हुन् । त्यसैले यो उत्तर - आधुनिकतावादको चेतना

आजको पुँजीवाद अर्थात् नयाँ खाले आजको साम्राज्यवादको सांस्कृतिक चेतना नै हो ।

राजनीतिक रुपले यो मार्क्सवादविरुद्ध छ र दार्शनिक रुपले यो भौतिकवादविरुद्ध नव आदर्शवादी धरातलमा उभिएको छ । मूल्य पद्धतिका दृष्टिले यो आधुनिक युग खास गरी प्रबोधन कालमा विकसित रहस्यवाद विरोधी वैज्ञानिक तथा मानवकेन्द्रीत चेतना, मूल्य र आदर्शका विरुद्ध छ अनि रचना धर्मिताका दृष्टिले यो सार्थक र सङ्गत लेखनका विरुद्ध भाषा खेलको उपक्रममा संलग्न छ । यसका विशेषतालाई निम्न कोणबाट अझ स्पष्ट पार्न सकिन्छ ।

उत्तर - आधुनिकतावादलाई दार्शनिक दृष्टिले औपचारिकता प्रदान गर्ने काम फ्रान्सेली चिन्तक ज्याँ फ्राँस्वा ल्योतारको **दि पोस्ट मोडर्न कन्डिसन : ए रिपोर्ट अन नलेज** भन्ने कृतिले गर्यो । उनलाई कसै – कसैले **ल्योतार तथा ल्योतार्ड** पनि भनेका छन् । फ्रान्सेली भाषामा सन् १९७९ मा र अङ्ग्रेजीमा १९८४ मा प्रकाशित यो कृति क्यानाडा (क्युबेक) सरकारका अनुरोधमा पश्चिमी ज्ञान स्थितिबारे चर्चा गर्नका लागि तयार पारिएको हो । यस कृतिले उत्तर - आधुनिकतालाई औपचारिक बनाउने काम त गर्को साथै विद्वान् ल्योतारलाई उत्तर - आधुनिकतावादका प्रणेता र व्याख्याताका रूपमा पनि स्थापित गरेको प्रतीत हुन्छ ।

ल्योतारले यस कृति (प्रतिवेदन) - मा उत्तर - औद्योगिक समाजको चरित्र र त्यसको ज्ञान - दशाबारे चर्चा गर्ने क्रममा भाषाको परम्परागत रूप र सामथ्र्यको अन्त्य र खेलमय नयाँ भाषिक साम्राज्य, साइबर संस्कृति र ज्ञानको कम्प्युटर निर्भरता तथा ज्ञान लगायत मार्क्सवाद जस्ता

महावृत्तान्तको समीचीनताको अन्त्यको सन्दर्भलाई प्रमुख रूप प्रस्तुत गर्दै त्यस स्थितिलाई उत्तर - आधुनिक स्थितिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनी के भन्छन् भने - अब ज्ञान शास्त्रहरूमा वा ज्ञान हासिल गरेका कुनै व्यक्तिमा नभएर कम्प्युटरमा आधारित हुन्छ । सूचना नै ज्ञानको परिचायक हुन्छ र जमिनका निम्ति हिजोका दिनमा गरिने युद्ध अब सूचना प्राप्तिका लागि र सूचनामाथि अधिकार जमाउनका लागि गरिन्छ । सूचनाको उत्पादन तथा बिक्री हुन्छ र त्यसमा राज्यको भूमिका कमजोर हुनुका साथै ठूला बहुराष्ट्रिय निगमहरूले आधिपत्य कायम गर्ने छन् ।

विज्ञानका सन्दर्भमा उनले के भने आफू भित्रको निरन्तर विकासले गर्दा विज्ञान पनि सत्य र वस्तुनिष्ठ छैन र यसमाथि अविश्वास जन्मिएको छ । विज्ञानमा सत्य उद्घाटित गर्ने सामथ्र्य अब छैन (किनभने त्यो स्वयं अन्तर्विकसित छ) । यसै गरी फ्रान्सेली क्रान्तिले जन्माएको मानव स्वतन्त्रताको महाख्यानदेखि अठारौं शताब्दीको ज्ञान प्रसारण कालका दार्शनिक चिन्तन हुँदै मार्क्सवादले विकसित गरेका सर्वहारा मुक्ति र समाजवादको क्रान्तिकारी महाख्यान (महावृत्तान्त) - को पनि समीचीनता समाप्त भइसेकेको र तीप्रति अविश्वास व्याप्त भएको भन्ने धारणा उनले अगाडि सारे । त्यसैले न अब (उत्तर - औद्योगिक युगमा) विज्ञानकै नायकत्व (वा सर्वोपरिता) कायम रहेको छ न स्वतन्त्रता र क्रान्तिकारी दर्शनकै वृत्तान्तहरू अब विश्वसनीय रहेका छन् ।

**यसरी नै** उत्तर - आधुनिकतावादलाई सैद्धान्तिक आधार दिने **डेनियल बेल**ले सन् १९६० मा विचारधाराको अन्त्यको घोषणा गरे र सन् १९७३ मा उत्तर - औद्योगिक समाजको परिकल्पना गर्दै प्रविधिका सामु मानिस तथा उसको

चेतना अनावश्यक भएको बताए । उनीपछि सन् १९९० मा सोभियत संघको विघटनलाई आधार बनाएर **फुकोयामा**ले सन् १९९२ मा इतिहासको अन्त्य र उदार पँजीवाद चिरञ्जीवी भएको अवधारणा प्रस्तुत गरे । **डेरिडा र रोलाँ बार्थको भाषिक अर्थको सन्दर्भ अर्थको एकत्वको विरोध र अमूर्तन तथा विरोधहरुको अनन्त शृङ्खलाबाट विरोधकै अन्त्य गर्दछ भन्ने छ ।** यसैले डेरिडाली उत्तर - संरचनावादको सबभन्दा महत्वपूर्ण विशेषता भनेकै भाषा वा पाठको अर्थमा निश्चिचता र एकत्वको विरोध हो । यसले पाठको अर्थ निश्चित हुँदैन, त्यसमा संशय र अनिश्चितता मात्र हुन्छ भन्ने धारणा राख्दछ । डेरिडाले भिन्नता र अनुपस्थिति को सिद्धान्तका आधारमा अर्थको अनिश्चितता वा संशयसम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । भाषाका शब्दहरु, सङ्केतकहरु बीच भिन्नता छ र यो भिन्नता केवल द्विचर विरोधमा होइन, अनन्ततामा छ । विरोधमा वा व्यतिरेकमा आउने शब्दहरु, सङ्केतकहरु बिच अनन्त भिन्न्ता र विरोध मात्र छ र शब्दहरुले टेक्ने वा अडिने ठाउँ नै छैन भन्ने मान्यता डेरिडाको छ ।

यद्यपि ती सबै शब्द वा सङ्केतकहरु उपस्थित हुँदैनन्, अनुपस्थित रहन्छन् र ती तिनका अर्थहरु स्थगित हुँदै र छरिँदै जान्छन् । भिन्नताका युग्मकमा वाचक - सङ्केतकहरूमा सङ्केतितको उपस्थिति र अनुपस्थितिको खेल श्रृङ्खलाबद्ध रूपमा जारी रहन्छ । एउटा वाचकले अर्को वाचक, अर्को वाचकले अर्को वाचकमा क्रमशः अर्थ, सङ्केतितलाई सार्दै जान्छन् र अर्थ पर पर सर्दै जान्छ । त्यसैले अर्थको निश्चयात्मक रूप पाउन कठिन हुन्छ र त्यस कारण अर्थोत्पत्तिको खेल जारी रहन्छ – डेरिडा यस्तो व्याख्या गर्छन् र भाषामा हुने

यही भिन्नता, विभेद, स्थगन, अनुपस्थिति र छरिने गुणले गर्दा अर्थ निश्चित हुँदैन भन्ने निष्कर्ष दिन्छन् ।

वास्तवमा उत्तर - आधुनिकतावादी अद्वैतवादमा हरेक किसिमका विरोधहरूको अस्त  हुन्छ । यस वादअनुसार शोषक र शोषित, दमनकारी र दमित, केन्द्र र परिधि (सीमान्त) तथा आवाजहीन र वाचालका बीच न कुनै द्वैत छ न कुनै विरोध न कुनै सङ्घर्ष । डेरिडा शब्दहरूको सम्बन्धका बीच कुनै कुरा अनश्वर छ भने मात्र विभेद छ र सङ्केतक तथा सङ्केतितका बिच कुनै एकत्व छैन, अर्थ सदैव विभेद र स्थगनमा आश्रित छ त भन्छन् । तर विभेदको उनको अवधारणालाई उनकै स्थगन र अनुपस्थितिको अन्त्यहीन शृङ्खला सम्बन्धी अवधारणाले यति पातलो र अमूर्त बनाइ दिएको छ कि तात्विक रूपले नै विरोधको अर्थ र सन्दर्भ अर्थहीन बन्न पुगेको छ ।

## 3.4 आधुनिकतावाद र उत्तर आधुनिकतावाद माझ भिन्नता

आधुनिकताबाट उत्तर - आधुनिकतालाई छुट्टयाउने आधार इहाव हसनले **द पोस्टमोडर्न टर्नः एसेज इन पोस्टमोडर्न थ्योरी एन्ड कल्चर** (सन् १९८७) - मा प्रस्तुत गरेका र नेपाली समालोचक गोविन्दराज भट्टराई (२०६१) र कृष्ण गौतम (२०६३) - ले हसनकै आधारलाई उद्धृत गरेर देखाएका छन् । उनीहरूले उद्धृत गरेअनुसार आधुनिकता र उत्तर - आधुनिकताबिच निम्न प्रकारका भिन्न विशेषता देखिन्छन् । ती हुन् - केन्द्रण र विकेन्द्रण, आधार र शून्यता, मूल र निर्माण, एकल र बहुल, सार्वभौम र सापेक्ष, समग्र र खण्डित, वस्तुपरक र व्यक्तिपरक, बुद्धिवाद र अलङ्कारवाद, प्रगति र

प्रगतिहीनता, इतिहासको गतिमयता र इतिहासको अन्त्य, लेखकको अस्तित्व र लेखकको मृत्यु, बद्ध र मुक्त, उच्च र निम्न, उत्पादन र उपयोग, गहिराइ र सतह, अन्तरराष्ट्रियता र भूमण्डलीकरण - स्थानीयता, मौलिक र मिश्रित, कृत्रिम, यातायात र सञ्चार, नियमित र स्वच्छन्द, निश्चित र अनिश्चित आदि । आधुनिकतावादी नेपाली साहित्यमा पनि आधुनिक र उत्तर - आधुनिक दुवै विशेषता देखिन्छन् । दुवै प्रकारले विशेषता पाइने साहित्य वर्तमानमा नेपाली साहित्यमा लेखिँदै गरेका छन् । त्यसैले प्रवृत्तिगत हिसाबले ती आधुनिक र उत्तर - आधुनिक दुवै हुन सक्छन् ।

आधुनिकतावादका प्रवृत्तिको अध्ययन विभिन्न अध्येताले विभिन्न किसिमले गरेका छन् । **एटम**ले गरेको वर्गीकरण र विश्लेषण अनुसरा राजनीतिक विकृति, पीत - पत्रकारिता, लैङ्गिकता, मिथकको पुनः सिर्जन, वर्गीय र जातीय शोषणबाट मुक्ति, युद्धको प्रभाव र पलायन, डायस्पोरा सङ्घात, स्वैरकल्पना, आत्मकथा, शरणार्थी समस्या, साइबर संस्कृति आदि आधुनिकतावाद भित्र पर्दछन् । कतिपय नेपाली विद्वानहरूले आधुनिकतावादलाई माक्र्सवादी चेतना, सीमान्तीय जातीय, कुसङ्केतन, लैङ्गिक, पहिचानगत न्यून आदिमा वर्गीकरण गरेका छन् भने कतिपयले आदर्शनोमुख यथार्थवाद, ऐतिहासिक यथार्थवाद, सामाजिक यथार्थवाद, आलोचनात्म यथार्थवाद, समाजवादी यथार्थवाद, मनोविश्लेषणात्मक यथार्थवाद, स्वच्छन्दतावादी धारा र प्रयोगवादी धारा, अस्तित्ववादी - विसङ्गतिवाद, नारीवाद आदिमा विभक्त गरेको पाइन्छ ।

अङ्ग्रेजी भाषाको शब्द **पोस्ट मोडर्निज्म्** (Postmodernism) - को नेपाली रूपान्तरण उत्तर - आधुनिकतावाद हो । सन् १९३४ मा सर्वप्रथम फेडरिको डी. ओनिसले यस शब्दको प्रयोग गरेको मानिन्छ । उनी पछि विद्वान्

आर्नोल्ड टोयनबीले आफ्नो पुस्तक **अ स्टडी अफ् हिस्ट्री** (A study of History) कृतिमा प्रथम र द्वितीय विश्वयुद्ध बिचको समयावधि बुझाउनका निम्ति यस शब्दको प्रयोग गरेको बुझिन्छ । 'Postmodernism' - को शब्दिक अर्थलाई हेर्दा 'Post' भन्नाले 'पश्चात्' र 'Modernism' भन्नाले 'आधुनिक' भन्ने हुन्छ । यसरी आधुनिकतावाद अर्थात् सन् १९६० पछिको पाश्चात्य जगतमा विकसित साहित्यिक सिद्धान्त नै उत्तर - आधुनिकतावाद हो । अत्तर - आधुनिकतावादको मान्यताहरूमा संरचनावाद, उत्तर माक्र्सवाद, उत्तर आधुनिकतावादका तीन वटै मान्यताहरू प्रस्तुत भएका छन् । यो दर्शन राजनीति, अर्थतन्त्र, भाषा चिन्तन, निर्माण प्रविधि र सञ्चार प्रविधिसँग सम्बद्ध नयाँ चिन्तनद्वारा सृजित सामाजिक, संस्कृतिक चिन्तनको एउटै मेलो हो । परम्परित तवरमा साहित्यिक प्रणाली र सिद्धान्तको विकास युरोपबाट भएको पाइन्छ तर उत्तर आधुनिकतावादले युरोपेली केन्द्रीयतालाई क्रमभङ्ग गर्दै अमेरिकी केन्द्रीयतालाई सूत्रपात गरेको छ । यस सिद्धान्तले अमेरिकी भाषा, संस्कृति, आधारभूत मूल्य मान्यता, शक्ति, सामथ्र्य आदिको पृष्ठपोषण गरेको छ । खास गरी अमेरिकी स्रष्टा चार्ल्स ओल्सनको आविष्कार तथा मार्क्सवादी समालोचक जेम्सनले फ्रान्सेली साहित्यको 'एभान्डगार्ड' को विकासपछि यसले वास्तविक स्वरूप लिएको बताएका छन् । अहिले उत्तर - आधुनिकतावादको विकास र विस्तार कला साहित्यमा समेत गहिरो प्रभावमय भएर जमेको छ । मार्क्सवादको आलोचना गर्ने यस सिद्धान्तले पुँजीवादी विश्व निर्माणको ध्येय राख्दै कला साहित्यमा प्रत्यक्ष प्रभाव पारेको छ ।

उत्तर - आधुनिकतालाई निकै विस्तृत र विवादास्पद चिन्तनको रूपमा साहित्य र साहित्यइतर क्षेत्रहरूमा देखिएको मान्यता मानिन्छ । यसको

थालनीको समय तथा यसका आधारभूत मान्यतामा नै प्रशस्त विवाद रहेको देखिन्छ । विभिन्न देशमा भिन्न - भिन्न रूपमा यसलाई प्रयोग गरिएकामा पनि यसले विवादास्पद रूप लिएको हो । मूलतः विकसित राष्ट्र र तेस्रो विश्वमा यस मान्यता (वाद) - लाई भिन्न रूपमा स्विकारिएको छ । माथि भनिए झैं अधिकांश माक्र्सवादीहरूले पुँजीपति तन्त्रको संरक्षकका रूपमा तथा कतिपय उदारवादीहरूले माक्र्सवादीहरूको पक्षपोषकका रूपमा यसलाई आरोपित गरेको पनि पाइन्छ । त्यस्तै कतिपय समीक्षकहरूले यसलाई छुट्टै वाद वा चिन्तनका रूपमा नलिएर आधुनिकताकै एउटा खण्डका रूपमा पनि उल्लेख गरेको पाइन्छ । उत्तर - आधुनिकताका कतिपय प्रवृत्तिहरूलाई हेर्दा यो आधुनिकताबाट धेरै टाढा नरहेको आभाष पनि हुन्छ । तर पनि फेरि यसका धेरै त्यस्ता नौल्याइ" छन् जसले यसलाई आफुमै उभिन सक्ने हैसियतको बनाएका पनि छन् । त्यसैले यसलाई कतिपय सन्दर्भमा आधुनिकताको क्रम बद्धता तथा कतिपय सन्दर्भमा क्रम भङ्गताका रूपमा हेरिनु स्वाभाविकै देखिन्छ ।

सन् १९६० पछि उत्तर - आधुनिकताले आफ्नो प्रभाव देखाउन थालेको कुरा बढी मात्रामा स्वीकार गरिएको छ । मूलतः दुई ठुला युद्धहरूका कारण संसारभर देखिएको चरम निराशा तथा नित्सेको ईश्वर मृत्युको घोषणाले भत्काएको महाकेन्दका पृष्ठभूमिमा उत्तर - आधुनिक चिन्तन हुर्किएको बुझ्न सकिन्छ । त्यस्तै संसारभर बढ्दो सहरीकरण, यसले निम्त्याएको चरम उपभोक्तावादी संस्कृति तथा उक्त संस्कृतिलाई सम्पूर्ण रूपले सहयोग गरि रहेको साइबर संस्कृति यस चिन्तनको विकासका मुख्य आधार बनेको थाहा हुन्छ । हाल आएर उत्तर - आधुनिक चिन्तन मात्रात्मक रूपमा कमबेसी

देखिए पनि तथा यस मान्यताकै मुख्य पक्ष सापेक्षतलाई मान्दा त्यो विभिन्न रूपमा हुर्किए पनि यसले संसारभरि नै गतिलै प्रभाव पारि रहेको भने प्रत्यक्ष अनुभव हुन्छ । यस उत्तर - आधुनिकतावाद मान्यताको पछिल्लो टड्कारो प्रभाव साहित्य सँगसँगै खेलकुदका क्षेत्रमा पनि देखिएको छ । परम्परागत रूपमा खेल्दै आइएका क्रिकेट र फुटबलका नयाँ रूपहरू देखिएका छन् । यस्तो हुनुमा वर्तमान समयको अति व्यस्त जीवन र उत्तर - आधुनिक सञ्चार संस्कृतिको प्रभावलाई मूल रूपमा लिनु पर्ने हुन्छ । यसैले उत्तर - आधुनिकताको प्रभाव विविध विषय र क्षेत्रहरूमा परेको प्रतीत हुन्छ ।

उत्तर – आधुनिकतावादको मुल अधारणा साहित्यको सन्दर्भमा विधा – विभाजनमा पनि अडिएको पाइन्छ । यसले यी कुरालाई नेपाली साहित्यको सन्दर्भमा हेरिमाग्न पनि आग्रह गर्दछ । विषयको गहनताले गर्दा मलाई विस्तारमा बोलौँ लागेको छ, तर स्थान वा समयको सीमाले सङ्क्षेपमा अवतरण गर्नुपर्ने हुन्छ । त्यसकारण यस सूत्र पक्रेर अरूले विस्तारमा जाने मार्ग पत्ता लगाउन सक्छन् । 'उत्तर - आधुनिक' पदलाई अरूले जसरी प्रयोग गर्दछन्, हामीले पनि तिनैबाट प्रेरणा लिनु पर्ने हो कि अन्य प्रकारको । यसमा हाम्रो मात्र व्याख्या छैन; विश्वको पनि रहेको छ । यद्यपि त्यसमा हाम्रा मौलिक उदाहरण आउन सक्छन् । तर यसको विस्तार र व्यापकताले अस्पष्टता पनि सँगसँगै ल्याइरहेको छ- के यो साहित्यमा प्रयोग हुने पद हो ? कि दर्शन हो ? कि एक हल्का फेसन ? यस्ता कुरा पनि उठेका छन् तर संवादविना कुनै ज्ञान खुल्दैन । ज्याक डेरिडा (सन् १९३० – सन् २००४) – लाई यस धारणा सँगसँगै विनिर्माणवादका प्रवर्तक मानिन्छन् । यसलाई ज्याक लकाँ, रोलाँ बार्ट, जँ-फ्रास्वाँ ल्योतार, मिसेल फुको, बोद्रियार, गायत्री

स्पिभाक, जेमिसनजस्ता चिन्तकले अघि बढाएका छन् । यो विभिन्न विचार धाराहरूको विमर्श केन्द्र भएको छ । यसमा अनेक मतमतान्तर विद्यमान छन् ।

उत्तर – आधुनिकतावादको अवधारणाबारे विभिन्न विद्वानहरूले आ - आफ्ना दृष्टिकोणले हेरेका छन् । विद्वान् ल्योतारले उत्तर - आधुनिकतालाई विद्यमान संस्कृति र सौन्दर्यशास्त्रमा एक आमूल विच्छेद भनेका छन् । यद्यपि कतिपय नेपाली विद्वानहरूले यो हाम्रो जलवायुको होइन र उपयुक्त छैन भन्ने आग्रह पनि गर्दछन् । तर फर्केर हेर्दा नेपाली स्रष्टा र चिन्तकहरू बिम्बवादको लक्षण र प्रभावको कुरा गर्छन्, घनत्ववादको पठन - पाठन गर्दछन् । यथार्थवाद, समाजवाद, अस्तित्ववाद, विसङ्गतिवाद, यौन मनोविज्ञानवाद, नारीवाद, मार्क्सवाद यस्ता अनेकौँ वाद र सिद्धान्तमा प्रवेश गर्दछन् । वास्तवमा भाषा - साहित्य कला बुझ्ने - बुझाउने विश्वका समस्त आधार, सिद्धान्त र विचार यिनै हुन् । यसलाई कुनै एउटा देशले मात्र जन्माएको मान्न सकिन्न । किनकि विचार र दर्शनले भौगोलिक सीमा नाघेर र्सवत्र यात्रा गर्दछ । नेपाली साहित्यको स्थिति पनि त्यही छ ।

आजको परिवेशमा उत्तर - आधुनिकतालाई साहित्यसँग जोडेर विमर्श चलाउने जुन प्रयत्न भएको छ, त्यसले नेपाली मस्तिष्कलाई व्यापक विश्वतिर निमन्त्रणा गर्दछ । किनभने केही नयाँ दृष्टिकोणले नहेरी अबको सिर्जना र मूल्याङ्कनमा लाग्न सकिँदैन; नयाँ गन्तव्यमा पुग्न पनि सकिँदैन । अव सबै कुरामा ग्लोबलता छ - उपभोग्य वस्तुमा, विचारमा, सिद्धान्तमा, सिर्जनामा, संस्कृति र व्यवहारमा । यतिखेर सबैलाई टेक्नोसाइन्सले छोपेको छ, विश्व साइबरीकृत छ; सबै - सबै हाम्रा कर्महरूमा जाँ बोद्रियारले भनेझैँ सदृशता मात्र छ; वास्तविकता छोपिएको छ । मूलतः उत्तर - आधुनिकतालाई

Notes

समकालीन विश्वले कला, साहित्य, संस्कृति, सङ्गीत र दर्शन सबैमा पुऱ्याएको छ । सबैले आफ्नो परिभाषा उत्तर - आधुनिक पर्रि्रेक्ष्यबाट गर्दछन् ।

आधुनिकतावाद र उत्तर -आधुनिकतावाद बिसौं शताब्दीको उत्तरार्धतिरबाट ज्ञान र व्यवहारका विभिन्न क्षेत्रमा प्रचलित हुँदै आएका विशिष्ट पदावली हुन्। यससँगै गाँसिएर आउने अन्य विशिष्ट पारिभाषिक पद पदावलीहरूमा उत्तर -संरचनावाद, उत्तर -उपनिवेशवाद, बहुलवाद, सांस्कृतिक अध्ययन, नव -इतिहासवाद आदि पनि उल्लेख्य रहेका छन् । यसो भए पनि उत्तर-आधुनिकतालाई एउटा बृहत् छाता र अन्य सबै यसैभित्र अटाउने चिन्तन तथा अवधारणा विशेषसग सम्बन्धित पद पदवालीकै रूपमा रहेका छन् । त्यसमा पनि उत्तर -आधुनिकतावादको अवधारणा र व्यवहार वा पद्धतिको समष्टि हो भने यसलाई खास सैद्धान्तिक आधार वा पीठिका प्रदान गर्ने काम उत्तर -संरचनावादले गरेको छ । निनु चापागाईंले उत्तर आधुनिकतावादलाई **व्यवहार** र उत्तर -संरचनावादलाई **सिद्धान्त** भनेकी छन् भने चैतन्यले उत्तर आधुनिकतावादको दार्शनिक पद्धतिका रूपमा विसङ्घटनवाद अर्थात् उत्तर ) – (संरचनावाद लाई नै स्वीकार गरेका छन् ।

वास्तवमा औपचारिक एवम् शास्त्रीय दृष्टिले हेर्दा पनि उत्तर -आधनिकतावादकै नाउँबाट सिद्धान्तको व्याख्या पाइँदैन । यसलाई ज्ञानको दशा र व्यवहारकै रूपमा प्रस्तुत गरिएको पाइन्छ । जब यसको सिद्धान्तको प्रश्न आउँछ, त्यसको जवाफ उत्तर - संरचनावादबाटै खोज्नु पर्ने वा लिनु पर्ने अवस्था रहेको देखिन्छ । व्यवहारतः उत्तर - आधुनिकतावादलाई ठोस आकार दिने वा यसका निर्माणमा मुख्य भूमिका निर्वाह गर्ने प्रमुख चिन्तकहरू ज्याक डेरिडा, मिसेल फुको, बौद्रिलार्द, ल्योतार आदि मूल रूपमा उत्तर -

संरचनावादी नै भएबाट उत्तर - आधुनिकतालाई सैद्धान्तिक दार्शनिक आधार भूमि प्रदान गर्ने काम उत्तर - संरचनावादले नै गरेको कुरामा शङ्का रहन्न ।

## 3.5 आधुनिकतावाद र उत्तर - आधुनिकतावादको प्राप्ति

आधुनिकतावाद र उत्तर - आधुनिकतावादको प्राप्तिको सन्दर्भमा कुरा गर्नु हो हामी नेपाली साहित्यलाई मुल आधारमा राखेर मात्र कुरा गर्न सक्छौं । नेपाली साहित्यतिर फर्केर यस अनुरुपका आख्यानेतर विधाका कृति के कति रचिए र यी दुवै वादबाट नेपाली साहित्यले के – कति उपलब्धिहरू गर्न सके भन्ने कुराको आकडा हामी निकाल्न सक्छौं । हुन त यो पनि केवल नमुना मात्र हुन सक्तछ । समग्र चित्रको लागि भने ठूलो क्यान्भास चाहिन्छ । परम्पराले कविता, नाटक, निबन्ध र आख्यान गरी सिर्जनाका चार प्रमुख भेद मानेको छ भने प्रत्येकका आ - आफ्ना उपभेद पनि छन् । यद्यपि आधुनिकतावाद र उत्तर - आधुनिकतावादको अवधिमा विधाहरूको साँध - सिमाना त्यति सुरक्षित हुन छाडेको छ, एकमा अरू पनि मिसिन थालेका छन्, भएका फुक्लिन थालेका छन् ।

आधुनिकतावाद र उत्तर - आधुनिकतावादको समयावधिमा विधाहरू पनि भूगोलले बाँध्न नसकेको मानव र उसको मन जस्तै, उसका विचार जस्तै साइबरिकृत शब्द, चित्र र ध्वनि जस्तै भएका छन्, जहाँ पनि मिसिने, जतिबेला पनि भेटिने विधाहरू भञ्जित र मिश्रित हुने स्थिति विद्यमान छन् । आजको विषय आख्यानेतर विधा रहेको छ, जसले कविता, नाटक र निबन्धलाई समावेश गर्दछ । त्यसो त आख्यान गद्यमै लेखिने विधा हो

भन्ठान्ने एक परम्परा छ । त्यस परम्पराले हेर्दा आख्यानेतर गद्यका अथवा उपन्यासेतर गद्यलेखनका पनि अनेक स्वरूप छन्, आज तिनको सम्झना गर्ने समय छैन । नेपाली साहित्यका कविता, नाटक र निबन्ध सबैमा आज आधुनिकतावाद र उत्तर आधुनिकतावादको रङ्ग घोलिएको पाइन्छ ।

एक दशकयताको नेपाली कवितामा नयाँ समयको चेतना प्रतिध्वनित हुन थालेको छ, केही नयाँ टेक्निकको प्रयोग हुन थालेको छ । नवीनताभित्र माथ्लो तहमा दार्शनिक आयामदेखि तल्लामा केही टेक्निक र मान्यताको प्रस्तुतिसम्म अनेक तहमा हुन्छ । त्यो अन्तरलाई अनुभूतिले मात्र पढ्न सकिन्छ । अघिका कविता लेखनका दृष्टिकोण, संरचना र शैलीसँग र अहिलेका टोन, शैली, विषयवस्तुको तुलना गर्दा त्यो अन्तर देखा पर्छ । यहाँ सृजनशील अराजकता समूहले, त्यसमा संलग्न हाङयुग अज्ञात, राजन मुकारुङ र उपेन्द्र सुब्बाका चेतनामा उदाहरणीय विचलनहरू छन् । अझ हाङयुगको करङको हिरासत हाइपरटेक्स्ट र अनुलेखनको एउटा दरिलो उदाहरण रहेको छ । ती सारा प्रक्रियालाई उछिनेर रङ्गवादी साहित्य समूहका धर्मेन्द्र विक्रम लगायतका र्सजकले कवितालाई पुर्णरूपले भिन्न बनाएका छन् । यसमा रहेका चन्द्रवीर तुम्वापो, स्वर्गीय स्वप्निल, विमिल, समदर्शी काइँला, चन्द्र योङ्याका कविताहरू अनेक टेक्निक बोक्ने माध्यम भएका छन् । ती विचारले पनि निरङ्कुश कालमा उत्क्रमणकारी भएर उठेका थिए । त्यहाँ हाइपरटेक्स्ट छन्, बहुविषयकता छ, कवितालाई पाठयबाट फुकालेर श्रव्य र दृश्यमा समेत पुऱ्याएका छन्, अझ यसलाई पर्फमेटिभ बनाएका छन् । नेपालीमा अनेक सीमा भत्काउने यो नवीनतम धारा हो । तर यस स्कुलका आद्यविम्ब भएर बैरागी काइँला उभिएका छन् ।

आधुनिकतावाद र उत्तर - आधुनिकतावादका समयमा कविताको मात्र कुरा होइन सिर्जनाका सबै विधामा उन्मुक्ति चेतनाले उद्वेलित भई उठेको छ, खासगरी किनारिएको वर्ग उठेको छ, अनेक मातृभाषी उठेका छन् । एक दशकभित्र राई, लिम्बू, गुरुङ, मगर, सुनुवार, तामाङ, नेवार, मैथिली, भोजपुरी, राजवंशी, अवधी स्रजकहरू, थारू र मुस्लिमहरू आफ्ना चेतना लेख्न थालेका छन् । त्यहाँ जातीय वाणीका, धर्मका, संस्कृतिका बिम्ब र मिथकलाई टिपेर नेपालीमा मिसाउँदै लेख्तै छन् । एउटा उदाहरण छ - नरेश सुनुवारको **जिन्दगीको पहाड** र **अस्तित्वको राँकुदेले** । अन्य धारका प्रवृत्तिमा पनि परिचयको खोजी नै सबभन्दा टड्कारो भएर आएको छ । उदाहरणको लागि युद्ध साहित्य लेख्ने रक्ष राई जस्ता व्यक्ति, डायास्पोरा साहित्य लेखिएका सीमाहीन बिम्ब, सेतु, हङकङमा कविता जस्ता कविता कृतिहरू छन् । ती प्रयत्नमा उनीहरूको परिचय र संरक्षण दुवै सङ्केतित छन् ।

यो जातीय रङ र सचेतता ठूलो कुरा हो, बहुलस्वरले आफ्नो अस्तित्व स्थापनामा प्रत्याभूति खोजेको बेला एकप्रकारले समानान्तर साहित्यको सिर्जना हुँदैछ । ती इथ्निकता र मार्जिनलताको आधारले मात्र अर्थपूर्ण हुन्छन् । अघि हेपिन्थ्यो अब ती मूलधारका प्रकार भएका छन् । अनेक भेराइटी बेगर कुनै मूलधार बन्न सक्तैन । उत्तर - आधुनिक परिवेशले ल्याएको अर्को परिदृश्य छ -  भ्रमणकारी संस्कृतिको विकास र विश्वभरि वितरित अनेक नेपालहरूको  जन्म । ती प्रतिकृति - नेपालहरूमा डायास्पोरा जीवन छ, सिर्जना छ, भिन्न विशेषताले मुक्त साहित्य संसार भरिबाट आइरहेको छ । अघि यस्ताको गणना हुँदैनथ्यो; आज यो मूलधारको एकभेद भएको छ । अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजले विगतका वर्षदेखि स्थापना गरेको “डायास्पोरा पुरस्कार” नेपाली साहित्यको विस्तारमा एक अभूतपूर्व

घटना हो । यसपाली यसले फेरि घोषणा गऱ्यो - नेपालका जुनसुकै भाषामा लेखिए पनि त्यो नेपाली साहित्य हो, त्यसमा पनि डायस्पोरा पुरस्कारको लागि आह्वान गरिनेछ ।

वर्तमानमा कत्रो समानता कारकमा पनि नयाँ विश्व खुल्दै गरेको देखिन्छ । यसरी भौगोलिक भेदका, जातीय, भाषिक र लैङ्गकि सचेतताका सिर्जना अत्यधिक मात्रामा आउँदै छन् । धैरै कुरा त वर्तमान कविताले नै बोलिरहेको छ ।यस कालको कविताले महाख्यानहरू भत्काउन पनि ठूलो सहयोग गऱ्यो । सडक कविता, लोकतन्त्र विशेषाङ्क, गणतन्त्र विशेषाङ्क, लोकतान्तित्रक स्रष्टाहरूको मञ्च जस्ता अभियानले हूरीका, आँधीका, पुरानो पल्टाएर नयाँ निर्माणको प्रतिज्ञामा रचित काव्य कविताको भण्डार विशाल छ । त्यहाँ प्रयोग र टेक्निक नभए पनि आउने काल सुसाएको छ; प्रबल उत्क्रमण चेतना छ । बैरागी काइँलाको हाँडी गाउँमा चितुवाले इथ्निक चेतनाको परिचय खोज्दछ, मोहन कोइरालाको सिमसारका राजदूतले पर्यावरणीय चेतना र मानवतेर जगत् लेखेको छ । यसमा किनारिएका पात्र केन्द्रमा आउँछन् र भित्री गाउँसम्म साइबरचेतना पुग्दछ । नयाँ कविता चेतना लिएर आउने नेपालीको सङ्ख्या ठूलो छ ।

आज कविता मात्र होइन नेपाली नाटकमा अघिदेखि नै विचलनका प्रक्रियाको अभ्यास हुँदैछ । मोहनराज शर्मा, अविनाश श्रेष्ठ, अशेष मल्ल, शिव अधिकारी, सरुभक्त अगुवा प्रयोक्ता  हुन् । उनीहरूले समय र स्थानको दूरत्व मेट्ने, फ्यान्टयासीको घना प्रयोगद्वारा पात्रहरूको विनिर्माण गरी पुनर्भ्रमणकारी चरित्र र घटना प्रस्तुत गरेका छन् । यता नयाँ पुस्तामा शारदा सुब्बाको **यशोधरा** एउटा विशिष्ट सिर्जना हो , जसमा अतीतका पात्र र परिस्थिति वर्तमानसँग जोडिन पुग्छन् एउटा निरवच्छिन्नता, एउटा भ्रान्ति सिर्जना गर्दछन् ।

यशोधरा पच्चीससय वर्षपछि आएर नारीवादी आवाजले बोल्दछे, अधिकार खोज्दछे । त्यस्तै छ शिवानीसिंह थारूको भर्चुअल रियालिटी । त्यहाँ साइबर जगतको ट्रान्स्जेन्डर पात्रले सक्रिय भूमिका खेल्छ । यी मार्जिनल परिवेशका सशक्त नारी सर्जकहरू आफैँमा अर्थपूर्ण छन् । साइबर संस्कृतिलाई छोएर लेखिएका नेपाली नाटकको सङ्ख्या झन् बढिरहेको छ । यसलाई आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्ति मान्न सकिन्छ । यसतर्फ सरु भक्तले अगुवाइ गरेका छन् । उनका अन्य विधामा पनि यो चेतना तीव्र रहेको छ । उनका साथै गोपी सापकोटाको कालो आकृति, कृष्ण शाह यात्रीका मान्छे अनि मान्छेहरू, पुष्प आचार्यको हराएको सूर्यमा साइबरीय प्रयोग छ ।

उत्तर - आधुनिकतावादी रचनामा फ्यान्ट्यासी र साइबरीयता दुवै तङ्खवको घना प्रयोग हुन्छ । मिथकहरू पुनः र्जीवित हुन्छन् । आज विश्व फेमिनिजम पनि साइबोर्गतिर लक्षित छ । नारीले पूर्ण मुक्तिको लागि लिङ्गभेदलाई मेट्ने र समानताकारक तेस्रो परिचयको स्थापना खोजेका छन् । उनीहरूले ‘देवी नारी’ - को अवधारणा अस्वीकार गरेका छन् । पुरुषको विरुद्धमा नारी - देवता उभ्याएका छन् । शिवानीको नाटकमा एक साइबोर्ग (नारी) - ले देवताको भूमिका खेलेकी छ; देवीको होइन । साइबोर्गको उत्पादनसँग अनेक प्रकारका क्लोनिङ गरिने, मानव मस्तिष्कलाई यन्त्रले चिप्स थपघटझैँ गर्ने कल्पना र सम्भावनाको कुरा आएका छन् । कृष्ण शाह यात्रीको फुच्चे रोबोटका पनि दुईवटा बाल नाटकमा यही प्रविधि चेतना पाइन्छ भने सरुभक्तका रचनामा क्लोनिङको प्रयोग र मानव जिनमाथि यसको हस्तक्षेप देखाइएको छ, यो अति यथार्थताको पाटो हो । यी सबै नै नेपाली साहित्यमा पाइएका आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरू हुन् ।

नेपाली निबन्धको सन्दर्भमा भन्नु पर्दा उत्तर - आधुनिकतावाद प्रविधिहरूको प्रयोग त्यति देखिँदैन । तर त्यो विचार र दर्शनलाई बुझाउने, डेरिडा, फुको, बोद्रियार आदिका कृति र दर्शनबारे नेपाली पाठकलाई बुझाउने कृति हो - अभि सुवेदीकृत निबन्धमा उत्तरवर्ती कालखण्ड । गोविन्दराज भट्टराईका निबन्ध पनि अभि सुवेदीकै पङ्क्तिमा छन् - तिनीहरूले सिद्धान्त र नयाँ परिवेश बुझाउने काम गरिरहेका छन् । सिद्धान्तको परिचर्चा गर्ने सञ्जीव उप्रेती पनि लागि परेका छन् । अन्य निबन्धकारमा खगेन्द्र सङ्ग्रौला, कृष्ण धरावासी, युवराज नयाँघरे आदिमा शैलीगत होइन परन्तु विषयवस्तुले मार्जिनलता छुने काम गर्दै छन् । कृष्णचन्द्रसिंह प्रधानका र माधव पोखे्रलका निबन्धमा पनि महाख्यानिक चेतनाको विरोध एवम् नयाँ समय चेतना छ ।

उत्तर - आधुनिकतालाई कहिले सिद्धान्तमा, कहिले सिद्धान्तकारमा, कहिले प्रयोगमा गरी विभिन्न रूपले हेर्न पाइएको छ । यतिखेर विश्वले अघि सारेको एक नवीन स्थिति हो - मूलधारको पुनः परिभाषा । यसरी हेर्दा नेपाली साहित्यभित्र नेपाली मात्र नभई त्यहाँका सबै भाषाका रचना पर्दछन् । नेपाल बाहिरका सम्पूर्ण डायास्पोरिक रचना यसैमा पर्दछन् । एकलताको विरोधमा, अस्तित्वको खोजीमा उठेका सबैलाई बराबर अवसर र इज्जत प्रदान गर्नुपर्दछ । राज्य व्यवस्था आज त्यो गर्न बाध्य छ । यो सारा परिदृश्यले मार्जिनल स्वरहरूलाई सम्मान गरिरहेको छ; देश बाहिरका, इतिहासले भोगाएका र देशभित्रै आफैँले उमारेका विभिन्न प्रकृतिका उपनिवेशबाट मुक्तिको लागि सिर्जना गर्ने कर्ममा तीब्रता छ । यसले मार्जिनल र सबाल्र्टनहरू पहिचान र अस्तित्वको लागि उठेको प्रखर आवाजलाई व्यक्त गर्दछ ।

यसरी आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूलाई अध्ययन गर्दा साहित्यले दिशा परिवर्तन गर्न थालेकोले मूल्याङ्कन पद्धतिले

पनि अपम्परित मार्ग लिनु परेको देखिन्छ । एक्काइसौँ शताब्दीमा नयाँ समालोचना सिद्धान्त लिएर यी दुवै वाद आएको छ, अरु नयाँ थपिने क्रममा छन्, केही पुरानाहरू रङ्गमञ्चबाट अदृश्य हुँदैछन् । आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूमा केन्द्रको विघटन वा केन्द्र भञ्जन, विधा मिश्रण तथा विधा भञ्जन, शब्द केन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु , महाख्यानको अन्त्य, बहुलताको प्रयोग, विनिर्माण, पूनर्लेखन तथा विषय विस्तार, लेखकको मृत्युको अवधारणा, भूमण्डलीकरण, साइबर संस्कृतिको प्रयोग, स्वैर कल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोग, सीमान्तकृतहरूको नायकीपन, उपभोक्तावादी प्रवृत्तिको चित्रण, अभिघातको चेतना, सन्दिग्धताको मान्यता, प्रर्यावरणीय चेतना, रहस्यात्मकता आदि रहेका छन्।

तथापि मूलरूपमा आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूलाई बुँदागत् रूपमा हेर्दा निम्न प्रकार पाइन्छन्

१. डायास्पोरिक तथा डायसपोरा

२. लैङ्गकि तथा परालैङ्गकिता

३. पर्यावरणीय चेतना

४. साइबर संस्कृति

५. स्थानिक तथा स्थानियताको ज्यादा रङ्ग

६. नारीवादी चेतना वा लेखन ।

आधुनिकतावाद र उत्तर – आधुनिकतावादलाई अङ्गालेर लेखिएका नेपाली साहित्यिक कृतिहरू निम्न प्रकार छन् - जगदीश शमशेर - **सेतो ख्याकको आख्यान** (वि. सं. २०६०), ऋचा ढुङ्गेल – **अल्झिएका जीवनहरू** (वि. सं. २०६०), इन्दिरा प्रसाईं – **उसको लोग्ने र बिरालो** (वि. सं. २०६०), शान्ता

Notes

श्रेष्ठ – **घाउ उसको दुखाइ मेरो** (वि. सं. २०६०), कृष्ण बराल – **अवतरण** (वि. सं. २०६१), **हिरण्य भोजपुरे** (वि. सं. २०६२), आत्मराम ओझा – **तीला** (वि. सं. २०६३), नेपाल कुश्शा – **छोटो फ्रक** (वि. सं. २०६५), किसनसिंह धामी – **कलेज गर्ललाई इमेल** (वि. सं. २०६३), **हराएको समय** (वि. सं. २०६५), कृष्ण धरावासी– **राधा** (वि. सं. २०६२), **तपाईं** (वि. सं. २०६३), **ढुँडाल** (वि. सं. २०६५), **पाण्डुलिपि** (वि. सं. २०६९), **गेस्टापो,** नारायण वाग्ले **– पल्पसा क्याफे** (वि. सं. २०६१), विनीता राई – **साथीको मन** (वि. सं. २०६०), शङ्कर भारती – **महापुरुषको सन्तान** (वि. सं. २०६४), परशु प्रधान– **सीताहरू** (वि. सं. २०६४), एम. पी. खरेल – **पुस्तान्तर** (वि. सं. २०६४), स्वागत नेपाल – **मातृसम्भोग** (वि. सं. २०६१), ध्रुवचन्द्र गौतम – भीमसेन ४ को **अन्तिम खोजी** (वि. सं. २०६०), **घुर्मी** (वि. सं. २०६१), **जेलिएको** (वि. सं. २०६३), **एक असफल आख्यानको आरम्भ** (वि. सं. २०६५), **सातौं ॠतु** (वि. सं. २०६८), मनीषा गौचन –**बल्लीको डायरी** (वि. सं. २०६३), धीरकुमार श्रेष्ठ – **घुर** (वि. सं. २०६४), गीता केशरी – **निष्कर्ष** (वि. सं. २०६०), **बदलिँदो क्षितिज** (वि. सं. २०६६), नीलम कार्की निहारिका – **तिमी, म र उनी**, कपिल काफ्ले – **सुसम चण्डिका** (वि. सं. २०६३), श्रीधर पौडेल – **दुई ढुङ्गाको तरुल** (वि. सं. २०६४), हरिप्रसाद पाण्डेय – **मुटुभित्रका ढुकढुकी** (वि. सं. २०६५), पुष्पलता आचार्य – **लामो अन्तरालपछि** (वि. सं. २०६०), **रोजी** (वि. सं. २०६१), अप्सरा लावती – **लोजिमा** (वि. सं. २०६२), बखतबहादुर थापा – **कुहिरो र काग** (वि. सं. २०६१), रामप्रकाश पुरी – **नानीकी आमा** (वि. सं. २०६३), **कालचक्र** (वि. सं. २०६४), सदानन्द अभागी – **जीवनलीला** (वि. सं. २०६०), **नियति** (वि. सं. २०६१), शशि भण्डारी– **लक्ष्मी दिदी** (वि. सं. २०६०), **विचलन** (वि. सं. २०६२), श्रीमती सरस्वती – **बिछोडका पाइला** (वि.

सं. २०६१), मित्रलाल पार्दे – **तडपाइएका मनहरू** (वि. सं. २०६३), पुण्यप्रसाद प्रसाईं – **छापामार** (वि. सं. २०६३), कञ्चन पुडासैनी – **अधुरो उपन्यास अधुरा इच्छा** (वि. सं. २०६५), शुभ श्रेष्ठ – **अस्मिताको खोजी** (वि. सं. २०६०), पुण्यरश्मि खतिवडा– **अपुरो अभिलाषा** (वि. सं. २०६०), सुस्मिता नेपाल – **उडेका उमेरहरू** (वि. सं. २०६०), **काला काला रातहरूमा टेक्दै** (वि. सं. २०६०), पीताम्बरा उपाध्याय – **बाटोमा बसेको बाघ** (वि. सं. २०६०), हरिसिंह थापा – **सुन्तली** (वि. सं. २०६६), **चन्द्रकान्त – मित्रता** (वि. सं. २०६२), महालक्ष्मी श्रेष्ठ — **मोडहरू** (वि. सं. २०६२), **दासता मुक्ति** (वि. सं. २०६३), नारायण ढकाल –**दुर्भिक्ष** (वि. सं. २०६०), **प्रेतकल्प** (वि. सं. २०६५), ध्रुव सापकोटा – **अकल्पनीय** (वि. सं. २०६६), गोविन्दराज भट्टराई – **सुकरातका पाइला** (वि. सं. २०६३), **सुकरातको डायरी** (वि. सं. २०६९), अनिल अधिकारी – **प्रकृति** (वि. सं. २०६३), पद्मावती सिंह – **समानान्तर आकाश** (वि. सं. २०६२), दीपक खड्का – **च्यात्न नसकेको चिठी** (वि. सं. २०६३), कविता पौडेल – **बाल चीत्कार** (वि. सं. २०६१), थिरप्रसाद कट्टेल – **नफर्किएका दिनहरू** (वि. सं. २०६३), भूपेन्द्रजङ्ग शाही – **बन्दीगृह** (वि. सं. २०६३), राजेन्द्र पराजुली – **अनायिका** (वि. सं. २०६३), युवराज सङ्ग्रौला – **शिशिरमा फुलेको गुराँस** (वि. सं. २०६४), मूलवीर राई – **मृत सहर** (वि. सं. २०६१), भाषा भण्डारी– सम्झौता (वि. सं. २०६०), परिवर्तनको पृष्ठभूमि (वि. सं. २०६१), सञ्जीव उप्रेती – **घनचक्कर** (वि. सं. २०६४), भक्तबहादुर नेपाली – **लीलावती** (वि. सं. २०६५), सरुभक्त – **चुली** (वि. सं. २०६०), एक अविनवको **आत्मकथा**, रोशन थापा नीरव – **प्रत्येक श्रवण कुमार अर्थात् युद्ध** (वि. सं. २०६४), **प्रस्थान्तर** (वि. सं. २०६५), प्रदीप नेपाल – **स्वप्निल सहर** (वि. सं. २०६३), रामप्रकाश पुरी— **सच्चाइको गीत** (वि. सं. २०६४),

**अनौठो प्रेम कथा** (वि. सं. २०६३), ऋषिराज बराल– **समरगाथा** (वि. सं. २०६४), शरद पौडेल – **सिमाना वारिपारि** (वि. सं. २०६१), हरिहर खनाल– **समयको रेखाभित्र** (वि. सं. २०६५), भरत जङ्गम – **ख्वप देश** (वि. सं. २०६६), रुकु कार्की – **जीवन ज्योति** (वि. सं. २०६५), गौरा रिजाल – **अघोषित द्वन्द्व** (वि. सं. २०६०), सुजात (कमला कँवर) – **अन्त्यहीन पीडा** (वि. सं. २०६१), देश सुब्बा – **आदिवासी** (वि. सं. २०६४), गणेश राई –**युद्ध एम्बुसमा राइफलको सङ्गीत** (वि. सं. २०६६), **राइफलको नालबाट जीवन नियाल्दा** (वि. सं. २०६२), राजन मुकारुङ – **हेत्छाकुप्पा** (वि. सं. २०६५), **दमिनी भिर** (वि. सं. २०६९), किरण रिमाल - **सान्नानी** (वि. सं. २०६६), डि. बि. गुरुङ – **हिमालयको चीत्कार** (वि. सं. २०६६), मोहन राज शर्मा – **सलिजो** (वि. सं. २०६६), राजनप्रसाद निरौला– **सङ्घर्ष र शान्ति** (वि. सं. २०६६), यज्ञबहादुर कार्की – **मनमोह** (वि. सं. २०६६), बलराम श्रेष्ठ – **गेह्निनी** (वि. सं. २०६६), कुमार भट्टराई – **धनबहादुर र म** (वि. सं. २०६६), बाबा बस्नेत – **रातकी रानी** (वि. सं. २०६६), श्याम रेग्मी – **कनोटट्री** (वि. सं. २०६६), युग पाठक – **उर्गेनको घोडा** (वि. सं. २०६६), सरला रेग्मी – **प्रवाह** (वि. सं. २०६६), आत्माराम ओझा - **जावेश्वर पृथ्वी मल्ल** (वि. सं. २०६७), निमबहादुर थापा — **निस्तो** (वि. सं. २०६७), दिलबहादुर थापा — **नखरो** (वि. सं. २०६७), सरोज ओली — **हडतालै हडताल, जुलुसै जुलुस** (वि. सं. २०६७), मोदनाथ सादा — **पैगम्बरेश्वर** (वि. सं. २०६७), प्रदीपमान तुलाचन — **आस** (वि. सं. २०६७), अरुण शर्मा— **सुशी र प्रशान्त महासागर** (वि. सं. २०६७), हरि कार्की — **सुषमा** (वि. सं. २०६७), राजव — **मोटेल अमेरिका** (वि. सं. २०६७), रमेश रेग्मी — **सपनाहरूको देश** (वि. सं. २०६७), कविताराम श्रेष्ठ — **महाभिनिष्क्रमणका अस्वीकृत पाइला** (वि. सं.

२०६७), लक्ष्मीप्रसाद तिमल्सिना – **थोते जर्नेल** (वि. सं. २०६७), विश्व गोपाल लम्साल – **सम्बन्ध** (वि. सं. २०६७), रवीन्द्र माकाजू – **सुमन** (वि. सं. २०६७), **मृत सहर** (वि. सं. २०६७), रामेश्वरप्रसाद गौतम – **नारी अबला होइन** (वि. सं. २०६७), लिली रिमाल – **पूर्णिमाको आकाश** (वि. सं. २०६७), पञ्चम अधिकारी – **पथिक प्रवासन** (वि. सं. २०६७), बुद्धिसागर चपाईं – **कर्णाली ब्लुज** (वि. सं. २०६७), डोलेन्द्ररत्न शाक्य – **अनुपम नगरीमा धर्मसन्देश** (वि. सं. २०६८), वसन्तश्री – **रूपान्तरण** (वि. सं. २०६८), भोजप्रसाद त्रिपाठी – **मान्छेको सन्तान** (वि. सं. २०६६), ऋषिकेशवराज रेग्मी – **बलिरहेको चिता** (वि. सं. २०६८), माधवप्रसाद पन्थी – **बूँद** (वि. सं. २०६८), सदानन्द अभागी – **यात्री** (वि. सं. २०६८), प्रदीपमान तुलाचन – **भोटखोला** (वि. सं. २०६८), रमेश उप्रेती – **बहुलानन्द** (वि. सं. २०६८), भूमिराज बस्ताकोटी– **निर्मोचन** (वि. सं. २०६८), टङ्क चौलागाईं– **जिरो कटेज** (वि. सं. २०६८), हरिप्रसाद पाण्डेय – **डाँडामाथिको घाम** (वि. सं. २०६८), कपिल काफ्ले – **बाघपाश** (वि. सं. २०६८), राजनप्रसाद निरौला – **मृत्यु विरुद्ध** (वि. सं. २०६८), चन्द्रकान्त आचार्य – **न्युयोर्ककी सुन्दरी** (वि. सं. २०६८), राजेश्वर देवकोटा – **महाराजको भूत** (वि. सं. २०६८), सुबिन भट्टराई – **समर लभ** (वि. सं. २०६९), राजब – **बेकारीमा उपन्यास** (वि. सं. २०६९), रोसन थापा नीरव – **आवाजहरू जङ्गलभित्र** (वि. सं. २०६९), डायमन शम्शेर– **धनको धब्बा** (वि. सं. आदि ।

यसरी नै सन् २०१३ देखि हालसम्ममा प्रकाशित भएका **आधुनिकतावाद** र **उत्तर – आधुनिकतावाद** प्रवृत्तिमा लेखिएका नेपाली कृतिहरूमा अखण्ड भण्डारी– **मलाया एक्सप्रेस** (वि. सं. २०७०), अनुपम रोशी – **कालो**

**छाया** (वि. सं. २०७०), मुक्तिनाथ शर्मा न्यौपान –**कल्पना संसार** (वि. सं. २०७०), तुलसीप्रसाद उप्रेती – **म केशरी** (वि. सं. २०७०), प्रकाशमणि दाहाल - **चुनौती** (वि. सं. २०७०), विश्वदीप अधिकारी– **अनामिका** (वि. सं. २०७०), कविता पौडेल – **सीमावारि सीमापारि** (वि. सं. २०७०), पुरुषोत्तम दाहाल – **शान्ता** (वि. सं. २०७०), रुकु कार्की – **विसङ्गत जीवन** (वि. सं. २०७०), प्रेमशाली घिमिरे – **डा. पल्लवी** (वि. सं. २०७०), होमराज आचार्य – **टुल्कु** (वि. सं. २०७०), शान्ति शर्मा तारा – **सुरुचि** (वि. सं. २०७०), ध्रुवचन्द्र गौतम – **वञ्चक (**वि. सं. २०७१), शिवभक्त शर्मा न्यौपाने – **धारादी** (वि. सं. २०७१), उन्नती बोहरा शीला – **तृष्णा** (वि. सं. २०७१), राजेश्वर देवकोटा – वि**श्वास** (वि. सं. २०७१), भूमिराज बस्ताकोटी – **निमित्तमात्र** (वि. सं. २०७१), लाटो साथी – **शान्ताकुञ्ज** (वि. सं. २०७१), रघुराम न्यौपाने – **कोलाहल भित्रको सहर** (वि. सं. २०७१), काशीनाथ न्यौपाने – **आत्मघा**त (वि. सं. २०७१), तोयनाथ पौडेल – **सम्झौता** (वि. सं. २०७१), अन्विका गिरी – **मान्छेको रङ** (वि. सं. २०७१), दीपशिखा–**रात फुलेको याम** (वि. सं. २०७१), कृष्ण अबिरल – **रक्तवीज** (वि. सं. २०७१), कलानिधि दाहाल – **अरस्तुदेखि बङ्करसम्म** (वि. सं. २०७१) आदि ।

यसरी नै यता भारतबाट सन् २००० देखि हालसम्ममा प्रकाशित भएका **आधुनिकतावाद** र **उत्तर – आधुनिकतावाद** प्रवृत्तिमा लेखिएका नेपाली कृतिहरूमा **त्रृतु क्यानभसका रेखाहरू** (सन् २००१), **अक्षर अर्केष्ट्रा** (सन् २००४), नोर्जाङ स्याङदेन र उनको **राग रून्थरूमा** (सन् २००१), जीवन नामदुङ र उनको **समारोहमा/समारोहहरूमा (सन् २००८),** नरेशचचन्द्र खाती र उनको **लीली रेखाहरूका** (सन् २००१), असीर राई र उनको **शताब्दी सम्बोधन** (सन् २००४), जस योञ्जन प्यासी र उनको **शान्ति सन्देह** (सन्

२००२), राजोन्द्र भण्डारी र उनको **शब्दहरूको पुनर्वास** (सन् २०१०), नव सापकोटा र उनको **मदिरा होइन मेरो पसिना** (सन् २००८), भविलाल लामिछाने र उनको **असमाप्त पाइलाहरू** (सन् २००१), **शीर्षक हीन** (सन् २००३), मोहन ठकुरी र उनको **अभिन्न अक्षर** (सन् २००७), रामलाल अधिकारी र उनको **मा निषाद्** (सन् २००३), अबीर खालिङ र उनको **अबीरानुभूति (**सन् २००२), प्रवीन राई जुमेली र उनको **इम्पास्टो अक्षर** (सन् २००६), विणा हाङखिम र उनको **भावानुभूति** (सन् २००४), **अन्तर समयान्तर** (सन् २००८), पवित्र लामा र उनको **म देह रातो रङ्गले रङ्गिन्छु** (सन् २०१९) आदि कवि र कविता सङ्ग्रहहरू मुख्य छन् ।

## 3.6 उपसंहार

आधुनिकतावाद र उत्तर - आधुनिकतावादको समयावधिमा विधाहरू पनि भूगोलले बाँध्न नसकेको मानव र उसको मन जस्तै, उसका विचार जस्तै साइबरिकृत शब्द, चित्र र ध्वनि जस्तै भएका छन्, जहाँ पनि मिसिने, जतिबेला पनि भेटिने विधाहरू भञ्जित र मिश्रित हुने स्थिति विद्यमान छन् । उत्तर -आधुनिकतावादको चेतना आजको पुँजीवाद अर्थात् नयाँ खाले आजको साम्राज्यवादको सांस्कृतिक चेतना नै हो । उत्तर - आधुनिक परिवेशले ल्याएको अर्को परिदृश्य छ - भ्रमणकारी संस्कृतिको विकास र विश्वभरि वितरित अनेक नेपालहरूको डायास्पोरा जीवन ।

साइबर जगतको ट्रान्स्जेन्डर पात्रले सक्रिय भूमिका खेल्छ । यी मार्जिनल परिवेशका सशक्त नारी सर्जकहरू आफैँमा अर्थपूर्ण छन् । साइबर संस्कृतिलाई छोएर लेखिएका नेपाली नाटकको सङ्ख्या झन् बढिरहेको छ । उत्तर -

आधुनिकतावादी रचनामा फ्यान्ट्यासी र साइबरीयता दुवै तङ्खवको घना प्रयोग हुन्छ । मिथकहरू पुनः जीवित हुन्छन् । शिवानी सिंह थारूको **भर्चुअल रियालिटी**मा पनि साइबर संस्कृतिलाई पूर्णरूपले अँगालेको प्रभाव छ। आज विश्व फेमिनिजम पनि साइबोर्गतिर लक्षित छ । नारीले पूर्ण मुक्तिको लागि लिङ्गभेदलाई मेट्ने र समानताकारक तेस्रो परिचयको स्थापना खोजेका छन् । उनीहरूले 'देवी नारी' - को अवधारणा अस्वीकार गरेका छन् । पुरुषको विरुद्धमा नारी - देवता उभ्याएका छन् । शिवानीको नाटकमा एक साइबोर्ग (नारी) - ले देवताको भूमिका खेलेकी छ; देवीको होइन । साइबोर्गको उत्पादनसँग अनेक प्रकारका क्लोनिङ गरिने, मानव मस्तिष्कलाई यन्त्रले चिप्स थपघटझैँ गर्ने कल्पना र सम्भावनाको कुरा आएका छन् । सरुभक्तका रचनामा क्लोनिङको प्रयोग र मानव जिनमाथि यसको हस्तक्षेप देखाइएको छ, यो अति यथार्थताको पाटो हो । यी सबै नै नेपाली साहित्यमा पाइएका आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरू हुन् ।

आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूमा केन्द्रको विघटन वा केन्द्र भञ्जन, विधा मिश्रण तथा विधा भञ्जन, शब्द केन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु , महाख्यानको अन्त्य, बहुलताको प्रयोग, विनिर्माण, पूनर्लेखन तथा विषय विस्तार, लेखकको मृत्युको अवधारणा, भूमण्डलीकरण, साइबर संस्कृतिको प्रयोग, स्वैर कल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोग, सीमान्तकृतहरूको नायकीपन, उपभोक्तावादी प्रवृत्तिको चित्रण, अभिघातको चेतना, सन्दिग्धताको मान्यता, प्रर्यावरणीय चेतना, रहस्यात्मकता आदि रहेका छन् ।

मूलरूपमा आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूलाई बुँदागत् रूपमा हेर्दा निम्न प्रकार पाइन्छन्

७. डायास्पोरिक तथा डायसपोरा

८. लैङ्गकि तथा परालैङ्गकिता

९. पर्यावरणीय चेतना

१०. साइबर संस्कृति

११. स्थानिक तथा स्थानियताको ज्यादा रङ्ग

१२. नारीवादी चेतना वा लेखन ।

## 3.7 सार

यस प्रखण्डमा **आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- वर्तमान समयमा लेखिएका र अहिलेकै विचार र शैली भएका साहित्यलाई आधुनिकतावाद भनिन्छ भने यसभन्दा पर वा आधुनिकतावाद भन्दा टाढाको साहित्यलाई उत्तर – आधुनिकतावाद भन्ने चलन छ ।
- पचासको दशकदेखि लेखिएका साहित्यलाई आधुनिकतावाद र नब्बेको दशकपछि लेखिएको साहित्यलाई उत्तर – आधुनिकतावाद भन्न सकिन्छ ।
- पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धपछि लेखिएको साहित्यलाई उत्तर - आधुनिकतावादी साहित्यलाई भनिने गरिन्छ ।

- नेपाली साहित्यमा उत्तर - आधुनिकतावाद साहित्य लेखन सन् २००० को दशक पछि आरम्भ भएको हो ।
- आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरूमा केन्द्रको विघटन वा केन्द्र भञ्जन, विधा मिश्रण तथा विधा भञ्जन, शब्द केन्द्रवादलाई अमान्य मान्नु अथवा शब्दको निश्चित अर्थलाई मात्र स्वीकार नगर्नु , महाख्यानको अन्त्य, बहुलताको प्रयोग, विनिर्माण, पूनर्लेखन तथा विषय विस्तार, लेखकको मृत्युको अवधारणा आदि रहेको छ ।
- भूमण्डलीकरण, साइबर संस्कृतिको प्रयोग, स्वैर कल्पना, मायिक यथार्थता, परोक्ष यथार्थ तथा अधियथार्थको प्रयोग, सीमान्तकृतहरूको नायकीपन, उपभोक्तावादी प्रवृत्तिको चित्रण, अभिघातको चेतना, सन्दिग्धताको मान्यता, प्रर्यावरणीय चेतना, रहस्यात्मकता आदि पनि आधुनिकतावाद र उत्तर – आदुनिकतावादका प्राप्तिहरू हुन् ।
- आधुनिकतावाद र उत्तर - आधुनिकतावादका मान्यताहरूमा अन्तर्पाठात्मक अध्ययन, निरर्थक लेखक वा शून्यवाद , अश्लीलता र यौन जङ्गली रूपलाई प्रश्रय दिँदै नाङ्गो हुनुलाई पारदर्शी हुनु भन्ने कुराहरू पर्दछ ।
- डायस्पोरा शैलीलाई लेखनको शैली बनाइनुपर्ने मान्यता उत्तर - आधुनिकतावादको अर्को महत्त्वपूर्ण मान्यता हो ।
- भाषालाई खेल र विज्ञानलाई नाटक ठान्नु उत्तर - आधुनिकतावादको तर्क रहन्छ ।
- उत्तर - आधुनिकतावादी समालोचनाले चिन्तन अनिश्चितता, शून्यता रिक्तताकेन्द्री अवधारणालाई मूल मान्यता बनाउँदै यथार्थलाई

अतिरञ्जनात्मक, स्वैर कालपनिक रूपमा प्रस्तुत गर्नु, मनगडन्ते, भ्रामित द्वैत मनोदशा, पुँजीवादको उदय र मार्क्सवादको आलोचना गर्नु यसको आधारभूत चिन्तन हो ।

- ❖ महिला, दलित, अपाङ्ग, यौनकर्मी, तेस्रो लिङ्गी, समलिङ्गीलगायतका माइनोरिटी जातजाति, भषाभाषी, पेशाकर्मी, विचारक सबै मानवअधिकारको खोजीमा उठ्तछन्, उठेका छन् । यी सबैलाई उत्तर - आधुनिकतावाद परिस्थितिको देन मान्न सकिन्छ ।
- ❖ उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ ।
- ❖ विविध विषय र क्षेत्रमा फैलिएको र पुरानो मूल्यलाई भत्काउदै नयाँ मूल्य दिन खोजे पनि उत्तर – आधुनिकतावादले स्थापित गराउन नसकि रहेको अवस्थाले यसभित्र विरोधाभासी चिन्तन र स्वरूप पनि देखिएका छन् ।
- ❖ एकातिर पूर्व आधुनिकतातर्फ मोह अथवा रहस्यात्मक अतीतागमन र अर्को तर्फ सञ्चार तथा मिडियामय फास्ट लाइफको यथार्थतामा यो चिन्तन घोलिएको छ ।
- ❖ कता - कता अराजकतावादी जस्तो पनि आभाष हुने यस मान्यताका कारण अहिलेको समालोचना जटिल बन्दै गहिरहेको छ र त्यसलाई उजिल्याउन तथा त्यसबाट मुक्तिका लागि ठुलो चुनौती तेर्सिएको छ ।
- ❖ आधुनिकतावाद र उत्तर – आधुनिकतावाद दुवैले महाख्यानिक चेतनाको विरोध एवम् नयाँ समय चेतना, मार्जिनल र सबाल्र्टनहरू पहिचान र अस्तित्वको लागि उठेको प्रखर आवाज गर्दछ ।

यस प्रखण्डको अध्ययनले **आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । आधुनिकतावाद र उत्तर - आधुनिकतावादको परिचय र यी दुई माझ भिन्नता र प्राप्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 3.8 अनुशीलनी

१. आधुनिकतावाद र उत्तर - आधुनिककालको उद्भवबारे चर्चा गर्दै यस कालका विविध साहित्यिक धाराहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. आधुनिकतावाद र उत्तर - आधुनिकतावादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा आधुनिकतावाद र उत्तर - आधुनिकतावादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. आधुनिकतावाग र उत्तर - आधुनिकतावादका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. आधुनिकतावाद र उत्तर - आधुनिकतावादमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा आधुनिकतावाद र उत्तर - आधुनिकतावादले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमामा आधुनिकतावाद र उत्तर - आधुनिकतावादलाई अङ्गालेर के कति साहित्य लेखिएको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

८. आधुनिकतावाद र उत्तर - आधुनिकतावादको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. आधुनिकतावाद र उत्तर - आधुनिकतावादमा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. आधुनिकतावाद र उत्तर - आधुनिकतावादका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

## 3.9 अतिरिक्त अध्ययन


४८.गौतम, कृष्ण – **उत्तर - आधुनिक जिज्ञासा** ।

४९.गौतम, लक्ष्मण प्रसाद - **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**।

५०.गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति** ।

५१.चापागाईं, निनु - **उत्तर आधुनिकता : भ्रम र वास्तविकता** ।

५२. त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि**।

५३. नवीन, देव शङ्कर तथा शुसान्त कुमार मिश्र - **उत्तर आधुनिकता : कुछ विचार** ।

५४. पचौरी, सुधीश - **उत्तर आधुनिक साहित्यिक विमर्श** ।

५५. शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** ।

५६.शर्मा, मोहन राज - **आधुनिक तथा उत्तर आधुनिक पाठक मैत्री समालोचना** ।

५७. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र** ।

५८. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ।

५९. भट्टराई, गोविन्दराज - **पश्चिमी बलेँसीका बाछिटा** ।

६०. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन** ।

६१. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक विमर्श** ।

६२. भट्टराई, गोविन्दराज – **उत्तर - आधुनिक ऐना** ।

६३. नेपाल, घनश्याम –**आख्यानका कुरा** ।

६४. नेपाल, घनश्याम - **विधा विविधा** ।

६५. सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया** ।

६६. उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा** ।

६७. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा ।**

६८. एटम् , नेत्र - **नेपाली डायस्पोरा र अन्य समालोचना** ।

६९. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त** ।

७०. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म** ।

७१. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** ।

७२. सुवेदी, राजेन्द्र - **बृहत् नेपाली समालोचना** ।

७३. उल्फ्रेज, जुलिअन - **इन्ट्रोडयुसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्च्युरी** ।

७४. वार्ड, ग्लेन - पो**स्टमोर्डर्निजम्** , यूके : कन्टेम्पोरेरि बुक्स (म्याकग्रहिल) ।

७५. ग्लेन्डेनिङ, साइमन एन्ड रोबर्ट इगल्स्टोन (सम्पादक) - **डेरिडाज लिगेसिज : लिटरेचर एन्ड फिलोसोफी**, लन्डन : रुटलेज ।

७६. डुफोइ, स्टिफेन – डा**यास्पोराज**, बर्कले : युनिभर्सिटि अव् क्यालिफोर्निया ।

७७. बेल, डयाभिङ - **साइबरकल्चर थ्योरिस्टस्** , लन्डन न्यूयोर्क : रुटलेज ।

७८.    ल्योतार, जाँ-फ्राँस्वाँ - **द पोस्टमोर्डन कन्डिसन : अ रिपोर्ट अन् नले**ज (अनुवाद जेफ बर्निङटन एन्ड ब्रायन सासुमी) म्यान्चेस्टर युनिभर्सिटि प्रेस।

७९.हार्ट, केभिन – **पोस्टमोर्डर्निजम्** , वन वर्ल्ड, अक्सफोर्ड ।

८०. ह्यारावे, डोना - **अ म्यानुफेस्टो फर साइबोर्ग्स् : साइन्स, टेक्नोलोजी, एण्ड सोसलिस्ट फेमिनिजम् इन् द नाइन्टिन एटिज्** , सोसलिस्ट रिभ्यू ८०-६५- १०८ ।

यस अतिरिक्त आधुनिकतावाद र उत्तर - आधुनिकतावाद माझ भिन्नता र प्राप्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 3.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः   तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. आधुनिकतावादको सामान्य परिचय ।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. उत्तर - आधुनिकतावादको सामान्य परिचय ।

Notes

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.४ को उत्तर – आधुनिकतावादको सामान्य परिचयमा उत्तर खोज्न सक्नेछन् )**

१३. आधुनिकतावाद र उत्तर – आधुनिकतावाद माझ भिन्नता ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. आधुनिकतावाद र उत्तर – आधुनिकतावादको प्राप्ति ।

..........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.६ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१५. नेपाली साहित्यमा आधुनिकतावाद र उत्तर – आधुनिकतावादको प्रयोग।

.........................................................................................

.......

.........................................................................................

.......

.........................................................................................

.......

**( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ३.६ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 4, नारीवादको स्वरूप अनि प्रवृत्ति

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 नारीवादको अर्थ र परिभाषा

4.3 नारीवादको स्वरूप

4.4 नारीवादको प्रवृत्ति

4.5 उपसंहार

4.6 सार

4.7 अनुशीलनी

4.8 अतिरिक्त अध्ययन

4.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नारीवादको सामान्य परिचय
- नारीवादको अर्थ र परिभाषा
- नारीवादको स्वरूप

- नारीवादको प्रवृत्ति

## 4.1 परिचय

**नारीवाद** मार्क्सवादी विचारधाराबाट उत्प्रेरित र उद्भूत राजनैतिक समतामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो । पुरुष अधिकारको भञ्जन र नारी स्वतन्त्रता लेखन परम्परालाई नवीनकरण र मान्यता प्रदान गर्ने अभियानमा ओर्लेको यस सिद्धान्त सन् १९६० देखि द्रुतगतिमा अघि बढेको पाइन्छ । उदारता, सुधारमूलक मार्क्सवादी अवधारणा र मनोवैज्ञानिक सिद्धान्तहरूसँग सम्बन्धित रहेर नारीवाद उत्तरोतर विकासको निम्ति अग्रसर रहेको छ । नारीवादले नारीहरूको दमन र किनारीकरणसँग सम्बन्धित समस्यामा चासो राख्दछ । लैंङ्गिक अवधारणाको अध्ययन पनि नारीवादमा गरिन्छ । यो नारी स्तरको अध्ययन गर्ने एउटा वैज्ञानिक अवधारणा हो । पुरुषलिखित साहित्यमा नारीलाई कसरी हेरिएको हुन्छ र नारीका समस्यालाई कसरी सम्बोधन गरिएको छ ? भन्ने कोणबाट भारी जातिको अध्ययन अवलोकन गर्नु नै नारीवादी साहित्यको मूल अभीष्ट देखापर्दछ ।

पुरूषकेन्द्री साहित्यगत प्रवृत्तिलाई लत्याएर समकालीन नारीवादी समालोचना परिप्रेक्ष्य लेस्वियनिजम् (स्त्री समलिङ्गी) साहित्यको अध्ययन र विश्लेषणको परम्परा पनि हुर्किएको छ । लेस्वियनिजम् दिदी - बहिनी (womanhood) भावको अभिव्यक्ति हो र यसले जीववैज्ञानिक सिद्धान्तलाई समेत चुनौती दिएको छ । पश्चिममा नारीवादी साहित्य समालोचनामा ब्ल्याक फेमिनिस्ट साहित्यको अध्ययन र विवेचना गर्ने प्रचलन पनि फस्टाएको छ । नारीवादमा पनि विभिन्न तर्क, वाद, विवाद, विभाजन, उप - विभाजन, हाँगा -

बिँगा छन् । चरम नारीवाद, नरम नारीवाद, समाजवादी नारीवाद, नारीवादी तेस्रो धार, मनोविश्लेषक नारीवाद आदि वर्गीकरण गरिएको छ । सन् १९२० को दशकमा नारी लेखक तथा नारी साहित्यलाई हेर्ने नया“ र भिन्न दृष्टिकोणको प्रवेश भएको सङ्केत देखिन्छ । यस अवधिमा रिबेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरूमा नारी लेखकहरूले पितृसत्तात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूलतालाई स्पष्ट पारिएको छ । यस सन्दर्भमा उल्फको **A Room of One's Own** (सन् 1929) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेखका रूपमा रहेको छ ।

यसपछि डोरोथी रिचर्डसनद्वारा चेतनप्रवाह शैलीमा लेखिएको उपन्यास Pilgrimage १२ भागमा प्रकाशित भएको छ । यस बृहत् उपन्यासको विराम चिह्नरहित पोथी गद्यबारे भर्जिनिया उल्फले स्त्रीलिङ्गको मनोवैज्ञानिक वाक्य भन्ने टिप्पणी गरेकी छिन् । सन् १९४९ मा प्रकाशित फ्रान्सेली लेखक साइमन ड बुभाको **The Second Sex** नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृति हो । समाजमा नारीको स्थिति र भूमिकाबारे विश्लेषण गरिएको यस कृतिमा नारीको पहिचानसम्बन्धी विस्तृत समीक्षा गरिएको छ । यसमा स्टेन्धाल र डी. एच्. लरेन्सजस्ता पुरुषले लेखकहरूबाट गरिने नारीको प्रतिनिधित्वबारे पनि विश्लेषण गरिएको छ । यस ग्रन्थको मुख्य सन्दर्भ राजनैतिक भए पनि यस कृतिमा सर्वप्रथम पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरिएको छ । यसमा नारीको पहिचान नकारात्मक वस्तु वा अन्यका रूपमा तथा पुरुषको पहिचान प्रभुत्वशाली व्यक्तिका रूपमा विवेचना गर्दै पुरुष लेखकहरूका कृतिहरूमा

वर्णित नारीसम्बन्धी महान् सामुदायिक मिथहरूको विश्लेषण पनि गरिएको पाइन्छ ।

नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याइएको छ र पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ भन्ने मुख्य निष्कर्ष यस कृतिको रहेको छ । यसरी बुभाद्वारा नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरिएपछिसन् १९७० का दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक एवं सचेत प्रयास भएको हो । यसै बेलादेखि नारीसम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवाद अमेरिकामा विशेष लोकप्रिय हु“दै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई यसले सक्रिmय रूपमा कार्य गर्न थालेको देखिन्छ । बेलायतमा सन् १९७७ मा स्थापित **खष्चबनय** नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रकाशनको थालनी गरेको छ भने सन् १९७८ मा **त्जभ ध्यभलुक एचभककको** स्थापना भएको छ । नारीवादी समालोचनाले विगतका नारी लेखकहरूका कृतिहरूको व्यापक खोजी तथा पुनर्मुद्रण गर्नुका अतिरिक्त विद्वतापूर्ण तथा सिर्जनात्मक नारीलेखनलाई प्रोत्साहित गर्दै अगि बढिरहेको छ ।

## 4.2 नारीवादको अर्थ र परिभाषा

अंग्रेजी शब्द **फेमिनिज्म** (Feminism) - को नेपाली रुपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दर्भबाट नारीका हक हित र समानताको पक्षमा आवाज उठाउनुलाई **नारीवाद** भनिन्छ । नेपाली बृहत् शब्दकोशमा नारीवादको अर्थ

Notes

नारी अस्मिता वा नारीस्वतन्त्रता प्रति प्रतिबद्ध मान्यता,सिद्धान्त वा आन्दोलन भन्ने छ । विश्वमा प्राचीन समय देखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्ने नारीवादले पुरुषद्धारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गरेको पाइन्छ ।

नारीहरुको सामाजिक, आर्थिक एवं साँस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरुको सोचाइ, अनुभव, क्रियाकलाप एवं गतिविधिहरुलाई विशेष महत्व दिने नारीवादले पुरुषद्वारा स्थापित नारीसम्वन्धी समस्त धारणा, दृष्टिकोण, पूवाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ । महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्वन्धी दृष्किोण आदि महिलाकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् त्यति पुरुषहरुद्वारा सिर्जित रचनाहरुबाट हुदैनन् भन्ने दृष्टिकोण र मान्यता विगत केही दशक देखि स्थापित भईसकेको र नारीवादी चिन्तकहरुले पनि यसै मान्यतामाथि जोड दिएका छन् ।

पश्चिमी मुलुकमा नारीमुक्तिको सङ्घर्ष धेरै अघिदेखि चलेको पाइए तापनि नारीवादी आन्दोलन, नारीवादी साहित्य सिर्जना र समालोचनाको वास्तविक थालनी स्न १९६० को दशकदेखि मात्र भएको देखिन्छ । त्यसबेलासम्म समाजमा र कानुनमा नारीको अवस्था अत्यन्तै दुखद् र प्रतिकूल रहेको पाइन्छ । अरस्तुले केही गुणहरुको कमीका कारण नारी नारीभएको हो भनेर

नारीलाई कमजोर सावित गर्न खोजेका छन् । सेन्ट टमस एक्विनसले पनि नारीको खोट देखाउँदै नारीलाई अपूर्ण मानिस भनी उल्लेख गरेका छन् । मनोविश्लेषक फ्रायडले पनि नारीमा शिश्न इष्र्या हुन्छ भन्ने सन्दभबाट नारीको निर्यातलाई शारीरिक बनोटगत अर्पूणताको परिणाम मानेका छन् । नारीवाद यस्तै यस्ता नारीविरोधी दृष्टिकोणका विपक्षमा देखिएको छ । प्रायः सबै चिन्तक, दार्शनिक, नेता, वैज्ञानिक आदि पुरुष् भएका कारण नै नारीलाई हीनतर मानेका हुन् भन्ने धारणा नारीवादीहरुले व्यक्त गरेका छन् । नारीहरुलाई हीन तुल्याँउने कार्य प्रकृतिले नभएर सामाजिक व्यवस्थाले गरेको हो भन्ने दृष्टिकोण नारीवादीहरुको रहेको छ । नारीका यिनै विविध पक्षसँग सम्बद्ध साहित्य एवं समालोचनालाई नारीवादी साहित्य तथा समालोचना भनिन्छ । नारीवाद र नारीवादी समालोचनालाई स्पष्ट पार्न नारीका केही ऐतिहासिक तथ्यंहरु बारे जान्न आवश्यक छ ।

सम्पूर्ण मानवजातिको कुरा गर्दा महिला र पुरुषको छुट्टछुट्टै विभाजन र अस्तित्व हुदैन । यी दुवै मानव समाजका अभिन्न अङ्ग हुन् । तर लिङ्गको आधारमा महिला र पुरुष दुई वर्ग भनी छुट्याउँदा मानव निर्मित सामाजिक र राष्ट्रिय नियम, कानून आदिको आधारमा जुन भेदभाव महिला र पुरुषमा आएको छ, त्यसको आधारमा मात्र महिला वर्गको बेग्लै तरीकाले अध्ययन हुन सक्दछ । महिला र पुरुषमा बीचमा शारीरिक बनावटको भिन्नताले गर्दा प्राकृतिक प्रजनन् प्रक्रियामा रहेका बेग्लाबेग्लै भूमिका आदि जस्ता कुराहरुमा देखिने भिन्नताबाहेक अन्य कुराहरुमा महिला र पुरुषबीच भिन्नता पाईदैन तर विभिन्न विधान, धर्मशास्त्र, नीतिशास्त्र, उक्ति आदिले महिलाका बारेमा किन्तु बढी घृणा गरी तल्लो स्तरममा राखेको पाईन्छ कि

बढी बढी प्रशंसा गरी उल्लेख गरेको पाईन्छ । यसरी महिलाका बारेमा बढी प्रशंसा गर्नु पनि आवश्यक छैन भने बढी घृणा गरेर हेपेर हियाएर हेर्नुपनि आवश्यक देखिदैन । किनकि एउटा सिक्काका दुई पाटा पनि भनिने महिला र पुरुष दुवैको यस धर्तीमा उत्तिकै महत्व छ भने उत्तिकै अधिकार र आवश्यकता पनि छ । साहित्य र समालोचनाका क्षेत्रमा नारीवादले यस्तै मान्यता राखेको छ ।

विश्व साहित्यमा सन् १९२० को दशकमा नारी लेखक तथा नारी साहित्यलाई हेर्ने नयाँ र भिन्न दृष्टि कोणमा प्रवेश भएको सङ्केत देखिन्छ । यस अवधिमा रिबेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरुमा नजारी लेखकहरुले पितृसत्तात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा साँस्कृतिक प्रतिकूलतालाई स्पष्ट पारिएको छ । यस सन्दर्भमा उल्फको **ब् च्यय या यलभुक यधल** (सन् १९२९) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेखका रुपमा रहेको छ । यसपछि डोरोथी रिचर्डसनद्वारा चेतन प्रवाहशैलीमा लेखिएको उपनयास **एष्ष्नचष्बनभ** बाह्र भागमा प्रकाशित भएको छ । त्यस्तै सन् १९४९ मा प्रकाशित फ्रान्सेली लेखक साइमन ड बुमाको **त्जभ कभअयलम कभह** नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृति हो । समाजमा नारीको स्थिति र भूमिकाबारे विश्लेषण गरिएको यस कृतिमा नारीको पहिचान सम्बन्धी विस्तृत समीक्षा गरिएको छ । यस ग्रन्थको मुख्य सब्र्दभ राजनैतिक भए पनि यस कृतिमा सर्वप्रथम पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरिएको छ ।

बुमाद्वारा नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरिएपछि सन् १९७० को दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक एवं सचेत प्रयास भएको हो । यसबेला देखि नारी सम्बन्धी अध्ययन छुट्टै विषयका रुपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवाद अमेरीकामा विशेष लोकप्रिय हुँदै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशनगृहरुको स्थापना भई यसले सक्रिय रुपमा कार्य गर्न थालेको देखिन्छ । यसपछि नारीवादी लेखन तथा समालोचनाका क्षेत्रमा सम्यारी एल्मन, केट मिलेट, मिसेल बारेट, जर्मिन ग्रिएर, सान्ड्रा गिल्वर्ट, सुसान गुबार, टोरिल मोई, एलेन सोवाल्टर, मेयर स्याक्स आदि फ्रान्सेली नारीवादी चिन्तक एवं लेखकहरु अनि जुलिया क्रिस्टिमा, एल.एरिग्यारी, हेलेन सिकस आदि फ्रान्सेली नारीवादी चिन्तक एवं लेखकहरुको भूमिका उल्लेखनीय र महत्वपूर्ण छ ।

पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रशस्त गरेको नारीवादी लेखनमा पुरुष मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरण नगरी नारीहरुको आफ्नै संसारको निर्माण तथा आफ्नै खोजीमा जोड दिन्छ । नारीका छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना, रुप हुन्छ भन्ने दृष्टिकोणका साथ अघि बढेको यस नारीलेखनले नारीको आफ्नै शब्दचयन, वाक्यगठन र अभिव्यक्ति प्रकर हुन्छ भन्दै छुट्टै नारीभाषाका सम्भाव्यतातर्फ स्पष्ट सङ्केत गरेको छ । बहुलवादी दृष्कोिणका साथ अघि बढेको यस समालोचनाले नारी र पुरुषको धु्रवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण प्रस्तुत गर्दै प्रचलित पद्धति अनुरुप पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको विश्लेषण गर्छ । नारीमुक्ति र समानताको पक्षमा

वकालत गर्ने यसले समाजमा युगौंदेखि दबिएका शोषित, प्रताडित नारीलाई पुरुष समानस्थान दिने अभियान चलाएको छ ।

## 4.3 नारीवादको स्वरूप

२० औँ शताब्दीमा पश्चिमा जगत्मा उदाएको नारीवादी आवाज खासमा पुरुष सत्ताको असन्तुष्टि स्वरूप आएको हो । यसले नारीलाई बिचरा, कठै या दयाको पात्र बनाइने स्थापित र पुरानो विचारधाराको आलोचना गर्छ । प्राज्ञिक हिसाबमा नारीवादका विभिन्न स्रोत र उद्देश्य छन् । सम्बन्धविच्छेदलाई कानुनी मान्यता दिलाएको यसले नै हो ।

साहित्य भन्नोस् या राजनीतिमा, पुरुषकै वर्चस्व छ । राजनीतिमा नारीका मुद्दालाई चुनावी रणनीतिका रूपमा मात्र उपयोग गरिएको छ भने साहित्यमा कहिले - काहीँ नारी पात्र, विषय र मुद्दा आउँछन् । नारीवादकी अध्येता अर्चना थापा भन्छिन् - "यस्तो अवस्थामा नारीका मुद्दामा सहानुभूति राख्नेलाई पनि नारीवादी मान्नुपर्छ । नारीवादी हुनलाई नारी नै हुनु जरुरी छैन । पछिल्लो समय नारीवादी त थुप्रै भेटिन्छन् तर नेपाली भाषामा नारीवादसम्बन्धी सग्लो एउटै पुस्तक देखिँदैन । न पश्चिमा पुस्तकका अनुवाद भए, न यहाँ कुनै मौलिक पुस्तक लेखिए । त्यसैले नारीवादका बारेमा विभिन्न बुझाइ छन् । नारीवादी नै अलमलमा छन् । खासमा हो के नारीवाद ? "न मैले जेन्डर पढेकी हुँ, न एनजीओ चलाएकी छु । मलाई त अर्कै ग्रहको मानिसजस्तो गर्छन्," अर्की नारीवादी सावित्री गौतमको अनुभव छ, "यहाँ नारीवादी लेखन नै छैन । भएको भए गलत बुझाइ हुने थिएन ।"

सावित्रीका शब्दमा मंगलादेवी सिंह, शैलजा आचार्य, हिसिला यमी या पम्फा भुसालको 'गेट अप' नारीवाद होइन । कपाल काट्नु वा चुरोट सल्काउनु पनि नारीवाद होइन । "फेसबुकमा आमाको फोटो हालेर ढोङ पिटाउने लेखक वा राजनीतिज्ञ नारीवादी कि मलाई मेरी आमाको सन्तान हुनुमा गौरव छ, उनले नि:सर्त नागरिकताको हक पाउनुपर्छ भनेर वकालत गर्ने नारीवादी ?" उनको प्रश्न छ । २२ वर्ष अगाडि महिला मन्त्रालय गठन भएपछि पनि महिला 'सशक्तीकरण' शब्दका साटो 'सबलीकरण' गर्नुपर्‍यो भने महिला र विकास शब्द गाँसेर काम गर्नुपरेको थियो । कम्तीमा अहिले त्यो अवस्था छैन । "नारीवादमा एउटै बुझाइ हुनुपर्छ भनेर जिद्दी गर्न मिल्दैन," नारीवादलाई समेटिएको पुस्तक नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तनका सम्पादक प्रत्यूष वन्त निष्कर्ष दिन्छन्, "एकैथरी प्रेस्क्रिप्सन दिए त बहस पनि पट्यारलाग्दो भइहाल्छ नि !"

नारीवादीका अन्य भेद पनि थपिँदै छन् – साइबर - नारीवाद, इको - नारीवाद आदि । यसरी प्रतिमान बदलिएको छ । यिनीहरूको सिद्धान्त र समालोचनाका स्वरुपहरूको नेपाली साहित्यमा ठूलो खाँचो छ । सारांशमा प्रस्तुत रचनाले भन्दछ - परिवर्तित प्रतिमानप्रति स्रष्टाहरूले सचेत हुने समय आएको छ । वर्तमानको नयाँ समयले नयाँ कलम जन्माउँदै छ । आशा छ छिटै एक भिन्न मूलधार परिभाषित हुनेछ । नारीवादी लेखन तथा समालोचनाका क्षेत्रमा सम्यारी एल्मन, केट मिलेट, मिसेल बारेट, जर्मिन ग्रियर, सान्ड्रा गिल्बर्ट, सुसान गुबार, टोरिल मोई, एलेन सोवाल्टर, प्याट्रिसिया मेयर स्याक्स, एलेन मुर्स आदि आङ्ल–अमेरिकाली नारीवादी चिन्तक एवं लेखकहरू तथा जुलिया व्रिmस्टिभा, एल्. इरिग्यारी, हेलेन सिकस आदि फ्रान्सेली

Notes

नारीवादी चिन्तक तथा लेखकहरूको भूमिका उल्लेखनीय र महत्वपूर्ण छ । नारीवादी समालोचनाको महत्तम उपलब्धिमध्ये नारी लेखनबारे लुप्त परम्पराको खोजी, नारी प्रकाशन संस्थाको स्थापना तथा नारीका कृतिको पुनर्मुद्रण रहेको देखिन्छ । विश्वमा अहिले नारीवादी समालोचनाका क्षेत्रमा प्रचुर मात्रामा गहकिला कृतिहरूको लेखन, सम्पादन र प्रकाशन भएको पाइन्छ।

पितृ सत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रशस्त गरेको नारीवादी समालोचनाले नारी लेखनमा पुरुष मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरण नगरी नारीहरूको आफ्नै संसारको निर्माण तथा आफ्नै सवको खोजीमा जोड दिन्छ । नारीका छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना, रूप हुन्छ भन्ने दृष्टिकोणका साथ अगि बढेको यस समालोचनाले नारीको आफ्नै शब्द चयन, वाक्यगठन र अभिव्यक्तिप्रकार हुन्छ भन्दै छुट्टै नारीभाषाको सम्भाव्यतातर्पm स्पष्ट सङ्केत गरेको छ । बहुलवादी दृष्टिकोणका साथ अगि बढेको यस समालोचनाले नारी र पुरुषको ध्रुवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण प्रस्तुत गर्दै प्रचलित पद्धतिअनुरूप पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको विश्लेषण गर्छ । नारीमुक्ति र समानताको पक्षमा वकालत गर्ने नारीवादी समालोचनाले समाजमा युगौंदेखि दबिएका, शोषित, प्रताडित नारीलाई पुरुष समान स्थान दिने अभियान पनि चलाएको छ ।

हुन त नारीवादी साहित्यहरू पहिले पनि लेखिएका छन् र यसलाई आधुनिक प्रवृत्ति मानेर चर्चा गर्न पनि सकिन्छ । तापनि पश्चिमी साहित्यमा सन् १९६० पछि प्रबल रूपमा देखापरेको नारीवादको प्रभाव नेपाली साहित्यमा आधुनिकतावादको अवधिमा बढी परेको देखिन्छ । पुरुष - केन्द्री साहित्यका

विरुद्धमा नारी - केन्द्री साहित्यको सिर्जना गर्नु, पुरुषको एकाधिकारवादी चिन्तनको विरोध गर्नु, कृतिमा नारी अनुभवलाई अग्रभूमिमा ल्याउन खोज्नु, नारी समानता, स्वतन्त्रता र सबलताको पक्षधर हुनु, शोषित, पीडित, अपहेलित नारीहरूका कुण्ठा, पीडा र अवसादलाई प्रमुखता दिनु, नारीमाथिका यावत् विभेद अन्त्य गर्न खोज्नु आदि नारीवादी साहित्यका प्रमुख प्रवृत्ति हुन् ।

## 4.4 नारीवादको प्रवृत्ति

नारीवादीको लेखन र यस साहित्यको विकासका सन्दर्भमा बेलायतमा सन् १९७७ मा नारीहरुको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गएपछि र सन् १९७८ मा नारीवादी संस्थाको स्थापना भएपछि नारीवादी लेखनमा तिब्रता हुनका साथौ विगतका नारी लेखकहरुका कृतिहरुको व्यापक खोजी तथा पुनर्मुद्रण गरेर लगेको पाइन्छ । यस प्रवृतिका लेखनले विद्वतापूर्ण तथा सिर्जनात्मक नारी लेखनलाई विशेष प्रशय दिदै अगाडि बढेको देखिन्छ ।

नारीवाद तथा नारीवादी लेखनमा विभिन्न धारा, प्रवृत्ति र वैशिष्ट्यहरू देखिन्छन् । यसमध्ये नारीवादको विकासमा निम्नलिखित तीनवटा प्रवृत्तिहरू मुख्य रूपमा रहेको पाइन्छ । ती हुन् –

(१) **राजनैतिक नारीवादी प्रवृत्ति**

यो प्रवृत्ति माक्र्सवादतर्फ बढी ढल्किएको छ । यय प्रवृत्ति अन्तर्गत केटमिलेट, मार्गरेट मिड, मिसेल बारेट आदि विद्वानहरूको महत्वर्पूण भूमिका रहेको छ । मिलेटले आफ्नो कृति **क्भहगब उयष्तिष्अभ** (सन् १९६९) - मा विद्यमान सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी आधिपत्य जमाएको छ भन्ने मत व्यक्त गर्दै पितृसत्तात्मकतालाई नारी दमनको मूल

कारण मानेकी छन् । यसैगरी मार्गरेट मिडले नारीहरुलाई राजनैतिक दृष्टिका साथ मनोवैज्ञानिक, आर्थिक, साँस्कृतिक, धार्मिक दृष्टिबाट समेत प्रताडित गरिएको छ भन्ने धारणा राख्दै नारीहरु साहित्यमा समेत थिचो - मिचोमा परी गौण बनेको ठहर गर्दै नारी लेखकहरुले आफ्नो अनुभूति सम्प्रेषित गर्न बेग्लै आख्यानात्मक रुपको आवश्यकता छ भन्ने दृष्टिकोण राखेकी छन् ।

मिसेल बारेटले गृहस्थीको आर्थिक सङ्गठन, शिक्षा पद्धति, लैङ्गिक पहिचान र यौन तथा शारीरिक पुर्नरुत्पादनको सम्बन्ध आदिका सन्दर्भबाट नारी लैङ्गिक अवधारणाको माक्र्सेली विश्लेषण गर्दै नारी उत्थानका लागि संस्कृति र आर्थिक उत्पादन का क्षेत्रमा परिर्वतन आवश्यक छ र नारीवादी समालोचकहरुले लैङ्गिकताको साँस्कृतिक पहिचान, परिभाषा र प्रतिनिधित्वलाई अनुकूल तुल्याउँने प्रयास गर्नुपर्छ भन्ने धारणा रादेकी छन्।

(२) **गाइनो प्रवृत्ति**

यय नारीवादी लेखनलाई गाइनो प्रवृत्ति र यस्ता लेखकलाई गाइको लेखक भनिन्छ । यसको नामाकरण एलिन सोवाल्टरद्वारा भएको हो । यसको तात्पर्य नारी लेखकका कृतिको परिक्षण र मूल्याङ्कन गर्नु हो । यस अन्तरगत नारी भाषा, शैली, विषय, संरचना, रुप पद्धति, उत्प्रेरणा, उत्पादन, व्याख्या, विश्लेषण आदि सबै आफ्नै हुन्छ भन्ने मान्यता हुन्छ । गाइनोवादी लेखकहरु नारीहरुको आफ्नै भाषा छ भन्ने मान्छन् । यस्तो भाषालाई फ्रान्सेली शब्दमा **भअचष्तगचभ** भनिएको सोवाल्टरले आफ्नो पुस्तकमा नारी लेखनको आफ्नै इतिहास र परम्परा छ भन्दै नारी लेखनका विकासको लुप्तपरम्परा निम्नलिखित तीन चरणमा भएको धारणा राखेकी छन्ः

**(क) नारी जातीय चरण (सन् १८४० – सन् १८८०)**

नारीहरुले भाले (पुरूष) परम्परा र सौन्दर्यशास्त्रको अनुकरण र अनुसरण गरी कृति लेखेको उत्तम हो भन्दै एलिजावेथ ग्यास्केल तथा जर्ज एलियटले आफ्ना कृतिमा घरेलु तथा सामाजिक पृष्ठभूमिमा नारीको चित्रण गरेका छन् । यो चरणमा पितसत्तात्मकताको विरोध गरिएको पाईंदैन् ।

**(ख) नारीवादी चरण (सन् १८८० – सन् १९२०)**

यस चरणका प्रमुख नारी लेखकहरु एलिजावेथ रविन्स र ओलिभर स्क्रिनरले भाले वा पुरूषका मूल्य - मान्यता तथा संहिताको उपेक्षा गरी पितृसत्तात्मकताको विरोध गरेका छन् ।

**(ग) नारी चरण (सन् १९२० पछि )**

यो चरणमा आइपुगेपछि नारीहरुले आफ्नै स्वायत्त नारी परिप्रेक्ष्यको जोडदार वकालत गर्दै आफ्ना स्वत्वको खोजी गरेका छन् । यस चरणका नारी लेखकमा रेवेका वेस्ट, क्याथरिन म्यान्स फिल्ड र डोर्थी रिचर्डसन आदिले स्त्रीशुलभ लज्जालुपनलाई त्यागेर अनेकार्थी कृतिको रचना गरेका छन् भने । यस चरणमा जँ राइज् ए. एस. ब्याट, मार्गरेट ड्र्याबल, ब्रिगिड बर्फी, पेनेलोप मोर्टिमर, डोरिस लेसिङ् आदिले यौनको निर्धक्क अभिव्यक्ति गरेका छन् ।

(३) **फ्रान्सेली नारीवादी प्रवृत्ति**

फ्रान्स्ली नारीवादी चिन्तक तथा लेखकहरुले लेखनमा लैङ्गिक भूमिकका सम्बन्धी सिद्धान्तको अध्ययन गरेका छन् । यिनीहरुले भाषा पक्षमा जोड दिंदै छुट्टै नारी भाषाको सम्भाव्यता देखाई नारीवादी धारणालाई अगाडि बढाएका छन् । यसले मुख्यतः नारीद्वारा लेखिएका र नारीबारे लेखिएका कृतिहरुको विषयगत अध्ययन गरेका छन् । जुलिया क्रिस्टिभा, एल. इसिग्यारी, हेलेन सिकस आदिका कृतिहरूमा उपर्युक्त मान्यता पाइन्छन् । यस धाराकी प्रमुख नारी लेखक जुलिया क्रिस्टेभाले विनिर्माणको सिद्धान्तबाट

Notes

केही विचारहरु अगाडि सारेर निम्न तीन रुपमा नारीवादलाई हेर्न अनुरोध गरेकी छन् ।

१) महिलाहरु समान प्रतीकात्मक अनुक्रम चाहन्छन् ।

२) भिन्नताको व्याख्या गर्दै महिलाहरु पुरुष प्रतीकात्मक अनुक्रमको विरोध गर्छन् ।

३) महिलाहरु प्रचलित परम्परामा निहित स्त्रीलिङ्ग र पुलिङ्गको विभाजनको अन्त्य चाहन्छन् ।

यो फ्रान्सेली नारीवादी धारामा उत्तर - आधुनिककालीन समालोचनाका धेरै मान्यताहरुको सम्मिश्रण गरिएको पनि पाइन्छ ।

उपर्युक्त नारीवादको प्रवृत्तिहरूलाई अध्ययन गर्दा नारीवादी एउटा आन्दोलनको रूपमा राजनीतिक क्षेत्रबाट जन्म लिएर साहित्यका क्षेत्रमा विस्तार पाएको वाद मानिन्छ । नारी लेखनको इतिहास पूर्व तथा पश्चिममा धेरै पुरानो भए पनि साहित्यिक आन्दोलनका क्रममा नारीवादी लेकन उत्तर - आधुनिककालीन समालोचना सिद्धान्त हो । सत्तरीको दशकको अन्त्यदेखि विधिवत्रुपमा अमेरीकाबाट यसको आरम्भ भएको मानिन्छ भने अमेरिकी नारीवादी लेखिका केटमिलेटको यौन राजनीति (सन् १९७७) - लाई यस आन्दोलनको प्रारम्भिक दस्तावेज मानिन्छ । वास्तवमा नारीवादी लेखनको विकास प्रक्रियालाई हेर्दा यो तीन चरण पार गर्दै अगाडि बढेको देखिन्छ । ती तीन चरणहरुमा पहिलो चरण पितृसत्ताको विरोध, दोस्रो चरण स्त्री लेखन वा स्त्री साहित्यको खोज र तेस्रो चरण जीवन साहित्य र आलोचनाका जीव वैज्ञानिक, भाषा वैज्ञानिक, मनोवैज्ञानिक, ऐतिहासिक तथा राजनीतिक आदि निर्धारक शक्तिहरुको परीक्षण हो ।

पितृसत्ताको विरोध नारीवादी लेखनको पहिलो चरण हो । यस चरणमा पुरुष लेखनमा नारीको अवमूल्यन भएको, नारीहरु नरका अनुगामी मात्र भएका , नारीहरु आत्मनिर्भरताको स्थितिमा नपुगेका, उनीहरु पुरुषका इच्छातृप्तिका साधनमात्र बनेका कुराहरुको खोजी गरिएको छ । यस चरणमा नारीलाई साहित्यमा उचित स्थान नदिइएकाले त्यस विरोधी धारणाहरु व्यक्त गरिएको छ । नारीवादी लेखनको दोस्रो चरण स्त्रीलेखन वा स्त्री साहित्यको खोजी हो । विशेषतः पुनर्जागरणकालपछि नारीहरु पाठकमात्र नभएर लेखक पनि बन्न थालेका छन् । यस चरणमा साहित्यमा नारीलाई कसरी चित्रण गरिएको छ भन्ने मात्र खोजी नगरी नारीहरु लेखनमा लोग्नेमान्छे सँग प्रतिष्पर्धा गर्न थाले र उत्तम कोटिका रचनाहरु निर्माण गर्न थाले । यो मोडलाई नै एलेन सोवाल्टरले गाइनो क्रिटिक्स नाम दिएकी हुँन् । लेखिका र समीक्षकको रुपमा स्त्रीको अध्ययनलाई गाइनो क्रिटिक्स भनिन्छ ।

नारीवादी लेखन तेस्रो चरणमा आइपुग्दा निकै बौद्धिक र बहुविध विषयसँग सम्बद्ध भएर देखापर्छ । यस चरणमा यसले जीवन, साहित्य र आलोचनाका साथै जीव वैज्ञानिक , भाषा वैज्ञानिक, मनोवैज्ञानिक, समाज, ऐतिहासिक तथा राजनैतिक आदि निर्धारक शक्तिहरु नारीका लागि कति उपयोगी छन् भनी परीक्षण गर्दछ । मूलतः नारीवाद एउटा व्यवहारवादी आन्दोलन हो । यसले सामाजिक, साँस्कृतिक एंव साहित्यिक विषयमा नारी जातिका बारेमा आवाज उठाउँछ । नारीका पक्षमा रहेर उनीहरुका विचार, मूल्य - मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुर्याउँछ । यसका साथै यसले नारी स्वतन्त्रता, मुक्ति र आत्मनिर्भरता प्रदान गर्न बल दिन्छ । पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका समस्याहरुलाई अगाडी सार्दै यसले नारीले पुरुष

सरह पूर्ण नागरीक भएर बाँच्न पाउनु पर्छ, आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा पनि पुरुषले सरह अधिकार प्रात्त गर्नु पर्छ, अभिव्यत्ति स्वतन्त्रता पुरुषले सरह प्राप्त गर्नुपर्छ भन्ने मान्यता राख्छ ।

संसारमा अधिकांश घटना र द्वन्द्व हेर्दा - राम हुनलाई सीता हुनै पर्थ्यो, त्यस्तै कृण हुनलाई राधा । शिवका कथा पार्वती अधुरा छन् भने विष्णुका कथा लक्ष्मी बिना । रावण पर्दामा ल्याउँने सीता नै हुन । आजका सारा पुरुषहरु आफ्नो पररुषार्थ र गौरवलाई नारीसंग नजोडि सम्पन्न गर्न सक्दैनन् । नारीलाई वेश्या देखाउँदा होस वा आफु बुद्ध देखिनका लागि पुरुषलाई नारी चाहिन्छ । नारीलाई अवला देखाएर आफु सवल हुन पुरुषलाई नारी नै चाहिन्छ । नारीलाई मानसिक रुपमा कमजोर मानेर आफु साहसी हुन पुरुषलाई नारी नै चाहिन्छ । चर्चाको केन्द्रको विषयमा रहने विषय हो नारी । यसरी एक अर्काका पु!क भएपछि समान हौसियत हुनै पर्छ र खोज्नु पर्छ भन्ने मान्यता नारीवाद को हो । अतः यस आन्दोलनको आशय लोग्ने मान्छेको विरोध गर्नु नभएर नारीलाई पुरुषसरह उभ्याउनु हो ।

नारीवाद नारीसंग सम्बिन्धित साहित्यका विषयमा गरिने एउटा वाद हो । साहित्यका सन्द्रभमा कुनै कृतिमा नारी पात्रहरु उपस्थित हुदाँ त्यसमा उनीहरुको स्थिति, अवस्था, उनीहरुले पुरुषका कारण भोग्नुपरेका समस्या, उत्पीडन, पुरुषको भोग्या र खेलौना बन्नुपरेको बाध्यता आदिलाई राम्रोसंग विश्लेषण गरिन्छ । नारीवादले पूरुषबाट लेखिएको साहित्यमा नारीको भूमिका र स्थान कस्तो छ ? भनी हेर्दै नारीद्वारा लेखिएका कृतिमा नारीले आफ्ना विचार भावनाको अभिव्यत्ति कसरी दिएकी छ भन्ने खोजि गर्छ । यसका

साथै पितृसत्तात्मक समाजमा नारीको स्थिति र अनुभूतिलाई हेर्ने गर्दछ । नारीवादको बारेमा डेभिड लज भन्छन –“प्रसिद्ध कृतिका यौनरुढिलाई नग्याउदैं र नारी लेखिकाको कृतिलाई नवव्याख्या दिएर पुनर्जीवित गर्दै प्रचलित लाग्ने मान्छेको साहित्यिक इतिहासलाई सुध्याउन नारीवादी लेखनको काम हो ।” लेखिका द्वय क्याथरिन वेल्सी र जेन मूरको भनाइअनुसरा – “नारीवादी पाठक अन्य प्रश्नहरुका विच सोध्न सक्छ, टेक्स्टले नारीहरुलाई कसरी प्रतिनिधित्व गर्छ,  लीङ्गीय सम्बन्धका बारे यो के भन्छ कसरी लैङ्गीक भिन्नतालाई परिभाषित गर्छ, नारी समस्यालाई ऐतिहासिक दृष्टिले बुझ्ने तथा मूल्याङ्घन गर्ने प्रयास गर्छ ।”

समयका दृष्टिले वर्तमान विश्व एक्काईसौं शताब्दीमा प्रवेश गरिसकेको छ । एक्काईसौं शताब्दी भनेको विज्ञान र प्रविधिको विकास द्रुततर गतिमा दौडिरहेको समय हो । ज्ञानविज्ञानका हरेक क्षेत्रमा भइरहेको तीव्रतर विकासले आजको विश्व दिनानुदिन परिवर्तन भइरहेको छ । यसले हाम्रो जीवन शैली, संस्कार तथा मूल्य - मान्यताहरूलाई समेत निरन्तर रूपमा परिवर्तन गर्दै नयाँ - नयाँ अवधारणाहरूको विकास गराइरहेको छ । वर्तमानमा जीवनका प्रत्येक पल प्रविधि नियन्त्रित हुँदै गइरहेका छन् । अझ विद्युतीय सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व र अकल्पनीय क्रान्तिले विश्व क्रमशः भूमण्डलीकृत हुँदै गइरहेको छ । यसबाट एकातिर सम्पूर्ण मानवीय क्रियाकलापहरू सरल, सुगम तथा मनोरञ्जनात्मक हु“दैछन् भने अर्कातिर परिस्थिति उत्तिकै भयावह पनि बन्दै गइरहेको छ । विश्वमा व्याप्त यसप्रकारका परिवर्तनले नेपाली समाज पनि अछुतो रहन सक्दैन र रहनु पनि हु“दैन । वर्तमान विश्वमा भइरहेको विकास र परिवर्तन विज्ञान एवं प्रविधिका

क्षेत्रमा मात्र सीमित नभई विचार, सोचाइ र चिन्तनका क्षेत्रमा पनि उत्तिकै व्यापक रूपमा देखापरिरहेको छ । कुनै समयमा शाश्वत र चिरस्थायी मानिने कतिपय विचार र सिद्धान्तहरू आज पुनर्व्याख्यित र पुनर्परिभाषित हु“दै छन् भने कतिपय नयाँ सिद्धान्त र विचारहरू पनि प्रतिष्ठापित भइरहेका छन् । यस्ता नयाँ विचार र सिद्धान्तहरूमध्ये नारीवाद पनि एउटा हो ।

पितृसत्तात्मक शोषणको विरोध गरी महिलालाई शोषणबाट मुक्त गर्ने उद्देश्यले पश्चिममा नारीवादी आन्दोलन सुरु भएको हो । यसले महिला र पुरुषको बारेमा गरिएका परम्परागत परिभाषाहरूलाई पुनः परिभाषित गर्नुपर्ने धारणा राख्दै लैङ्गिक समानतामाथि जोड दिएको छ । विभिन्न समयमा विभिन्न विचारक र चिन्तकहरूले यसलाई आ - आफ्नै ढङ्गले व्याख्या गरेका छन् । यस्ता विचार र चिन्तनहरू भौतिक विकासको चरमचुलीमा पुगिसकेका पश्चिमी देशका सन्दर्भमा अभिव्यक्त भएकाले यिनलाई हाम्रो चेतनाको स्तर, आर्थिक क्षमता र जीवनशैलीले कत्तिको आत्मसात् गर्नसक्छ भन्ने कुरा बुझ्नु पनि अत्यन्त जरुरी छ ।

नारीवादको दृष्टिले आजका वर्तमान विश्वलाई अवलोकन गर्दा नारीहरूका जनसङ्ख्याको एउटा ठूलो हिस्सा यस्तो भयावह स्थितिमा गुज्रिरहेको अवस्थामा केही पढेलेखेका सहरिया नारीहरू भने फेसन सो र सुन्दरी प्रतियोगिताको पक्षमा वकालत गर्न निकै व्यस्त देखिन्छन् । उनीहरूले आफुहरू निकै आधुनिक, सभ्य र स्वतन्त्रता प्रेमी भएको दाबी गरिरहेका छन् । तर उनीहरूको चेतनाको स्तर भने अत्यन्त दयनीय देखिन्छ । समाजमा विद्यमान यस्ता विकृति र विसङ्गतिबाट उत्पीडित महिलाहरूको सहयोगार्थ हाल नेपाल र भारतमा मात्रै नभएर विश्वमा सरकारी, गैरसरकारी तथा

अन्तर्राष्ट्रिय स्तरका असङ्ख्य सङ्घ - संस्थाहरू पनि खुलेका छन् । गरिब, निमुखा, असहाय, शोषित, पीडित तथा द्वन्द्व पीडित नारीहरूका नाममा खुलेका यस्ता संस्थाहरू कथित घरानिया नारी तथा राजनैतिक नेताका आफन्तहरूले तारे होटलमा गोष्ठी गर्ने, सञ्चार माध्यममा प्रचारप्रसार गर्ने तथा डलरको आम्दानी गर्ने स्रोतका रूपमा मात्र रहेका देखिन्छन्, यिनको उपलब्धि भने शून्यप्रायः छ ।

लैङ्गिक समानता, महिला आरक्षण र महिला सशक्तीकरण आज विश्वमा नै सर्वाधिक चर्चामा विषय बनेको देखिन्छ । जनसङ्ख्याको आधा आकाश ओगट्ने नारीहरूको पक्षमा अगि सारिएका विश्वस्तरीय यस्ता अवधारणाहरू नेपाल र भारतमा चाहिँ नेताहरूका भाषण, तारे होटलका गोष्ठी, सडक आन्दोलन र पत्र - पत्रिकाहरूका स्तम्भमै सीमित पारिएका छन् । सरकारी स्तरबाट सञ्चालन हुँदै आएका महिला वा नारी विकास सम्बन्धी कार्यहरू पनि देशकाल सापेक्ष नभएर अन्तर्राष्ट्रिय जगतमा देशको इज्जत धान्नुपर्ने बाध्यताको उपज देखिन्छ । यसै सन्दर्भमा केही समयअगि स्थापित महिला मन्त्रालय पनि देशको आवश्यकताबोध गरेर स्थापना गरेको नभई बेइजिङ सम्मेलनबाट उत्पन्न बाध्यात्मक परिस्थितिमा स्थापना गरिएको तथ्य सर्वविदितै छ । साँच्चै देशको आवश्यकताबोध गरेर स्थापना गरिएको भए त्यहाँ महिलासम्बन्धी विभिन्न तथ्याङ्कहरू राखिने थिए होलान् । केही समयअगि महिला मन्त्रालयमा महिला साक्षरताका बारेमा जानकारी लिन खोज्दा मन्त्रालयले उपलब्ध गराउन नसक्नुले यस तथ्यलाई पुष्टि गरेको छ। यस्तैयस्ता अनेकौ चुनौतीपूर्ण अवस्थाहरूकै माझबाट पनि केही नेपाली महिलाहरू व्यक्तिगत प्रयासमै समाजमा आफ्नो परिचय प्रस्तुत गर्न र

अन्तर्राष्ट्रिय जगत्मा समेत आफ्नो छविलाई स्थापित गर्न सक्षम देखिएका छन् । आफ्नो परिचय प्रस्तुत गर्ने क्रममा कतिपय नेपाली नारीहरूले साहित्य सिर्जनालाई पनि माध्यम बनाएको पाइन्छ ।

नेपाली साहित्यमा नारी लेखनको थालनी प्राथमिक कालदेखि नै छिटफुट रूपमा भएको पाइए पनि आधुनिक कालको प्रारम्भको हाराहारीदेखि यस क्षेत्रमा निरन्तरता आएको देखिन्छ । खासगरी २००७ सालपछि कविता, कथा, उपन्यास जस्ता विभिन्न विधामा थुप्रै नारी लेखकहरूले आफ्नो साहित्यिक इतिहास निर्माण गर्न सफलता प्राप्त गरेका छन् । केहीले अन्तर्राष्ट्रिय स्तरका साहित्यिक वृतिको सिर्जना पनि गरेका छन् । यति हुँदाहुँदै पनि निबन्ध, नाटक, समालोचनाका क्षेत्रमा नारी लेखन अद्यावधि त्यति फस्टाउन सकेको पाइँदैन । मूलतः सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि विभिन्न सन्दर्भमा देखापरेका सन्दर्भहरूले नेपाली नारी साहित्यकारको सिर्जन धर्मितालाई प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । यसका अतिरिक्त सीमित ज्ञानको क्षेत्र, समयको सीमितता, अनावश्यक र झन्झटिला पारिवारिक तथा सांस्कारिक दायित्वहरूले नारीको सिर्जन धर्मितालाई प्रत्यक्ष प्रभाव पार्ने टड्कारो स्थिति हुँदाहुँदै पनि नेपाली नारी सर्जकहरूबाट निरन्तर रूपले विभिन्न विधाका वृतिहरू सिर्जना हुनु स्वागत योग्य र प्रशंसनीय कार्य हो ।

साहित्यकारलाई लिङ्ग भेद गरेर हेर्नु हुँदैन भन्ने दृष्टिकोण पनि रहेको पाइन्छ । तर नारीका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्बन्धी दृष्टिकोण आदि नारीकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् , त्यति पुरुषहरूद्वारा सिर्जित रचनाबाट हुँदैनन् भन्ने यथार्थवादी दृष्टिकोण र मान्यता विगत केही दशकदेखि स्थापित

भइसकेको छ । नारीवादी चिन्तकहरूले पनि यसै तथ्यमाथि जोड दिँदै आएका छन् । यसले एकातिर नारी विरुद्ध हुने शारीरिक, सामाजिक तथा मानसिक हिंसालाई उद्घाटित गर्छ भने अर्कोतिर स्वस्थ तथा उन्नत समाज निर्माणको निम्ति पथप्रदर्शकको महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने देखिन्छ।

साहित्यका विभिन्न विधामा नारीहरूको भूमिका र योगदानलाई लिएर वर्तमान समयमा विश्वका अनेकौं भाषाका साहित्यमा गहन अध्ययन - अनुसन्धान भइरहेका देखिन्छन् । तर नेपाली साहित्यमा चाहिँ यसप्रकारका अध्ययन - अनुसन्धानको स्थिति एकदमै शून्यप्रायः अवस्थामा रहेको छ । नेपाली साहित्यको इतिहासमा पनि प्रशस्त नारी साहित्यकारहरूले आफ्ना कृतिका माध्यमबाट उल्लेखनीय योगदान पुयाइरहेका छन् । तर तीमध्ये केहीको मात्र चर्चा छिटफुट रूपमा भएको पाइन्छ । नेपालीमा लेखिएका साहित्यको इतिहासमा अधिकांश नारी साहित्यकारको नाम समेत उल्लेख भएको भेटिन्दैन । यसपूर्व लेखिएका केही इतिहासमा केही नेपाली नारी साहित्यकारका नाम र तिनका कृतिको उल्लेख गरिएको भए पनि गलत र त्रुटिपूर्ण तथ्यको प्रस्तुतिले त झन् अन्योलको स्थिति सिर्जना गरेको छ । नेपाली नारी साहित्यकारको समग्र तथा विस्तृत र व्यवस्थित अध्ययन एवं विश्लेषण त झनै भएको छैन । पारिवारिक, सामाजिक, प्रशासनिक, प्राकृतिक सन्दर्भका अनेक अप्ठ्याराहरूको सामना गर्दै वर्तमानमा देखापरेको दोहोरा जिम्मेवारी बहन गरी साहित्यमा आҀनो श्रम र लगानी खर्च गरेर कृति प्रकाशित गरी र परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली साहित्यमा योगदान गर्ने प्रायः सबै नारी सर्जकहरू ओझेलमै रहेको यथार्थ पनि हाम्रा सामु छ ।

नारीवादको अवधारणाअनुसरा साहित्यको इतिहास लेखन अत्यन्त कठिन र चुनौतीपूर्ण कार्य हो । साहित्यिक इतिहास लेखनका सन्दर्भमा दुई प्रकारका समस्या देखापरेका छन् -

(१) व्यक्तिगत कारणबाट उत्पन्न समस्या

(२) पूर्वकार्यबाट उत्पन्न समस्या

(१) **व्यक्तिगत कारणबाट उत्पन्न समस्या**

इतिहास लेखनका सन्दर्भमा विभिन्न व्यक्तिबाट पाएका असामान्य व्यवहारहरुको पनि सामना गर्नु परेको छ । तीमध्ये सार्वजनिक रुपमा अभिव्यक्त गर्न सकिने केही असमान्य व्यवहारलाई तल प्रस्तुत गरिन्छ –

१. साहित्यिक सङ्घ - संस्थामा सक्रिय रूपले लागिरहेका कतिपय नारी साहित्यकारलाई प्रत्यक्ष भेटघाटमा विशेष अनुरोध गर्दा पनि व्यक्तिगत विवरण उपलब्ध हुन नसक्नु ।

२. सार्वजनिक हुन चाहने र भइरहेका कतिपय नारी सर्जकबाट अन्य विवरण उपलब्ध भए पनि जन्ममिति उपलब्ध नहुनु ।

३. कतिपय नारी साहित्यकारबाट ‘यसरी जन्ममिति सोध्नै नमिल्ने’ भनी प्रतिक्रिया पनि व्यक्त हुनु ।

४. भिन्न ठाउँमा प्रकाशित बेग्ला - बेग्लै विवरणमा कतिपय स्रष्टाको जन्ममिति एउटै नभई फरक रूपमा भेटिनु ।

५. निकै पहिले समय तय गरेर भेट्ने योजना बनाई निर्धारित समयमा सम्बन्धित साहित्यकारको घर नजिकै पुगेर फोन सम्पर्क गर्दा अत्यन्त हास्यास्पद कारण देखाई भेटै नगरी फर्काइएको स्थिति पनि भोग्नु ।

६. मेरो बायोडाटा मैसँग मागेर उल्लेख गर्दा कसरी अनुसन्धान हुन्छ ? अनुसन्धान भनेको के हो ? अनुसन्धान गर्ने हो भने अन्तैबाट विवरण पत्ता लगाएर लेख्नु , अनुसन्धानलाई यति हल्का - फुल्का रूपमा नलिनु' भन्ने उपदेश दिँदै कतिपय नारी साहित्यकारबाट हप्काउने काम समेत गरिनु ।

७. कुनै कृतिको पहिलो प्रकाशन मिति विभिन्न ठाउँमा बेग्ला - बेग्लै उल्लेख गरिएको पाइनु ।

८. केही महिला सर्जकबाट आफ्नो नामलगायत अन्य विवरण सार्वजनिक नगरिदिन विशेष अनुरोध गरिनु ।

९. अपरिपक्व अवस्थामा लेखिएका सामग्री अब सार्वजनिक रूपमा देखिए र तिनको चर्चा भए इज्जत जाने भयले केही नारी साहित्यकारले देशको ठूलै पुस्तकालयबाट आफ्नो पुस्तककै गायब पारिएको स्थिति हुनु ।

१०. कतिपय सहृदयी साथीहरूले देशका कुना - काप्चाबाट सङ्कलन गरेर पठाइ दिएका सामग्री राजधानीलगायत अन्य ठाउँबाट गायब गरिनु ।

११. बायोडाटा यथासम्भव नेपाली भाषामै पठाउन बारम्बार अनुरोध गर्दा पनि नेपालभित्रै सरकारी एवं सार्वजनिक कार्यालयमा क्रियाशील नारी साहित्यकारबाट नेपालीमा बायोडाटा हुँदै नभएको र अत्यन्त व्यस्त भएकाले अहिले बनाउन नसकिने भनी अङ्ग्रेजीमा पठाउने हुनाले सङ्घ - संस्थाको नाम अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्दा कतिपय स्थितिमा समस्या भोगिनु ।

१२. सन् लाई विक्रम सम्वत् र विक्रम सम्बतलाई सन् - मा परिणत गर्दा नारीको उल्लेख नभएका स्थितिमा अनेक समस्या झेल्नु परयो ।

(२) **पूर्वकार्यबाट उत्पन्न समस्या**

सामग्री सङ्कलन गर्दा यथासम्भव प्राथमिक स्रोतबाटै गर्नु पर्ने भए पनि कतिपय स्थितिमा पूर्वकार्यको पनि भर पर्नुपर्ने हुन्छ । यसरी पूर्वकार्यको सहयोग लिदा अधिकांश सही तथ्य फेला नपर्ने स्थिति टड्कारो देखिएको छ । यसले गर्दा साहित्यको इतिहास लेखनमा भद्रगोल हुने स्थिति देखापरेको छ । स्रष्टाको नाम नै गल्ती हुनु, साहित्यकार एवं कृतिको गलत विवरण लेखिनु, मूल कृति हेर्दै नहेरी अनुमान र सुनेका भरमा उल्लेख गर्दा कृतिको शीर्षक गल्ती हुनु, एउटा विधाको कृतिलाई अर्कै विधाको भनी उल्लेख गरिनु, प्रकाशन नभएका कृतिहरू प्रकाशित भएको भनी उल्लेख गरिनु, एउटै लेखमा आफुले के लेखे भन्ने कुरा पनि समालोचकलाई पत्तो नहुनु, एउटै लेखकका नाम विभिन्न कृतिमा विभिन्न उल्लेख गरिनु, महिलाका दुईथरी थर भेटिनु, नामको हिज्जे अशुद्ध लेखिनु, उपनामको प्रयोग जथाभावी हुनु, स्रष्टाका जन्म तथा मृत्यु मिति गलत लेखिनु, एउटै स्रष्टाको जन्ममिति विभिन्न स्थानमा फरक भेटिनु, कतिपय कृतिमा प्रकाशन स्थान, प्रकाशक, प्रकाशन वर्ष उल्लेख नहुनु, कृतिको प्रकाशन वर्ष गलत लेखिनु, स्रष्टा स्वयंबाट पछिल्लो पुस्तकको आवरणमा दिइएका पूर्वप्रकाशित तथ्याङ्क गलत हुनुजस्ता प्रशस्त त्रुटिहरु पूर्वकार्यमा देखिएका छन् ।

मूलत: के नारीवादमा नारीवादी साहित्य नारीले माक्र लेख्ने हो त ? नारीवादी साहित्य नारीले मात्र नभएर पुरुषले पनि लेखेका छन् । नारीवादी प्रवृत्ति भएका आधुनिकतावादी नेपाली कृतिहरूमा प्रेमा शाहको **ममी**, नकुल

सिलवालको **तेस्रो पाइला**, शवनम श्रेष्ठको **मनीषा,** भाषा भण्डारीको **सम्झौता**, पद्मावती सिंहको **समानान्तर आकाश**, कमला कुँवरको **अन्त्यहीन पीडा**, मनीषा गौचनको **बल्लीको डायरी**, कृष्ण धरावासीका **राधा**, **टुँडाल**, परशु प्रधानको **सीताहरू**, शशि भण्डारीको **लक्ष्मी दिदी**, सङ्गीता स्वेच्छाको **पखालिएको सिउँदो**, अप्सरा लावतीको **लोजिमा**, गौरा रिजालको **अघोषित द्वन्द्व,** शारदा शर्माको **ताप,** जलेश्वरी श्रेष्ठको **नियति चक्र** आदि पर्दछन् ।

नेपाली साहित्यमा नारीका विषयवस्तुमा लेखेर कहिल्यै अघाएनन्, आख्यानकार - कृष्ण धरावासी । उनले चोर बाटोबाट अमेरिका छिरेका नारी बलात्कृत र गर्भवती भएको घटनाले मर्माहत भएर अट्ठाइसौँ किताब **तल्लो बाटो** लेखेका छन् । नारी - धरावासीको 'ट्रेडमार्क' जस्तै हो । **राधा, टुँडाल, झोला** लगायतका **आख्यानदेखि बालक हराएको सूचना, नारीभित्र त्यस्तो के छ हजुर** आदि गैर आख्यानसम्म उनी नारीमय छन् । उनी यसो भन्छन् - "हो, मैले ४० वर्षयता कथा, कविता, उपन्यास, निबन्धमा नारीलाई नै केन्द्र बनाएछु ।" धारावासी आफैँ अचम्म मान्दै भन्छन् - "म त सुकृति - विकृति या सुख - दुःख जुन पाटोमा पनि नारीलाई देख्दो रहेछु ।"

लेखक विश्वभक्त दुलाल 'आहुति' - ले थुप्रै सार्वजनिक थलोमा नारीमुक्तिका बहस छेडेका छन्, कविता लेखेका छन् । त्यसैले चलन चल्तीको भाषामा 'नारीवादी पुरुष' भनिँदा उनलाई अप्ठ्यारो लाग्दैन । गहुँगोरो अफ्रिका कविता संग्रहमा 'नारी', 'लक्ष्मनिया तिम्रो लोटा खोइ ?' कविताबाट नारी - स्याब्बासी पाएका उनलाई कतिपय अवस्थामा नारीवाद नै भ्रमपूर्ण लाग्छ । "नेपालमा नारीवाद मध्यमवर्गीय परिवारका लोग्ने र बाबुबाजेको सम्पत्तिमा खान, पिउन, हिँड्न पाउने र एनजीओमा लागेका महिलाको सीमित घेरामा छ । " उनको

समीक्षा छ - "मुक्ति पनि समयसापेक्ष हुन्छ । पुरुषसरह हुनुपर्छ भनेर मात्र हुन्न, सेना, कर्मचारी र व्यापारीलाई सँगै राखेर वेश्यावृत्ति उन्मूलन हुन्छ र ?" इतिहासकार **प्रत्यूष पन्त** पनि नारीवादी पुरुषको 'टाइटल' पाउँदा रमाइलो मान्छन् । निजी जीवनमा समेत नारीवादको अभ्यास गरेका छन् उनले । यद्यपि, त्यसलाई खोतलेर सार्वजनिक गर्न चाहँदैनन् । प्रत्यूष संस्थापक रहेको 'स्पिकर्स कर्नर' मार्टिन चौतारीमा नारीका विषयले जहिल्यै प्राथमिकता पाएका छन् । हरेक कार्यक्रममा महिला वक्ता अनिवार्य छ । बर्सेनि मार्च महिनामा महिला मात्र वक्ता राख्छन् । अनुसन्धाता समूह लिँदा पनि प्रायः महिला नै छान्छन् । "हामी आफूलाई जति नारीवादी दाबी गर्न पनि सक्छौँ," उनी भन्छन्, "तर, त्यसको अडिट गरिदिने अरूले नै हो ।"

नेपालको अनौपचारिक सर्वेक्षणमा नारीवादीले पत्याएका केही नाम हुन् - धरावासी, आहुति र प्रत्यूष । नेपाली साहित्यमा नारीवाद किटान नगरिए पनि नारीका पक्षमा लेखिएकै छ । भावुक भएर या मिटर घुमाएर लेख्नेलाई छाडिदिने हो भने पनि विश्वेश्वरप्रसाद (बीपी) कोइराला, मदनमणि दीक्षित, गोपालप्रसाद रिमालहरू यसका स्पष्ट नजिर छन् । "आजभन्दा ५० वर्षअघिको समाजमा **तीन घुम्ती, सुम्निमा, मोदीआइन** लगायतका आधा दर्जन नारीवादी उपन्यास लेखेर बीपीले क्रान्ति नै गरेका हुन् । " यसैले कृष्ण धरावासी यसो भन्छन् - "दीक्षितले माधवी, त्रिदेवी, मेरी नीलिमा उपन्यास र कथा लेखेर नारी संवेदनामाथि प्रशस्त न्याय गरेका छन् ।" हुन पनि सिंगल मदर, लिभिङ टुगेदर, विधवा विवाह आदि शब्दावली संसारका लागि पुरानो भइसक्यो । हाम्रा लागि भने अझै पनि वादविवाद र बहसकै विषय छन् । **रूपमती** जस्ती आदर्श नारीपात्रको जगजगी भएका बेला रिमालले **मसान** नाटकमार्फत नारी

समस्या उठाएकै हुन् । श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रितले पनि नारी जागरणमा काम गरेकै हुन् ।

युवा आख्यानकार अमर न्यौपाने पनि नारीवादीले रुचाएकै लेखकमा पर्छन् । खासगरी उनको मदन पुरस्कार विजेता उपन्यास **सेतो धरती** र कथा संग्रह **पानीको घाममा** नारी संवेदना वरिपरि नै छन् । उनी नारीवादी हुन नभई नारी संवेदनालाई लेखनको विषयवस्तु बनाएको स्वीकार्छन् । "कसैले नारीवादी भन्छ भने ठाडै इन्कार गर्ने कुरा आउँदैन," अमर भन्छन्, "भन्ने अधिकार सबैलाई छ, म आफैँलाई चाहिँ नारीवादी पुरुष भन्ने आँट आउँदैन ।" नारी संवेदनाले उनलाई सजिलै छोइहाल्छ । "आफ्नो शरीरमा छरेको अत्तरको बास्ना आफैँलाई नआउन सक्छ," उनी भन्छन्, "तर, अरूलाई नाकै पोल्ने गरी बास्ना आइदिँदो रहेछ ।" समस्या कस्तो छ भने नारीवादीका कुरा नारीवादीले स्वीकार्न मुस्किल छ । स्तम्भकार सावित्री गौतम कृष्ण धरावासी या अमर न्यौपानेका साहित्यलाई आँसुको महिलाकरण मात्र मान्छिन् । "नारीवादको आधारभूत अवधारणा समानता हो । अमर र धरावासीका दारुण दृश्य र हिन्दी सिरियल उस्तै उस्तै हुन् । " उनको असहमति छ - "यिनमा नारीवाद अटाउन सक्दैन । बरू, कवि/पत्रकार संगीत श्रोतालाई नारीवादी मान्न सकिन्छ ।"

कवि **संगीत**को पछिल्लो कविता 'महिलाहरू कहाँ छन् ?' नारीवादीहरूले निकै रुचाए । उनको कविता संग्रह **म काठमाडौँ आइपुगेँ** भित्रका कविताहरू 'उजेली गुरुङ', 'हेडसर–वसन्त संवाद', 'आमाको अन्तर्वार्ता', 'मेरी आमाको जुनी', 'कुर्कुच्चा', 'तिमी को हौ ?' आदि कवितामा नारीकै चिन्ता र सरोकार देखिन्छ । "मलाई नारीवादी भन्दा पनि आपत्ति त छैन । तर, म नारीवादी

भन्दा पनि मान्छेवादी हुँ ।" उनी भन्छन् - "साहित्यमा मैले अप्ठ्यारो र उत्पीडनमा पारिएका महिला, दलित, मजदुरको पक्ष लिएको साँचो हो ।" माने पनि नमाने पनि वाद एउटा घेरा हो । नारीवादको 'फिक्स्ड मेनु' - मा कतिपय महिला नै खुम्चिन चाहँदैनन् । रोचक त के भने पुरुषवादका बारेमा गहन प्राज्ञिक अध्ययन गरेका **सञ्जीव उप्रेती** स्वयं नारीवादी - रुझान राख्छन् । लेख्दा र बोल्दा नारी स्वतन्त्रता, समानता र अस्तित्वको पक्षपोषण गर्छन् । यद्यपि, 'र्‍याडिकल फेमिनिज्म' - मा उनको विश्वास छैन ।

नारीको पक्ष लिएर लेख्दा कृष्ण धरावासीले कहिल्यै नकारात्मक प्रतिक्रिया पाएनन्, बरू **राधा** उपन्यासका लागि मदन पुरस्कार नै पाए । प्रशंसै प्रशंसाले फुर्किएका उनको निन्दा भयो, पत्नी सीता भट्टराईको निधनका १४ महिनापछि पुन:विवाह गर्दा । त्यसपछि एक अखबारमा पत्नीपीडितबारे 'नारी दिवसमा पुरुषका कुरा' लेखेपछि झन् चर्को खेदाइमा परे ।"मैले १४ लाख शब्द महिलाका पक्षमा लेखेँ, एक हजार शब्द पुरुषको पक्षमा लेख्दा लेखेटिएँ ।" उनी भन्छन् -"सिमोन द बुबा र तसलिमा नसरिनको नारीवादी भाषाले समाज, घरगृहस्थी मात्र नभई नारीलाई नै हानि गर्छ ।" उनी नेपाली नारीवादलाई खराबभन्दा पनि अव्यवस्थित मान्छन् । "कति नारीवादी दिदीबहिनी पुरुषलाई जातीय दुस्मन मान्छन्, पुरुष नभए पनि चल्छ भन्छन् । त्यो उग्रवाद हो । १३ वर्षकी छोराकी डिभोर्सी आमासित दोस्रो घरजम गरेका धरावासी नेपाली परिवारको सम्बोधनमै उँचनीच देख्छन् । तँ, तिमी, तपाईं, हजुर । उनले यसबारे यसो भनेका छन् - "मैले सीताजी (पहिलो पत्नी) - लाई आमा हुन्जेल १६ वर्ष तिमी भनेँ, त्यसपछि १२ वर्ष तपाईं, मन्जुजी

(अहिलेकी पत्नी) - लाई पाँच वर्षदेखि तपाईं भनिरहेको छु ।" उनी अझ भन्छन् - "सम्बोधनै समान छैन भने अरूमा के समानता होला ?

## 4.5 उपसंहार

अंग्रेजी शब्द **फेमिनिज्म** (Feminism) - को नेपाली रुपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दभबाट नारीका हक हित र समानताको पक्षमा आवाज उठाउनुलाई **नारीवाद** भनिन्छ । नेपाली बृहत् शब्दकोशमा नारीवादको अर्थ नारी अस्मिता वा नारीस्वतन्त्रता प्रति प्रतिबद्ध मान्यता,सिद्धान्त वा आन्दोलन भन्ने छ । विश्वमा प्राचीन समय देखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्ने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गरेको पाइन्छ ।

नारीवादले नारीहरूको दमन र किनारीकरणसँग सम्बन्धित समस्यामा चासो राख्दछ । लैंङ्गिक अवधारणाको अध्ययन पनि नारीवादमा गरिन्छ । यो नारी स्तरको अध्ययन गर्ने एउटा वैज्ञानिक अवधारणा हो । पुरूषकेन्द्री साहित्यगत प्रवृत्तिलाई लत्याएर समकालीन नारीवादी समालोचना परिप्रेक्ष्य लेस्वियनिजम् (स्त्री समलिङ्गी) साहित्यको अध्ययन र विश्लेषणको परम्परा पनि हुर्किएको छ । लेस्वियनिजम् दिदी - बहिनी (womanhood) भावको अभिव्यक्ति हो र यसले जीववैज्ञानिक सिद्धान्तलाई समेत चुनौती दिएको छ । पश्चिममा नारीवादी साहित्य समालोचनामा ब्ल्याक फेमिनिस्ट साहित्यको अध्ययन र विवेचना गर्ने प्रचलन पनि फस्टाएको छ । नारीवादमा पनि विभिन्न तर्क, वाद, विवाद, विभाजन, उप - विभाजन, हाँगा - बिँगा छन् ।

चरम नारीवाद, नरम नारीवाद, समाजवादी नारीवाद, नारीवादी तेस्रो धार, मनोविश्लेषक नारीवाद आदि वर्गीकरण गरिएको छ ।

नारीवादको प्रवृत्तिहरूलाई अध्ययन गर्दा नारीवादी एउटा आन्दोलनको रूपमा राजनीतिक क्षेत्रबाट जन्म लिएर साहित्यका क्षेत्रमा विस्तार पाएको वाद मानिन्छ । नारी लेखनको इतिहास पूर्व तथा पश्चिममा धेरै पुरानो भए पनि साहित्यिक आन्दोलनका क्रममा नारीवादी लेकन उत्तर - आधुनिककालीन समालोचना सिद्धान्त हो । सत्तरीको दशकको अन्त्यदेखि विधिवत्रुपमा अमेरीकाबाट यसको आरम्भ भएको मानिन्छ भने अमेरिकी नारीवादी लेखिका केटमिलेटको यौन राजनीति (सन् १९७७) - लाई यस आन्दोलनको प्रारम्भिक दस्तावेज मानिन्छ । वास्तवमा नारीवादी लेखनको विकास प्रक्रियालाई हेर्दा यो तीन चरण पार गर्दै अगाडि बढेको देखिन्छ । ती तीन चरणहरुमा पहिलो चरण पितृसत्ताको विरोध, दोस्रो चरण स्त्री लेखन वा स्त्री साहित्यको खोज र तेस्रो चरण जीवन साहित्य र आलोचनाका जीव वैज्ञानिक, भाषा वैज्ञानिक, मनोवैज्ञानिक, ऐतिहासिक तथा राजनीतिक आदि निर्धारक शक्तिहरुको परीक्षण हो ।

नेपाली साहित्य तथा विश्वमा अन्यान्या साहित्यमा नारीवाद लेखन एउटा वर्तमानको माङ्ग हो । यस प्रभृतिको लेखनबारे विभिन्न क्रिया – कलाप दिएर साहित्यको इतिहास निर्माण हुनाका सट्टा लथालिङ्ग र भताभुङ्ग हुन्छ भन्ने सोच राख्नु गलत हो । यसप्रकारका गल्ती र तिनबाट उत्पन्न समस्यालाई एउटा सामान्य पाठकले कुन रूपमा लिने र साहित्यको गम्भीर अध्ययन गर्ने अध्येताले कुन रूपमा लिने भन्ने प्रश्न आजका चेतनशील पाठकसामु विकराल रूपमा उभिन सक्छ । यसर्थ नारीवादलाई मूल आधार

गरेर साहित्य लेख्न रहर गर्ने तथा रुचि राख्ने व्यक्तिहरूले सुनेका भरमा र अनुमानका आधारमा मनचिन्ते, हावादारी एवं त्रुटिपूर्ण लेखिटोपलेर पाठकीय भ्रम सिर्जना गर्नेतर्फ लाग्नु हुँदैन । नारीवादी साहित्य लेख्दा यथासम्भव नारीवादको अवधारणा, मान्यताहरूलाई राम्ररी अध्ययन गरेर यसबारे सचेततापूर्वक गम्भीर अध्ययन हुनुपर्ने कुरामा सम्बद्ध सबै सचेष्ट रहनु वाञ्छनीय देखिन्छ ।

## 4.6 सार

यस प्रखण्डमा **नारीवादको स्वरूप अनि प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- अंग्रेजी शब्द **फेमिनिज्म** (Feminism) - को नेपाली रुपान्तर नारीवाद हो।
- नारीकेन्द्री सन्दर्भबाट नारीका हक हित र समानताको पक्षमा आवाज उठाउनुलाई **नारीवाद** भनिन्छ ।
- **नारीवाद** नारी अस्मिता वा नारीस्वतन्त्रता प्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन भन्ने छ ।
- विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्ने नारीवादले पुरुषद्धारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गरेको पाइन्छ ।
- नारीवाद एउटा व्यवहारवादी आन्दोलन हो । यसले सामाजिक, साँस्कृतिक एंव साहित्यिक विषयमा नारी जातिका बारेमा आवाज उठाउँछ।

Notes

- नारीका पक्षमा रहेर उनीहरुका विचार, मूल्य - मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुर्याउँछ ।
- यसले नारी स्वतन्त्रता, मुक्ति र आत्मनिर्भरता प्रदान गर्न बल दिन्छ ।
- पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका समस्याहरुलाई अगाडी सार्दै यसले नारीले पुरुष सरह पूर्ण नागरीक भएर बाँच्न पाउनु पर्छ, आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा पनि पुरुषले सरह अधिकार प्रात्त गर्नु पर्छ, अभिव्यत्ति स्वतन्त्रता पुरुषले सरह प्राप्त गर्नुपर्छ भन्ने मान्यता राख्छ ।
- नारीवाद नारीसंग सम्बिन्धित साहित्यका विषयमा गरिने एउटा वाद हो ।
- साहित्यका सब्दभमा कुनै कृतिमा नारी पात्रहरु उपस्थित हुदाँ त्यसमा उनीहरुको स्थिति, अवस्था, उनीहरुले पुरुषका कारण भोग्नुपरेका समस्या, उत्पीडन, पुरुषको भोग्या र खेलौना बन्नुपरेको बाध्यता आदिलाई राम्रोसंग विश्लेषण गरिन्छ ।
- नारीवादले पूरुषबाट लेखिएको साहित्यमा नारीको भूमिका र स्थान कस्तो छ ? भनी हेर्दै नारीद्वारा लेखिएका कृतिमा नारीले आफ्ना विचार भावनाको अभिव्यत्ति कसरी दिएकी छ भन्ने खोजि गर्छ ।
- पित्तृसत्तात्मक समाजमा नारीको स्थिति र अनुभूतिलाई हेर्ने गर्दछ ।
- पितृसत्ताको विरोध गरी नारी मुक्तिमा जोडदिंदै नारीको छुट्टै संसारको निर्माणको प्रयास गरेको छ ।
- लैङ्गिक समानताको सिद्धान्तलाई स्थान दिंदै नारीमुक्ति र समानताको पक्षपोषण गर्छ ।
- यसले समाजमा युगौंदेखि दविएका शोषित, पीडित नारीलाई पुरुष समान स्थान दिने अभियानको शंखघोष गर्दै नारी लेखन सम्बन्धी लुप्त परम्पराको खोजी गरी त्यसको विकासक्रम प्रस्तुत गरेको छ ।

यस प्रखण्डको अध्ययनले **नारीवादको स्वरूप अनि प्रवृत्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । नारीवाद र यस वादका स्वरूप र प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.7 अनुशीलनी

१. नारीवादको उद्भवबारे चर्चा गर्दै यस वादका विविध साहित्यिक प्रवृत्तिहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. नारीवादको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा नारीवादको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. नारीवादका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. नारीवाद र महिला लेखनमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा नारीवादले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमा नारीवादलाई अङ्गालेर लेख्ने मुख्य साहित्यकारहरू को को हुन् ? चर्चा गर्नुहोस् ।

८. नारीवादको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. नारीवादमा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. नारीवादका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

## 4.8 अतिरिक्त अध्ययन


८१. गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति ।**

८२.त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि।**

८३.शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग ।**

८४.बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र ।**

८५. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास ।**

८६. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन ।**

८७. नेपाल, घनश्याम - **आख्यानका कुरा ।**

८८.नेपाल, घनश्याम - **विधा विविधा ।**

८९.सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया ।**

९०.उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा ।**

९१. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा ।**

९२. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त ।**

९३. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म ।**

९४. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति ।**

९५. उल्फ्रेज, जुलिअन - **इन्ट्रोडयुसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्च्युरी ।**

९६. खेमराज, केशवशरण, 'हिन्दु संस्कृतिमा मातृशक्तिको स्थान', **नारी विकास बुलेटिन ।**

९७.शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

९८. आर्चाय निर्मलकुमार - **प्रथम नेपाली महिला** ।

९९. गौतम, कृष्ण - **आधुनिक आलोचना अनेकरुप - अनेकपठन** ।

१००. जोशी, कुमारबहादुर - **पाश्चात्य साहित्यका प्रमुखवाद** ।

१०१. शर्मा, मोहनराज र अरु - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।

१०२. शर्मा, ताना - **पश्चिमका केही महान साहित्यकार** ।

१०३. सुवेदी, अभि र अरु – **विश्व साहित्यको रुपरेखा** ।

यस अतिरिक्त नारीवादको स्वरूप अनि प्रवृत्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 4.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१६. नारीवादको सामान्य परिचय ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. नारीवादको अर्थ र परिभाषा ।

..........................................................................................

.......

.............................................................................................

.......

.............................................................................................

.......

**( प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. नारीवादको स्वरूप ।

.............................................................................................

.......

.............................................................................................

.......

.............................................................................................

.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. नारीवादका विभिन्न प्रवृत्ति ।

.............................................................................................

.......

.............................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२०. नेपाली साहित्यमा नारीवादी लेखनको प्रयोग ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ४.५ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 5, लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति

**संरचना**

5.0 उद्देश्य

5.1 परिचय

5.2 लैङ्गिक शब्दको अर्थ र परिभाषा

5.3 लैङ्गिक समालोचनाका मान्यता

5.4 लैङ्गिक समालोचनाका प्रवृत्ति

5.5 उपसंहार

5.6 सार

5.7 अनुशीलनी

5.8 अतिरिक्त अध्ययन

5.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- लैङ्गिक समालोचनाको सामान्य परिचय
- लैङ्गिक शब्दको अर्थ र परिभाषा

- लैङ्गिक समालोचनाका मान्यता
- लैङ्गिक समालोचनाका प्रवृत्ति

## 5.1 परिचय

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तलाई मानिन्छ । यही बहुलताको सिद्धान्त भित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङगिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।

## 5.2 लैङ्गिक शब्दको अर्थ र परिभाषा

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तलाई मानिन्छ । यही बहुलताको सिद्धान्त भित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।

लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् । यी बाहेक परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र

अटाउन सक्छन् । यस्ता नेपाली कृतिहरूमा मोहनराज शर्माका **सलिजो, पल्ली**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।

लैङ्गिकता भन्ने कुरा आज गणतन्त्र भारत र नेपालको निम्ति ठूलो चुनोती भएको देखिन्छ । तर यस चुनौलीलाई समाधान पनि गर्न सकिन्छ । प्रश्न उठ्छ कसले पहिला यसबारे प्रस्ताव गर्ने, कसले समर्थन गर्ने, कसले अनुमोदन गर्ने ? हामीलाई के सरोकार ? हामी मानिसहरु त भौतिक तत्व वा वस्तुमा जे आउँछ त्यसलाई मान्छौँ । कवि लेखनाथ पौडेलको कविता शब्द थुपारी के हुन्छ ? भाव भए पो हुन्छ भन्ने कुनै आलोचकले भने जस्तै आफ्नो विचार र धारणालाई अलिकति मोडेर तेस्रो लिङ्गी व्यक्तिसँग एकता गरी हुन्छ के विचार भए पो ? के तेस्रो लिङ्गी भएका व्यक्तिहरूसँग क्रान्तिकारी विचार छैनन् र । दक्षिणपन्थी के के भन्ने विचार त छ । पहिचान विरोधी, मधेशलाई भाँड्ने जस्ता विचार त छ, खुरापाती विचार । तर क्रान्तिकारी विचार छैनन् भन्ने होइन । हाम्री मानिसहरू साह्रै नै सचेत र बाठो छौ । तर कुन दिन हामी आफै थाङ्नामा सुत्ने पनि गम्भीर खतरा छ ।

मानिसले भौतिक रुपमा त अघाउनलाई भात नै खानुपर्छ । हामी मानिस त वैचारिक कार्यकर्ता भएकाले एक सेकेण्ड पनि विचार र मुद्दा विना बाँच्न सक्दैन । यसैले लैङ्गिकता र पहिचानको मुद्दालाई सरकार र सबैले स्विकार गर्नु पर्दछ ।

## 5.3 लैङ्गिक समालोचनाका मान्यता

लैङ्गिक समालोचना निर्धारण गरेको लक्ष्य, आधारभूत मान्यता, अवधारणा आदिलो मूलरूपमा नर – नारीको लिङ्ग भेदलाई मात्र ध्योतन नगरेर भिन्दै तेस्रो जेन्डरलाई पनि बुझाउँछ । यस प्रकारका समालोचना रूपमा गर्न सके साहित्यको राम्रो स्वरूप निर्धारण हुने पनि देखिन्छ । साहित्यको लगभग सबै क्षेत्रमा प्रगति भएको पाइन्छ । तर यस प्रभृतिको क्षेत्रमा प्रगति हुनु आवश्यक पनि भएको छ । हुन त यस प्रकारको समालोचना लेखनमा निश्चित रूपले भौतिक समस्याहरू पनि लेखकले झेल्नु पर्नेछ । तर त्यसका साथै व्यापक चुनौती र विशाल असमानता पनि यथावत् नै रहेका छन् । कसरी अझ बढी प्रगति गर्न सकिन्छ भन्नेबारे हामीले आफैलाई सोधि राख्नुपर्छ ।

विश्वमा 'राम्रो गर्ने' प्रयासमा समस्या केन्द्रित हुनु र समाधान केन्द्रित हुनुमा ठुलो भिन्नता छ । विश्वव्यापी लैङ्गिक समालोचनालाई त्यस्तो भिन्नताले स्पष्ट गरेको छ । हामी समस्या केन्द्रित हुन्छौं अनि लैङ्गिक समालोचनालाई विश्वव्यापी सम्झौतालाई एकमात्र तार्किक समाधान भन्ठान्छौं । तर त्यस्तो विस्तृत सम्झौता राजनीतिक रूपले असम्भव देखिनुका साथै अत्यन्तै प्रभावहीन समेत देखिएको छ । विश्वव्यापी लैङ्गिक समस्याको वृद्धि निश्चय पनि एउटा गम्भीर चुनौती हो (जसले अन्य समस्या पनि निम्त्याउनेछ) ।

तर लैङ्गिक समालोचना घटाउने प्रयास एकदमै निष्प्रभावी समाधान हो । त्यस्ता प्रयासले अन्य वैकल्पिक उपायसँग तुलना गर्दा रकमको कमजोर उपयोग मात्रै भएको देखिन्छ । समस्याको सबैभन्दा कुशल समाधान खोज्ने हो भने प्राथमिकता तोक्नुपर्छ । लैङ्गिक समालोचनामा यस्तो प्राथमिकताक्रम तोकिएको छैन र धेरैलाई यो अरूचिकर समेत लागेको छ । तर हामीले प्रभावकारिताका आधारमा तुलना गरेर स्पष्ट जेन्डरको पहिचान गरेनौं भने अन्त तत्त्व निर्याणक हुन पुग्छ । सञ्चार माध्यममा आएको चर्चित मुद्दा, आत्मकेन्द्रित व्यापारिक गृहहरू र लगानीलाई कुनै निश्चित क्षेत्रतफ मोड्न चाहने अभियन्ताहरूले निर्णय प्रक्रियालाई आफ्नो स्वार्थअनुरुप अन्तै मोड्न भएको कारण लैङ्गिक समालोचना आज विश्वमा नै एउटा चुनौतीको विषय पनि बनेको छ ।

वर्तमान विश्वमा एउटा प्रमुख ध्येय लैङ्गिक भिन्नतालाई घटाउनु रहेको छ । सन् २०२२ सम्ममा यसबारे सबै सचेत भए ४० प्रतिशतसम्म मुनि प्रति परिवार भिन्दै लिङ्ग भएका मानिसहरूको सङ्ख्या हालको भन्दा आधाले घटाउन सक्नेछौं । तर यसको श्रेय भारत र चीन जस्ता धेरै जनसङ्ख्या भएको देशहरूलाई दिन सकिन्छ । ती देशहरूका आर्थिक व्यवस्थालाई नियन्त्रणमा लिएर जसबाट कसरी लैङ्गिक भिन्नतालाई घटाउँ सकिन्छ भन्ने कुराको पुष्टि  हुन्छ । तर पनि विकसित देशहरूले राजनीतिक रूपले असम्भव सुधार कार्यक्रम लागू गरेका छन्, जसले विकासशील देशहरूको अर्थ व्यवस्थामाथि भएको अवरोध घट्नेछ । सारांशमा, सहस्राब्दी विकास लक्ष्य निर्धारण गर्ने बेला भने हामीले कुन क्षेत्रमा ध्यान केन्द्रित गर्दा धेरैलाई राम्रो हुन्छ भन्नेमा इमानदारीपूर्वक सोच्नुपर्ने हुन्छ ।

आज लैङ्गिक भिन्नतामा रहेका बाल - बालिकाका शतप्रतिशत विद्यालय भर्ना र उनीहरूका बिबाह, चाहना आदिबारे सबैले सोच्नु पर्नेछ । लैङ्गिकता तथा जेन्डरका भेदभावलाई मुक्त अन्त्यका लागि राष्ट्रिय रणनीति सन् २०३० सम्ममा देशमा लैङ्गिकतालाई अन्त्य गर्ने लक्ष्य अनुरुप सम्पूर्ण कानुन र व्यवस्थाको सम्मान र अनुशरण गर्दै आधारभूत शतप्रतिशतमा मुक्त घोषणा गरिनु पर्ने आवश्यक्ता देखिन्छ । सरकारले सन् २००० मा गरेको सर्वेक्षण अनुसार २३ प्रतिशत लैङ्गिक भिन्नता रहेको व्यक्तिहरू पाइएको छ । समाजमा विद्यामान रहेका बहु विबाह, लैङिगक हिंसा, छुवाछुत, दाइजो प्रथा छाउपडी प्रथा, बालश्रम र मानव बेच - विखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको विभिन्न जनचेतनामुलक कार्यक्रमहरू आज हुनु जरूरी देखिन्छ । यी विभिन्न कुरीति, अन्धविश्वास, धार्मिक नकारामत्क विश्वासको अन्त्य नभएसम्म समाजको विकास र चेतनशील नागरिकको विकास नहुने कुरा देखिन्छ । यसर्थ लैङ्गिकताबारे सबैको सहयोगले शतप्रतिशत उनीहरूलाई विद्यालय भर्ना र छुवाछुत मुक्त घोषणा गर्नु सफल भए उत्तम हुनेछ । हाम्रो समाजमा जरा गाडेर रहेको लैङ्गिक भिन्नता, कुप्रथा, कुसँस्कार र अन्धविश्वास जस्ता नकारात्मक तत्वहरुलाई शिक्षा र चेतनामार्फत अन्त्य गर्ने कुरामा जोड दिनु आवश्यक देखिन्छ । यसका साथै लैङ्गिक समालोचना जस्ता कुरीतिहरुलाई अन्त्य गर्न सर्व प्रथम सरकारी, गैर सरकारी, सङ्घ – संस्थागत रूपमा अधि सरेर नीहरूलाई सम्पूर्ण अधिकार र शिक्षामा समेत जोड दिनुपर्ने छ । यसको साथै आफैले जेन्डरप्रति भेदभावलाई हटाएर यस्ता कुसँस्कारहरुको सामाजिक बहिस्कार गर्ने हो भने छिटै अन्त्य गर्न सकिन्छ ।

**कतिपयले** लैङ्गिक **शक्तिहरु एक ठाउँमा उभिदा देशका लागि फाइदा हुन्छ भनेका छन् भने कतिपयले भन्दै प्रकारका अवधारणाका लागि मात्रै गरिएको मिलन भनेका छन् । कतिले नर र नारीको समान तेस्रो जेन्डरमा विलय गराएको भन्दै तिब्र असन्तुष्टी जनाएका छन् । यसबारे असन्तुष्टी किन र केका लागि ? आज विश्वमा नै** लैङ्गिकताको पहिचानको मुद्दालाई धरापमा पारिएको छ । उनीहरूका हित विपरितका विषय समावेश गरिएको छ । एकता सबैको निम्ति होइन र । **उसोभए विश्वको अस्तित्वमा तेस्रो लिङ्को अस्तित्व समाप्त भएको हो ?** एक जना नेता कतिपटक मन्त्री बन्ने ? भने जस्तै तेस्रो लिङ्गका व्यक्ति पनि नर र नारी सरह समान हुन सक्दैनन् र । यस विषयमा नीति तयार हुनुपयो । यसर्थ आज सबैले यस प्रकारका व्यक्तिलाई ठाउँ दिनुपर्छ । यसैले पहिचानको मुद्दा स्विकार गरे भने चाँही सम्भव देखिन्छ ।

जबसम्म यहाँको वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक उत्पिडनको अन्त्य हुँदैन, तबसम्म वर्गसंघर्ष जरुरी हुन्छ । त्यसका लागि कम्युनिष्टको खाँचो छ । मलाई के लाग्छ भने कसैले पत्याइदिएनन्, त्यस्तो पनि हुन सक्छ । मानिसको जीवनशैली भनेको भुँइमा हिँड्ने हो । सर्वहारा वर्गले गर्ने समाजवादी क्रान्तिमा त हतियार उठ्छ । बल प्रयोगको सिद्धान्त मन्ने भएपछि हतियार उठाउने नै हुन्छ । माओवाद र पहिचानको मुद्दा छोडेर एमालेसँग एकता गरियो भने हतियार उठाउने सिद्धान्त सुरक्षित हुन्छ । हिजआज विभिन्न देसका स्थानीय र प्रान्तीय क्षेत्रमा लैङ्गिक भिन्नतालाई निर्मुल गर्ने घोषणाको अन्तिम तयारीमा रहेको देखिन्छ । यसको स्थिति, अवस्था र सार्वजनिकीकरण, बहुक्षेत्रीय लैङ्गिक योजनाको बार्षिक योजना

तर्जुमा, लैङ्गिकताको सुनिश्चितता र योजना, कार्यान्वयन र विशेष अभियान सन्चालन गरिएको छ ।

लैङ्गिक भिन्नतामा रहेका स्थानीय शासन वडा घोषणाको लागि स्वास्थ्य, उनीहरूका शिक्षा, महिला तथा बाल- बालिका, खाने - पानी तथा सर - सफाई पशु, कृषि र सुशासन विषयगत ७१ वटा सूचकहरु पुरा गरिनु आवश्यक देखिन्छ । यस्ता मानिसहरूका पोषण तथा खाद्य सुरक्षा निर्देशनक समितिले अनुगमन, मुल्यांकन तथा सुचकको प्रमाणिकरण पत्र प्राप्त भएपछि अव घोषणा गरिने पर्नेछ । लैङ्गिक छुवाछुतदेखि टाढा रहेका मानिसहरूका निम्ति स्थानीय शासन वडा घोषणाको लागि आवश्यक पर्ने शिक्षातर्फका पनि सम्पूर्ण सुचकहरु दुवै वडालो पार गरेको साँफेबगर शिक्षा शाखाले जानकारी दिनु पर्नेछ । उनीहरूका प्रतिशत करिव सतप्रतिशत, माध्यामिक विद्यालयमा वाल - विवाह, छाउपपडि कुप्रथा विरुद्धको अभियान, खाने - पानीको सुविधादेखि विद्यालयमा जंक फुडको निषेध दिवा खाजाको व्यवस्था समेत गरिनु पर्दछ । मूल रूपमा दुवै वडामा महिला तथा बालिकामा माथि हुने लैङगिक हिंन्साको न्यूनिकरण, छाउ - गोठमा बस्ने चलन हटेको, बाल - बिबाहको न्यूनिकरण भएको महिला तथा वाल - वालिका शाखाका प्रमुख प्रमुखहरूले पनि यसबारे जानकारी दिनु पर्नेछ ।

लैङ्गिक भिन्नतामा रहेको व्यक्तिहरूका अवस्थामा सुधार ल्याउन र उनीहरूका कतिपय सेवाहरूलाई सुनिश्चतता र दिगोपना कायमको लागि देशमा कानुनहरू पनि बनिनु जरूरी देखिन्छ । यस्ता व्यक्तिहरूलाई सरकारको नीति तथा कार्यक्रममा पनि प्राथमिकता दिइनु पर्नेछ । उनीहरूका सामाजिक अभियानमा परिवर्तन गर्ने बहुआयामिक कार्यक्रमहरू

नभएकाले समाजमा भने जस्तो हक र अधिकारदेखि बञ्चित पनि भइरहेका छन् । मूलत: कुनै पनि विषयमा गहिरिएर सोच, विचार, चिन्तन र विश्लेषण गर्ने कुरा स्वयंमा जाती कुरा हो । यसरी मन्थन गर्दा नै नौनी निस्कन्छ । त्यसैले पहिचान कला, साहित्य, संगीत, भाषा र संस्कृति विषयमा बौद्धिक प्राज्ञिक तथा सिर्जनात्मक छलफल गर्न खोजिएको विषयलाई सकारात्मक ठान्न सकिन्छ ।

आज विश्वमा प्रत्येक जाति आ – आफ्ना जातीय अस्मिता र जगेराका निम्ति सचेत छन् । जातीय चेतनाको मूल आधार नै जातीय एकता र अस्मिता हो । भारतको सन्दर्भमा जातीय एकता सँगसँगै जातीय चेतना अझ प्रासङ्गीक ठहर्दछ । यहाँको भौगलिक वातावरणदेखि लिएर विभिन्न जात, समुदाय, उनीहरूका धर्म र संस्कृति विभिन्नताले परिपूर्ण छ । मूलतः भारत एउटा बहुभाषिक, बहुजातीय, बहुघर्मीय र बहुसंस्कृति भएको देश हुनाले यहाण बस्ने प्रत्येक जातिमा आफ्नो स्वजातीय अस्मिता र अस्तित्वको भावना उदय हुनु स्वभाविक देखिन्छ । जीवन र समाजको विकासमा जुन रूपमा क्रमिक विकास हुदछ, त्यही सामाजिक चेटना पनि परिवर्तन हुन्छ । यही सामाजिक चेतनालाई जातीय अस्मिताको रूप मान्न सकिन्छ ।

मूल रूपमा जातीय अस्मिताको समबन्ध जातीय मूल्य एवम् मानदण्डसित रहेको हुन्छ । मोहभङ्ग, व्यवस्था विरोघ, आक्रोश, शोसकहरूप्रति विरोध, समाजको पछौटे वर्गहरूमा नयाँ चेतना, उच्च वर्गका मानिसहरूप्रति सङ्घर्ष आदि जातीय अस्मिताका रूपहरू हुन् । कुण्ठित, वञ्चित, शोषित र अवहेलित जातिको इतिहास बुझेर जातिवादको विगुल फुक्नु तता तिनीहरूको वेदना, विषाद, व्यथा र दु:खको रागद्व्रा विद्रोह र क्रान्तिको राँको सल्काउनप

पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ । अतः जातिमा हुने जातीय अस्मिता कुनै पनि जातिको जातीय अस्तित्व, चेतना, विकास र समृद्धिको मूलमन्त्र हो । जातीय अस्मितालाई जातिको सुरक्षा कवच र जगेराको टेवा समेत मान्न सकिन्छ । कुनै पनि जातिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनागत् अस्मिताले जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ । जातीय अस्तित्वमा मुछिएका प्रत्यक्ष र अप्रत्यक्ष क्रान्तिकारी चेचहरू ना जातीय अस्मिता हुन् । जातिप्रतिको भलाई, हित र विकाशील सोच – विचारको अवधारणा नै परवर्तीकालमा जातीय अस्मिताका रूप धारण गर्दछ । यही चेतना जस्तै तेस्रो लिङ्गी भएका व्यक्तिहरूका पनि आफ्नै हक र अधिकारहरू छन्, जातीय अस्मिताको माया उनीहरूलाई पनि छ ।

सामान्य रुपमा यो लैङ्गिक पहिचान लेखन कुनै खासै नयाँ कुरा नभए पनि अहिले उठान गर्न खोजिएको अर्थ र सन्दर्भ भने भिन्न, विशिष्ट र प्रयोजनपरक देखिन्छ । यस बहसले किनारीकृत जातीय तथा सांस्कृतिक, भाषिक, सिर्जनात्मक पहिचान विशेष अर्थ र सन्दर्भ बोकेको देखिन्छ । एक जाति, भाषा, लिपि, धर्म, इतिहास, संस्कृति र साहित्य र त्यसको एकाधिकार आधिपत्यले मात्र राष्ट्रिय समग्र सन्दर्भ र सारलाई प्रतिबिम्बित गर्दैन भन्ने कुरा पहिचानवादका नामबाट उठान भएको हो । समाज विकासको क्रम तलबाट माथि, सरलबाट जटिल, निम्नबाट उच्च तहमा जान्छ । एउटा मानिसको जन्म समयमा उसको पहिचान वंश, जाति, धर्म, नक्ष्र, रङ जस्ता सामान्य खालको हुन्छ तर समय क्रममा त्यही बालकको पहिचान परिवर्तित हुँदै जान्छ र विशिष्ट पहिचान बन्छ । त्यस

बालकले कतिपय लिलिपुट पहिचानका स्थानमा उच्च उदात्त पहिचान बनाउँछ, आर्जन गर्छ । अनि उ अमुक जाति समुदायको भएर जन्मिए पनि बुद्ध बन्छ, महात्मा गान्धी बन्छ, देवकोटा, शंखधर साख्वा बन्छ । कुनै एक समयको पर्वते, पहाडी, खस भाषा नेपालमा बोलिने नेपाली राष्ट्रभाषा मात्र होइन विश्वस्तरमा प्रख्यात बन्ने क्रमको विशिष्ट र उच्च पहिचानमा परिवर्तित हुँदो देखिन्छ । कसैको पनि विशिष्ट पहिचान उसको गुणवत्ताको परिणाम हो । आदिम तथा पुरानत समाजमा उतिबेलै किन आधुनिक चिन्तन र कार्य भएन भन्नु एक प्रकारको अबुझपना नै हो । परिवर्तित सामाजिक अवस्थासँगै मानवीय चेनता क्रमशः विकसित हुँदै जान्छ ।यसैले लैङ्गिक समानतामा सबै राष्ट्रहरू एक हुनु आवश्यक देखिन्छ ।

कुनै पनि मानव समाजमा छुट्टिने लिङ्ग जस्तै – नारी, पुरूष आदि समयको अन्तरालमा परिपक्व हुदै जान्छन् , उनीहरूका सोच र मस्तिष्क पनि छिप्पिन्दै जान्छन् । तर व्यक्ति र समाजको उमेरसँगै विगतका कमी सच्याएर परिमार्जन गरेर अघि बढ्नु नै बुद्धिमानी हुन्छ । अझ वर्गीय समाजमा वर्गहित अनुसार चल्दा निम्न र निम्नतर वर्ग सबै खालको शोषण, शासन र उपेक्षामा परेको हो । हिजोका दिनमा जो जुन वर्ग, जाति, संस्कृति समुदायका प्रतिनिधि शाषन व्यवस्था, शक्ति, व्यक्ति, जाति र समुदायबाट थिचोमिचो भए पनि बदलाको भावना मात्र नराखी सुधार, संशोधन र परिवर्तन गरेर अगाडि बढ्नु नै उचित कुरा हो । आदिम अवस्थामा नै पनि मानवले आफ्ना नैसर्गिक तथा समाजोपयोगी उच्च चेत, चिन्तनलाई सञ्चय र विकास गर्दै अगाडि बढेको देखिन्छ । संसारको सबै भन्दा प्राचीन सनातन धर्म संस्कृतिमा सर्वभूतेषु आत्मवत् अर्थात् संसारको सम्पूर्ण प्राणी जगत्लाई

आफू र आफ्नो प्राण सरह समान ठान भनेर उल्लेख गरिएको छ । त्यहाँ त वनस्पति जगत्मा भलक्क हेर्दा प्रत्यक्ष नहुने तर सजीव प्राणी सरहको प्राण तत्व हुन्छ भनिएको छ । यस खालको चेत र चिन्तन अन्यान्य धर्म र संस्कृतिमा हुँदैन र छैन भन्नै सकिन्न ।

लैङ्गिक भन्ने बित्तिकै हामी वर्गलाई बुझ्दछौं । वर्ग समाज र वर्गीय शासन प्रणालीको उदयसितै एकल सांसकृतिक श्रेष्ठताको मानसिकता प्रारम्भ र विकास हुन गएको देखिन्छ । यसमा फेरि अमुक उच्च जाति समुदायमा मात्र यस खालको चिन्तन थियो भनेर अतिवादी विचार कदापि पुष्टि हुँदैन । एउटा ब्राम्हण, क्षेत्री, गुरुङ, राई, मगर, लिम्बू आदिका जाति, भाषा र संस्कृति समुदायको आफ्नै खालको वर्ग चरित्रको व्यक्तिले आफ्नै खलक वा जाति समुदायका व्यक्तिहरुलाई शोषण उत्पीडन गर्न बाँकी रहेको देखिँदैन । अझ सामन्तवादी शासन व्यवस्थामा राष्ट्रिय हबाला दिएर एकल धर्म, संस्कृति, राजनीति, भाषा, सामाजिक मनोविज्ञान कला साहित्य तथा सौन्दर्य सम्बन्धी एकल मान्यता अघि सारेकै हो । सामन्ती शासन व्यवस्थामा पनि प्रगतिशील तथा लोकतान्त्रिक चिन्तन र लेखनले बहुविचार, भावना, संस्कृति, भाषा, साहित्य र सौन्दर्य जस्ता विषयहरु उठान गरेको बिर्सन मिल्दैन । सन् २०११ सालतिर प्रगतिशील लेखक सङ्घले नेपाली भाषामा मात्र होइन नेवारी, मगर, मैथिली आदि भाषामा कविता लेख्ने संगठित अभियान सुरु गरेको देखिन्छ । त्यस बेला बालकृष्ण पोखरेलले समेत आफ्नू नाम केकेनुम्च्यो राखेको अवगत नै छ । सन् २००४ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस हुँदै नेपाली काङ्ग्रेस पार्टीको प्रारम्भ सँगै सुरु प्रजातान्त्रिक आन्दोलन र यसका माध्यमबाट आरम्भ श्री ५ र श्री ३ र तिनका जहान र

परिवार तथा नितका आसेपासे मात्र सम्मानित नागरिक अरु सब रैती ठान्ने मानसिकतामा क्रमिक परिवर्तन हुने अवस्था र मनोविज्ञान सुरु भएकै हो ।

तमाम श्रमजीवी शोषित, अपमानित ९५ प्रतिशत वा बहुसंख्यक जनताको हक हितमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार दिलाउने सशक्त अभियान, आन्दोलन र संघर्ष गरेको इतिहासमा दर्ज भइसकेको विषयलाई नजरअन्दाज गर्न सकिन्न । प्रगतिशील लेखक सङ्घ सन् २००९ का आधारमा प्रगतिशील लेखनका माध्यमबाट एकल जाति, भाषा र संस्कति विषयक एकाधिकार प्रदत्त वा एकधारे भाषा, साहित्य र संस्कृति विषय विपरीत मान्यता स्थापित गर्न प्रयत्न गरेकै हो । अझ सन् २०१० देखि सन् २०१३ साल सम्ममा पं. छविलाल पोखरेल, भाषाशास्त्री तथा साहित्यकार महानन्द सापकोटा यज्ञ प्रकाश अधिकारी आदिले अनेकौँ प्रतिकूलतासित जुधेर दलित उत्पीडित, सीमान्तीकृत जन समुदायलाई शैक्षिक, सामाजिक आदि नैसर्गिक हकहित दिलाउनका लागि निर्वाह गरेको भूमिका अविस्मरणीय रहेको छ । बालकृष्ण समको **चीसो चूल्हो** महाकाव्य विषयवस्तु, केन्द्रीय भाव र पात्र र प्रवृत्तिका आधारमा आभिजात्य संस्कृतिक चिन्तनमा धक्का दिएकै हो । पूर्वीय कला, साहित्य र संस्कृति आफैँमा महत्वपूर्ण हुँदा - हुँदै पनि तिनमा निहित साहित्यकार मुनराज शेर्माका भाषामा एकधारे सौन्दर्य चिन्तन परिवर्तित परिप्रेक्षमा असान्दर्भिक भएको कुरा विगतमा नै उठेको हो । जब हामी लैङ्गिक भिन्नतामा रहेको मानिसहरूको सन्दर्भ हरक्षेत्रमा उठाउँछौँ भने उनीहरूको तहमा तमाम यस्ता व्यक्तिहरूका हक र अधिकार भन्ने कुरो पनि स्वत आउँदछ । किनकि संसारमा ५ प्रतिशत उच्च, अभिजात्य वर्गले मात्र जीवन र जगत् तथा राष्ट्रको समग्र सौन्दर्यको प्रतिनिधित्व गर्न सक्तैन ।

Notes

बरु गरिखाने वर्गले नै देशको हर आकांक्षा र माग परिपूर्ति गर्न बहुआयामिक अहं भूमिका र योगदान गरेको देखिन्छ । त्यसका तुलनामा बसिखाने वर्गको हरक्षेत्रमा भूमिका तुलनात्मक रुपमा कमै रहेको छ । त्यसैले हिजो पहिचान नभनेर पनि बहुल विचार, धारणा, लेखन, सिर्जन र संस्कृति र अझ राज्यका कारण र न्यून चेतनाका कारण पछि परेको वा पारिको राष्ट्रको समग्र अनुहार र आकृतिलाई माक्र्सवादी, लोकतान्त्रिक प्रगतिशील दूरदृष्टि चेतका साथ क्रियाशील हुन खोजेको स्पष्ट हुन्छ । त्यसमा पनि पहिचानलाई वर्गीय कि जातीय कुन मापदण्डका आधारमा हुर्ने भन्ने विवाद देखिन्छ । वर्ग भनेको आधार हो र जातीय भन्नाले आधेय हो । वर्गलाई आधार बनाएर पहिचानको कुरा उठाउँदा तमाम किनारीकृत समाज आउँछ । र त्यस भित्र सबै उपेक्षित वा किनारीकृत भाषा, भेष, संस्कृति, कला, साहित्य र सौन्दर्य चिन्तन आउँछ । यसरी मात्र सबै खालको विभेदमा परेकाहरुलाई पहिचान गर्न पनि सजिलो हुन्छ र मापदण्ड सही पनि हुन्छ । तर जातीयतालाई प्रमुख मापदण्ड बनाउँदा खानै नपाउने,हुँदा खाने र हुने खाने जस्ता विविध खालको मानव समाज आउँछ । यस्तो अवस्थामा ती तीन जातीय श्रेणीमध्ये कुन चाहिँ जाति श्रेणीका मानवलाई केन्द्र बिन्दुमा राखेर सोच्ने भन्नभमा नै ठूलो समस्या तेर्सिन्छ ।

वर्गीय मापदण्डले तमाम खाले श्रमिक वर्ग जसको एक समान आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, कला, साहित्यिक समस्या हुन्छ । त्यसमा आधारित भएर पहिचानमुखी समाधानको सूत्र फेलापार्न सकिन्छ । त्यसैले सामान्य मात्रै होइन विशिष्ट रुपमा पनि पहिचान नभनी यस खालको र आशयको सिर्जनशील चिन्तन र कार्य पहिलेदेखि भएको देखिन्छ । तर पहिचान भनेर शाक्य वंशी युवराज सिद्धार्थ गौतमको पहिचानमा मात्र सीमित

हुने कि विश्व प्रसिद्ध बुद्ध पहिचानमा गर्व गर्ने ? भनौ भने पातको पहिचानमा सीमित हुने कि रुखको पहिचानमा गौरवान्वित हुने ? जातीय, क्षेत्रीय, नश्लीय पहिचानमा रमाउने कि राष्ट्रिय अन्तराष्ट्रिय उच्च उदात्त गुणात्मक पहिचानमा गौरवबोध गर्ने भन्ने कुरा पनि पहिचानसित नै सम्बन्धित रहेको देखिन्छ । तर यसको अर्थ पूर्व पहिचानका सकारात्मक, समाज र जीवन उपयोगी शाश्वत पहिचान त्याज्य र वर्जनीय हुन्छन् भन्ने किमार्थ होइन । यस विषयमा आग्रह रहित भएर विमर्श गर्ने र त्यसबाट प्राप्त उच्च उदात्त निकर्षलाई ग्रहण गर्ने हो भने यसको प्रभाव नेपालमा मात्र होइन विश्वस्तरमा फैलिन सक्ने देखिन्छ ।

**लैङ्गिक पहिचान साहित्य**को आवश्यकता र औचित्यबारे कुरा गर्नु पर्दा हामीले यही खगोल र भूगोलमा भएकै कुरा नै खोज्दा पाउने हो । यहाँ हुँदै नभएको कुनै नयाँ हामी पाउन सक्तैनौँ । हामीले जे नयाँ भनेर खोजेको भन्छौँ ती सबै जीवन जगतमा भएकै चीज हुन् । अरुले खोजेनन्, देखेनन् । हामीले खाज्यौँ देख्यौँ । खोज्दा भेटिन्छ र पाइन्छ । जसले देखेनन् तिनलाई त्यो नयाँ भयो । हामी कसैले देख्यौँ अनि हामीले नयाँ खोजेको भन्यौँ तर ती सबै यहीँ भित्र रहेका तर हामीले समयमै थाहा नपाएका विषय हुन् । जहाँ सम्म पहिचान लेखनको वर्तमान अवस्थाको कुरा छ । त्यो अहिले सचेत, सबल र क्रियाशील देखिन्छ । जसरी हिजोका दिनमा जीवन निरपेक्ष कि सापेक्ष कला साहित्यका विषयमा चर्को बहस भयो र कला साहित्यमा जीवनवादी मान्यता स्थापित भयो । यसका कारण समाजको परिचय विहीन विषय, भाव, परिवेश, पात्र, प्रवृत्ति, शैली, बिम्ब, प्रतीक आदि सिर्जनाका हर क्षेत्रमा मात्र होइन सामाजिक, आर्थिक, नैतिक, सांस्कृतिक र राजनैतिक

क्षेत्रमा गहिरो प्रभाव परयो । यसले विश्व स्तरको सिर्जनामा सकारात्मक भूकम्प ल्यायो । अहिले लैङ्गिक पहिचान भनेर वा नभनेर पनि यस खालको लेखन प्रभावी हुन खोजेको देखिन्छ । यसले एक खालको पुनर्जागरण ल्याउन खोजेको हो कि भन्ने आभास हुन थालेको छ । त्यसैले पहिचान साहित्यिक धारणालाई अतष्वादी मान्यताबाट मुक्त पारेर अघि बढ्दै जाँदा यसबाट केही सकारात्मक पक्ष उत्पन्न हुने सम्भवना देखिन्छ ।

समग्रमा नारी र पुरुषका बीच भिन्नता प्रकट गर्ने निम्नलिखित पाँचवटा भिन्नताहरुप्रति नारीवादले असहमति प्रकट गरेको छः

(क) शारीरिक (पुरुष सक्षम र नारी अक्षम भन्ने ) भिन्नता

ख) अनुभूतिगत (नारीले रजस्वला, गर्भवती आदी अनुभव गर्ने र पुरुषले नगर्ने भन्ने ) भिन्नता

ग) भाषागत (कतिपय शब्द नारीलाई बोल्न निषेधसम्बन्धी ) भिन्नता

घ) मनोविश्लेषणात्मक (नारीमा शिश्न ईश्र्या हुन्छ भन्ने) भिन्नता

ङ) सामाजिक - आर्थिक - नारीको सामाजिक - आर्थिक स्थिति पुरुष नियन्त्रित हुन्छ भन्ने भिन्नता ।

कुनै वस्तुलाई परिमार्जन गरी वा सुसंस्कृत रूप दिई चम्किलो तुल्याउने काम संस्कृतिले गरे जस्तै नर – नारी छुट्याउने अवधारणा लैङ्गिकता हो । हरेक मानव समुदाय कुनै न कुनै लिङ्गमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको लिङ्ग अर्को जाति वा सम्प्रदायको लिङ्गभन्दा भिन्न हुनसक्छ भन्न सकिन्न । बरू उनीहरूमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चाल - चलन, रीति - थिति, रहन -

सहन, आचार - विचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थनीति, चाल - चलन, गीत, नृत्य, वाद्यवादन, चाडबाड, जात्रा, कला आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि झल्काउने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ । कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न सन्दर्भ पनि संस्कृतिभित्रै समेटिन्छन् । पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाडबाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि संस्कृतिलाई अथ्र्याइएको पाइन्छ । परम्परित मूल्य - मान्यता, रीति - रिवाज, चाल - चलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति, लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्यमान्यता आदि पनि संस्कृतिभित्र पर्न सक्छन् ।

भौगोलिक स्थिति, रहनसहन, लवाइखवाइ, शिक्षादीक्षा आदिका कारण संस्कृतिमा विविधता उत्पन्न हुन्छन् । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणीय हुँदै जाने संस्कृति परिवर्तनशील पनि हुन्छ । विभिन्न समयमा देखापर्ने राष्ट्रिय - अन्तर्राष्ट्रिय क्षेत्रका राजनैतिक - आर्थिक घटना तथा परिवर्तनले पनि संस्कृतिलाई प्रत्यक्ष - परोक्ष प्रभाव पारेको देखिन्छ । यसलाई विविधतामय तुल्याउन स्थान, समय, जात, धर्म आदिले पनि महŒवपूर्ण भूमिका खेलेको हुन्छ । एक ठाउँ, समय, जात र धर्मको संस्कृति अर्को ठाउँ, समय, जात र धर्मका लागि बेठीक, विपरीत र अस्वीकार्यसमेत हुने गरेको स्थिति पनि भेटिन्छ । राम्रो - नराम्रो, असल - खराब, ठीक - बेठीक भन्ने कुरा पनि सापेक्षित हुन्छन् ।

Notes

ज्ञान - विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहु"दा यसभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक - भौतिक गतिविधि र क्रियाकलाप पर्छन् । राजनैतिक - आर्थिक दृष्टिले संस्कृतिको परिभाषा गरिएको पनि पाइन्छ । धार्मिक आस्थाले पनि विभिन्न संस्कृतिको निर्माण गर्न सहयोग पुरयाउँछ । अत्यन्त व्यापक र विस्तृत क्षेत्र ओगट्ने संस्कृतिलाई कतिपय सन्दर्भमा देश, काल, जाति, धर्म आदिमा सीमित गरेर हेर्ने अवस्था पनि रहनसक्छ, तर त्यसरी हेर्दा पनि यसको व्यापकतालाई भने भुल्नु हुँदैन ।

मानव जीवनको पहिचानका रूपमा रहेको संस्कृतिसँग साहित्यको निकट सम्बन्ध रहेको हुन्छ । प्रायः सबैजसो साहित्यिक कृतिहरूमा कुनै न कुनै ढङ्गले संस्कृति अभिव्यक्त भएको हुन्छ । साहित्यले संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्ग प्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन् । साहित्यमा संस्कृतिको प्रयोग विशेषगरी परिवेश चित्रणका सन्दर्भमा देखापर्छ । साहित्यिक कृतिलाई यथार्थमूलक एवं विशिष्ट बनाउन संस्कृतिको भूमिका महत्वपूर्ण रहेको हुन्छ । एक्काईसौं शताब्दीको विद्युतीय सञ्चारका युगमा पनि तेस्रो लिङ्गी भएका व्यक्तिलाई अर्कै रूपमा हेर्न खोज्ने दरिद्री मानसिकता मानवमा देखिन्छ । भौतिक सम्पन्नता र यस्ता व्व्यक्तिभित्रका इच्छा एवं द्वन्द्वमा किचिन पुगेको मानसिकतालाई सहज तथा स्वाभाविक रूपमा प्रस्तुत गर्ने कसले । यसका साथै रूपान्तरित हुँदै गएका नेपाली रहन - सहन एवं जीवनशैलीको जीवन्ततामा यस्ता लिङ्ग भएका व्यक्तिहरूका अवस्ता कस्तो होला ।

आज देशमा तेस्रो लिङ्ग भएका मानिसहरू उच्च भौतिक सुविधा एवं अभावको तानातानीमा किचिन पुगेका छन् । अनुकूलभन्दा प्रतिकूल सहभागीको बाहुल्य रहेको यस्ता व्यक्तिहरूका जीवनमा प्रायः सहभागीहरू चारित्रिक कारणभन्दा परिस्थितिले प्रतिकूल बनाएका छन् । यसका अधिकांश सहभागीहरू वर्तमानमा देखापरेको भौतिक सुविधा सम्पन्न देशमा भासिने समस्याले किचिएका छन् भने मूल सहभागी आफ्ना सम्पूर्ण अन्योललाई त्यागेर आफ्नो जन्मभूमिमा पुग्न प्रयासरत देखिन्छे । तेस्रो लिङ्ग वस्तुको रूपमा नभई एउटा सिङ्गो सग्लो मानव हो भन्ने अवधारणाको प्रस्तुति नै आजका साहित्यको मूल अभीष्ट हुनु पर्दछ ।

लैङ्गिकता र संस्कृतिमाझ गरिहरो सम्बन्ध रहेको देखिन्छ । यस माझको अनेक सन्दर्भहरूलाई विभिन्न आधारमा तल विश्लेषण गरिन्छ –

(१) ईश्वरीय लैङ्गिकता – संस्कृति, (२) लोकप्रचलित लैङ्गिकता – संस्कृति, (३) वर्गीय लैङ्गिकता – संस्कृति, (४) लोकोक्तिमूलक लैङ्गिकता – संस्कृति, (५) गायन, वादन र नर्तनमा आधारित लैङ्गिकता – संस्कृति, (६) चाडपर्व, तीर्थ, व्रत, जात्रा आदिमा आधारित लैङ्गिकता – संस्कृति ।

ईश्वरसँग सम्बद्ध विभिन्न गतिविधि एवं क्रियाकलापलाई ईश्वरीय संस्कृतिअन्तर्गत चर्चा गर्न सकिन्छ । ईश्वरीयता भनेको अमूर्त एवं अलौकिक शक्तिमा विश्वास गर्नु हो । प्राचीन कालदेखि नै मानिस प्रत्यक्ष एवं परोक्ष रूपमा ईश्वरीय चिन्तनसँग प्रभावित रहेको छ । यसप्रकारको सांस्कृतिक प्रस्तुति प्रार्थना, आराधना, पूजाआजा, मन्दिरको दर्शन, व्रत तथा विपद्का

Notes

समयमा ईश्वरको पुकारा गरी ईश्वरमाथि आस्था र भरोसा गरेको सन्दर्भबाट अभिव्यक्त भएको पाइन्छ । यसरी नै लोकप्रचलित संस्कृति जनजीवनमा परम्परादेखि नै अमीट छाप पार्ने गरी प्रचलनमा रहेका विभिन्न संस्कारजन्य सन्दर्भहरूलाई लोकप्रचलित संस्कृतिअन्तर्गत राखिन्छ । जनजीवनका लोकप्रचलन, सामाजिक अन्धविश्वास, भाग्यवादी दृष्टिकोण आदि अनेक सन्दर्भहरू समेटिएका छन् ।

विभिन्न प्रकारका सामाजिक अन्धविश्वासहरू पुर्ख्यौली सम्पत्तिका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक वा श्रुतिपरम्पराका रूपमा हस्तान्तरण भइरहेका हुन्छन् । शिक्षित तथा युवा पुस्ताले यस्ता अन्धविश्वासहरूलाई अस्वीकार गर्न खोजे पनि तिनले कुनै न कुनै रूपमा समाजमा स्थान पाइरहेका छन् । व्यक्ति जस्तोसुकै शिक्षित र सभ्य भए पनि समाजमा प्रचलित अन्धविश्वासबाट विमुख भई त्यसलाई पूर्ण रूपमा अस्वीकार गर्न सक्दैन । प्रत्येक मानिस आफ्नो जीवनमा अनेक उद्देश्यका साथ यात्रा गरिरहेको हुन्छ । यात्राको दौडानमा अनेकौं प्रयत्न गर्दा पनि सबै स्थितिमा मानवले सफलता हासिल गर्न सक्तैन । यस्तो स्थितिमा निराशाबाट बच्न ऊ आफ्नो शक्तिभन्दा बाहिरको अलौकिक एवं अमूर्त शक्तिको सहारा लिन खोज्दछ । यसप्रकारको शक्तिमध्ये भाग्यवाद पनि एक हो । यसले मानिसका बाह्य क्रियाकलाप एवं विश्वास दुवैमा प्रभाव पारेको हुन्छ । समाजमा विभिन्न वर्गका मानिसहरूको बसोबास रहन्छ । समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरूमा पाइने आनी - बानी, क्रियाकलाप, चाल - चलन, लवाइ - खवाइ आदि गतिविधिहरूसँग सम्बद्ध व्यवहारलाई वर्गीय संस्कृतिभित्र समावेश गर्न सकिन्छ । भाषिक संस्कृतिको अभिन्न अङ्गको रूपमा लिइने

यस्ता लोकोक्तिको प्रयोगले कृतिलाई जीवन्त, सहज र स्वाभाविक बनाउँछन् ।

गायन, वादन र नर्तनमा आधारित संस्कृति

गायन, वादन र नर्तन पनि संस्कृतिका अभिन्न अङ्ग हुन् ।

साइबर संस्कृति वर्तमान युग विद्युतीय सञ्चारको युग हो । फेसबुक, ट्याग, म्यासेज बक्सजस्ता बस्तुको प्रयोग तथा इन्टरनेटमा च्याट गर्नु, अनलाइन बस्नु आदि कुरामा तेस्रो लिङ्गी व्यक्तिहरू पनि चाहन्छन् , पोख्त छन् । तै पनि भेदभाव गरिन्छ किन । समानता र स्वतन्त्रताको खोजीगर्दै एक - अर्कामा सहयोग, सद्भाव एवं सम्मानको वातावरण सिर्जना हुनुपर्ने युगानुकूल धारणातर्फ विश्वका मानिसहरूको मानसिकता उन्मुख हुनु आवश्यक देखिन्छ । यस्ता लिङ्ग भएका व्यक्तिहरूप्रति गरिने अत्याचारलाई साध्य बनाउने क्रममा वस्तुको आवश्यकता र प्रसङ्गअनुसार साधनका रूपमा संस्कृतिका विविध पक्षको प्रस्तुति हुनु जरूरी छ ।

नेपाली समाजको साठीको दशक सूचनाप्रविधिको विकासका दृष्टिले युगान्तकारी रहेको छ । यस दशकको सुरुवातमा राजनीतिक अस्थिरताको कारणले सूचनाप्रविधिको क्षेत्रमा केही व्यवधान देखिए पनि आजसम्म नेपाली समाज र मानसिकताले धेरै फड्को मारिसकेको छ । विश्व नै साघुरिँदै गएको आभाष नेपालका दूरदराजका नागरिकले पनि गरेका छन् । इमेल, इन्टरनेट, फेसवुक, ट्विटर, भाइवर, मोवाइल लगायतका अत्याधुनिक सूचनाप्रविधिहरु धेरैजसो नेपालीका लागि सहज पहुँचको विषय बनेका छन् । त्यस्तै नेपाली साहित्य पनि इ - लाइबेरी, इ - पत्रिका, विभिन्न बेभसाइटलगायत सोसल मिडियाहरुका माध्यमले सजिलै विश्वभर फैलिरहेको छ । यस परिवेशमा

साठीको दशकका नेपाली कथाकारहरुमा पनि साइबर संस्कृतिले राम्रै प्रभाव पार्नुको साथै त्यसको सिर्जनात्मक स्वरुप पनि देखिएका छन् । विशेषतः विषयचयन र भाषाशैलीका क्षेत्रमा सूचनाप्रविधिको सार्थक प्रभाव भेटिन्छ । यो प्रभाव हिजो लेखिँदै आइएका कथाभन्दा नवीन छ । त्यसकारण यसलाई साठीको दशकमा नेपाली कथाका प्रमुख पहिचानहरुमध्येको एक मान्नु पर्छ । यस प्रवृत्तिमा चहकिलो भएर देखिएका कथाकारहरुमा रोशन थापा, हरिहर पौडेल, किशन थापा, कुमार नगरकोटी, शर्मिला खड्का, नीलम कार्की, जया राई, सञ्जु बजगाईँ, अनमोलमणि, सुविन भट्टराई, प्रकाश आङ्देम्बे लगायत छन् ।

## 5.4 लैङ्गिक समालोचनाका प्रवृत्ति

लैङ्गिक साहित्य तथा समालोचनाको विकासका सन्दर्भमा भारत र अन्य देशहरूमा विभिन्न मान्यता, नियम, कानुन र अवधारणाहरू स्थापना भएको पाइन्छ । यसैले लैङ्गिक समालोचनाले एकातिर लिङ्ग भेदको विवादलाई अन्त गरेको देखिन्छ भने अर्कोतिर लैङ्गिक भिन्नता र तेस्रो लिङ्ग भन्ने सोटलाई मेटाएर सिर्जनात्मक लेखनलाई प्रोत्साहित गरेको देखिन्छ ।

लैङ्गिक समालोचनामा उत्तर – संरचनावाद एकैसाथ रहेर अघि बडेको देखिन्छ । यो उत्तर - संरचनावादको व्याख्याका आधारमा कतिपयले के पनि भनेका छन् भने सस्युरको द्विचर विरोधको युग्मकमा देखिने शब्दका बिचको भेदलाई डेरिडाको सिद्धान्तले विस्तार दिएको छ अर्थात् भिन्नता वा विरोधलाई बढाएको छ तर मार्क्सवादी सौन्दर्य चिन्तक चैतन्यका विचारमा डेरिडाले भिन्नतालाई विस्तार दिएका होइनन् अपितु भिन्नता र विरोधकै अन्त्य गरेका छन् । उनका सिद्धान्तमा अब शोषक र शोषित, उत्पीडक र

उत्पीडितका बिचको तीव्र र प्रखर अन्तर्विरोधको अर्थ छैन । उत्पीडन छ भन्ने अर्थ नै स्थापित वा निरूपित हुन सक्तैन । वास्तवमा यसलाई सिङ्गो उत्तर आधुनिकतावादी चिन्तनका सन्दर्भमा हेर्ने हो भने यो अन्त्यकै अवधारणा हो – निश्चित अर्थको अन्त्य, वर्गको अन्त्य, वर्ग सङ्घर्षको अन्त्य अनि क्रान्ति हुन्छ भन्ने विश्वासको अन्त्य । यसबारे भारतीय मार्क्सवादी सौन्दर्य चिन्तक मैनेजर पाण्डेय भन्छन् : वास्तवमा उत्तर - आधुनिकतावादी अद्वैतवादमा हरेक किसिमका विरोधहरूको अस्त हुन्छ । उसका अनुसार शोषक र शोषित, दमनकारी र दमित, केन्द्र र परिधि (सीमान्त) तथा आवाजहीन र वाचालका बीच न कुनै द्वैत छ न कुनै विरोध न कुनै सङ्घर्ष । उनीहरू यो देख्दैनन् कि यी सबै द्वैत र विरोधहरूको जनक पुँजीवाद हो । उनीहरू मुक्तिको महाख्यानको अन्त्यको कुरा त गर्छन् तर तीन चार सय वर्षदेखि क्रियाशील गुलामीको विराट् वृत्तान्तका बारेमा केही भन्दैनन् ।

ज्याक डेरिडा शब्दहरूको सम्बन्धका बीच कुनै कुरा अनश्वर छ भने मात्र विभेद छ र सङ्केतक तथा सङ्केतितका बिच कुनै एकत्व छैन, अर्थ सदैव विभेद र स्थगनमा आश्रित छ त भन्छन् । तर विभेदको उनको अवधारणालाई उनकै स्थगन र अनुपस्थितिको अन्त्यहीन शृङ्खला सम्बन्धी अवधारणाले यति पातलो र अमूर्त बनाइ दिएको छ कि तात्विक रूपले नै विरोधको अर्थ र सन्दर्भ अर्थहीन बन्न पुगेको छ । वास्तवमा शब्द वा भाषाप्रतिको यति ठूलो मजाक अहिलेसम्म भएकै थिएन भन्दा पनि हुन्छ । यसले भाषाको सामाजिक शक्ति र त्यसका अर्थको सौन्दर्यलाई पूरै विद्रूप बनाइ दिएको छ ।

लैङ्गिक समालोचनामा देखिएको प्रवृतिहरू मध्ये एउटा **सामाजिक यथार्थवादी लेखन** पनि मुख्य हो । यो प्रवृत्ति पनि आधुनिक कालको प्रथम चरणदेखि नै रहेको पाइन्छ । यस प्रवृत्तिलाई आधार बनाएर लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा नयनराज पाण्डेका **नाङ्गो मान्छेको डायरी, उलार, लू , घामकिरी**, शैलेन्दु प्रकाश नेपालको **अपरिभाषित, बलदेव मजगैयाँका कुहिरो, चारु, विवशता, मानसी,** शिव अधिकारीका **आखेट, पुंश्चली,** सुस्मिता नेपालका **एकान्त पनि रुन्छ, मेरा छातीका कोलाजहरू, उडेका उमेरहरू,** गोवर्द्धन पूजाका **शून्यताको आँचलभित्र, अब इतिहास रुँदैन**, अप्सरा लावतीको **लोजिमा**, श्रीधर पौडेलको **दुई ढुङ्गाबीचको तरुल**, हरिप्रसाद पाण्डेको **मुटुभित्रका ढुकढुकीहरू,** विन्ध्या सुब्बाका **फूलहरूः धर्साहरू, अथाह,** प्रकाश सुबेदीको **बैंसालु सुन्दरी**, होमबहादुर रानाभाटको **आदर्श शिला**, शशि भण्डारीको **लक्ष्मी दिदी**, **विचलन,** पुण्यप्रसाद प्रसाईँको **छापामार,** कृष्ण धरावासीका **शरणार्थी, आधा बाटो, तपाईं, टुँडाल,** कञ्चन पुडासैनीको **अधुरो उपन्यास अधुरा इच्छा** आदि पर्दछन् । जीवनको उज्यालो पक्षको भन्दा अँध्यारो पक्षको चित्रण, समकालीन वा समसामयिक घटनाको प्रस्तुति, आञ्चलिकता, निम्न वर्गको जीवनलाई केन्द्र बनाउनु, बोलीचालीको भाषा प्रयोग गर्नु, यथार्थपरक प्रस्तुतिलाई महत्व दिनु, प्रतिनिधि पात्रहरूको प्रयोग गर्नु, सामाजिक विकृति, अन्धविश्वास र कुरीति देखाउनु आदि सामाजिक यथार्थवादी कृतिका मूल पहिचान हुन् । यो सामाजिक यथार्थवाद यथार्थवादको एक पक्ष हो ।

यसरी नै लैङ्गिक समालोचनामा देखिएको प्रवृतिहरू मध्ये एउटा अर्को प्रवृत्ति **समाजवादी यथार्थवादी लेखन** हो । यो प्रवृत्ति पनि नेपाली साहित्यको आधुनिक कालदेखि नै प्रवाहमान देखिन्छ । यस प्रवृत्तिमा लेखिएका कृतिलाई

कतिले आलोचनात्मक यथार्थवादी, कतिले प्रगतिवादी पनि भनेका छन् । यी सबैलाई समेट्ने गरी भन्दा समाजवादी यथार्थवादी भन्नु नै बढी समीचीन देखिन्छ । यस प्रवृत्तिका कृतिले मूलतः माक्र्सवादी सिद्धान्तलाई जीवनदृष्टि बनाएका हुन्छन् । यस्ता साहित्य लेख्ने साहित्यकारहरू भने कोही बढी कट्टर जो माक्र्सवादलाई अक्षरशः पालना गरेर लेख्छन् भने कोही उदार माक्र्सवादी पनि हुन्छन् जो माक्र्सवादलाई जीवनदृष्टि त बनाउँछन् तर त्यसको पालना कट्टरतापूर्वक गर्दैनन् । माक्र्सवादलाई गतिशील, परिवर्तनशील दर्शन मान्नेहरू नै उदार माक्र्सवादी हुन् । दुनियाँमा माक्र्सवाद मात्र ठिक अरू सबै बेठिक भन्नेहरू चाहिँ कट्टर माक्र्सवादी हुन् । यी सबैलाई समाजवादी यथार्थवादी भन्न सकिन्छ । समाजवादी यथार्थवादी प्रवृत्तिलाई आधार बनाएर लेखिएका आधुनिकतावादी कृतिहरू यी हुन्ः आहुतीका **नयाँघर २०५०**, **स्खलन २०५९**, रमेश विकलका **सागर उर्लन्छ सगरमाथा छुन**, मदनमणि दीक्षितका **त्रिदेवी**, **भूमिसूक्त**, पुष्पनाथ शर्माको **बिहानीको खोजी**, विजयकुमार चालिसेको **मुस्ताङको गुफा**, ऋषिराज बरालको **समरगाथा**, खगेन्द्र सङ्ग्रौलाको **जुनकीरीको सङ्गीत**, नारायण ढकालका **दुर्भिक्ष, पीतसंवाद, प्रेतकल्प,** अनिल अधिकारीको **प्रकृति**, रामप्रसाद ज्ञवालीको **जीवनका घुम्तीहरू,** नारायण तिवारीको **पिताम**, एमपी खरेलको **पुस्तान्तर**, भक्तबहादुर नेपालीका **बेचिएका दिदी - बहिनीको कथा**, **भूतको ओखती, लीलावती,** प्रदीप नेपालका **स्व्प्निल सहर, अनौठो प्रेमकथा, यात्रा, चरैवेति चरैवेती, बर्बरिक,** शरद पौडेलका **लिखे, सिमाना वारिपारि**, हरिहर खनालको **समयको रेखाचित्र,** भास्करका **अमर बस्ती**, **अचम्मको फैसला**, इस्मालीको **जिरो माइल**, सुकुम शर्माका **सङ्घर्षशील युवाको डायरी**, **अनवरत यात्रा**, घनश्याम ढकालको **रातो आकाश** आदि ।

माक्र्सवादी दृष्टिले समाजको अध्ययन गर्नु, वर्गीय द्वन्द्वलाई महत्व दिनु, सामन्त, शोषक र सत्ताधारीहरूबाट हुने अन्याय, अत्याचार, दमन, शोषणको विरोध र प्रतिकार गर्नु, गरिब, निमुखा, तल्लो जात भनेर हेपिएका, नारी भनेर पछाडि पारिएकालाई नायक नायिका बनाउनु, उनीहरूको क्रान्तिकारी, विद्रोह र परिवर्तनकामी स्वर मुखरित गर्नु, राजनीतिक अधिकार प्राप्तिका लागि सचेत, सङ्घर्षशील हुन प्रेरित गर्नु, जीवनलाई आशावादी दृष्टिले हेर्नु, हरेक प्रकारका बन्धबाट मुक्तिको लागि प्रयत्नशील रहनु, विषयवस्तु अनुरूपको भाषा शैली प्रयोग गर्नु आदि समाजवादी यथार्थवादी कृतिका मूलभूत प्रवृत्ति हुन् । यो समाजवादी यथार्थवाद पनि यथार्थवादकै एक पक्ष हो।

लैङ्गिक समालोचनामा देखिएको प्रवृतिहरू मध्ये **विसङ्गतिवादिता वा अस्तित्ववादिता** प्रवृत्तिलाई पनि प्रमुख प्रवृत्ति मानिन्छन् । विसङ्गतिवाद र अस्तित्ववादलाई बेग्ला - बेग्लै राखेर पनि विश्लेषण गर्न सकिन्छ, तर यहाँ यी दुवैलाई एकै ठाउँमा राखेर विश्लेषण गर्ने प्रयत्न गरिएको छ । किनभने विसङ्गतिको बोध नभई अस्तित्वका कुरा नै आउँदैनन् । अस्तित्ववादको कुरा गर्दा स्वतः विसङ्गतिवाद आउँछ । यी दुवैका चिन्तक र लेखक प्रायः समान छन् । कुनै पनि कृति वा कृतिकार विसङ्गतिवादी हुन अनिवार्यतः अस्तित्ववादी हुनै पर्छ । दुवैको दृष्टिकोण मानवतावादी हुन्छ । दुवैले व्यक्तिको महत्वलाई सर्वोपरि ठानेका छन् । दुवैले अस्तित्वको अभिलक्षण पीडा र विसङ्गतिमा खोजेका छन् । (शर्मा र लुइटेल, २०६१, पृ. ३४९) । जीवनको निस्सारता, शून्यता, अर्थहीनता, अभिशप्तता, एक्लोपन, मृत्युभय, व्यक्तिको सर्वोपरिता, मान्छे आफ्ना कर्मको लागि ऊ स्वयम् जिम्मेवार हुन्छ भन्ने मान्यता राख्नु कलात्मकतालाई महत्व दिनु आदि विसङ्गतिवादी

अस्तित्ववादी उपन्यासका मूल प्रवृति हुन् । यो प्रवृतिको प्रयोग नेपाली साहित्यमा आधुनिककालको दोस्रो चरणदेखि भएको देखिन्छ ।

आधुनिकतावादी नेपाली साहित्यमा विसङ्गतिवादी अस्तित्ववादी प्रवृतिमा लेखिएका कृतिहरू धुर्वचन्द्रका **जेलिएको**, **एउटा असफल आख्यानको आरम्भ**, **भीमसेन ४ को अन्तिम खोजी, दुबिधा, अग्निदत्त + अग्निदत्त, फूलको आतङ्क, तथाकथित,** सहस्राब्दीको **अन्तिम प्रेमकथा**, गोविन्दराज भट्टराईको **सुकरातका पाइला**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, सरुभक्तको **पागल बस्ती, तरुनी खेती, समय त्रासादी, चुली,** रोशन थापाको **प्रत्येक श्रवणकुमार अर्थात् युद्ध, प्रस्थान्तर**, कृष्ण धरावासीको **टुँडाल**, तेराखको **सर्वजा**, धुरव सापकोटाको **अकल्पनीय** आदि हुन् ।

लैङ्गिक समालोचनामा **बहुलवादी विचार**लाई एक प्रमुख प्रवृत्ति मानिने गरिन्छ । आधुनिक प्रवृत्तिमा आधारित साहित्यहरू एकलवादी हुन्थे कुनै एक वादका पक्षधर हुन्थे । तर आधुनिकतावाद प्रवृत्ति भएका साहित्यहरू बहुलवादी हुन्छन् । यिनीहरू एकलवाद विरोधी हुन्छन्, केन्द्र विरोधी, स्थापना विरोधी हुन्छन् । पहिले एक वाद अर्को वादको विरोधी भनिन्थ्यो, अहिले एक वाद अर्को वादको सहयोगी मानिन्छ । यसरी अहिले एकलताको साटो बहुलताको धारणा आएको छ । उदारताको, समानताको पूर्णको होइन अंशको, जात, जाति, जनजाति, स्त्रीलिङ्गी, पुलिङ्गी, विषमलिङ्गी, समलिङ्गी, तेस्रो लिङ्गीबिच हुने विभेद र असमानता हट्नुपर्छ भन्ने विचार आएको छ । पहिले खास विचार राम्रो अरू विचार नराम्रा खास विचार शक्तिशाली, अरू विचार शक्तिहीन हुन्छन् भन्ने वैचारिक विभेद थिए । पहिले विचारको निषेध गरिन्थ्यो । अब विचार राम्रा नराम्रा, साना, ठुला, शक्तिशाली शक्तिहीन हुँदैनन्

। तिनलाई सत्ताले त्यस्तो बनाउँछ र आफ्नो वर्चस्व कायम राख्न तिनलाई त्यस्तो बनाइरहन्छ ।

हामीले शक्तिशालीहरूको कुत्सित चाल बुझ्नुपर्छ र बहुलवादी हुनुपर्छ भन्ने विचार आएका छन् । यसरी आज विचारमा मात्र होइन, लेखन शैलीमा, चरित्र निर्माणमा, कृतिको अर्थ लगाइमा बहुलताले प्रवेश गरेको छ । बहुलतालाई आधार बनाएर लेखिएका आधुनिकतावादी नेपाली कृतिहरूमा कृष्ण धरावासीका **शरणार्थी**, **आधा बाटो, टुँडाल**, कृष्ण बरालको **अवतरण**, तेराखको **सर्वजा,** पद्यावती सिंहको **समानान्तर आकाश**, मोहनराज शर्माको **सलिजो**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य**, ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क**, **जेलिएको, तथाकथित, दुबिधा, एक असफल आख्यानको आरम्भ,** जगदीश शम्सेरको **सेतो ख्याकको आख्यान**, गोविन्दराज भट्टराईको **सुकरातका पाइला**, देश सुब्बाको **आदिवासी**, डि. वि. गुरुङको **हिमालयको चीत्कार**, होम सुवेदीको **यमपुरीको महल** आदि पर्दछन् ।

यसरी नै **बहुलताको सिद्धान्त**लाई पनि लैङ्गिक समालोचनामा देखिएको प्रवृतिहरू मध्ये एउटा मुख्य मानिएको छ । उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तलाई मानिन्छ । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ - जेन्डरमा । पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् ।

ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।

उत्तर - आधुनिकतावादी रचनामा फ्यान्ट्यासी र साइबरीयता दुवै तङ्खवको घना प्रयोग हुन्छ । मिथकहरू पुन: जीवित हुन्छन् । आज विश्व फेमिनिजम पनि साइबोर्गतिर लक्षित छ । नारीले पूर्ण मुक्तिको लागि लिङ्गभेदलाई मेट्ने र समानताकारक तेस्रो परिचयको स्थापना खोजेका छन् । उनीहरूले 'देवी नारी' - को अवधारणा अस्वीकार गरेका छन् । पुरुषको विरुद्धमा नारी - देवता उभ्याएका छन् । शिवानीको नाटकमा एक साइबोर्ग (नारी) - ले देवताको भूमिका खेलेकी छ; देवीको होइन । साइबोर्गको उत्पादनसँग अनेक प्रकारका क्लोनिङ गरिने, मानव मस्तिष्कलाई यन्त्रले चिप्स थपघटझैँ गर्ने कल्पना र सम्भावनाको कुरा आएका छन् । कृष्ण शाह यात्रीको फुच्चे रोबोटका पनि दुईवटा बाल नाटकमा यही प्रविधि चेतना पाइन्छ भने सरुभक्तका रचनामा क्लोनिङको प्रयोग र मानव जिनमाथि यसको हस्तक्षेप देखाइएको छ, यो अति यथार्थताको पाटो हो । यी सबै नै नेपाली साहित्यमा पाइएका आधुनिकतावाद र उत्तर – आधुनिकतावादको विशेष प्राप्तिहरू हुन् ।

मूल रूपमा साहित्यको सन्दर्भमा कुरा गर्नु पर्दा सन् २००० को दशकदेखि लैङ्गिक समालोचनाले साहित्यमा निरन्तरता पाएको देखिन्छ । यस समालोचना अन्तर्गत मानवीय संवेदना, रागात्मकता, प्रणयपरकता, अभिघात, नवीनतम मनोचेतना, तेस्रो लिङ्गका व्यक्तिका मनोविज्ञान, समाज मनोविज्ञान,

Notes

साँस्कृतिक मनोविज्ञानजस्ता विषयहरुले स्थान पाएको छ । स्वैरकाल्पनिक विषय भएका कथाहरु समेत यस दशकमा महत्वका साथ लेखिएका छन् । अधिआख्यानात्मक, मिथकीय, अतिकल्पनात्मक, एकलापीय, पूराकथात्मकजस्ता विषयहरुले कलात्मक रुप प्राप्त गरेर स्वैरकाल्पनिक कथाहरु चम्किएका छन् । विज्ञानकथाका रुपमा वैज्ञानिक आविष्कारको मिठो कल्पना गर्दै यन्त्र मानवलगायत अतिमानवीय पात्रलाई प्रयोग गरी लेखिएका कथाहरु पाइन्छन् । उत्तरआधुनिक चेत अन्तर्गतका विभिन्न विषयसँग सम्बन्धित कथाहरुका अतिरिक्त संस्मरणात्मक कथा, आत्मकथा, ऐतिहासिक कथा, पौराणिक कथा, मिथकीय कथा, लीलालेखनसम्बन्धी कथा, लोककथामूलक लगायतका विषय भएका कथाहरु भेटिन्छन् ।

विचारगत बहुलता वा अनेकता यस दशकका कथाका विशेषता हुन् । सूचनाप्रविधिको द्रूततर विकास, ऐतिहासिक राजनीतिक परिवर्तन, जीवनशैलीको रुपान्तरण, नवीन चेतनाको उदय, बढ्दो वैदेशिक गमनजस्ता कारणहरुले नेपाली जनमानसको सोचाइको दायरा नै क्रमशः पैmलिँदो छ । यस दशकका कथामा पनि त्यसै अनुरुपका विचार पाइन्छन् । यस दशकमा कतिपय परम्परागत विचारहरुले नै महत्वका साथ निरन्तरता पाएका देखिन्छन् भने कतिपय नवीन विचारहरु पनि शक्तिशाली भएर उदाएका छन् । परम्परागत विचार अन्तर्गत सामाजिक यथार्थवादी, प्रगतिवादी एवम् माक्र्सवादी विचार यो दशकमा महत्वपूर्ण रहेको छ । समाज रुपान्तरणको उत्कट अभिलाषाका साथ सामाजिक विकृति विसंगतिको विरोध, विद्रोही चेतना, आशावादी चिन्तन, मानवतावाद, राष्ट्रियता, जनजीविकाप्रति सचेतता, नोकरशाहीप्रवृत्तिको विरोध, समानताजस्ता विचारहरु यस अन्तर्गत पर्दछन् । प्रगतिवादीहरु माक्र्सवादी र गैरमाक्र्सवादी गरी दुई किसिमका छन् ।

माक्र्सवादी विचारभित्र पनि एकथरी सर्जकहरु शान्तिपूर्ण रुपान्तरणको पक्षमा बोल्दै शान्तिको चाहना व्यक्त गर्ने किसिमका छन् भने अर्काथरी सर्जकहरु सशस्त्र विद्रोहको समर्थनमा उभिएका छन् । यस विचारअन्तर्गत कलम चलाउने सर्जकहरुमा प्रायः कलात्मकताको अभाव, आग्रहीपनजस्ता कमजोरी देखिए पनि उत्कृष्ट कथाहरु पनि यही विचार अन्तर्गत सिर्जना भएका छन् । अघिल्ला दशकहरुमा नै स्थापित भैसकेका विचारहरु अन्तर्गत विनिर्माणवादी विचार, लीलावादी विचार, अस्तित्ववादी विसंगतिवादी चेतना, लैङ्गिक समानताको खोजी लगायतका विचारहरुले जीवन्तता पाएका छन् । साठीको दशकमा अपरम्परित वा अघिल्ला दशकमा कम प्राथमिकतामा परेका केही विचारहरु बढी उजेलिएर आएका छन् । जसमा डायस्पोरिक चेतना, साइबर सँस्कृतिअनुसारका नवीन विचार, अभिघात सम्बन्धी विचार, पहिचान र स्वाभिमानको खोजीका सन्दर्भमा सीमान्तकृतको चेतना, बहुलवादी विचार, उत्तरआधुनिकता सम्बन्धी विचार, पर्यावरणीय चेतना, जनजातीय साँस्कृतिक चेतनाजस्ता विचारहरु रहेका छन् ।

राजनीतिक परिवर्तन र सङ्क्रमणका दृष्टिले साहित्यका लागि एकाइसौं शदाब्दीको मध्य भाग ऐतिहासिक रहेको छ । लामो समयदेखि कायम रहेको राजतन्त्रात्मक राज्यव्यवस्थाको अन्त्य भई गणतन्त्रात्मक राज्यव्यवस्थाको स्थापना भएपछि भारत र नेपाल दुवै राष्ट्रमा यस प्रवृत्तिका लेखनले बहुलता पाएको पनि आभास हुन्छ । तर राज्य पुनः संरचना, पहिचान, आर्थिक विकास, गुणस्तरीय जीवन शैलीजस्ता विकासमा संक्रमण झेलेर यो शताब्दी बितेको छ । वि. सं. २०६२ - २०६३ को राजनीतिक आन्दोलनका साथै मधेस आन्दोलन, जनजाति आन्दोलन, संविधान सभाको चुनावजस्ता महत्वपूर्ण राजनीतिक परिघटनाका अतिरिक्त बृहत् शान्ति

सम्झौतासँगै १० बर्षे हिँसात्मक आन्दोलनको अन्त्यजस्ता आश्चर्यजनक घटना पनि साठीको दशकमा भए । यसै परिवेशमा नेपाली जनताको भाग्यका रुपमा लेखिन लागिएको नयाँ संविधानमा आफ्ना हक अधिकार सुनिश्चित गर्न र देशको भविष्य उज्वल बनाउन सकारात्मक परिवर्तनको छटपटी आम सचेत नागरिकहरुमा रहेको छ । यस छटपटीको सिर्जनात्मक प्रभाव यस दशकका साहित्यहरुमा पनि प्रशस्त पाउन सकिन्छ ।

नेपाली साहित्यको साठीको दशकको मुख्य पहिचान अन्त्तगत परिवर्तनको छटपटीलाई पनि राख्नु पर्छ । यस प्रवृत्ति अन्त्तगत राजनीतिक परिवर्तनका लागि हिंसात्मक एवम् अहिंसात्मक विद्रोहको चेतना, आजसम्म सीमान्तकृत र किनारीकृतको महशुस गरिरहेका मधेसी, जनजाति, आदिवासी, दलित, मुस्लिम, महिला लगायतको पहिचान एवम् हिस्सेदारीको माग, सबै भाषा, संस्कृति, धर्म लगायतको संरक्षणको स्वर, राज्यशक्तिको समान बाँडफाँडका लागि वैज्ञानिक राज्य पुनः संरचनाको माग जस्ता कुराहरु ज्यादै सशक्त ढङ्गले आएका छन् । यस प्रवृत्ति अन्तर्गत कलम चलाउने प्रमुख कथाकारहरुमा अशोक सुवेदी, अभय श्रेष्ठ, पुष्करराज भट्ट, होमशङ्कर बास्तोला, पुण्य कार्की, खगेन्द्र सङ्गौला, ऋषिराज बराल, कमल थापा “निओल”, सरला रेग्मी, सरल सहयात्री, शशिकिरण, हिरामणि दुखी, दिलिप शाह लगायतका छन् ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन

गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।

## 5.5 उपसंहार

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो । पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध

Notes

(क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।

लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् । यी बाहेक परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र अटाउन सक्छन् । यस्ता नेपाली कृतिहरूमा मोहनराज शर्माका **सलिजो, पल्ली**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

## 5.6 सार

यस प्रखण्डमा **लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** ।
- ❖ उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ ।

- उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ ।
- शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।
- लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने ।
- त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।
- पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ ।
- उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।
- लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने

भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् ।

- ❖ यी बाहेक परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र अटाउन सक्छन् ।

यस प्रखण्डको अध्ययनले **लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्ति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । नारीवाद र यस वादका स्वरूप र प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.7 अनुशीलनी

१. लैङ्गिक शब्दको उद्भवबारे चर्चा गर्दै यस लेखनका विविध साहित्यिक प्रवृत्तिहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. लैङ्गिक शब्दको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा लैङ्गिक समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. लैङ्गिक समालोचनाका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. लैङ्गिक समालोचना र नारीवादी लेखनमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा लैङ्गिक समालोचनाले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमा लैङ्गिक समालोचनालाई अङ्गालेर लेख्ने मुख्य साहित्यकारहरू को को हुन् ? चर्चा गर्नुहोस् ।

८. लैङ्गिक समालोचनाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. लैङ्गिक समालोचनामा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. लैङ्गिक समालोचनाका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस् ।

## 5.8 अतिरिक्त अध्ययन


१०४. गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति ।**

१०५. त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि।**

१०६. शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग ।**

१०७. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र ।**

१०८. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास ।**

१०९. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन।**

११०. नेपाल, घनश्याम - **आख्यानका कुरा ।**

१११. नेपाल, घनश्याम - **विधा विविधा ।**

११२. सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया ।**

११३. उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा ।**

११४. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा ।**

११५. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त ।**

११६. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म ।**

११७. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति ।**

११८. उल्फ्रेज, जुलिअन - **इन्ट्रोडयुसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्च्युरी ।**

११९. खेमराज, केशवशरण, 'हिन्दु संस्कृतिमा मातृशक्तिको स्थान', **नारी विकास बुलेटिन ।**

१२०. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

१२१. आर्चाय निर्मलकुमार - **प्रथम नेपाली महिला ।**

१२२. गौतम, कृष्ण - **आधुनिक आलोचना अनेकरुप - अनेकपठन ।**

१२३. जोशी, कुमारबहादुर - **पाश्चात्य साहित्यका प्रमुखवाद ।**

१२४. शर्मा, मोहनराज र अरु - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

१२५. शर्मा, ताना - **पश्चिमका केही महान साहित्यकार ।**

१२६. सुवेदी, अभि र अरु – **विश्व साहित्यको रुपरेखा ।**

यस अतिरिक्त लैङ्गिक समालोचनाका मान्यता एवम् प्रवृत्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 5.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. लैङ्गिक समालोचनाको सामान्य परिचय ।

..........................................................................................
.......

..........................................................................................
.......

.......................................................................................

.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२.लैङ्गिक र लैङ्गिक समालोचनाको अर्थ र परिभाषा ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

**( प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३.लैङ्गिक समालोचनाको मान्यता ।

.......................................................................................

.......

.......................................................................................

.......

.......................................................................................

.......

Notes

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४.लैङ्गिक समालोचनाका प्रवृत्तिहरू ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२५. नेपाली साहित्यमा लैङ्गिक समालोचना लेखन ।

.....................................................................................

.......

.....................................................................................

.......

.....................................................................................

.......

**( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ५.५ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 6, नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध

**संरचना**

6.0 उद्देश्य

6.1 परिचय

6.2 नारीवादको सामान्य परिचय

6.3 लैङ्गिक समालोचनाको सामान्य परिचय

6.4 नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध

6.5 उपसंहार

6.6 सार

6.7 अनुशीलनी

6.8 अतिरिक्त अध्ययन

6.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नारीवादको सामान्य परिचय
- लैङ्गिक समालोचनाको सामान्य परिचय

- ६.५ नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध

## 6.1 परिचय

नारीवाद साँस्कृतिक तथा लैंगिक संघर्षका संदर्भमा बौद्धिकवर्गको

अभिरुचिभित्रको यात्रा हो । नारीवादी लेखन नारीका नियति, वेदना, त्याग, क्षमा, बलिदान, विद्रोह - चेतना आदि विषयवस्तुमा आधारित हुन्छन् । मातृत्वका लागि तड्पिएका आमा, वैदेशिक रोजगारीबाट सिर्जित समस्या, महिलामाथिका सामाजिक विभेद बुझ्नका लागि यस प्रवृत्तिको लेखन आँखीझ्याल हुन् ।  नारीवादको केन्द्रमा नारी नै भए पनि 'हार्डकोर' नारीवादी भने लाग्दैनन् । पुरुष - निन्दलाई नै नारीवाद सम्झनेका लागि 'नारीवादको' मात्र हुन सक्छन् । यस अर्थमा छाया नारीवादको भद्दा अनुकरण होइन । बरु समाजमा रहेको नारी अस्तित्वको झीनो तस्बिरको धुमिल छाया हो । यसैले नारीवाद आदका साहित्यको एउटा चुनौती पनि हो ।

अङ्ग्रेजी शब्द **फेमिनिज्म** (feminism) - को नेपाली रूपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दर्भबाट नारीका हक, हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्ने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गरेको पाइन्छ । नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक नारीवादी आन्दोलनसाग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरूका सोचाइ, अनुभव क्रियाकलाप एवं गतिविधिहरूलाई लाई विशेष

महत्व दिने नारीवादी समालोचनाले पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ ।

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

## 6.2 नारीवादको सामान्य परिचय

साहित्यकारलाई लिङ्ग भेद गरेर हेर्नु हुँदैन भन्ने दृष्टिकोण पनि रहेको पाइन्छ तर महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्बन्धी दृष्टिकोण आदि महिलाकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् त्यति पुरुषहरूद्वारा सिर्जित रचनाबाट हुँदैनन् भन्ने यथार्थवादी दृष्टिकोण र मान्यता विगत केही दशकदेखि स्थापित भइसकेको छ । नारीवादी चिन्तकहरूले पनि यसै तथ्यमाथि जोड दिँदै आएका छन् ।

अङ्ग्रेजी शब्द **फेमिनिज्म** (feminism) - को नेपाली रूपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दर्भबाट नारीका हक, हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्ने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गरेको पाइन्छ । नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक नारीवादी आन्दोलनसाग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरूका सोचाइ, अनुभव क्रियाकलाप एवं गतिविधिहरूलाई लाई विशेष महत्व दिने नारीवादी समालोचनाले पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ ।

पश्चिमी मुलुकमा नारीमुक्तिको सङ्घर्ष धेरै अगिदेखि चलेको पाइए तापनि नारीवादी आन्दोलन, नारीवादी साहित्य सिर्जना र समालोचनाको वास्तविक थालनी सन् १९६० को दशक पछि मात्र भएको देखिन्छ । त्यस बेलासम्म समाजमा नारीको अवस्था अत्यन्तै दुखद र प्रतिकूल रहेको पाइन्छ । एरिस्टोटलले केही गुणहरूको कमीका कारण नारी नारी भएको हो भनेर नारीलाई कमजोर साबित गर्न खोजेका छन् । सेन्ट टमस एक्विनसले पनि नारीको खोट देखाउँदै नारीलाई अपूर्ण मानिस भनी उल्लेख गरेका छन् । विश्वप्रसिद्ध मनोविश्लेषक फ्रायडले नारीमा शिश्न ईश्र्या हुन्छ भन्ने सन्दर्भबाट नारीको नियतिलाई शारीरिक बनोटगत अपूर्णताको परिणाम मानेका छन् ।

नारीवाद यस्तैयस्ता नारी विरोधी दृष्टिकोणका विपक्षमा देखिएको छ । प्रायः सबै चिन्तक, दार्शनिक, नेता, भविष्यवक्ता, वैज्ञानिक आदि पुरुष भएका कारण नै नारीलाई हीनतर मानेका हुन् भन्ने धारणा नारीवादीहरूले व्यक्त गरेका छन् । नारीहरूलाई हीन तुल्याउने कार्य प्रकृतिले नभएर सामाजिक व्यवस्थाले गरेको हो भन्ने दृष्टिकोण नारीवादीहरूको रहेको छ । नारीका यिनै विविध पक्षस“ग सम्बद्ध साहित्य एवं समालोचनालाई नारीवादी साहित्य तथा नारीवादी समालोचना भनिन्छ । सँस्कृति तथा राजनीतिमा निकायको प्रतिबिम्ब, साइबर नारीवाद वा कमिक्समा महिलाहरूको वर्णनको विश्लेषणसम्बन्धी निबन्ध, सैद्धान्तिक रचना तथा विचार विमर्श रहेका छन् । मेक्सिकन कलाकार र यस क्षेत्र तथा विश्वभरिकै महिला संघर्षको प्रतिरूप फ्रिडा काह्लो यी टेक्स्टमध्ये धेरैमा विश्लेषणको केन्द्रमा रहेकी छिन् । यी टेक्स्टमा कुनै पनि निकाय तथा समुदायद्वारा इन्टरनेटमा वा बाहिर गरिने शक्तिको प्रदर्शन तथा प्रतिकारी शक्तिबारे पनि खोतलिएको छ।

**नारीवाद** मार्क्सवादी विचारधाराबाट उत्प्रेरित र उद्भूत राजनैतिक समतामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो । पुरुष अधिकारको भञ्जन र नारी स्वतन्त्रता लेखन परम्परालाई नवीनकरण र मान्यता प्रदान गर्ने अभियानमा ओर्लेको यस सिद्धान्त सन् १९६० देखि द्रुतगतिमा अघि बढेको पाइन्छ । उदारता, सुधारमूलक मार्क्सवादी अवधारणा र मनोवैज्ञानिक सिद्धान्तहरूसँग सम्बन्धित रहेर नारीवाद उत्तरोतर विकासको निम्ति अग्रसर रहेको छ । नारीवादले नारीहरूको दमन र किनारीकरणसँग सम्बन्धित समस्यामा चासो राख्दछ । लैंङ्गिक अवधारणाको अध्ययन पनि नारीवादमा गरिन्छ । यो नारी स्तरको अध्ययन गर्ने एउटा वैज्ञानिक अवधारणा हो । पुरुषलिखित

साहित्यमा नारीलाई कसरी हेरिएको हुन्छ र नारीका समस्यालाई कसरी सम्बोधन गरिएको छ ? भन्ने कोणबाट भारी जातिको अध्ययन अवलोकन गर्नु नै नारीवादी साहित्यको मूल अभीष्ट देखापर्दछ ।

## 6.3 लैङ्गिक समालोचनाको सामान्य परिचय

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो । पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध

(क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।

लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् । यी बाहेक परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र अटाउन सक्छन् । यस्ता नेपाली कृतिहरूमा मोहनराज शर्माका **सलिजो, पल्ली**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

लैङ्गिकताको निर्धारण गरेको लक्ष्य, आधारभूत मान्यता, अवधारणा आदिलो मूलरूपमा नर – नारीको लिङ्ग भेदलाई मात्र ध्योतन नगरेर भिन्दै तेस्रो जेन्डरलाई पनि  बुझाउँछ । यस प्रकारका लेखन रूपमा गर्न सके साहित्यको राम्रो  स्वरूप निर्धारण हुने पनि देखिन्छ । साहित्यको लगभग सबै क्षेत्रमा प्रगति भएको पाइन्छ । तर यस प्रभृतिको क्षेत्रमा प्रगति हुनु आवश्यक पनि भएको छ । हुन त यस प्रकारको समालोचना लेखनमा निश्चित रूपले भौतिक समस्याहरू पनि लेखकले झेल्नु पर्नेछ । तर त्यसका साथै व्यापक चुनौती र विशाल असमानता पनि यथावत् नै रहेका छन् । कसरी अझ बढी प्रगति गर्न सकिन्छ भन्नेबारे हामीले आफैलाई सोधि राख्नुपर्छ ।

विश्वमा 'राम्रो गर्ने' प्रयासमा समस्या केन्द्रित हुनु र समाधान केन्द्रित हुनुमा ठूलो भिन्नता छ । विश्वव्यापी लैङ्गिकतालाई त्यस्तो भिन्नताले स्पष्ट गरेको छ । हामी समस्या केन्द्रित हुन्छौं अनि लैङ्गिक साहित्यलाई विश्वव्यापी सम्झौतालाई एकमात्र तार्किक समाधान भन्ठान्छौं । तर त्यस्तो विस्तृत सम्झौता राजनीतिक रूपले असम्भव देखिनुका साथै अत्यन्तै प्रभावहीन समेत देखिएको छ । विश्वव्यापी लैङ्गिक समस्याको वृद्धि निश्चय पनि एउटा गम्भीर चुनौती हो (पनि निम्त्याउनेछ जसले अन्य समस्या) । तर लैङ्गिक समालोचना घटाउने प्रयास एकदमै निष्प्रभावी समाधान हो । त्यस्ता प्रयासले अन्य वैकल्पिक उपायसँग तुलना गर्दा रकमको कमजोर उपयोग मात्रै भएको देखिन्छ । समस्याको सबैभन्दा कुशल समाधान खोज्ने हो भने प्राथमिकता तोक्नुपर्छ । लैङ्गिकतामा यस्तो प्राथमिकताक्रम तोकिएको छैन र धेरैलाई यो अरूचिकर समेत लागेको छ । तर हामीले प्रभावकारिताका आधारमा तुलना गरेर स्पष्ट जेन्डरको पहिचान गरेनौं भने अन्त तत्त्व निर्याणक हुन पुग्छ । सञ्चार माध्यममा आएको चर्चित मुद्दा, आत्मकेन्द्रित व्यापारिक गृहहरू र लगानीलाई कुनै निश्चित क्षेत्रतफ मोड्न चाहने अभियन्ताहरूले निर्णय प्रक्रियालाई आफ्नो स्वार्थअनुरुप अन्तै मोड्न भएको कारण लैङ्गिक साहित्य लेखन आज विश्वमा नै एउटा चुनौतीको विषय पनि बनेको छ ।

## 6.4 नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध

**नारीवाद** भन्नाले नारीको सामाजिक, राजनीतिक, आर्थिक, व्यक्तिगत वा अन्य कुनै महत्त्वपूर्ण विषयमा पहुँच हुनुपर्छ भन्ने समूहगत विचार हो । विशेतः नारीलाई शिक्षा र रोजगारमा अवसर प्रधान गर्नैपर्छ भन्ने नारीवादको मुख्य विषय हो । नारीवादी सिद्धान्तको उद्देश्य लैङ्गिक असमानताको प्रकृति र

कारणहरूलाई समझिने र यसको फलस्वरूप जन्म लिने लैङ्गिक भेदभावको राजनीति र शक्ति सन्तुलनको सिद्धान्तहरू माथि यसको असरलाई व्याख्या गर्नु हो । स्त्री विमर्श सम्बन्धि राजनीतिक प्रचारहरूको मुद्दा प्रजनन सम्बन्धि अधिकार, घरेलु हिंसा, मातृत्व अवकाश, भेदभाव र यौन हिंसा माथि रहेको हुन्छ ।

नारीवादको माग त एकदमै सरल र सहज छ– 'लिंग' मा आधारित असमानता र हिंसाको अन्त्य। यसको नामकरण 'नारी' वाद गरिनुमा पुरुषभन्दा नारी माथि हुनुपर्छ भनेको होइन र पितृसत्ताको ठाउँमा मातृसत्ताको माग पनि होइन। प्रजनन प्रक्रियामा देखिने, बुझिने कुरा के थियो भने जब महिलाहरू पुरुषसँग यौनसम्पर्कमा आउँथे तब मात्र गर्भवती हुन्थे। पुरुषको वीर्य देख्न सकिन्थ्यो तर प्रजननको प्रक्रियामा उत्तिकै भूमिका खेल्ने महिलाको अण्ड अदृश्य थियो। हुन सक्छ, यही आधारमा 'गर्भाधान गराउन सक्ने' पुरुषलाई प्रजनन प्रक्रियामा प्रमुख मानियो र महिलालाई पुरुषको वीर्यधारण गर्ने माध्यम। केही समययता महिला हिंसा र नारीवादसँग सम्बन्धित तीन फरक विषयमा सामाजिक सञ्जालमा व्यक्त केही धारणा लगभग यस्ता थिए: –वैवाहिक बलात्कारको मुद्दा महिला अधिकारको नाममा पुरुषमाथिको बढ्दो आक्रमण,

–आमाको नाममा नागरिकताको माग राष्ट्रिय सुरक्षाका लागि घातक,
–'घर भँड्वा' नारीवादले समाजलाई कता लग्दैछ भन्ने भय।

महिलाहिंसा संसारमै सबैभन्दा व्यापक तर अत्यन्तै कम सम्बोधन भएको मानवअधिकार हननको मुद्दा हो। महिला हिंसाका स्वरूप अनेक छन् तर यसको मूल जड महिलाको यौनिकतामाथिको नियन्त्रणको प्रयास हो। निजी

सम्पत्तिको सुरुआत र त्यसले विकास गरेको पितृसत्ताको अवधारणा नै महिलाको यौनिकतामाथिको नियन्त्रणको कारक हो भन्ने कुरा इतिहासविद्हरूले औंल्याएका छन्। वैवाहिक सम्बन्धजस्तो व्यक्तिगत मामलादेखि नागरिकता सम्बन्धी संवैधानिक विषयसँग सम्बन्धित यी माथि उल्लेख गरिएका महिला हिंसाका स्वरूप र यी विषयप्रति मानिसहरूको धारणाले महिलामाथि हुने हिंसा र महिलाको यौनिकतामाथिको नियन्त्रणलाई हाम्रो समाज र राज्यले कसरी पक्षपोषण गरेको छ भन्ने कुरा फेरि पनि प्रमाणित गरेको छ।

पुरूषकेन्द्री साहित्यगत प्रवृत्तिलाई लत्याएर समकालीन नारीवादी समालोचना परिप्रेक्ष्य लेस्वियनिजम् (स्त्री समलिङ्गी) साहित्यको अध्ययन र विश्लेषणको परम्परा पनि हुर्किएको छ । लेस्वियनिजम् दिदी - बहिनी (womanhood) भावको अभिव्यक्ति हो र यसले जीववैज्ञानिक सिद्धान्तलाई समेत चुनौती दिएको छ । पश्चिममा नारीवादी साहित्य समालोचनामा ब्ल्याक फेमिनिस्ट साहित्यको अध्ययन र विवेचना गर्ने प्रचलन पनि फस्टाएको छ । नारीवादमा पनि विभिन्न तर्क, वाद, विवाद, विभाजन, उप - विभाजन, हाँगा - बिँगा छन् । चरम नारीवाद, नरम नारीवाद, समाजवादी नारीवाद, नारीवादी तेस्रो धार, मनोविश्लेषक नारीवाद आदि वर्गीकरण गरिएको छ । सन् १९२० को दशकमा नारी लेखक तथा नारी साहित्यलाई हेर्ने नया" र भिन्न दृष्टिकोणको प्रवेश भएको सङ्केत देखिन्छ । यस अवधिमा रिबेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरूमा नारी लेखकहरूले पितृसत्तात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूलतालाई स्पष्ट पारिएको छ । यस

सन्दर्भमा उल्फको **A Room of One's Own** (सन् 1929) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेखका रूपमा रहेको छ ।

यसपछि डोरोथी रिचर्डसनद्वारा चेतनप्रवाह शैलीमा लेखिएको उपन्यास Pilgrimage १२ भागमा प्रकाशित भएको छ । यस बृहत् उपन्यासको विराम चिह्नरहित पोथी गद्यबारे भर्जिनिया उल्फले स्त्रीलिङ्गको मनोवैज्ञानिक वाक्य भन्ने टिप्पणी गरेकी छिन् । सन् १९४९ मा प्रकाशित फ्रान्सेली लेखक साइमन ड बुभाको **The Second Sex** नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृति हो । समाजमा नारीको स्थिति र भूमिकाबारे विश्लेषण गरिएको यस कृतिमा नारीको पहिचानसम्बन्धी विस्तृत समीक्षा गरिएको छ । यसमा स्टेन्धाल र डी. एच्. लरेन्सजस्ता पुरुषले लेखकहरूबाट गरिने नारीको प्रतिनिधित्वबारे पनि विश्लेषण गरिएको छ । यस ग्रन्थको मुख्य सन्दर्भ राजनैतिक भए पनि यस कृतिमा सर्वप्रथम पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरिएको छ । यसमा नारीको पहिचान नकारात्मक वस्तु वा अन्यका रूपमा तथा पुरुषको पहिचान प्रभुत्वशाली व्यक्तिका रूपमा विवेचना गर्दै पुरुष लेखकहरूका कृतिहरूमा वर्णित नारीसम्बन्धी महान् सामुदायिक मिथहरूको विश्लेषण पनि गरिएको पाइन्छ ।

नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याइएको छ र पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ भन्ने मुख्य निष्कर्ष यस कृतिको रहेको छ । यसरी बुभाद्वारा नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरिएपछिसन् १९७० का

दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक एवं सचेत प्रयास भएको हो । यसै बेलादेखि नारीसम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवाद अमेरिकामा विशेष लोकप्रिय हु“दै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई यसले सक्रिmय रूपमा कार्य गर्न थालेको देखिन्छ । बेलायतमा सन् १९७७ मा स्थापित **खष्चबनय** नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रकाशनको थालनी गरेको छ भने सन् १९७८ मा **त्जभ ध्यभलुक एचभककको** स्थापना भएको छ । नारीवादी समालोचनाले विगतका नारी लेखकहरूका कृतिहरूको व्यापक खोजी तथा पुनर्मुद्रण गर्नुका अतिरिक्त विद्वतापूर्ण तथा सिर्जनात्मक नारीलेखनलाई प्रोत्साहित गर्दै अगि बढिरहेको छ ।

नारीहरुको सामाजिक, आर्थिक एवं साँस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरुको सोचाइ, अनुभव, क्रियाकलाप एवं गतिविधिहरुलाई विशेष महत्व दिने नारीवादले पुरुषद्वारा स्थापित नारीसम्वन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ । महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्वन्धी दृष्किोण आदि महिलाकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् त्यति पुरुषहरुद्वारा सिर्जित रचनाहरुबाट हुदैनन् भन्ने दृष्टिकोण र मान्यता विगत केही दशक

देखि स्थापित भईसकेको र नारीवादी चिन्तकहरुले पनि यसै मान्यतामाथि जोड दिएका छन् ।

सम्पूर्ण मानवजातिको कुरा गर्दा महिला र पुरुषको छुट्टछुट्टै विभाजन र अस्तित्व हुदैन । यी दुवै मानव समाजका अभिन्न अङ्ग हुन् । तर लिङ्गको आधारमा महिला र पुरुष दुई वर्ग भनी छुट्याउँदा मानव निर्मित सामाजिक र राष्ट्रिय नियम, कानून आदिको आधारमा जुन भेदभाव महिला र पुरुषमा आएको छ, त्यसको आधारमा मात्र महिला वर्गको बेग्लै तरीकाले अध्ययन हुन सक्दछ । महिला र पुरुषमा बीचमा शारीरिक बनावटको भिन्नताले गर्दा प्राकृतिक प्रजनन् प्रक्रियामा रहेका बेग्लाबेग्लै भूमिका आदि जस्ता कुराहरुमा देखिने भिन्नताबाहेक अन्य कुराहरुमा महिला र पुरुषबीच भिन्नता पाईदैन तर विभिन्न विधान, धर्मशास्त्र, नीतिशास्त्र, उक्ति आदिले महिलाका बारेमा किन्तु बढी घृणा गरी तल्लो स्तरममा राखेको पाईन्छ कि बढी बढी प्रशंसा गरी उल्लेख गरेको पाईन्छ । यसरी महिलाका बारेमा बढी प्रशंसा गर्नु पनि आवश्यक छैन भने बढी घृणा गरेर हेपेर हियाएर हेर्नुपनि आवश्यक देखिदैन । किनकि एउटा सिक्काका दुई पाटा पनि भनिने महिला र पुरुष दुवैको यस धर्तीमा उत्तिकै महत्व छ भने उत्तिकै अधिकार र आवश्यकता पनि छ । साहित्य र समालोचनाका क्षेत्रमा नारीवादले यस्तै मान्यता राखेको छ ।

मुलुकी ऐनलाई प्रतिस्थापन गर्दै गत भदौ १ गतेदेखि कार्यान्वयनमा आएको देवानी संहितामा वैवाहिक बलात्कारको सजाय बढाएर ५ वर्षसम्मको जेलसजाय तोकिएको छ। वि. सं. २०६३ मा पहिलो पटक बनेको वैवाहिक

बलात्कारविरुद्धको कानुनमा ३ देखि ५ महिनाको कैद सजाय तोकिएको थियो। वैवाहिक सम्बन्धभित्र श्रीमान् र श्रीमतीको सम्बन्ध नितान्त व्यक्तिगत विषय हो, र यसमा राज्यको हस्तक्षेप हुनुहुन्छ कि हुँदैन भन्नेबारेमा मत बाझिनु स्वाभाविक होला तर जुन समाजमा हिंसा संरचनात्मक रूपमै जरा गाडेर बसेको छ, त्यहाँ 'व्यक्तिगत' ठानिएका व्यवहार पूर्ण व्यक्तिगत हुँदैनन्। जब हामी वैवाहिक बलात्कारको कहालीलाग्दो आँकडा र स्वरूप देख्दछौं, तब यसको संरचनागत प्रकृति बुझ्छौं। नेपालमा वैवाहिक बलात्कारसम्बन्धी कानुनी व्यवस्था भएको १२ वर्ष पुगेछ, तर पनि यसलाई दिइने सामाजिक स्वीकारोक्तिको कारण वैवाहिक बलात्कारका मुद्दा दर्ता हुँदैनन् र यसको सही आँकडा पाउन मुस्किल पर्छ। नेपालमा सन् २०१४ मा स्वास्थ्यचौकीमा जँचाउन आएका ३६२ विवाहित महिलामाथि एक सर्वेक्षण गरिएको रहेछ, जसमध्ये आधाभन्दा बढी (५३.६ प्रतिशत) महिला हरेक दिन वा कहिलेकाहीं वैवाहिक बलात्कारमा परेको पाइयो। सो सर्वेक्षणअनुसार बिरामी पर्दा, गर्भवती अवस्थामा, सुत्केरी भएलगत्तै, महिनावारी हुँदा हरअवस्थामा महिलाहरू इच्छाविपरीत बलात्कृत भएका थिए। जबर्जस्ती यौनसम्पर्कका कारण कसैको गर्भ तुहिएको थियो, कसैको यौनांग च्यातिएको थियो, कोही अनिच्छित गर्भाधारण गर्न बाध्य थिए। डिप्रेसन, पाठेघर खस्ने समस्या र विभिन्न किसिमका यौन रोगबाट पीडित थिए। वैवाहिक बलात्कारपीडित यस्ता हजारौं महिलाको सुरक्षित भई बाँच्न पाउने न्यूनतम अधिकारका लागि बनेको हो यो ऐन।

मुलुकी ऐनका मस्यौदाकारमध्येकै एक जनाले एक अनलाइनमा 'वैवाहिक बलात्कार अधिकारका नाममा खेती गर्नेहरूले सिर्जना गरेको र पैसावाल

संघसंस्थाको उक्साहटमा परेर राखिएको प्रावधान हो, श्रीमतीलाई रिस उठयो भने जतिबेला पनि यो मुद्दा लगाउन सक्छन्' भनेर अन्तर्वार्ता दिए। सामाजिक सञ्जालमा यस ऐनलाई हाँसोको विषय बनाइयो। एक 'प्रतिष्ठित' व्यक्तिले त 'मेरी श्रीमतीले कहिले पो आऊ मलाई सम्भोग गर भन्लिन् र? भन्ने आशयको ट्विट गरे। कैयौं पुरुष र महिलाले त्यसलाई समर्थन गर्दै ऐन महिला अधिकारको नाममा पुरुषमाथि ठूलो अन्याय भएको निष्कर्ष निकाले। यी अभिव्यक्तिले केचाहिं छर्लंग पार्‍यो भने हाम्रो देशको नीतिनिर्माण तहमा भएका 'वरिष्ठ बुद्धिजीवी' देखि युवा जमातसमेत विद्यमान वैवाहिक बलात्कारको रूपमा भइरहेको महिला हिंसाप्रति अनभिज्ञ र असंवेदनशील मात्र होइन महिलाको यौनिकताको नियन्त्रण गरिने संस्कारका पक्षधर रहेछन्। यौनलाई पुरुषका लागि र पुरुषद्वारा गरिने, पुरुषप्रधान क्रिया मान्दा रहेछन् र महिलालाई केवल त्यसको माध्यम।

पुरुष सृष्टिकर्ता हो, वंशजको स्रोत हो, परिवारको रक्षक र पालनकर्ता हो भन्ने सयौं वर्षदेखि स्थापित पितृसत्तात्मक मान्यताले महिलाको भूमिका केवल पुरुषको 'सहायक' भनी स्थापित गरिदिएको छ। कुनै ईश्वरद्वारा मानवको सृष्टि भएको होइन, मानवद्वारा ईश्वरको सृष्टि गरिएको हो। हिन्दु, इसाई, इस्लाम, यहुदी आदि धर्मका प्रचलित स्वरूप पितृसत्तात्मक छन्, किनकि ती पितृसत्तात्मक समाजले निर्माण गरेका हुन्। सृष्टिकर्ता ब्रह्मा, विष्णु, महेश्वर, अल्लाह, परमेश्वर सबै पुरुषको रूपमा प्रतिविम्बित गरिएका छन्। यिनैले सृष्टि गरेका पहिलो मानव मनु, आदम आदि पनि सबै पुरुष छन् अनि अनन्ती र हब्बाहरू यिनै 'पहिलो पुरुष' को पूर्णताका लागि सृष्टि भएका स्त्रीहरू। हिन्दु धर्मकै कुरा गर्दा, पूर्ववैदिककालमा स्त्रीशक्तिस्वरूप 'देवी' लाई मानिने, तर

वैदिककालमा आएर देवीहरूलाई मूलतः देवता पत्नीका रूपमा दोस्रो स्थानमा राखिएको देखिन्छ।

समाजका स्वीकार्य मूल्यमान्यता वा कुनै समूहविशेषका मूल्यमान्यतालाई स्थापित गरेर समाजको व्यवस्थापन गर्ने क्रममा धर्मको विकास भएको हो र कैयौं धार्मिक ग्रन्थहरू सृष्टि र प्राकृतिक नियमहरूका अध्ययनका उपज पनि हुन्। यी उबेलाका अध्ययन, अवलोकन र अनुभवमा आधारित प्राचीन 'विज्ञान' थिए। पितृसत्ताको विकास हुनुमा पुरुषको शारीरिक शक्ति, आक्रामकता आदि सँगसँगै यही वीर्यको कथित सर्वोच्चताले पनि प्रभाव पारेको अनुमान लगाउन सकिन्छ जसको आधारमा क्रमशः अन्य पितृसत्तात्मक व्यवस्थाहरू विकसित हुँदै गए र वंश र अंशमा पुरुषको एकाधिकार स्थापित हुन पुग्यो। तर, विज्ञान परिवर्तनशील हुन्छ। पुराना सिद्धान्तहरू नयाँनयाँ खोजसँगै प्रतिस्थापित हुँदै जान्छन्। प्रविधिको विकाससँगै प्रजनन र आनुवांशिकतामा पनि विज्ञानले धेरै फड्को मारिसकेको छ, नयाँ तथ्यहरू बाहिर आइरहेका छन्। सन्तानमा बाबु र आमाको समान वंशाणुगत गुण स्थानान्तरण हुन्छ भन्ने सत्यभन्दा परसन्तानले बाबुभन्दा आमाबाट अझ केही बढी वंशाणुगत गुण पाउँछन् भन्ने नयाँ तथ्य बाहिर आइरहेका छन्।

तर विडम्बना, आज राज्यले नागरिकताको हकमा महिलाको वंशज र स्वतन्त्र अस्तित्वलाई अस्वीकार गरेको छ। 'विदेशी बाबु भए तिम्रो सन्तानले नेपालमा वंशजको नागरिकता पाउन सक्दैन' भनेको छ नागरिकता विधेयकले। बाबुको पहिचान हुन नसक्नुको कारण खुलाउनुपर्ने, बच्चा कोबाट जन्मियो, कसरी जन्मियो भनेर प्रशासनमा पुष्टि गर्नुपर्नेजस्ता कानुन बनाएर

महिलाको स्वतन्त्र अस्तित्व मात्र होइन उनको गोपनीयताको हक पनि नकारेको छ। पुरुषलाई आफ्नी स्वदेशी अथवा विदेशी श्रीमतीलाई नागरिकता दिलाउन सक्ने अधिकार दिने तर बराबर अधिकार महिलालाई नदिएर संविधानमै लेखिएको समानताको हक पनि खोसेको छ। यो कानुनले भन्न खोजेको छ कि नेपाल पुरुषहरूको घर हो, तिमी (महिला) नेपाली हुनलाई नेपाली बाबु र नेपाली लोग्ने आवश्यक छ।' यसरी राज्यले नै वंशजको उत्तराधिकारी 'छोरा उत्पादन गर्ने' र 'परीक्षण र त्रुटि'को प्रक्रियाबाट गर्भमा बस्न पुगेका छोरीहरूको भ्रूणहत्यालाई मान्यता दिएको छ।

महिलाहरूलाई पुरुषभन्दा कमसल र पुरुषमा अधीनस्थ लिंग हो भन्ने सामाजिक मान्यतालाई सदर गरेको छ। सदियौंदेखिको महिलाको यौनिकता र अस्तित्वमाथिको नियन्त्रणलाई निरन्तरता दिएको छ। अचम्म लाग्छ, हामी अझै यस्तो समाजमा छौं जहाँ छोरीहरू आफ्नै बाबुआमाको अपनत्वबाट बन्चित हुन्छन् र जन्मेदेखि 'तँ अर्काको घर जाने जात होस् भनेर बालिकाहरूमाथि हिंसा गरिन्छ अनि फेरि मन्त्र भटभटाएर 'कन्यादान' गरीवरी 'दिएपछि' उसको वंश नै परिवर्तन भएको ठानिन्छ, छोरीले जन्माएका सन्तानलाई ज्वाइँको सम्पत्ति मानिन्छ र त्यस्ता 'भान्जाभान्जी' लाई देशमा बराबर अधिकार छैन भन्ने नीतिहरू निर्माण गरिन्छ।

नारीवादको माग त एकदमै सरल र सहज छ - 'लिंग' - मा आधारित असमानता र हिंसाको अन्त्य। यसको नामकरण 'नारी' वाद गरिनुमा पुरुषभन्दा नारीमाथि हुनुपर्छ भनेको होइन र पितृसत्ताको ठाउँमा मातृसत्ताको माग पनि होइन। नारीवाद 'युगौंदेखि समाजका हरेक पक्षलाई पुरुषको दृष्टिबाट हेरियो, पुरुषलाई प्राथमिकतामा राखेर लेखियो, अब महिलाको दृष्टिबाट

पनि हेरौं' भन्ने उद्देश्यसहितको लैंगिक आधारमा निर्धारण गरिएको असमान शक्ति सन्तुलनको दृष्टिले इतिहास र समाजलाई अध्ययन गर्ने एक सिद्धान्त हो। नारीवादको विपक्षमा उभिने समूहको त कुरा छोडौं, यसमा तटस्थ बस्नु भनेको समानताको अवधारणा अस्वीकार गर्नु बराबर हो।

लैंगिक समानताको पक्षमा सकारात्मकता विकास हुँदै आएको छ तर अनौठो कुरा, महिलाको यौनिकता जस्तो अत्यन्त निजी र व्यक्तिगत विषयमा भने समाज अझै पनि संकीर्ण छ। महिलाको यौनिकतामाथिको नियन्त्रण गुम्नु भनेको समाज भाँडिनु हो भन्ने सोच राख्ने जमात यहाँ ठूलो छ। मानौ महिला विवेकहीन प्राणी हुन् जसलाई अधीनमा राख्न सकिएन भने समाज भताभुंग हुन्छ। राज्य र समाजले नै पुरुषलाई भनिदिएको छ 'महिलाहरू तिमीहरू कै हुन्, उनीहरू तिमीहरूका जिम्मेवारी हुन्।' यसरी जिम्मेवारी लिनेहरूले अधिकार पनि जताएका छन् महिलामाथि। त्यसैले त, वैवाहिक बलात्कारको कानुनलाई पुरुषमाथिको आक्रमण भनेर विरोध गरिन्छ। यस्ता कानुनले परिवार विखण्डन हुने त्रास फैलाइन्छ। आमाको नाममा नि:सर्त नागरिकताको अधिकारलाई 'जोसँग पनि सुतेर भुँडी बोक्ने छुट चाहियो तिमीहरूलाई ?' भनेर प्रश्न गरिन्छ। हालै एक बैंकको टेलिभिजन विज्ञापनलाई लिएर लेखक सावित्री गौतमलगायत अरु केहीले गरेका सामान्य व्यक्तिगत धारणा 'महिलाको गृहिणीकरण' को विरोध थियो कि गृहिणीको वा कसैको गृहिणी बन्ने चाहनाको विरोध भनेर नबुझीकनै 'डलर खाएर कसैको सुखी दाम्पत्य बिगार्न खोज्ने', घर भँडाउने, प्रेमविरोधी आदि भन्दै खनिएकाहरूको समूहमा मिडियाकर्मीसमेत रहेका कतिपय महिला देख्दा 'शरीरले महिला हुनेहरूमा पनि पितृसत्तात्मक सोच जिउँदै हुन्छ **फेमिनिज्म इज नट**

**बायोलोजिकल'** भन्ने भनाइको सम्झना हुन्छ। नीरज नामक ट्विटर प्रयोगकर्ताको ट्विट सापटी लिएर भन्दा 'केही पितृसत्ताका बफादार चौकीदार महिला' नभइदिएको भए सायद यो लडाइँ यति जटिल हुँदैनथ्यो।

अर्को मलगायत केही ट्विटर प्रयोगकर्ता महिलाले स्वेच्छिक रूपमा ट्विटर ह्यान्डलमा थपेको 'दोस्रो दर्जाकी' नाम नागरिकता विधेयकमा गरिएको असमान व्यवस्थाकै सांकेतिक विरोध हो। यसलाई 'नेकपा सरकारले ल्याउन लागेको विधेयकको विरोध स्वतः नेकपा सरकारको विरोध हो' भन्ने मनगढन्ते व्याख्या गरेरै होला केही सरकारी 'भारदार' हरूले गरेको 'यिनीहरूले लोग्नेसँग सुत्ने कोठा, देश र प्रदेश नि छुट्टै बनाउलान्, डलरको लगानीमा यो नाम राखेका हुन्, विखण्डनकारी हुन्' जस्ता आपत्तिजनक टिप्पणी त पचाइएकै थियो। एक जना 'वरिष्ठ पत्रकार' महिलाले समेत एउटा रेडियोमा 'हामीले नै दोस्रो दर्जा नाम राखे हामीलाई कसले अधिकार दिन्छ, म त पहिलो दर्जाकी हुँ' भनेको सुनियो। कम्तीमा बोल्न जानुअघि हामीले आफूलाई दर्जा घटुवा गरेको हो कि अरू केही हो भनेर बुझ्न यही शीर्षक राखेर पहिलो पटक समाचार लेखेकी र सबैभन्दा पहिला यही नाम राखेकी आफ्नै क्षेत्रकी युवा पत्रकार महिला शोभा शर्मालाई सोधेर 'फयाक्ट चेक' गरेकोसम्म पनि देखिएन। उक्त अन्तर्वार्तापछि फेरि उक्त पत्रकार महिला असल र बाँकी डलरवादी भन्दै केही व्यक्तिले थप उक्सिएर लज्जित गरिरहेका छन्।

केही समयअघि आमाको नाममा नागरिकताको लागि दबाब कार्यक्रममा प्रयोग भएको नारा 'बा बेपत्ता छैनन् हाम्री आमाका बलात्कारी हुन्' यस्तै अपव्याख्याको सिकार भयो। जसले मुद्दाको मर्म बुझेका थिए उनीहरूले

आफ्नो आवाज समर्थनमा थपे। तर, अन्यले यसलाई अतिरञ्जित गरेर 'घरघरका बाबुलाई दानवीकरण गर्ने र घर भत्काउने प्रयास' भनेर सामाजिक सञ्जालमा प्रसार गरे। यसबारे उनीहरूले आमाको नाममा नागरिकता अभियानकी अभियन्ता दीप्ति गुरुङलाई सामाजिक सञ्जालमा अत्यन्तै निकृष्ट ढंगले आक्रमणसमेत गरे। बाबुको दानवीकरण होइन, बलात्कारबाट जन्मिएका छोराछोरीले 'बाबुको ठेगान नभएको' 'बाबु बेपत्ता भएको' आदि लेखिएको नागरिकता बोकेर हिँड्नुपर्ने यथार्थविरुद्धको आवाज थियो त्यो। तर अचम्म, केही पत्रकारहरूले समेत त्यसको सत्यतथ्य नबुझी सामाजिक सञ्जालमा गलत विचार र भ्रम फैलाउने काम गरे।

हिन्दु धर्म - संस्कृतिका अनेकौं पाटा छन् र कैयौं पक्ष सुन्दर छन्। पुरुष र स्त्री शक्तिको संयोग 'शिवशक्ति' को अवधारणा र मातृशक्तिको मानक 'शक्ति पूजा' हिन्दु धर्मका विशेषता हुन् तर यथार्थमा हाम्रो धर्मले नारीलाई देवीसरह पुज्छ भन्ने तर्क महिलालाई राष्ट्रपति थापना गरेर पुरुषप्रधान क्याबिनेटले राज्य चलाए भन्दा केही फरक छैन। पितृसत्ताले तोकिदिएका 'लक्ष्मणरेखा' भित्र बस्ने, वा सो रेखाभित्र बसेर पनि महान् काम गर्न सक्नेहरू त देवी मानिन्छन्। तर, त्यो रेखालाई नाघ्ने सीताहरूको अग्निपरीक्षा लिइन्छ भने पितृसत्ताभन्दा बाहिर रहेका 'सूर्पणखा' हरूलाई त दानवीकरण नै गरिन्छ। हाम्रो धर्मसंस्कृतिमा महिलाको उच्च सम्मान छ भनेर ट्विट लेखेर नथाक्ने केही पुरुष र केही स्वघोषित पण्डितजीहरूका ट्विटमा यति स्त्रीद्वेष र अधिकारको कुरा गर्नेहरूको यति चरित्रहत्या गरिएको पाइन्छ कि धर्मशास्त्रमा महिलाको उच्च सम्मान हुन्छ भन्ने भनाइ महिलालाई अल्मल्याउन गरिएको 'शब्दको राजनीति' बाहेक केही होइन भनेर प्रस्ट हुन्छ। धर्मप्रतिको आस्था

Notes

कमजोर हुँदै गएको पश्चिमी समाजमा पनि पितृसत्तात्मक धर्मले पक्षपोषण गरेका स्त्रीद्वेषी चरित्र बाँकी नै छन्।

सन् २०१६ को राष्ट्रपतिको चुनावमा अमेरिकी समाजको स्त्रीद्वेषी चरित्र छर्लंग भएको थियो जब महिलाहरूलाई शक्तिको आडमा जे पनि गर्न सकिन्छ भन्ने सोच्ने यौन हिंसाका आरोपित डोनाल्ड ट्रम्पले चुनाव जिते। एक मतदाताले त टीभीमै, हिलारी महिला भएकाले उपराष्ट्रपतिका लागि उपयुक्त छिन तर राष्ट्रपतिका लागि शक्तिशाली पुरुष नै चाहिने भनेर हिलारीलाई भोट नदिने तर्क दिए। धर्मशास्त्रले पुरुषलाई पनि नैतिक मूल्य मान्यताभित्र बस्न प्रेरित नगरेको होइन। एकातिर हिन्दु धर्मको ब्रह्मचर्यको अवधारणाले पुरुषको यौनकार्यलाई पनि नियन्त्रण गरेको छ, अर्कोतिर बलात्कारी विष्णु र इन्द्र पूज्य हुन्छन्। यही मान्यतामा अडेको समाजमा आज पनि बलात्कृत स्त्रीहरू 'अस्मिता' लुटिएको लाजले आत्महत्या गर्न पुग्दा बलात्कारीहरू खुलेआम घुम्छन्। विदुर पुरुषलाई छिटोभन्दा छिटो पुनर्विवाह गराउन समाज, परिवार सबै लागिपर्छन् तर विधवालाई विवाह गरेमा पुरुषले सामाजिक बहिष्कारसम्म सामना गर्नुपर्छ वा बढीमा कथित आधुनिक समाजमा उसले त्यो 'हिम्मत' को लागि वाहवाही पाउँछ। यसले समाजमा महिला र पुरुषको यौनिकतालाई कसरी फरक ढंगले हेरिन्छ र महिलाको यौनिकतालाई कसरी नियन्त्रण गरिन्छ भन्ने देखाउँछ। महिलाको यौनिकतामाथि नियन्त्रण र उनीहरूको शरीर र अस्तित्वमाथि पुरुषको आधिपत्य लैंगिक असमानताको मूल हो। यो बलात्कारजस्तो जघन्य अपराध र महिला हिंसाको जड पनि हो। पितृसत्ताको यस मूल प्रवृत्तिलाई प्रश्न गर्नुलाई घरभँडुवा नारीवाद भनेर लाञ्छित गरिन्छ। यी प्रश्नहरू पितृसत्तात्मक सामाजिक संरचनाको जडलाई हल्लाउनकै लागि नै

गरिएको हुनाले सायद महिलाले प्रश्न गर्न थालेपछि असमान घर र समाज 'भाँडिएलान्' पनि र त्यसपछि समानतामा आधारित लैंगिक सम्बन्ध, सुखी घरपरिवार भएको बलियो समाज र राष्ट्रको पुनर्निर्माण हुन सक्ला।

यसै वर्षबाट फेमिनिस्ट मेमोरी प्रोजेक्ट प्रारम्भ भएको घोषणा गर्न पाउँदा नेपाल पिक्चर लाइब्रेरी अत्यन्तै गौरव महसुस गर्दछ,यस कार्यक्रममार्फत नेपाल पिक्चर लाइब्रेरीले नेपालको

महिला इतिहास तथा नारीवादीआन्दोलनको इतिसको एक स्थायी फोटो अभिलेखालय स्थापना गर्ने उद्देश्य राखेको छ ।हाम्रो लक्ष्य नेपालमा नारीवादी इतिहास तथा विरासतसम्बन्धमा फोटोहरूको सबैभन्दा ठुलो संग्रह बन्नु हो । मौखिक इतिहास, साविती, चिट्ठीपत्र, प्याम्फ्लेट तथा अन्य दस्तावेजसहितको यो संग्रह अध्येता, अनुसन्धानकर्ता,कलाप्रबन्धक, अध्यापक तथा सार्वजनिक प्रयोगकर्ताहरूकालागि उपलब्ध हुनेछ ।

नेपाली नारीवादी इतिहासको यो अभिलेखालय निर्माण गर्ने यो अभियानमा योगदान दिनुहुन हामी सबैलाई आमन्त्रण गर्दछौँ । नेपाल पिक्चर लाइब्रेरी विशुद्ध डिजिटल अभिलेखालय भएकाहुनाले श्रोत सामग्रीलाई हामीलेडिजिटाईज गरेर आफ्नो अभिलेखालयमा राखिभ्याउने बित्तिकै फिर्ता गर्नेछौँ । निजी तथा सँस्थागत गरि हरेक प्रकारका सामग्री हामीकहाँ ल्याउनुहुन हाम्रो अनुरोध छ । साथै, तपाईंलाई यस प्रयोजनकालागि उपयुक्तहुने कुनै संकलनबारे थाहा छ भने हामीलाई जानकारी दिनुहुन तथा यस अभियानबारे खबर फैलाइ दिनुहुन अनुरोध गर्दछौँ ।

नेपालमा नारीवादी आन्दोलनको इतिहास लामो र गम्भीर भएपनि नेपालमा नारीवादी आन्दोलनका आरोहअवरोहबारे श्रोतसामग्री संकलन गरेर ति सामग्रीको अध्ययन सम्भव बनाउन अथवा सामग्रीसम्म सार्वजनिकपहुँच निर्माण गर्न कतैबाट दि

गो प्रयास नभएको देखिएकाले यो कार्यक्रम सिर्जना गरिएको हो ।हाम्रो आशा छ कि तपाईंलाई यो कार्यक्रमले नेपालमा नारीवादी अभियानका लक्ष्यलाई अघि बढाउन सघाउने छ र समग्रमालाभप्रद हुनेछ भन्ने बोध हुनेछ ।नेपाल पिक्चर लाइब्रेरीको यो कार्यक्रमप्रति तपाईंको सशक्त सहयोग र समर्थनको हामी प्रतिक्षा गर्दछौं ।

नारीवादीले कहिल्यै आफूलाई पुरुषविरोधी भनेका छैनन्, यो आन्दोलन पितृसत्ता विरुद्ध हो । महिला र पुरुषको यौनाङ्ग अलग हुन्छ भने तीबीच 'सेक्स इक्वालिटी' कसरी हुन्छ : कमला भसिन भनेका छन् । कमला भसिन मुख्यतः दक्षिण एसियाली नारीवादी अभियन्ताका रूपमा परिचित छिन् । त्यति मात्र परिचयले उनलाई परिचित गराउनु अन्याय हुन्छ । वास्तवमा उनी कवि, लेखक र विज्ञ पनि हुन् । उनको 'जेन्डर' सम्बन्धी पुस्तक विश्वविद्यालय स्तरमा पढाइ हुन्छ । उनी आफ्नो एनजीओ 'सङ्गत' - को कार्यक्रमका सिलसिलामा बेलाबेलामा नेपाल आउने गर्छिन् । गत भदौमा नेपाल भ्रमणका क्रममा उनीसँग रातोपाटी संवादाता माया श्रेष्ठले लामो कुराकानी गरेकी थिइन् । तर समाजले नारीवादीलाई त्यति राम्रो दृष्टिले हेरेको पाइँदैन । नारीवादबारे अन्यौल पनि उतिक्कै छ । सरल भाषामा भन्दा नारीवादीहरू ती मानिस हुन् जो महिला र पुरुषलाई बराबरी ठान्छन् र व्यवहारमा पनि समानताको अभ्यास गर्छन् । यस्तो समानता हुनुपर्छ भन्ने विचार, सिद्धान्तलाई नारीवाद भनिन्छ ।

विगत २, ३ हजार वर्षदेखि महिलालाई पछाडि पारियो र उनीहरूविरुद्ध हिंसा, उत्पीडन भयो । त्यसको अन्त्य हुनुपर्छ भन्दै नारीवाद जन्मिएको हो । समाजमा दलित आन्दोलन छ किनकि दलित पछाडि परेका छन् । उनीहरूविरुद्ध दमन, उत्पीडन छ । जो दबेको छ, उसले उठ्ने कोसिस गर्छ ।

यो मानवीय प्रकृति हो । अब समाजमा पुरुष आन्दोलन देखिँदैन किनकि कोही व्यक्ति पुरुष भएकै कारण दमनमा पर्दैनन् । तर पुरुष दलित परिवारमा जन्मिएको छ भने ऊमाथि अलग खालको उत्पीडन हुन्छ, तिनको लागि आन्दोलनको आवश्यकता भयो । महिला, दलितजस्तै समाजमा उत्पीडनमा परेका मजदुरले आफ्नै आन्दोलन चलाइरहेका छन् । अब पुँजीवादीले अधिकार चाहियो भनेर आन्दोलन गरेको देख्नुभएको छ ? उसलाई त अधिकार चाहिँदैन किनकि ऊ आफैं लुट्ने ठाउँमा छ ।

कुनै आमा र बाबाले छोरीलाई आफ्नो क्षमताअनुसार पढाउँछन्, ठूलो भएपछि छोरीले मनले इच्छाएर रोजेको पेसालाई समर्थन गर्छन्, कामको सिलसिलामा राति घर फर्किने कुरालाई सहज लिन्छन् भने त्यो परिवारले पनि नारीवाद अभ्यास गरिरहेको भन्न सकिन्छ । नारीवादी व्यवहार हाम्रै दैनिक जीवनमै अभ्यास भइरहेको हुनसक्छ र हामीले तिनलाई ख्याल नगरेको हुनसक्छौँ । कुनै आमा र बाबाले छोरीलाई आफ्नो क्षमताअनुसार पढाउँछन्, ठूलो भएपछि छोरीले मनले इच्छाएर रोजेको पेसालाई समर्थन गर्छन्, कामको सिलसिलामा राति घर फर्किने कुरालाई सहज लिन्छन् भने त्यो परिवारले पनि नारीवाद अभ्यास गरिरहेको भन्न सकिन्छ । छोरीलाई आत्मविश्वास र योग्यता दिने अभिभावक नारीवादी हुन् । आत्मविश्वासी र योग्य दिदीबहिनीलाई दाजुभाइबाट सुरक्षाको आवश्यकता हुँदैन । दाजुभाइ पनि अतिरिक्त बोझबाट मुक्त भए । पितृसत्ताले पुरुषलाई अतिरिक्त सामाजिक अपेक्षा थपेको हुन्छ, नारीवादको अभ्यासबाट यो बोझ कम हुन्छ ।

कुनै मानिसले कविता लेखेर, चलचित्र बनाएर वा अन्य धेरै तरिकाले नारीवादलाई सहयोग पुयाइरहेका हुन्छन् । हामीकहाँ नारीवादी सङ्घष

भन्नाले सडक आन्दोलन मात्र भन्ने अपूरो बुझाइ छ । त्यो पनि महत्त्वपूर्ण हुन्छ तर त्यतिले मात्र पुग्दैन । नारी - पुरुष बराबर हुनुपर्छ भन्नुमा त नराम्रो देखिँदैन तर विश्वभरी नै 'नारीवादी समाज भाँड्छन् , पुरुष विरोधी हुन्छन्' भन्ने जस्ता आरोप लाग्ने गर्छ । यो नकारात्मक धारणा कसरी निर्माण भयो ? बुझाउनमा पो समस्या भयो कि ? बुझाउनमा समस्या होइन । किनकि हामी नारीवादीले कहिल्यै पनि यो अभियानलाई पुरुष विरोधी भनेका छैनौँ । हामी पितृसत्ता विरुद्धमा छौँ ।

पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । त्यो मानसिकताले घरमा छोरा जन्मिँदा उत्सव मनाउने बनाउँछ र छोरी जन्मिँदा एक खालको निराशा उत्पन्न गराउँछ । भारतमा ठूलो सङ्ख्यामा मानिस गर्भमै लिङ्ग जाँचेर मार्छन् । यहीँबाट देखिन्छ पितृसत्ता कति क्रुर छ । पितृसत्तात्मक सोचका कारण अभिभावक आफ्नी छोरी मारिरहेका छन् । हामी यही क्रुर पितृसत्ताको विरोधी हौँ । पितृसत्ताको विरोध पुरुषको विरुद्धमा होइन । केही पुरुष पित्तृसत्ताको विरोधमा बाहिर आइरहेको र केही महिला भने पितृसत्ताको समर्थन गरेको देख्छौँ । हामी भने महिला–पुरुष दुवैले लिएको पितृसत्तात्मक सोचका विरोधी हौँ । नारीवादप्रतिको डर आधारहीन डर हो । समाजको ठूलो हिस्सा यथास्थितिमा आनन्द मान्छ । दमन छ, असमानता छ तर सधैँ यही जन्मेदेखि यस्तै अवस्था देखियो विरोध गरेर किन कष्ट उठाउनु भन्ने सोच ठूलो सङ्ख्यामा देखिन्छ । त्यो सोचले हामीप्रति

सशङ्कित हुने अवस्था उत्पन्न गरेको छ । किनकि हामी त यथास्थितिका हरेक असमानताप्रति प्रश्न उठाउँछौँ । त्यसले मानिस आतिन्छन् ।

अर्को कुरा, महिलालाई बराबरीको अधिकार दिँदा आफ्नो विशेषाधिकार गुम्ला भन्ने डर भएका पुरुषको सङ्ख्या ठूलो छ । महिलालाई बराबरीको अधिकार दिँदा आफ्नो विशेषाधिकार गुम्ला भन्ने डर भएका पुरुषको सङ्ख्या ठूलो छ । दलितकै सन्दर्भमा हेरौँ हो भने देशको संविधानले उनीहरूलाई बराबरको अधिकार दिएको, छुवाछूतलाई बन्देज लगाएको छ । तर अधिकारलाई कार्यान्वयन गर भन्दा उच्च जातिको मनमा डर पस्छ । नारीवादी मागबारे पनि त्यस्तै हुन्छ । अन्यायकारी विशेषाधिकार छाड्न नचाहने पुरुषलाई हामी मन पराउँदैनौँ । समाजमा धर्म सवाल जवाफभन्दा माथि हुनुपर्छ भन्ने धारणा राख्नेको प्रधानता छ । हामी महिलालाई विभेद गर्ने हरेक धार्मिक परम्पराको विरोध गर्छौं । त्यसले पनि मानिसलाई चिड्याउँछ ।

महिला लिपिस्टिक र 'फेयर एन्ड लब्ली'जस्ता क्रिम नलगाएसम्म बेकार देखिन्छु भन्ने सोच राख्छन् । सौन्दर्यलाई लिएर महिलामा एक खालको बोझ बोकाइएको छ । हामी महिलालाई पुरुषको आँखामा राम्रो देखिनुपर्ने धारणालाई प्रबर्द्धन गर्ने कस्मेटिक उद्योगको विरुद्ध बोल्छौँ । अब सौन्दर्य सामग्री निर्माण गर्ने कम्पनीको विज्ञापन कति प्रभावकारी छन् हेर्नुस न । महिला लिपिस्टिक र 'फेयर एन्ड लब्ली'जस्ता क्रिम नलगाएसम्म बेकार देखिन्छु भन्ने सोच राख्छन् । सौन्दर्यलाई लिएर महिलामा एक खालको बोझ बोकाइएको छ । पुरुषहरू तिनको प्रयोग नगरे पनि सहज नै छन् त । हामी तिनको झुटको विरोध गर्दै प्राकृतिक सुन्दरतालाई सहज स्वीकार्न सक्नुपर्छ भन्छौँ । ती कम्पनीले जसरी गोरो हुँदा मात्र राम्रो होइन्छ

भन्नेजस्तो नक्षवादी विचार प्रचार गरिरहेका छन् । त्यसले हामी दक्षिण एसियाली र अफ्रिकीहरूमा कति हीनताबोध विकास गरेको होला ? सोच्नुस् त । ती सौन्दर्य उद्योग आफ्नो नाफा गुम्ने डरले हाम्रा कुरा सुन्नै नहुनेजस्तो पार्न हाम्रोबारे नकारात्मक फैलाउँछन् ।

त्यस अतिरिक्त हामी नारीवादीहरू धेरै पहिलेदेखि पितृसत्तात्मक चरित्रको मिडिया, महिलाको परम्परागत भूमिका र विषाक्त पुरुषत्वलाई आकर्षक देखाउने फिल्म उद्योगको विरोध गरिरहेका छौँ । यिनले हाम्रो बारेमा राम्रो छवि प्रस्तुत गर्दैनन् । तर अहिले विस्तारै चेतना फैलिरहेको छ । विश्वभरका सरकारहरू हाम्रो कुरा स्वीकार्न थालेका छन् । इतिहासमा त्यस्तो थिएन । अहिले संसारका सबैजसो देशका कानुनले समानताको कुरा गर्न थालेका छन् । यो नारीवादी आन्दोलनले झण्डै दुई सय वर्षको समयदेखि उठाइरहेको कुरा हो । विस्तारै मानिसले हाम्रो आन्दोलनलाई बुझ्नेछन् ।

आज विश्वमा एउटा पुरुष नारीवादी हुन सक्छ कि सक्दैन ? भन्ने प्रश्न पनि उठेको देखिन्छ । सबै पुरुष पितृसत्ताका समर्थक छैनन् र सबै महिला पितृसत्ताका विरोधी पनि छैनन् । म आफू सहभागी नारीवादी अभियानहरूमा पुरुषको पनि इमानदारितापूर्वक समर्थन देख्छु । अहिले नारीवादी अभियानलाई सघाउने पुरुषहरूको विश्वव्यापी सञ्जाल 'मेन इङ्गेज' नै बनेको छ । तर फेरि यो पनि सत्य हो कि पितृसत्ताले पुरुषलाई फाइदा गर्छ । समाजमा पुरुषको सङ्ख्या ५० प्रतिशतको वरिपरि हुन्छ तर तपाईंको संसदमा तिनको उपस्थिति ६६ प्रतिशत छ । अरू देशमा त त्यो झन् बढी छ । अझ सर्वोच्च अदालतका ९९ प्रतिशत न्यायाधीश पुरुष देखिन्छन् । पुरुषको सङ्ख्या समाजमा ५० प्रतिशत मात्र हो तर झण्डै १०० प्रतिशत बलात्कार

पुरुषबाट भइरहेको छ । ९९ प्रतिशत अपराधी र आतङ्कारी पुरुष देखिएका छन् । यो कसरी भयो ? सम्पत्तिको मालिक पनि पुरुष नै हुन्छ । पुरुषको सङ्ख्या समाजमा ५० प्रतिशत मात्र हो तर झण्डै १०० प्रतिशत बलत्कार पुरुषबाट भइरहेको छ । ९९ प्रतिशत अपराधी र आतङ्कारी पुरुष देखिएका छन् । यो कसरी भयो ? जन्मदै ती त्यस्तै थिए त ? जन्मदै त कोही हिंस्रक जन्मदैनन् । तर हुर्किदै गर्दा पुरुषलाई हिंस्रक हुन केले प्रेरित गर्‍यो ? रक्सी नखाए कमजोर ठहरिएला भन्ने डर कसले बनायो ? मोटरसाइकल चलाउँदा अत्यधिक स्पिडमा चलाउन के प्रेरित गर्‍यो ?

पितृसत्ता पुरुषलाई आक्रमक हुन दबाब दिन्छ । यस सोच - प्रणालीले पुरुषलाई कैयौँ कुरामा दबाब सिर्जना गरेर र कैयौँ कुरामा छुट दिएर हिंस्रक बनाइरहेको छ । त्यसैले हामी भन्छौँ, पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुर्‍याउने खालको छ । पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुर्‍याउने खालको छ । लामो समयसम्म यो कुरा पुरुषको ध्यानमा पुग्न सकेन तर अहिले यसमा पनि परिवर्तन आउँदैछ । त्यसैको एउटा कडी हो 'म्यान इन्गेज्ड' । समाजमा महिला पुरुष पूर्ण रूपमा फरक हुन्, उनीहरूबीच समानता हुन सक्दैन भन्ने विचार राख्ने ठूलो सङ्ख्या छ । तिनको तर्कलाई कसरी प्रतिरोध गर्नु ? अब पुरुष र महिलामा के फरक भन्ने तथ्यगत रूपमा हेरौँ न त । शारीरिक रूपमा पुरुष र महिलाको शरीरको ९५ प्रतिशत वा अझ बढी एउटै छ ।

महिलाको शरीरमा अण्डा उत्पादन गर्ने र बच्चालाई गर्भमा राख्ने प्रणाली छ भने पुरुषमा वीर्य उत्पादन गर्ने प्रणाली छ । बाँकी सम्पूर्ण कुरामा हामी समान छौँ । मानसिक क्षमतामा पुरुष र महिलामा केही भिन्नता देखिँदैन ।

पुरुष र महिलाबीचको शारीरिक भिन्नता मुख्यतः बच्चा जन्माउने र त्यसका सहायक अङ्गमा देखिन्छ । महिलाको शरीरमा अण्डा उत्पादन गर्ने र बच्चालाई गर्भमा राख्ने प्रणाली छ भने पुरुषमा वीर्य उत्पादन गर्ने प्रणाली छ । बाँकी सम्पूर्ण कुरामा हामी समान छौँ । मानसिक क्षमतामा पुरुष र महिलामा केही भिन्नता देखिँदैन । खासमा भएको के हो भने हामी जन्मँदा त मानिस भएर जन्मन्छौँ तर त्यसको ३/४ वर्षपछि हामीलाई मानिस रहन दिइँदैन । कसैलाई पुरुष बनाइन्छ अर्कोलाई महिला बनाइन्छ । कसैलाई ब्राह्मण बनाउँछन्, कसैलाई दलित बनाउँछन् । कसैलाई मुसलमान बनाए, कसैलाई हिन्दू बनाए । यो प्रकृतिले बनाएको होइन । प्रकृतिले हामीलाई मानिस बनाउँछ । हामी त्यसमाथि अनेक 'ठप्पा' लगाउँछौँ । हामीले प्रकृतिलाई मास्ने काम गरौँ ।

भनौ भने 'मानिस' यति ठूलो परिचय हो । त्यसमा सम्पूर्ण मानवता समाहित हुन्छ । तपाईं आफूलाई भारतीय, हिन्दू, फलानो जातको जस्ता पहिचान जोड्न थाल्नु भने मानवको सोच खुम्चँदै जाने निश्तित छ । यसरी खुम्चँदा ९० प्रतिशतभन्दा बढी संसार हामीभन्दा बाहिर पर्छ । आज महिला पुरुषबीचको परम्परागत भूमिकालाई विभेदकारी र कठोर कायम राखिराख्न कसको भूमिका छ ? अध्ययनले मानव इतिहासको दशौं हजार वर्ष स्त्री पुरुष समानतापूर्वक बसेको देखाउँछ । कोही तल थिएन र कोही माथि थिएन । न कुनै छाउपडी थियो न कुनै दाइजो । त्यो यस्तो समय थियो जब दलित भन्ने थिएन ब्राह्मण थिएन न त धनी न गरिब नै थियो । तर निजी सम्पत्तिको विकासपछि यसमा परिवर्तन सुरु भयो । त्यसपछि आफूले

जीवनभरी कमाएको सम्पत्ति आफ्नो सेखापछि कसले उपभोग गर्ने प्रश्न उत्पन्न भयो । यसमा स्वाभाविक जवाफ आफ्ना सन्तानको भन्ने हुन्छ नै ।

त्यो अवस्थामा पुरुषहरूलाई एउटा समस्या सिर्जना भयो । समूहमा बसोबास गर्ने र स्वच्छन्द यौन अभ्यास हुने तत्कालीन समाजमा पुरुषलाई आफ्नो बच्चा चिन्न सम्भव थिएन । तर महिलाका हकमा त्यो कुरा त्यति कठिन थिएन । अब पुरुषको निजी सम्पत्तिको स्वामित्व हस्तान्तरणमा कठिनाइ उत्पन्न भयो । विवाह त्यसको समाधान भएर आयो । विवाहपछि महिला र पुरुषबीचको यौन सम्बन्ध सीमित भयो । यस्तो अवस्थामा पुरुषलाई पनि आफ्नो बच्चा चिन्न गाह्रो भएन । तर त्योसँग महिलाको नियन्त्रण पनि सुरु भयो । त्यसपछि धर्म बन्यो । दक्षिण एसियाली क्षेत्रमा जातिवाद आयो । विस्तारै स्कुल आयो । त्यसमा पनि केटा मात्र पढ्न पाउने भन्ने कुरा भयो । महिला र 'सुद्र' - लाई वेद सुन्न बर्जित गरिएको छ । यो महिला र दलितहरूको शिक्षामा बन्देज लगाउने प्रयास हो । जब पछि सहर बन्यो र सहरका मानिसलाई नागरिक बनाउने प्रथा सुरु भयो । त्यसमा पनि महिलालाई वञ्चित गरियो । दासलाई पनि नागरिकताबाट वञ्चित गरेर सम्पत्तिवाला पुरुष मात्र नागरिक बन्ने प्रावधान राखियो । यसैले लामो समयपछि बल्ल आजभन्दा डेड दुई सय वर्ष अघि मात्र महिलाले मतदान दिन पाउने अधिकारलाई लिएर आन्दोलन सुरु भयो । बेलायतबाट सुरु भएको यो अन्दोलन पहिलो सशक्त नारीवादी आन्दोलन थियो ।

आज पश्चिमका महिलाले लामो सङ्घर्षपछि अधिकार पाएका छन् । यता ढिलो गरी निर्वाचनको अभ्यास सुरु भयो र त्यो समयमा महिला पुरुषले एकैपटक मताधिकार अधिकार  पाए । उताको सङ्घर्षले यता पनि काम गर्यो

। अधिकारवादी सङ्घर्षको चरित्र विश्वव्यापी हुने गर्छ । इतिहासमा भएका हरेक क्रान्तिहरू चाहे त्यो फ्रेन्च क्रान्ति वा रुसी क्रान्ति वा तपाईंकै देशमा भएको गणतन्त्रको क्रान्ति, ले थोरबहुत नारीवादी उद्देश्यमा सकारात्मक प्रभाव पारेका छन् । लामो सङ्घर्षपछि अहिले स्क्याडेभियन राष्ट्रमा महिलाको अधिकार सबैभन्दा राम्रो अवस्थामा पुगेको छ । बाँकी समानताको सङ्घर्षमा त छ तर खुसी हुने अवस्था छैन ।

नारीवादी आन्दोलनको कुरा गर्दा पश्चिमी राष्ट्रमा भएका सङ्घर्ष कुराहरू स्वत आउने गर्छ । दक्षिण एसियाका रुढिवादी राजनीतिज्ञ यसलाई पश्चिमी एजेन्डा भन्ने आरोप लगाउने गर्छन् । अहिले भारतमा हिन्दु राष्ट्रवादी भाजपा आएपछि यो क्षेत्रभरी नै त्यो खालको तर्क राख्नेको मनोबल बढेको देखिन्छ । ती नारीवादलाई पूर्वीय समाजको विखण्डन गराउने पश्चिम आयातित षड्यन्त्र भन्ने गर्छन् । जहाँ जहाँ महिलामाथि असमान व्यवहार हुन्छ, त्यहाँ स्वाभाविक रूपमा नारीवादको विकास हुन्छ । मैले माथि पनि भने अधिकारको आन्दोलन एक अर्काबाट प्रभावित हुन्छन् । एक ठाउँको आन्दोलनले अर्को स्थानको आन्दोलनलाई समृद्ध गराउनु अस्वाभाविक होइन । भारतीय उपमहाद्वीप क्षेत्रको इतिहास वा किंवदन्तीमा नारीवादी किस्साको सन्दर्भमा भन्नु हो भने यो क्षेत्रमा गौतम बुद्धको नाम नसुन्ने कमै छन् । गौतम बुद्धलाई बुद्धत्व प्राप्त भएपछि उनले 'सङ्घ' निर्माण गरेर त्यसमार्फत ज्ञान प्रसार गर्न थाले । एक घटनापछि बुद्धले आफ्नो 'सङ्घ' - मा अछुतलाई समेत प्रवेश दिन थाले ।

बुद्ध जन्मेको दिनमै उनको आमाको मत्यु भएको थियो । उनलाई हुर्काउने कान्छी आमाले सबै जाति समान हुने शिक्षा दिएकी थिइन् । त्यो हुर्काइका

कारण बुद्धमा छुवाछूतप्रति त्यति धेरै पूर्वाग्रह थिएन । त्यसैले उनले 'सङ्घ' - मा अछूतहरूलाई लिए । दलितहरूले बौद्ध ज्ञान पाइरहेको खबर सुनेर यो क्षेत्रका केही ज्ञानका भोका महिलाहरू बुद्धकहाँ पुगे । तिनले बुद्धसँग आफूहरूलाई पनि ज्ञान दिन आग्रह गरे । तर बुद्धले तिनको आग्रह अस्वीकार गरे । बुद्धबाट फर्काइएका महिलाहरू बुद्धका प्रथम शिष्य आनन्दकहाँ गुनासो गर्न पुगे । आनन्दसँगको भेटमा महिलाहरूको समूहले दलितलाई 'सङ्घ'मा प्रवेश दिएको कुराले आफूहरू उत्साहित भएर आएको तर बुद्धबाट फर्काइएको कुरा राख्यो । आनन्दले महिलाको कुरा सही ठानेर बुद्धलाई सम्झाए र बुद्धलाई महिलालाई पनि सङ्घमा स्वीकार्न सहमत गराए । महिलाका लागि ज्ञानको ढोका बन्द गरेको तत्कालीन सामाजिक अवस्थामा आफ्नो ज्ञानको भोकलाई पूरा गर्न प्रयास गर्ने ती महिला नारीवादी थिएनन् ? किनकि नारीवाद भनेको आफ्नो अधिकारका लागि अग्रसरता लिनु पनि हो ।

अहिलेकै सन्दर्भहरू हेरौँ न नेपालका नारीवादी छाउपडी, दाइजोजस्ता कुप्रथाको विरोध गर्छन् । अब अमेरिका कसैले छाउपडीको कुरा गरेका थिए ? किनकि त्यहाँ त त्यसको अस्तित्व नै छैन । तीजको व्रतका विरुद्धमा नेपालका नारीवादी विरोध गर्छन् । के युरोपका नारीवादीले तीजको विरोध गरेका थिए ? विगतमा नेपाल र भारतमा सतीविरुद्ध सङ्घर्ष चलेको थियो । त्यो कुरा पश्चिमी नारीवादीहरूले भोग्नै परेन । त्यस्तै विधुवा विवाह जस्ता अनेक कुरा यो क्षेत्रमा मात्र पाइने कूप्रथा हो र यही क्षेत्रका नारीवादीहरूले विरोध गरेका छन् । नेपालको नागरिकता विधेयकसम्बन्धी बहसमा बारम्बार 'राष्ट्रियतालाई खतरामा पारेर लैङ्गिक समानता दिन हुँदैन' भन्ने तर्क गरिएको पाइन्छ । बाहिरतिर पनि महिलालाई पुरुष बराबर नागरिक मानिएको त्यति देखिँदैन ।

महिलालाई पुरुष बराबर नागरिकताको अधिकार दिँदा राष्ट्रियता खतरामा पर्छ ? यो कस्तो राष्ट्रियता हो ? आधा जनसङ्ख्यामा जमिनमा लडाएर त्योमाथि उभिएको राष्ट्रियता बलियो हुन्छ ? त्यो राष्ट्रियता नभएर आधा राष्ट्रविरुद्ध राष्ट्रद्रोह हो ।

भारत र नेपालको राजनीतिमा हेर्नुभयो भने १० प्रतिशत हजारौँ वर्षदेखि सत्तामा छन् । उनीहरू दलितलाई अधिकार दिन चाहँदैन । आदिवासीलाई अधिकार लिन चाहँदैनन् । महिलालाई अधिकार दिन चाहँदैन । अनि त्यति थोरैलाई मात्र अपनत्व हुने राष्ट्र बनाएर कसरी देश बलियो हुन्छ । पहिलो कुरा नेपाल, भारत र बङ्गलादेशमै पनि जेन्डर शब्दलाई अनुवाद गर्ने क्रममा त्यसको त्यसको हत्या गरिएको छ । अङ्ग्रेजीको 'मेल' र 'फिमेल' - को नेपाली अनुवाद 'पुरुष' र 'महिला' नभएर खासमा 'नर' र 'मादा' हो । 'जेन्डर' भनेको समाजद्वारा निर्मित परिभाषा हो । जस्तो कुनै केटा छ । उसले प्यान्ट लगाउनुपर्छ भनेर समाजले निर्धारण गर्छ । केटी छ, उसको लागि सारी तोकिएको छ । केटीले कपाल लामो राख्नुपर्छ, टप लगाउनुपर्छ । जनै लगाउनेदेखि सम्पत्तिको स्वामित्व लिने भने केटाको हकमा लागू हुन्छ । यो भूमिकालाई जेन्डर भनिन्छ ।

## 6.5 उपसंहार

सरल भाषामा भन्दा नारीवादीहरू ती मानिस हुन् जो महिला र पुरुषलाई बराबरी ठान्छन् र व्यवहारमा पनि समानताको अभ्यास गर्छन् । यस्तो समानता हुनुपर्छ भन्ने विचार, सिद्धान्तलाई नारीवाद भनिन्छ । नारी - पुरुष बराबर हुनुपर्छ भन्नुमा त नराम्रो देखिँदैन तर विश्वभरी नै 'नारीवादी समाज

भाँड्छन् , पुरुष विरोधी हुन्छन्' भन्ने जस्ता आरोप लाग्ने गर्छ । यो नकारात्मक धारणा कसरी निर्माण भयो ? बुझाउनमा पो समस्या भयो कि ? बुझाउनमा समस्या होइन । किनकि हामी नारीवादीले कहिल्यै पनि यो अभियानलाई पुरुष विरोधी भनेका छैनौँ । हामी पितृसत्ता विरुद्धमा छौँ ।

पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम

हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । त्यो मानसिकताले घरमा छोरा जन्मिँदा उत्सव मनाउने बनाउँछ र छोरी जन्मिँदा एक खालको निराशा उत्पन्न गराउँछ । भारतमा ठूलो सङ्ख्यामा मानिस गर्भमै लिङ्ग जाँचेर मार्छन् । यहीँबाट देखिन्छ पितृसत्ता कति क्रुर छ । पितृसत्तात्मक सोचका कारण अभिभावक आफ्नी छोरी मारिरहेका छन् ।

पितृसत्ता पुरुषलाई आक्रमक हुन दबाब दिन्छ । यस सोच - प्रणालीले पुरुषलाई कैयौँ कुरामा दबाब सिर्जना गरेर र कैयौँ कुरामा छुट दिएर हिंस्रक बनाइरहेको छ । त्यसैले हामी भन्छौँ, पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुऱ्याउने खालको छ । पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुऱ्याउने खालको छ । लामो समयसम्म यो कुरा पुरुषको ध्यानमा पुग्न सकेन तर अहिले यसमा पनि परिवर्तन आउँदैछ । त्यसैको एउटा कडी हो 'म्यान इन्गेज्ड' । महिला र 'सुद्र' - लाई वेद सुन्न बर्जित गरिएको छ । यो महिला र दलितहरूको शिक्षामा बन्देज लगाउने प्रयास हो । जब पछि सहर बन्यो र सहरका मानिसलाई नागरिक बनाउने प्रथा सुरु भयो । त्यसमा पनि

महिलालाई वञ्चित गरियो । दासलाई पनि नागरिकताबाट वञ्चित गरेर सम्पत्तिवाला पुरुष मात्र नागरिक बन्ने प्रावधान राखियो । यसैले लामो समयपछि बल्ल आजभन्दा डेड दुई सय वर्ष अघि मात्र महिलाले मतदान दिन पाउने अधिकारलाई लिएर आन्दोलन सुरु भयो । बेलायतबाट सुरु भएको यो अन्दोलन पहिलो सशक्त नारीवादी आन्दोलन थियो ।

## 6.6 सार

यस प्रखण्डमा **नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्ध**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- आज पश्चिमका महिलाले लामो सङ्घर्षपछि अधिकार पाएका छन् । यता ढिलो गरी निर्वाचनको अभ्यास सुरु भयो र त्यो समयमा महिला पुरुषले एकैपटक मताधिकार अधिकार पाए । उताको सङ्घर्षले यता पनि काम गर्‍यो ।
- अधिकारवादी सङ्घर्षको चरित्र विश्वव्यापी हुने गर्छ । इतिहासमा भएका हरेक क्रान्तिहरू चाहे त्यो फ्रेन्च क्रान्ति वा रुसी क्रान्ति वा तपाईंकै देशमा भएको गणतन्त्रको क्रान्ति, ले थोरबहुत नारीवादी उद्देश्यमा सकारात्मक प्रभाव पारेका छन् ।
- लामो सङ्घर्षपछि अहिले स्क्याडेभियन राष्ट्रमा महिलाको अधिकार सबैभन्दा राम्रो अवस्थामा पुगेको छ । बाँकी समानताको सङ्घर्षमा त छ तर खुसी हुने अवस्था छैन ।
- अङ्ग्रेजीको ‘मेल’ र ‘फिमेल’ - को नेपाली अनुवाद ‘पुरुष’ र ‘महिला’ नभएर खासमा ‘नर’ र ‘मादा’ हो ।

- 'जेन्डर' भनेको समाजद्वारा निर्मित परिभाषा हो । जस्तो कुनै केटा छ । उसले प्यान्ट लगाउनुपर्छ भनेर समाजले निर्धारण गर्छ ।
- केटी छ, उसको लागि सारी तोकिएको छ । केटीले कपाल लामो राख्नुपर्छ, टप लगाउनु पर्छ । जनै लगाउनेदेखि सम्पत्तिको स्वामित्व लिने भने केटाको हकमा लागू हुन्छ । यो भूमिकालाई जेन्डर भनिन्छ ।
- नेपालीमा 'जेन्डर' - लाई लिङ्ग भन्छन् । तर स्त्री लिङ्ग र पुलिङ्ज स्तो 'सेक्स' - को पछि पनि लिङ्ग जोडिएको छ ।
- पुरुष ज्ञानेन्द्रियलाई पनि लिङ्ग नै भन्छन् । यसरी नेपाली लिङ्ग शब्दले सामाजिक लिङ्ग (जेन्डर), सेक्स र ज्ञानेन्द्रिय तिन कुरा जनाउँछ ।
- नेपालीमा मात्र होइन हिन्दी र बङ्गाली भाषामा लिङ्गको तीन अर्थ हुन्छ । अब 'सेक्स इक्वालिटी' जनाउने 'लैङ्गिक समानता' शब्दको प्रयोग गर्नु बिलकुल गलत हो ।
- 'सेक्स इक्वालिटी' त सम्भव हुने कुरा होइन । महिला र पुरुषको यौनाङ्ग अलग हुन्छ भने तीबीच 'सेक्स इक्वालिटी' कसरी हुन्छ ?
- आजको विश्वले खोजेको 'जेन्डर इक्वालिटी' हो । त्यसको अर्थ हरेक रूपमा अधिकारको समनता भनेको हो ।
- 'जेन्डर इक्वालिटी' - को नेपालीमा सही रूपान्तरण 'सामाजिक लैङ्गिक समानता' हुन्छ ।
- उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – लैङगिक तथा जेन्डर ।

- शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।
- लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने ।
- त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।
- पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ ।
- लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् ।

यस प्रखण्डको अध्ययनले नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्धबारे बुनियाँदी जानकारी प्राप्त भयो । नारीवाद र यस वादका स्वरूप र प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 6.7 अनुशीलनी

१. नारी र लैङ्गिक शब्दको उद्भवबारे चर्चा गर्दै यस लेखनका विविध साहित्यिक प्रवृत्तिहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. नारी र लैङ्गिक शब्दको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. नारीवाद र लैङ्गिक समालोचनाका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. लैङ्गिक समालोचना र नारीवादी लेखनमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमा नारीवाद र लैङ्गिक समालोचनालाई अङ्गालेर लेख्ने मुख्य साहित्यकारहरू को को हुन् ? चर्चा गर्नुहोस् ।

८. नारीवाद र लैङ्गिक समालोचनाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. नारीवाद र लैङ्गिक समालोचनामा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. नारीवाद र लैङ्गिक समालोचनाका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस्।

## 6.8 अतिरिक्त अध्ययन


१२७. गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति ।**

१२८. त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि।**

१२९. शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग ।**

१३०. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र ।**

१३१. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास ।**

१३२. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन।**

१३३. नेपाल, घनश्याम - **आख्यानका कुरा ।**

१३४. नेपाल, घनश्याम - **विधा विविधा ।**

१३५. सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया ।**

१३६. उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा ।**

१३७. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा ।**

१३८. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त ।**

१३९. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म ।**

१४०. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति ।**

१४१. उल्फ्रेज, जुलिअन - **इन्ट्रोडयुसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्च्युरी ।**

१४२. खेमराज, केशवशरण, 'हिन्दु संस्कृतिमा मातृशक्तिको स्थान', **नारी विकास बुलेटिन ।**

१४३. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

१४४. आर्चाय निर्मलकुमार - **प्रथम नेपाली महिला ।**

१४५. गौतम, कृष्ण - **आधुनिक आलोचना अनेकरुप - अनेकपठन ।**

१४६. जोशी, कुमारबहादुर - **पाश्चात्य साहित्यका प्रमुखवाद ।**

१४७. शर्मा, मोहनराज र अरु -**पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

१४८. शर्मा, ताना - **पश्चिमका केही महान साहित्यकार ।**

१४९. सुवेदी, अभि र अरु – **विश्व साहित्यको रुपरेखा ।**

यस अतिरिक्त नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्धबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 6.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६.नारीवाद र लैङ्गिक समालोचनाको सामान्य परिचय ।

..........................................................................................

.......

..........................................................................................

.......

..........................................................................................

.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. लैङ्गिक समालोचनाको सामान्य परिचय ।

................................................................................................

.......

................................................................................................

.......

................................................................................................

.......

**( प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८.नारीवादको सामान्य परिचय ।

................................................................................................

.......

................................................................................................

.......

................................................................................................

.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९.नारीवाद र लैङ्गिक समालोचना माझको भिन्नता ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३०. नारीवाद र लैङ्गिक समालोचना लेखनका चुनौतीहरू ।

..............................................................................................

.......

..............................................................................................

.......

..............................................................................................

.......

**( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ६.५ को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 7, नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 नारीवाद र लैङ्गिक समालोचनाको अवधारणा

7.3 नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति

7.4 साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको प्रयोग

7.5 उपसंहार

7.6 सार

7.7 अनुशीलनी

7.8 अतिरिक्त अध्ययन

7.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नारीवादको सामान्य परिचय
- लैङ्गिक समालोचनाको सामान्य परिचय

- नारीवाद र लैङ्गिक समालोचनाको अवधारणा
- नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति
- साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको प्रयोग

## 7.1 परिचय

नारीवाद साँस्कृतिक तथा लैंगिक संघर्षका संदर्भमा बौद्धिकवर्गको अभिरुचिभित्रको यात्रा हो । नारीवादी लेखन नारीका नियति, वेदना, त्याग, क्षमा, बलिदान, विद्रोह - चेतना आदि विषयवस्तुमा आधारित हुन्छन् ।

मातृत्वका लागि तड्पिएका आमा, वैदेशिक रोजगारीबाट सिर्जित समस्या, महिलामाथिका सामाजिक विभेद बुझ्नका लागि यस प्रवृत्तिको लेखन आँखीझ्याल हुन् । नारीवादको केन्द्रमा नारी नै भए पनि 'हार्डकोर' नारीवादी भने लाग्दैनन् । पुरुष - निन्दलाई नै नारीवाद सम्झनेका लागि 'नारीवादको' मात्र हुन सक्छन् । यस अर्थमा छाया नारीवादको भद्दा अनुकरण होइन । बरु समाजमा रहेको नारी अस्तित्वको झीनो तस्बिरको धुमिल छाया हो । यसैले नारीवाद आदका साहित्यको एउटा चुनौती पनि हो ।

अङ्ग्रेजी शब्द **फेमिनिज्म** (feminism) - को नेपाली रूपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दर्भबाट नारीका हक, हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्ने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गरेको पाइन्छ । नारीहरूको सामाजिक, आर्थिक एवं सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक नारीवादी

आन्दोलनसाग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरूका सोचाइ, अनुभव क्रियाकलाप एवं गतिविधिहरूलाई लाई विशेष महत्व दिने नारीवादी समालोचनाले पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ ।

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

लैंगिक समानताको पक्षमा सकारात्मकता विकास हुँदै आएको छ तर अनौठो कुरा, महिलाको यौनिकता जस्तो अत्यन्त निजी र व्यक्तिगत विषयमा भने समाज अझै पनि संकीर्ण छ। महिलाको यौनिकतामाथिको नियन्त्रण गुम्नु भनेको समाज भाँडिनु हो भन्ने सोच राख्ने जमात यहाँ ठूलो छ। मानौ महिला विवेकहीन प्राणी हुन् जसलाई अधीनमा राख्न सकिएन भने समाज भताभुंग हुन्छ। राज्य र समाजले नै पुरुषलाई भनिदिएको छ 'महिलाहरू तिमीहरू कै हुन्, उनीहरू तिमीहरूका जिम्मेवारी हुन्।' यसरी जिम्मेवारी

लिनेहरूले अधिकार पनि जताएका छन् महिलामाथि। त्यसैले त, वैवाहिक बलात्कारको कानुनलाई पुरुषमाथिको आक्रमण भनेर विरोध गरिन्छ। यस्ता कानुनले परिवार विखण्डन हुने त्रास फैलाइन्छ। आमाको नाममा नि:सर्त नागरिकताको अधिकारलाई 'जोसँग पनि सुतेर भुँडी बोक्ने छुट चाहियो तिमीहरूलाई ?' भनेर प्रश्न गरिन्छ। हालै एक बैंकको टेलिभिजन विज्ञापनलाई लिएर लेखक सावित्री गौतमलगायत अरु केहीले गरेका सामान्य व्यक्तिगत धारणा 'महिलाको गृहिणीकरण' को विरोध थियो कि गृहिणीको वा कसैको गृहिणी बन्ने चाहनाको विरोध भनेर नबुझीकनै 'डलर खाएर कसैको सुखी दाम्पत्य बिगार्न खोज्ने', घर भँडाउने, प्रेमविरोधी आदि भन्दै खनिएकाहरूको समूहमा मिडियाकर्मीसमेत रहेका कतिपय महिला देख्दा 'शरीरले महिला हुनेहरूमा पनि पितृसत्तात्मक सोच जिउँदै हुन्छ **फेमिनिज्म इज नट बायोलोजिकल**' भन्ने भनाइको सम्झना हुन्छ। नीरज नामक ट्विटर प्रयोगकर्ताको ट्विट सापटी लिएर भन्दा 'केही पितृसत्ताका बफादार चौकीदार महिला' नभइदिएको भए सायद यो लडाइँ यति जटिल हुँदैनथ्यो।

## 7.2 नारीवाद र लैङ्गिक समालोचनाको अवधारणा

अंग्रेजी शब्द **फेमिनिज्म** (Feminism) - को नेपाली रुपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दर्भबाट नारीका हक हित र समानताको पक्षमा आवाज उठाउनुलाई **नारीवाद** भनिन्छ । नेपाली बृहत् शब्दकोशमा नारीवादको अर्थ नारी अस्मिता वा नारीस्वतन्त्रता प्रति प्रतिबद्ध मान्यता,सिद्धान्त वा आन्दोलन भन्ने छ । विश्वमा प्राचीन समय देखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्ने

नारीवादले पुरुषद्धारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गरेको पाइन्छ ।

नारीहरुको सामाजिक, आर्थिक एवं साँस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरुको सोचाइ, अनुभव, क्रियाकलाप एवं गतिविधिहरुलाई विशेष महत्व दिने नारीवादले पुरुषद्वारा स्थापित नारीसम्वन्धी समस्त धारणा, दृष्टिकोण, पूवाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ । महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्वन्धी दृष्किोण आदि महिलाकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् त्यति पुरुषहरुद्वारा सिर्जित रचनाहरुबाट हुदैनन् भन्ने दृष्टिकोण र मान्यता विगत केही दशक देखि स्थापित भईसकेको र नारीवादी चिन्तकहरुले पनि यसै मान्यतामाथि जोड दिएका छन् ।

पश्चिमी मुलुकमा नारीमुक्तिको सङ्घर्ष धैरै अघिदेखि चलेको पाइए तापनि नारीवादी आन्दोलन, नारीवादी साहित्य सिर्जना र समालोचनाको वास्तविक थालनी स्न १९६० को दशकदेखि मात्र भएको देखिन्छ । त्यसबेलासम्म समाजमा र कानुनमा नारीको अवस्था अत्यन्तै दुखद् र प्रतिकूल रहेको पाइन्छ । अरस्तुले केही गुणहरुको कमीका कारण नारी नारीभएको हो भनेर नारीलाई कमजोर सावित गर्न खोजेका छन् । सेन्ट टमस एक्विनसले पनि नारीको खोट देखाउँदै नारीलाई अपूर्ण मानिस भनी उल्लेख गरेका छन् । मनोविश्लेषक फ्रायडले पनि नारीमा शिश्न इष्र्या हुन्छ भन्ने सन्दभबाट नारीको

निर्यातलाई शारीरिक बनोटगत अर्पूणताको परिणाम मानेका छन् । नारीवाद यस्तै यस्ता नारीविरोधी दृष्टिकोणका विपक्षमा देखिएको छ । प्रायः सबै चिन्तक, दार्शनिक, नेता, वैज्ञानिक आदि पुरुष् भएका कारण नै नारीलाई हीनतर मानेका हुन् भन्ने धारणा नारीवादीहरुले व्यक्त गरेका छन् । नारीहरुलाई हीन तुल्याँउने कार्य प्रकृतिले नभएर सामाजिक व्यवस्थाले गरेको हो भन्ने दृष्टिकोण नारीवादीहरुको रहेको छ । नारीका यिनै विविध पक्षसँग सम्बद्ध साहित्य एवं समालोचनालाई नारीवादी साहित्य तथा समालोचना भनिन्छ । नारीवाद र नारीवादी समालोचनालाई स्पष्ट पार्न नारीका केही ऐतिहासिक तथ्यंहरु बारे जान्न आवश्यक छ ।

सम्पूर्ण मानवजातिको कुरा गर्दा महिला र पुरुषको छुट्टछुट्टै विभाजन र अस्तित्व हुदैन । यी दुवै मानव समाजका अभिन्न अङ्ग हुन् । तर लिङ्गको आधारमा महिला र पुरुष दुई वर्ग भनी छुट्याउँदा मानव निर्मित सामाजिक र राष्ट्रिय नियम, कानून आदिको आधारमा जुन भेदभाव महिला र पुरुषमा आएको छ, त्यसको आधारमा मात्र महिला वर्गको बेग्लै तरीकाले अध्ययन हुन सक्दछ । महिला र पुरुषमा बीचमा शारीरिक बनावटको भिन्नताले गर्दा प्राकृतिक प्रजनन् प्रक्रियामा रहेका बेग्लाबेग्लै भूमिका आदि जस्ता कुराहरुमा देखिने भिन्नताबाहेक अन्य कुराहरुमा महिला र पुरुषबीच भिन्नता पाईदैन तर विभिन्न विधान, धर्मशास्त्र, नीतिशास्त्र, उक्ति आदिले महिलाका बारेमा किन्तु बढी घृणा गरी तल्लो स्तरममा राखेको पाईन्छ कि बढी बढी प्रशंसा गरी उल्लेख गरेको पाईन्छ । यसरी महिलाका बारेमा बढी प्रशंसा गर्नु पनि आवश्यक छैन भने बढी घृणा गरेर हेपेर हियाएर हेर्नुपनि आवश्यक देखिदैन । किनकि एउटा सिक्काका दुई पाटा पनि भनिने महिला

र पुरुष दुवैको यस धर्तीमा उत्तिकै महत्व छ भने उत्तिकै अधिकार र आवश्यकता पनि छ । साहित्य र समालोचनाका क्षेत्रमा नारीवादले यस्तै मान्यता राखेको छ ।

उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तलाई मानिन्छ । यही बहुलताको सिद्धान्त भित्र पर्ने एउटा सिद्धान्त हो – **लैङगिक तथा जेन्डर** । उत्तर - आधुनिकताले सबै प्रकारको एकलताको विरोध गर्दछ । एकलता र स्थिरताले अधिनायक इच्छा पालेको हुन्छ । उत्तर - आधुनिकताको लक्ष्य हो, त्यसबाट विमुक्ति र मुक्तान्त समाजको स्थापना । जहाँ नयाँ विचार थप्न सकिन्छ; पुरानो हटाउन सकिन्छ; जोड्न मिलाउन सकिन्छ । त्यसैले सस्यूरको द्विचरता बहिस्कृत छ । सम्पूर्ण यथास्थितिवादी संरचनात्मक सोचहरू आलोचित छन् । शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।
पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ । उत्तर - आधुनिकताले यही विविधतापूर्ण परिस्थितिको ख्याल गर्छ, बहुलतापूर्ण तथ्यलाई स्वीकार गर्दछ र ती सारालाई स्वीकार गर्दछ र ती साराबीच सहअस्तित्वको स्थापनामा प्रयत्न गर्दछ ।
लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् । यी बाहेक

परालैङ्गिकता, विषम लिङ्गीयता, सन्धिग्दता जस्ता कुराहरू पनि यसैभित्र अटाउन सक्छन् । यस्ता नेपाली कृतिहरूमा मोहनराज शर्माका **सलिजो, पल्ली**, शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** आदि पर्दछन् ।

लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने । यी लक्ष्यका स्पष्ट र ठोस उद्देश्य थिए । त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।

लैङ्गिकता भन्ने कुरा आज गणतन्त्र भारत र नेपालको निम्ति ठूलो चुनोती भएको देखिन्छ । तर यस चुनौलीलाई समाधान पनि गर्न सकिन्छ । प्रश्न उठ्छ कसले पहिला यसबारे प्रस्ताव गर्ने, कसले समर्थन गर्ने, कसले अनुमोदन गर्ने ? हामीलाई के सरोकार ? हामी मानिसहरु त भौतिक तत्व वा वस्तुमा जे आउँछ त्यसलाई मान्छौँ । कवि लेखनाथ पौडेलको कविता शब्द थुपारी के हुन्छ ? भाव भए पो हुन्छ भन्ने कुनै आलोचकले भने जस्तै आफ्नो विचार र धारणालाई अलिकति मोडेर तेस्रो लिङ्गी व्यक्तिसँग एकता गरी हुन्छ के विचार भए पो ? के तेस्रो लिङ्गी भएका व्यक्तिहरूसँग क्रान्तिकारी विचार छैनन् र । दक्षिणपन्थी के के भन्ने विचार त छ । पहिचान विरोधी, मधेशलाई भाँड्ने जस्ता विचार त छ, खुरापाती विचार । तर क्रान्तिकारी विचार छैनन् भन्ने होइन । हाम्री मानिसहरू साह्रै नै सचेत र

बाठो छौ । तर कुन दिन हामी आफै थाङ्नामा सुत्ने पनि गम्भीर खतरा छ । मानिसले  भौतिक रुपमा त अघाउनलाई भात नै खानुपर्छ । हामी मानिस त वैचारिक कार्यकर्ता भएकाले एक सेकेण्ड पनि विचार र मुद्दा विना बाँच्न सक्दैन । यसैले लैङ्गिकता र पहिचानको मुद्दालाई सरकार र सबैले स्विकार गर्नु पर्दछ ।

## 7.3 नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति

अतिक्रमण, भूगोलमा मात्र होइन भाषा र संस्कृतिमा पनि हुन्छ । भूगोलको अतिक्रमण जति खतरनाक हुन्छ, भाषा र संस्कृतिको अतिक्रमण त्यो भन्दा बढी खतरनाक हुन्छ । भूगोलमाथिको अतिक्रमण आफू सक्षम हुँदा फिर्ता गर्न सकिन्छ भने भाषा र संस्कृतिमाथिको अतिक्रमण कुनै हालतमा फिर्ता गर्न सकिँदैन । यसमाथि एकपटक भएपछि फर्काउन निकै चुनौतिपूर्ण हुन्छ । उदाहरणका लागि हामी नेपाली वैदिक सनातनी हौं । तर हाम्रो यतिबेलाको पहिचान हिन्दूका रुपमा भएको  छ । अब साविककै वैदिक सनातनीका रुपमा परिचित हुन हामी नेपालीलाई सम्भव छैन । किनकी विद्यमान समयमा नेपालको नाम हिन्दूराज्यका रुपमा राख्नुपर्ने माग उठिरहेको छ र यसको समर्थन गर्नेहरुको संख्या दिनानुदिन बढिरहेको छ ।

हिन्दू , मास्लिम, जैन, शिख, बुद्धिष्ट आदि धार्मिक सहिसुष्णाको विभेदमा अडिएर आज विश्वमा कता - कता लैङ्गिक भेदभाव पनि बडिरहेको आभास हुन्छ । वास्तवमा हिन्दू भनेको कुनै धर्मको नाम नभएर निश्चित भूगोलमा बस्नेहरुको नाम हो । अर्थात नेपाल उपत्यकामा बस्नेहरुलाई नेपाली भनिएजस्तै प्राचिन समयमा सिन्धु उपत्यकामा बस्नेहरुलाई हिन्दू भन्न थालियो । त्यतिबेला सिन्धु नदी भन्दा पश्चिममा बोलिने फारसी भाषामा 'ष'

Notes

को उच्चारण 'ह' गरिन्थ्यो । त्यसैले त्यो बेला सिन्धु नदी पूर्वका बासिन्दालाई फारसीहरुले हिन्दू भन्न थाले । केही शताब्दीको अन्तरालमा भारतका सुम्पूर्ण बासिन्दालाई हिन्दू र उनीहरुले बोल्ने मुख्य भाषालाई हिन्दी भन्न थालियो । भारतको सट्टा हिन्दूस्थान भन्न थालियो । हुँदा - हुँदा उनीहरुले मानिआएको धर्म तथा संस्कृतिलाई पनि हिन्दू भन्न थालियो । पहिले मुसलमान र त्यसपछि इसाइहरुले ओढाइदिएको 'हिन्दू' पगरी भारतीयहरुले सहजै ग्रहण गरे । तर कालान्तरमा त्यसको बाछिटा विस्तारै नेपालसम्म पुग्यो । राजा महेन्द्रले पञ्चायती व्यवस्थालाई हिन्दुस्थानको समर्थन दिलाउने नियतका साथ नेपाललाई हिन्दू अधिराज्य नामाकरण गरिदिएको पाइन्छ । नेपालीहरुलाई आफूले मानिआएको धर्म वैदिक सनातन लेख्न दिइएन । जबरजस्ती हिन्दू लेख्न बाध्य बनाइयो । लामो समयसम्म एउटै अभ्यास भइसकेपछि त्यसलाई त्याग्न गाह्रो हुँदो रहेछ । त्यतिबेला हिन्दू लेख्न बाध्य बनाइएका हामी नेपालीहरु यतिबेला वैदिक सनातनी अर्थात आफ्नो वास्तविक पहिचान खुलाउन हच्किएका छौं । हिन्दूका रुपमै आफूलाई चिनाउन गौरव गर्ने अवस्थामा पुगिसकेका छौं ।

राजा महेन्द्रले पञ्चायती व्यवस्थालाई हिन्दुस्थानको समर्थन दिलाउने नियतका साथ नेपाललाई हिन्दू अधिराज्य नामाकरण गरिदिएको पाइन्छ । नेपालीहरुलाई आफूले मानिआएको धर्म वैदिक सनातन लेख्न दिइएन । जबरजस्ती हिन्दू लेख्न बाध्य बनाइयो । लामो समयसम्म एउटै अभ्यास भइसकेपछि त्यसलाई त्याग्न गाह्रो हुँदो रहेछ । त्यतिबेला हिन्दू लेख्न बाध्य बनाइएका हामी नेपालीहरु यतिबेला वैदिक सनातनी अर्थात आफ्नो वास्तविक पहिचान खुलाउन हच्किएका छौं । हिन्दूका रुपमै आफूलाई चिनाउन गौरव गर्ने अवस्थामा पुगिसकेका छौं

। हाम्रा जुन धार्मिक तथा पौराणिक ग्रन्थ छन्, ती ग्रन्थमा हिन्दू भन्ने शब्द कहीँ कतै उल्लेख छैन् । हाम्रा धार्मिक तथा पौराणिक ग्रन्थहरु संस्कृत भाषामा लेखिएका छन् तर संस्कृत भाषाले हिन्दू भन्ने शब्दलाई चिन्दैन् । र पनि भनिरहेका छौं - 'हामी हिन्दू हौं ।' हाम्रो पहिचानमाथि भएको अतिक्रमण भनेको वास्तवमा यही हो । वास्तवमा कालापानी अतिक्रमण भन्दा पनि दुखदायी यो हो, हाम्रो पहिचानमाथिको यस्तो अतिक्रमण ।

त्यसो त हाम्रा धेरै धार्मिक चाडपर्व एवं संस्कृति अतिक्रमणमा परिसकेका छन् । उदाहरणका लागि हामीले वडादशैं बिर्सेर विजया दशमी भन्न थालेका छौं । तिहार बिर्सेर दिपावली भन्न थालेका छौं । हाम्रो आफ्नै मौलिक संवत् नेपाल संवतलाई हामीले धार्मिक क्रियाकलापका तिथीमा मात्रै सिमित राखेर विदेशबाट विक्रम सम्बत र इस्वी सम्बतलाई टपक्क टिपेर मनाउन थालेका छौं । हाम्रो नेपाल संवत् अब धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा पनि रहँदैन कि जस्तो देखिएको छ । उदाहरणका लागि जन्म दिवसलाई नै लिउँ । संस्कृत भाषा लोप गराएर हामीले धेरै कुरा गुमाएका हौं । संस्कृत भाषाको वैदिक सनातन शब्दलाई त्याग्दै फारसी भाषाको हिन्दू शब्दलाई भारतीयहरुले अँगाल्नुको निश्चित कारण छ । त्यो कारण हो, संस्कृत भाषा लोप हुनु । नेपालको सन्दर्भमा संस्कृत भाषा जनजिब्रोमा लोप भएपनि ब्रह्मणहरुले आफ्नो कर्मकाण्डी पेशालाई जोगाउन भएपनि निरन्तरता दिइरहेका थिए । कम्तीमा पनि संस्कृतको एउटा विषय सरकारी शिक्षाको निमावी तहमा अनिवार्य गरिएको थियो

संस्कृत र सभ्यताको इतिहास हेर्दा विश्वमा जिवित पुराना सभ्यताहरु मध्य पूर्वीय दर्शनबाट प्रभावित नेपाली सभ्यता प्रमुख हो । तर विभिन्न नाममा हाम्रो सभ्यतामाथी हमला भइरहेको छ । हामी मौन मात्र छैनौ बरु त्यसैमा

रमाइरहेका छौं । हामीलाई यस्तो लागिरहेको छ की, हामी सबैभन्दा ठुला क्रान्तिकारी बनिरहेका छौं । हामी सबैभन्दा ठुला आधुनिकतावादी बन्दैछौं । हामीले आधुनिकताको खोल ओढ्दै गर्दा यो बिर्सिनु हुँदैन की, पश्चिमले कसरी विकास गर्‍यो ? आफ्ना धर्म, संस्कृती र सभ्यताको जगमा उभिएर नै पश्चिमको विकास सम्भव भएको  हो । पश्चिमीकरणलाई गर्वका साथ आत्मसात गरिनु आफ्नो अस्तित्व निमिट्यान्न पार्नु हो । उनीहरुले पृथ्वी चेप्टो छ भनेर भन्दै गर्दा हाम्रा पुर्वजहरु पृथ्वी एक पिण्ड हो, नौ ग्रह छ भन्ने ठाउँमा थिए । हाम्रा पुर्वजहरु एस्ट्रोलजीका ज्ञाता थिए भन्ने कुरा यसैबाट प्रमाणित पनि हुन्छ । हाम्रो सभ्यता अनि संस्कृति धेरै वैज्ञानिक रहेको, कहिले पनि अन्धभक्त नभएको र जहिले पनि अनुसन्धान तथा सोधखोजमा आधारित रहेको देखिन्छ । तर हामीले त्यसलाइ निरन्तरता दिन सकेनौं । त्यो नै हाम्रो सबै भन्दा ठूलो दुर्भाग्य हुन पुग्यो ।

जनयुद्धको नाममा संस्कृत भाषालाई विस्थापित गर्ने प्रयासमा पश्चिमाहरुको हात छ भन्ने कुरामा कुनै सन्देह छैन्। कुनै समय अंग्रेजी, नेपाली गणितजस्तै विद्यालयमा अनिवार्य रूपमा पढाइ हुने संस्कृत अहिले कहाँ पढ्न पाइन्छ ? भनेर खोज्दै हिँड्नुपर्ने अवस्था छ । नेपालमा मात्र होइन, विश्वव्यापि रुपमा सबै मौलिक सभ्यता र संस्कृतिमाथी पश्चिमाहरुको नियन्त्रण छ । उनीहरु कुनै पनि राज्यलाई आफ्नो नियन्त्रणमा लिनका लागि युद्धनीति मात्र प्रयोग हुदैन, जहाँ युद्ध नीति प्रयोग गर्दैनन्, त्यहाँ कुटनीति पनि प्रयोग हुने गरेको छ । आज संसार पश्चिमी कुटनीतीको परिबन्धमा बाँधिएको छ । त्यो परिवन्धबाट नेपाल उम्कने त सम्भव नै भएन । कुनै राज्य, ठाउँ वा मानिसको फरक परिचय उसको विचार, संस्कृति,

धर्म, भाषा अनि सभ्यताको आधारमा हुन्छ । जब कुनै राष्ट्रका भाषा, धर्म, संस्कृति अनि सभ्यतामाथी अतिक्रमण गर्न सकिन्छ तब त्यो देश तहस–नहस हुनु स्वभाविकै हुन्छ । हामी नेपालीहरु जानी नजानी लहडैमा आफ्नो भाषा, धर्म र संस्कृतिमाथीको हस्तक्षेपलाई आधुनिकताको परिभाषा दिँदै गर्व महसुस गरिहन्छौं । पश्चिमाहरुको भन्दा हाम्रो फरक अस्तित्व छ । यति मात्रै होइन भारतको भन्दा पनि हाम्रो भाषा, धर्म र संस्कृतिको समेत भिन्नै अस्तित्व छ । हाम्रो यसप्रकारको फरक अस्तित्वलाई निम्ट्यान्न पार्न कतै हामी आफै त लागिरहेका छैनौं। गम्भीर बन्नुपर्ने बेला आइसकेको छ ।

नेपालमा मात्र होइन, विश्वव्यापि रुपमा सबै मौलिक सभ्यता र संस्कृतिमाथी पश्चिमाहरुको नियन्त्रण छ । उनीहरु कुनै पनि राज्यलाई आफ्नो नियन्त्रणमा लिनका लागि युद्धनीति मात्र प्रयोग हुदैन, जहाँ युद्ध नीति प्रयोग गर्दैनन्, त्यहाँ कुटनीति पनि प्रयोग हुने गरेको छ । आज संसार पश्चिमी कुटनीतीको परिबन्धमा बाँधिएको छ । त्यो परिवन्धबाट नेपाल उम्कने त सम्भव नै भएन । कुनै राज्य, ठाउँ वा मानिसको फरक परिचय उसको विचार, संस्कृति, धर्म, भाषा अनि सभ्यताको आधारमा हुन्छ ।

## 7.4 साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको प्रयोग

विगत दुई दशकदेखि नेपाली साहित्यका क्षेत्रमा नारी हस्ताक्षरका रूपमा आख्यानका क्षेत्रमा प्रखर बन्दै गएको पाइन्छ। आधुनिक कथा विधालाई आफ्नो रूचिक्षेत्र बनाएकी नारी लेखिकाहरू प्रखर लेखनीका दसी र दिशा हुन् विभिन्न समसामयिक साहित्यिक पत्र पत्रिकामा विकीर्ण रचनाहरू। कथा विधाले वैदिक साहित्यमा निहित नचिकेताको

आख्यान देखि लोककथाको अनादि श्रुति परम्परा हुादै वर्तमानसम्म अनेक स्वरूप र विषयवस्तुगत अभिव्यञ्जनाको सेरोफेरो मार्दै आएको छ। संरचनात्मक प्रक्रिया र प्रकृति तथा प्रवृत्तिमा यो वैविध्यपूर्ण भएर विधागत मिश्रणका साथ उल्लेख्य रूपमा जीवन्त बन्दै गएको छ। आकार, विषय, अभिव्यक्ति, भाषा शैली उद्देश्य आदिका प्रचुर विविधता र विभेदताले भरपुर कथाकृतिको सङ्ग्रह हो फ्रन्टपेज। अग्नियुद्ध र रहस्यमय भोगाइ पछि यो तेस्रो कथासङ्ग्रहका रूपमा सुबिसुधा आचार्यले फ्रन्टपेज अगाडि सार्नु भएको छ। यसले पाठकका मनमस्तिष्कलाई वौद्धिक र विस्मयकारी वियुतीय चक्करमा पारेको छ। यस भित्रका कथाहरू बहुद्देश्यीय देखिन्छन्। उत्तर आधुनिकतावादी र नारीवादी अवधारणा अंगालेका मान्यताभन्दा सुबिसुधाका मान्यता फराकिला छन्।

**नारीवाद** भनेको सम्पूर्ण यौन व्यापार वा उद्यम विरूद्धको आन्दोलन हो भन्ने आधारमा केन्द्रित कुरा हो। यस कथामा यौनको सन्दर्भ वहुत्वमय र अर्न्तविरोधी पनि छ। फ्रन्टपेजमा जसरी सम्पादकलाई उत्तरदायी व्यक्तित्व बनाएर पत्रिकाको फ्रन्टपेजमा फोटो छपाउनका लागि नाङ्गिन र आङ्गिन पनि तयार हुने युवतीबाट बचाउने काम गर्नु भएको छ सुबिसुधाले। यसमा फ्रायडवादी यौन मनोविश्लेषणको मान्यता विपरित व्यावसायिक र सामाजिक मर्यादा प्रधान दृष्टि भएको पाइन्छ। यसलाई उचित परिस्थितिमा विश्वसनीय तुल्याइएको छ। यसमा कथाकारिताको शक्ति, निपुर्णता र अभ्यासको अनुभवपूर्ण परिणाम देखिन्छ। फ्रन्टपेजका पात्रहरूद्वारा कामीको आरन

Notes

व्यवसाय देखि साइवर सम्मका पुरातन पन्थी र अधुनातन पन्थी पात्रहरूको जुन प्रायोजित सञ्जाल छ, त्यो वर्तमान नेपाली यथार्थ समाजको विषतापूर्ण गतिविधि र वस्तुस्थिति हो। यही यस सङ्ग्रहको समाज शास्त्रीय रूपरेखा पनि हो। कथा समाज निरपेक्ष बन्दैन। यसमा अकथा, सूत्रकथा र लघुकथाको ढाॅचा र ढर्रा छैन। सङ्ग्रहका बाह्रवटा कथा सबै छोटा कथाहरू हुन्। प्रत्येक कथा भित्र रेखात्मक ढाचामा कथानकको निर्माण भएको छ। यी कथाहरू अनेक ढङ्गले विवेच्य छन्। अहिलेसम्म पाठ्य अध्ययन भन्दा हामीकहाॅ प्रभाववादी अध्ययन ज्यादा भएको पाइन्छ। पाठ्य केन्द्रीत अध्ययनमा चासो दिएको खण्डमा एकातर्फ कथाकार सुबिसुधाको प्रखर अनुभूति र पर्यवेक्षणको फराकिलो दायरा पाइन्छ भने अर्को उहाको जीवनवृत्ति र विषयवस्तुको पुरस्थापनको रूपरेखा पनि पुनर्रचनाका साथ ठम्याउन सकिन्छ।

जीवन संघर्ष, जीवन भोगाइ र जीवन यात्राका क्रममा भेटिएका टिपिएका केही फिलिङ्गाहरू उनिएको फ्रन्टपेज सिङ्गो अन्तर्मनको तरङ्ग हो भन्ने आत्मायिव्यक्ति छ धादिङ केवलपुरमा जन्मे हुर्केकी सुशीला बिडारी उर्फ सुबिसुधा आचार्यको। सुबिसुधाको आत्मिक आभिव्यक्तिले उहाॅको व्यक्तित्व अनेक कोमल र विष्फोटक तरङ्ग उराल्ने प्रवाहमान भावमय नदी जस्तो भएको अनुभव हुन्छ। समय प्रवाहमा आज नेपाली समाज हलो कोदालो र खेतबारीको गोरख धन्दा पन्छाएर साइवर युगमा टेकेर आफ्नो चेतना र स्वार्थको क्षितिज फैलाउदै देश देशान्तरका परिस्थितिमा घुलमेल भइरहेको छ, यो एउटा

युगीन यथार्थता हो। हाम्रा बालिका, किशोरी र युवतीहरू शिक्षाको उज्यालो पाएर अनेक तरक्की गर्दैछन् तर विवशतापूर्ण, दासतापुर्ण र दारूण जीवनयापन गर्न बाध्य भएका नारीहरू गाउ शहर यत्रतत्र सर्वत्र देशभरी छन्। यस्ता नारीहरू पुरूष दुराचारबाट शोषित, पीडित र विदीर्ण ह्दयका छन्। कथा सङ्ग्रहभित्रका नारी चरित्रको अध्ययन गर्दा पाठकका मनमा संवेगको प्रवाह संप्रेषण हुन्छ। यसक्रममा कथा सृजनारत नारी मानसिकता पनि संवेगित भएको अनुभव हुन्छ। उचित र विश्वसनीय वातावरणको सृजना गरेर जुन चरित्रको मन र शरीरको व्यवहारलाई वातावरण अनुरूप संयोजन गर्ने कुशलता यी बाह्र वटै कथामा जसरी दर्सिएको पाइन्छ, त्यसले कथा निर्माणको सृजनात्मक शक्ति निपूर्णता यथेष्ठ भएको पुष्टि हुन्छ। वातावरण, चरित्र र घटनाका शृङ्खला कारण सम्वद्ध भएर कार्यरूपमा परिणत भएको पाइन्छ। कथानकमा हुनुपर्ने किन, कसरी, कहा्ा, के जस्ता प्रश्नहरूको वस्तुगत उत्तर प्रस्तुत कथाभित्रका घटना र कार्यबाट प्राप्त गर्न सकिन्छ। फ्रन्टपेजका कथाभित्रका कथानक आफै रहस्यमय कथा बनेकी स्वयम् लेखिकाका अन्तर्मनका जलाशयबाट जीवनयापनका क्रममा छचल्किएका छालका कण वा छिटा हुन्, जुन स्पर्शशील र अनुभयमान छन्।

आजको कथा अकथा बन्दै गइरहेको सन्दर्भमा वैयक्तिक विम्ब प्रतिक र रूपकका चापले अडिनै नसक्ने र पाठकीय विकर्षण बढ्ने अवस्था आइरहेको यथार्थतामा फ्रन्टपेजले सवलता, सफलता, सजीवता, सरसता र समुत्सुकता प्रदान गर्ने सामर्थ राख्दछ। परिवेश घटना र चरित्रका

Notes

कार्य व्यापारमा केवल प्रायोजित संयोजनको चेष्टा नभएर लेखकीय चित्तवृत्तिको पनि विवेक सफल समवेदनशीलताका साथ संयोग भएकोले स्वयम् कथाकार कथा बाचिका बनेर पाठक हृदयको नजिक पुग्न सफल भएको मेरो अनुभव छ। कथाको प्रारम्भ देखि अन्त्यसम्म पाठकलाई यथोचित आकर्षण गर्ने सहज र सुवोध संरचनात्मक विशेषता सुबिसुधाको मौलिकता हो। अहिलेसम्मका सामाजिक यथार्थवादी कथाकारहरूले नियाल्न नसकेको सामाजिक पारिवारिक र व्यक्तिगत समस्या उहााले गहिराइका साथ छिचोल्ने र तिनको कारण सहित विश्लेषण गरेर समाधानको अप्रत्यक्ष रूपमा सङ्केत समेत गर्ने प्रकृति उहााको कथाकारितामा विद्यमान छ। यही प्रकृतिको बिस्तार अझै भएर यसमा उल्लेख्य प्रतिष्ठा उत्तरोत्तर हुने कुरामा कत्ति संदेह हुदैन। संवेदना, विवेक र संवेगको समीकरण गरेर कथा लेख्ने प्रवृत्ति नै आचार्यको प्रवृत्ति हो। पाठकहरूको ममताले गर्दा उहाको लेखनकला दिनहु खारिदै गइरहेको छ। लेखनी घर्सिइरहेको छ, जाागर बढिरहेको छ। आत्मोत्तरदायी व्यवहार विकसित भइरहेको छ। नारीका अन्तर्बाह्य समस्या र मर्मलाई सुक्ष्मरूपमा पहिल्याएर कलात्मक रूपमा कथात्मक विधामा प्रस्तुत गर्ने ब्रत नै सुबिसुधाको साहित्य लेखनको प्रधान ब्रत हो अरू ब्रतहरू पनि उहााले छाड्नु हुन्न। भाषा शैलीका दृष्टिले फ्रन्टपेज सशक्त छ। यहााका सोचाइको "सगरमाथा मनको फेदीबाट शिखर चढ्दै थियो स्यावाजको", जस्ता वाक्यहरूले कथा भित्र पर्याप्त स्थान पाएका छन्। यसबाट खुला गद्य शैलीको प्रयोग भएको पुष्टि हुन्छ। यस कथामा वातावरण, भाष शैली र चरित्र अनुरूपका कार्य र परिस्थितिले कथाका घटनाहरू पत्यारिला हुन्छन्। भाषालाई पात्रका

माध्यमबाट जति मात्रामा स्वाभाविक रूपमा प्रयोग गराइन्छ त्यति मात्रामा कथामा पाठकको विश्वास कायम हुन्छ। यस अर्थमा प्रस्तुत कथासङ्ग्रह उदाहरणीय छ। यसको भाषा लेखकीय आफ्नै हुदा हुदै पनि चरित्रका मुखबाट उकेलिदा नितान्त चरित्र अनुरूप पत्यारिलो भएर पाठकका ह्दयमा घुस्छ। यहा पनि यो विशेषता पाइन्छ।

लयात्मक कवित्वमय र भावप्रधान भाषाको प्रयोग भएको वर्णनात्मक शैली भित्र पनि लेखकीय व्यक्तित्व अर्न्तभेदी भएर टिका टिप्पणीकारका रूपमा प्रवेश गरेपनि आत्मपरकताको शैलीले पात्रको कथनमा हस्तक्षेप गरेको पाइदैन। यसमा भाषा र शैलीको विशेषताले कथात्मक स्वायत्तता प्राप्त गरेको छ। कथाको भाव र कविताकाव्य एवं नाटक निबन्धको भाव नितान्त भिन्न हुन सक्तैन। कथाका माध्यमबाट दिइने सन्देश र संवेदना पनि अन्य विधा भन्दा निरपेक्ष रहेको पाइदैन। जब साहित्य स्रष्टाले भाषाको प्रयोग त्यसका माध्यमले खास शैलीको उपयोग गर्छ अनि मात्र विधागत मौलिकता, स्वतन्त्रता र पृथकताको निर्धारण हुन्छ। यस आधारमा कथाको भाषा यहाँ पात्र, परिस्थिति र अभिव्यक्ति प्रणाली अनुरूप विवरमात्मक काव्यात्मक तार्किक र विश्लेषणात्मक शैलीमा अनायास निरूपित भएको छ। कथाकारको यो निपूर्णता मात्र होइन अध्ययन र अनुभूतिको अनि दृष्टिकोण र अवधारणाको स्पष्टता र उच्चता पनि हो। भाषा र शैलीमा दृश्य र सांस्कृतिक विम्बहरू निर्माण भएका छन्। यसबाट चरित्रको जे जस्तो स्थितिबोध र व्यवहार बोध हुन्छ त्यो भाव संप्रेषणीय भएको छ भाषा शैलीका शिल्प प्रयोगले। शैलीका सम्बन्धमा शैली विज्ञानका

रूपमा स्तम्भ विशाल शास्त्र आएको छ। यहा ा यसको चियो चर्चो भन्दा चोखो मीठो र राम्रो भाषा शैलीको मौलिक अस्तित्व कायम भएको छ, जुन सुबिसुधा आचार्यको मुटु र मथिङ्गलको प्रतिविम्ब पनि हो। फ्रन्टपेजमा प्रतिविम्बित दर्शन वा जीवन दृष्टि संरचनावादी देखिन्छ।

नेपाली साहित्यमा महिलालेखन प्रारम्भदेखि नै छिटफुट रूपमा भएको पाइए पनि उपन्यासका क्षेत्रमा भने महिलाको प्रवेश माध्यमिक कालको अन्त्यतिरदेखि मात्र भएको हो । सन् १९८९ मा प्रकाशित अम्बालिकादेवीको राजपुत रमणीलाई नेपाली उपन्यासको इतिहासमा महिलालेखनको पहिलो प्रयासका मान्नसकिन्छ । सन् १९८९ देखि थालिएको महिलालेखनले उपन्यासका क्षेत्रमा सात दशकको समयावधि पार गरिसकेको छ । अम्बालिकादेवीबाट सुरु भएको उपन्यासलेखन पवनकुमारीदेवी, मायादेवी सुब्बा, पारिजात, गीता केशरी, कमला न्यौपाने, भागीरथी श्रेष्ठ, वानीरा गिरी, प्रेमा शाह, सविता श्रेष्ठ ‘बेहोशी, माया ‘निराशी तथा भारती खरेलसम्म आइपुग्दा विभिन्न प्रवृत्ति र मोडहरू पार गर्दै विकसित भएको छ । यसका अतिरिक्त ईशा शाह, शान्ति पराजुली, सङ्गीता ‘स्वेच्छा, रोहिणी शाह, शबनम श्रेष्ठ, नीलम कार्की नीहारिका, सुस्मिता नेपाल, शोभा राना, ईश्वरी खड्का, गायत्री विष्ट, इन्दिरा प्रसाईं, सीता पाण्डे, वेदकुमारी न्यौपाने, टीकाकुमारी याखा, शान्ता श्रेष्ठ, शोभा भट्टराई, सरला जोशी, कमला कुँवर अर्थात सुजात, अप्सरा लावती, इन्दिरा बुढाथोकी (राई), शुभ श्रेष्ठ, पुष्पलता आचार्य, पीताम्बरा उपाध्याय, गौरा रिजाल, बिनिता राई, कविता पौडेल, भाषा भण्डारी, पद्मावती सिंह, सानु, मनिषा गौचन, उन्नती बोहरा ‘शीलाप्रभृति लेखकहरू पनि धेरथोर वस्तुगत नवीनता एवं नवीन शिल्पका साथ उपस्थित भएका छन् ।

नेपालका अतिरिक्त नेपालबाहिर भारतका विभिन्न क्षेत्रमा बसोबास गर्ने शान्ति प्रधान, सरिता प्रधान, कृष्णकुमारी राई, ललिता देवान, उषा सुन्दास, सावित्री देवसा, विन्ध्या सुब्बा, राधा रसाइली, पुष्प राई, गीता शर्मा आदिको योगदान पनि नेपाली उपन्यासको इतिहासमा उल्लेखनीय रहेको पाइन्छ । यिनै महिलाद्वारा लिखित नेपाली उपन्यासमा नारीवादी दृष्टिकोणको चर्चा गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । नेपाली उपन्यासका फाँटमा सक्रिय रूपले कलम चलाइरहेकी गीता केशरीका कसिंगर (२०३४), सौगात (२०४६), आवाज (२०४७), मुक्ति (२०४८), खोज (२०५०), अन्तिम निम्तो (२०५१), विश्वास (२०५२), खुला आकाश (२०५४), नोकरी (२०५५), एवं निष्कर्ष (२०६०) गरी दसवटा उपन्यासहरू प्रकाशित छन् । यिनका उपन्यासको मूल वस्तु विविध क्षेत्रमा व्याप्त नारी समस्या एवं लैङ्गिक समानताको खोजी हो । नारी शिक्षित, आर्थिक रूपमा सबल र चेतनशील भए मात्र परिवार, समाज र राष्ट्रको उन्नति हुन्छ भन्ने भाव अभिव्यक्त यिनका उपन्यासमा नारीवादी अवधारणा प्रबल रूपमा अभिव्यञ्जित छ । सामाजिक अन्धविश्वास, रुढिग्रस्त धार्मिक तथा पारम्परिक मान्यता, पक्षपातपूर्ण कानुनी नियमहरूबाट नारीहरू तिरस्कृत र अपहेलित भएको युगीन सन्दर्भमा नारी स्वतन्त्रता र अस्तित्वको रक्षाका पक्षमा यिनका उपन्यासहरूले आवाज उठाएका छन् । यिनका उपन्यासमा नारीशोषणको जिम्मेवार पुरुषवर्ग मात्र नभएर अशिक्षित तथा चेतनाशून्य नारीहरू पनि अन्जान्मै सहभागी हुन पुगेका छन् भन्ने कुराको अभिव्यञ्जना पनि पाइन्छ । सङ्कीर्ण सामाजिक मानसिकतालाई स्वीकारी नारकीय जीवन जिउनुभन्दा विवेकपूर्ण रूपमा आफ्नो शक्ति पहिल्याएर अगि बढेमा नारीको व्यक्तिगत जीवन सफल हुनाका साथै नारीविरोधी सम्पूर्ण सामाजिक गतिविधिहरू क्रमशः न्यून हुँदै जाने विश्वास पाइने यिनका उपन्यासमा नारी

विद्रोेहलाई कोरा सैद्धान्तिक रूपमा नभएर विवेकपूर्ण ढङ्गले समयसापेक्ष रूपमा प्रस्तुत गरिएको पाइन्छ । वैज्ञानिक उपलब्धि टेस्टट्युब बेबीलाई आपसी समझदारीका साथ स्वीकारेर मातृत्वको कदर र सम्मान गर्नु पर्ने धारणाको प्रस्तुति यिनका उपन्यासमा अभिव्यक्त नारीवादी चेतको अर्को उदाहरण हो । यसरी हेर्दा गीता केशरीका उपन्यासमा नारीमा देखापर्दै गएको अस्तित्वचेत र नारीवादी अवधारणा सफल एवं सटीक रूपमा प्रस्तुत भएको छ ।

ससाना घटनाका टुक्राहरूलाई जोडेर कथानकको स्वरूप प्रदान गरिएको पुष्प राईको भोलिको प्रतीक्षामा (सन् १९९०) शीर्षक उपन्यासमा पुरुषको स्वेच्छाचारी, ढोंगी, स्वार्थी, सङ्कीर्ण, कामुक तथा भोगवादी मानसिकताको विरोध गर्दै सिङ्गो मानवीय अस्मिताको सुरक्षा तथा नारी अस्मिताको खोजी गरिएको छ । पारिवारिक, सामाजिक तथा सांस्कारिक सन्दर्भबाट कमजोर र अबलाका रूपमा परिभाषित नारीहरू दृढ, सबल र सशक्त छन् भन्ने भाव मुखरित यस उपन्यासमा नारीवादी अवधारणाको स्वाभाविक, सशक्त र जीवन्त प्रस्तुति भएको छ । सामाजिक अवगालको त्रासमा समाजमा अस्वीकृत जैविक तुष्टिबाट उत्पन्न मानवीय स्वरूपलाई परित्याग तथा नष्टसमेत गर्ने प्रवृत्तिको विरोध यस उपन्यासमा गरिएको छ । विसङ्गति र सङ्कटका चेपमा पनि मानवीय मर्यादा र अस्मिताप्रति सचेत हुँदै नारीवादी अवधारणालाई सशक्त ढङ्गले अभिव्यक्त गर्नु यस उपन्यासको उद्देश्य रहेको छ । नारीहरू पुरुषका तुलनामा कुनै पक्षमा पनि कमजोर नभई उत्तिकै सबल र सशक्त छन्, उनीहरूलाई अवसरको मात्र खाँचो छ भन्ने धारणा अभिव्यक्त शवनम श्रेष्ठको मनीषा (वि. सं. २०५०) उपन्यासमा जन्मैदेखि गरिने

लैङ्गिक विभेदप्रति आक्रोश प्रकट गर्दै समतामूलक समाज निर्माणको चाहना अगि सारिएको छ । समाजमा व्याप्त नारीशोषणको विरोध पाइने यस उपन्यासमा महिला सशक्तीकरणका सन्दर्भहरू प्रस्तुत गर्दै नारी अस्तित्वको खोजी सशक्त एवं प्रभावकारी रूपमा गरिएको पाइन्छ । यस दृष्टिबाट यसलाई नारीवादी अवधारणाको प्रस्तुि‍ति भएको कृतिका रूपमा लिन सकिन्छ । नीलम कार्की नीहारिकाको तिमी, म र उनी विभिन्न उमेर, वर्ग र परिस्थितिका नेपाली नारीहरू परिवार, समाज तथा राज्य सबै पक्षबाट शोषित एवं पीडित भएको कटु यथार्थलाई वस्तुको रूपमा समेटिएको औपन्यासिक कृति हो । समाजमा जरो गाडिरहेको लैङ्गिक विभेदको अन्त्यको चाहना गर्दै समतामूलक समाजको अपेक्षा गरिएको यस उपन्यासमा वैज्ञानिक आविष्कारको उपलब्धि टेस्टट्युब बेबीलाई मातृत्वको रक्षा र सम्मानका लागि सदुपयोग गर्नुपर्ने धारणा अभिव्यञ्जित छ । दस महिनासम्म गर्भमा राखेर आफश्रनो रगत चुसाएर हुर्काएको सन्तानप्रति आमाको‍े कुनै कानुनी हक नभएको युगीन प्रशासनिक व्यवस्थाप्रति आक्रोश प्रकट गरिएको यस उपन्यासमा आमाको कानुनी हकको सुरक्षाका लागि आवाज उठाउ“दै सन्तानले आमाको नामबाट पनि नागरिकताको प्रमाणपत्र पाउनु पर्ने प्रावधान हुनुपर्ने कुरामा जोड दिइएको छ । नारी सहनशील हुन्छन्, तर सहनशीलताको दुरुपयोग भएमा उनीहरू दुर्गा र रणचण्डी पनि हुनसक्छन् भन्ने धारणा मुखरित यस उपन्यासमा नारीवादी अवधारणाको प्रस्तुति सैद्धान्तिक रूपमा नभएर तार्किक र व्यावहारिक रूपमा भएको पाइन्छ ।

विभिन्न स्वभाव र आचरणका व्यक्ति एवं सामाजिक मनोविज्ञानको प्रस्तुति पाइने सीता पाण्डेको अन्तद्र्वन्द्व उपन्यासको मूल कथ्य धर्म, परम्परा र

संस्कृतिको नाममा हुने नारी शोषणको विरोेध हो । नारीप्रतिको सङ्कीर्ण सामाजिक दृष्टिकोणहरूलाई सूक्ष्म रूपमा केलाउँदै यस्ता एकाङ्गी तथा पूर्वाग्रही धारणालाई समाप्त पार्न स्वयं नारी नै अग्रसर हुनुपर्ने धारणा अभिव्यक्त यस उपन्यासमा उपन्यासमा नारी शिक्षित मात्र नभई चेतनशील र अस्तित्वप्रति सचेतसमेत हुनुपर्ने दृष्टिकोण अगि सारिएको छ । नारीप्रति विद्यमान कानुन तथा प्रशासनले गरेको एकाङ्गी व्यवस्थाप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार एवं रोष प्रकट गरिएको यस उपन्यासमा छोरीलाई वस्तुसरह मानी कन्यादान गरिने प्रथाको विरोध गर्दै लोग्नेको दीर्घायुका लागि गरिने कथित व्रत तथा उपवासको खिल्ली उडाइएको छ । महिलाहरू स्वाभिमानी तथा सचेत भएको देख्न नचाहने÷नसक्ने पुरुषको दरिद्री मानसिकताप्रति व्यङ्ग्य प्रहार गर्दै त्यस्ता प्रवृत्तिप्रति आक्रोश अभिव्यक्त यस उपन्यासमा नारीवादी चिन्तनको सशक्त प्रस्तुति भएको छ ।

अनुभवन्यासका रूपमा नवीन वस्तुको प्रस्तुति भएको शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** (वि. सं. २०५८) - मा प्राकृतिक अपवादका रूपमा देखापर्ने मानव स्वरूप तेस्रो लिङ्गी (नपुंसक÷हिजडा) - का दैनिक क्रियाकलाप देखाउँदै उसको मनोविश्लेषण गरिएको छ । अपुरुष व्यक्तिसँग पारम्परिक रूपमा बिहे गराइएकी नारीले भोगेका पीडा र त्रासदीहरू अत्यन्त रोचक र कौतूहलपूर्ण ढङ्गमा यस उपन्यासमा अभिव्यक्त भएका छन् । छोरीलाई स्वावलम्बी तथा अस्तित्वसचेत तुल्याउने उद्देश्यले नभई योग्य वर प्राप्तिका लागि शिक्षा दिइने सङ्कीर्ण सोचाइले नेपाली समाज अभैm पनि ग्रस्त भएको कटु यथार्थको प्रस्तुति पाइने यस उपन्यासमा यस्ता सङ्कीर्ण सोचाइहरू निर्मूल हुनुपर्ने भाव मुखरित छ । विद्युतीय सञ्चारको युगमा पुगिसक्दा पनि

बदलिन नसकेको÷नचाहेको पितृसत्तात्मक नेपाली सङ्कीर्ण मानसिकताप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको यस उपन्यासमा वर पक्षकाले वधूपक्ष र बुहारीमाथि गर्ने हैकमवादी वृत्तिको पनि विरोध गरिएको छ । नारीको सहनशील, कर्मशील तथा धैर्यशील रूपलाई देखाइएको यस उपन्यासमा महिला सशक्तीकरणको पक्षमा वकालत गर्दै नारी अस्मिताको खोजी पनि गरिएको छ । नारी विद्रोहलाई अत्यन्त शिष्ट, शालीन, संयमित र विवेकपूर्ण ढङ्गबाट अभिव्यक्त गरिएको यस उपन्यासमा नारीवादी अवधारणालाई बडो सचेततापूर्वक मानवतावादी र व्यावहारिक दृष्टिकोणका साथ प्रस्तुत गरिएको छ । सुजातका बन्धन (२०५८) र अन्त्यहीन पीडा (२०६१) नारीवादी भावनाको अभिव्यक्तिका सन्दर्भबाट हेर्दा उल्लेखयोग्य छन् । धार्मिक, पारम्परिक, सांस्कृतिक, प्रशासनिक क्षेत्रमा व्याप्त नारीप्रतिको एकाङ्गी दृष्टिकोण र नारी उत्पीडनका कारक तत्वहरूको सूक्ष्मातिसूक्ष्म विश्लेषण गरिएका यिनका उपन्यासमा अत्यन्त बौद्धिक तथा तार्किक ढङ्गले तिनको विरोध गरिएको छ । आप्mनै जन्मदाताबाट जन्मैदेखि हुने लैङ्गिक विभेदको विरोधात्मक प्रस्तुति पाइने यिनका उपन्यासमा छोरीलाई बोझका रूपमा लिइने नेपाली मानसिकताप्रति व्यङ्ग्य प्रहार गरिएको छ । युगीन सन्दर्भमा चलिरहेको छोरीको अंशसम्बन्धी बहसमा अंशको सदुपयोगका लागि पनि नारीलाई शिक्षा दिएर आत्मनिर्भर तथा चेतनशील बनाउन जरुरी हुन्छ भन्ने धारणा अभिव्यक्त यिनका उपन्यासमा छोरी आत्मनिर्भर भएपछि मात्र विवाह गर्नु पर्ने दृष्टिकोण अगि सारिएको छ । छोरीका इच्छा, आकङ्क्षा तथा रहरहरूको कदर नगरी त्यसै निमोठिदिने मानसिकताप्रति असन्तुष्टि प्रकट गरिएका यिनका उपन्यासमा छोराछोरी दुवैलाई समान रूपले चारित्रिक शिक्षा प्रदान गरिनुपर्ने भावना मुखरित छ ।

नीति निर्माताहरू पुरुष भएकै कारण पितृसत्तात्मक मानसिकताका आधारमा तयार गरिएका विधानहरू विरुद्ध आवाज उठाइएका यिनका उपन्यासमा आमाको नामबाट सन्तानले नागरिकता प्राप्त गर्नसक्ने प्रावधानको कानुनी व्यवस्थाका लागि जोडदार माग गरिएको छ । वेश्यालाई घृणा गर्ने, तर वेश्योचाहि“ सम्मानित जीवन यापन गर्नसक्ने एकाङ्गी मानसिकताप्रति व्यङ्ग्य प्रहार गरिएका यिनका उपन्यासमा नारीदेह भोग्नुलाई नै पुरुषत्व ठान्ने मानसिकताप्रति रोष प्रकट गरिएको छ । सिद्धान्तमा समाजरूपी रथका दुई पाङ्ग्रा भनेर व्याख्या गरिने, तर व्यवहारमा देखिने पूर्वाग्रही दृष्टिकोणको खिल्ली उडाइएका सुजातका उपन्यासमा धर्मका नाममा हुने नारीशोषण र दमनका विरुद्ध पनि स्वर उरालिएको छ । स्वास्नीले लोग्नेको दीर्घायुका लागि व्रतउपवास गर्ने चलन भएको, तर स्वास्नीका दीर्घायु तथा कल्याणका लागि कुनै प्रकारको व्रतउपवासको व्यवस्था नभएको धार्मिक–सांस्कारिक सन्दर्भमा देखापर्ने एकाङ्गी दृष्टिकोणको विरोधमूलक चिन्तनको प्रस्तुति यिनका उपन्यासमा तार्किक ढङ्गले गरिएको छ । प्राकृतिक अपवादको रूपमा देखापर्ने तेस्रो लिङ्गीको मनोवैज्ञानिक चित्रण गर्दै कथित इज्जत ढाक्ने निहु“मा यस्ता हिजडाको बिहे गरिदिने सन्दर्भले नेपाली समाजमा व्याप्त पुरुषपक्षको हैकमवादी प्रवृत्ति र सङ्कीर्ण मानसिकतालाई पनि यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ ।

नारीलाई बलिको बोको बनाएर उसमाथि गरिने शारीरिक र मानसिक यातनाको विरुद्ध विद्रोह गरिएका यिनका उपन्यासमा समाजमा व्याप्त पुरुषकेन्द्री सङ्कीर्ण मानसिकतालाई चुनौती दिंँदै नारी समानता र स्वतन्त्रताको पक्षमा आवाज उठाइएको छ । आफुमाथि थोपरिएका विभिन्न

प्रकारका शोषण एवं उत्पीडनका विरुद्ध लड्दै नारी स्वतन्त्रता तथा समानताका लागि सम्पूर्ण शोषित पीडित नारीहरूलाई एक हुन आह्वान गरिएका यिनका उपन्यासमा यस्ता समस्याको समाधान डर र लाजबाट नभएर डटेर सामना गरेमात्र सफल हुने भाव मुखरित छ । शारीरिक भिन्नताबाहेक अन्य आधारमा लैङ्गिक विभेद गरिन नहुने धारणा प्रस्तुत गर्दै नारी पुरुषले एकअर्कालाई पूर्वाग्रही तथा एकाङ्गी दृष्टिले नहेरी सम्मान र आदरका दृष्टिकोणका साथ समान रूपले अगि बढेमा स्वस्थ, समतामूलक तथा युगानुकूल प्रगतिशील समाजको निर्माण हुने दृष्टिकोणको प्रस्तुति यिनका उपन्यासमा भएको पाइन्छ । युगौंदेखि हुने गरेका नारीविरोधी गतिविधि विरुद्धमा भएको सङ्ग्राममा नारी शक्तिको विजयलाई देखाइएका यिनका उपन्यासमा नारीवादी धारणाको सशक्त प्रस्तुति भएको छ ।

विविध प्रकारका नारीशोषण एवं उत्पीडनलाई मूल विषय बनाइएको गौरा रिजालको **अघोषित द्वन्द्व** (वि. सं. २०६०) - मा महिला सशक्तीकरण एवं नारीवादी अवधारणालाई प्रस्तुत गरिएको छ । परापूर्वकालदेखि नै शोषणको चपेटामा परिरहेका नेपाली नारीहरूको दयनीय एवं निरीह अवस्था तथा उनीहरूको सहनशीलताको दुरुपयोग गरी पुरुषले गर्ने स्वेच्छाचारी प्रवृत्तिको विरोध गरिएको यस उपन्यासमा जुनसुकै वर्ग, उमेर र परिवेशका नारीहरू शोषण÷उत्पीडनमा पिल्सिन बाध्य यथार्थलाई प्रस्तुत गरिएको छ । यसप्रकारका उत्पीडनका लागि विवाहलगायत विविध सन्दर्भका संस्कृतिका नाममा लादिएका थुप्रै कुसंस्कारहरू जिम्मेवार रहेको भावना अभिव्यञ्जित यस उपन्यासमा विवाह संस्कारमा उल्लेख गरिएका एवं प्रतिज्ञा गराइने आदर्श तथा व्यवहारहरूलाई लत्याएर नारीलाई केवल इमान्दार दासी र

Notes

वासनाको पुतलीका रूपमा हेर्ने पुरुषको सङ्कीर्ण दृष्टिकोण एवं व्यवहारको विरोध गर्दै यस्ता प्रवृत्तिको खिल्ली उडाइएको छ । यस उपन्यासमा व्यवहार र भाषणमा पृथक् दृष्टिकोण राख्ने पुरुषको ढोंगी प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ । आजका शिक्षित तथा चेतनशील नारीहरूले निर्वाह गर्नु पर्ने दोहोरो दायित्व तथा यसले उनीहरूमा पर्ने शारीरिक एवं मानसिक असरहरूको मार्मिक प्रस्तुति पाइने यस उपन्यासमा नारीमुक्तिका लागि सशक्तीकरण आवश्यक भएको र यसका लागि उनीहरू आर्थिक रूपले सबल एवं आत्मनिर्भर हुनुपर्ने धारणा अभिव्यक्त गरिएको छ । नारीहरूले अधिकार मागेर होइन, खोसेर लिनुपर्ने धारणा अभिव्यञ्जित यस उपन्यासमा युगको जिम्मेवारी शिक्षित र चेतनशील नारीको का"धमा भावना मुखरित भएको छ।

भाषा भण्डारीका **सम्झौता** (२०६०) र **परिवर्तनको पृष्ठभूमि** (२०६१) गरी दुई उपन्यास प्रकाशित छन् । वैयक्तिक, पारिवारिक र सामाजिक सन्दर्भहरूमा देखापर्ने विविध प्रकारका कुण्ठा तथा विसङ्गतिका बीचमा चेपिएर रहन बाध्य प्रतिभाशाली, स्वाभिमानी र अस्तित्व सचेत नारी मानसिकतालाई प्रस्तुत गरिएको सम्झौता उपन्यासमा नारी विद्रोहलाई सशक्त रूपमा अभिव्यक्त गरिएको छ । यस उपन्यासमा आफ्नो सीमित स्वार्थपूर्तिका लागि छोरीको प्रतिभा तथा इच्छाहरूलाई निमोठ्दै अग्निकुण्डमा होमेर सन्तोषको सास फेर्ने आडम्बरी बाबु, स्वास्नीलाई वस्तुतुल्य सम्झेर अमानवीय व्यवहार गर्नु आफ्नो जन्मसिद्ध अधिकार र पौरख सम्झने नपुंसक, नामर्द र हुतिहारा लोग्नेलाई व्यक्तिगत तथा सामाजिक रूपमा वहिष्कार गरेर समाजमा विद्यमान लैङ्गिक असमानता र सङ्कीर्ण सामाजिक सोचाइप्रति आक्रोश प्रकट गर्नुका साथै व्यङ्ग्य पनि प्रहार गरिएको छ । यसका अतिरिक्त आफ्ना बाबु र

भाइको पुरुषोचित पौरखका कारण उत्पन्न हुनपुगेकी सहोदर बहिनी अर्थात् बुहारीको जिम्मा लिएर उनीहरूलाई सामाजिक चुनौती दि“दै पुरुष भएकै नाताले छुट पाएका स्वेच्छाचारी प्रवृत्तिको विरोध यस उपन्यासमा शिष्ट र शालीन ढङ्गमा गरिएको छ । महिला सशक्तीकरण एवं नारी विद्रोहजस्ता विविध दृष्टिकोणबाट यस उपन्यासमा नारीवादी अवधारणा सशक्त रूपमा अभिव्यक्त भएको छ । भाषा भण्डारीको परिवर्तनको पृष्ठभूमिमा पनि नारीवादी धारणाहरू मुखरित भएका छन् । समय एक्काईसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि नारीप्रति हाम्रा सामाजिक दृष्टिकोण अभैm मध्ययुगीन ढा“चाबाट परिवर्तन हुनसकेको छैन । नारीलाई व्यक्तिका रूपमा नभएर उपभोग्य वस्तुका रूपमा हेरिने दृष्टिकोणप्रति यस उपन्यासमा तीखो व्यङ्ग्य प्रहार गर्दै समतामूलक समाजको अपेक्षा गरिएको छ । नारी स्वतन्त्रता तथा सशक्तीकरणको पक्षमा आवाज उठाइएको प्रस्तुत उपन्यासमा मातृत्वको रक्षाका लागि कानुनी हक प्रदान गरिनु पर्ने धारणा अभिव्यञ्जित छ । युगीन परिवेशमा बा“चेका नारीहरूको दयनीय अवस्थाको चित्रण गरी यस्ता अवस्थाको अन्त्य हुनुपर्ने भाव अभिव्यक्त यस उपन्यासमा प्रत्यक्ष र परोक्ष दुवै ढङ्गमा नारीवादी अवधारणा लाई सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

पद्मावती सिंहको **समान्तर आकाश** (२०६२) उपन्यासको मूल कथ्य महिला सशक्तीकरण हो । स्वस्थ, सभ्य तथा समतामूलक समाजको चाहना अभिव्यञ्जित प्रस्तुत उपन्यासमा महिला सशक्तीकरणका लागि नारी शिक्षित मात्र नभई स्वावलम्बी, चेतनशील र अस्तित्वप्रति सचेत पनि हुनुपर्ने दृष्टिकोण अगि सारिएको छ । महिलाहरूले यथास्थितिको विरोध गर्दै

पुरुषद्वारा महिलाप्रति गरिने दुव्र्यवहार, भोगविलासको साधनका रूपमा हेरिने सङ्कीर्ण मानसिकता, विद्यमान परम्परागत मूल्य र मान्यताहरूलाई तोड्न सक्नुपर्ने भाव अभिव्यञ्जित यस उपन्यासमा यसका लागि महिलाहरू स्वयं अगि बढ्नुपर्ने भाव मुखरित छ । पुरुषहरू स्वयंमा खराब हुने तथा सबै पुरुषहरूले महिलाप्रति दुर्भावना राख्ने नभई परम्परागत सोचाइ र मूल्यमान्यताकै कारण पुरुष र महिलाबीच असमानताको पर्खाल खडा भएको धारण यस उपन्यासमा अभिव्यञ्जित छ । पुरुषहरू उच्चताभासका कारण महिलाहरूलाई हीन भावनाले हेर्ने र व्यवहार गर्ने हु“दा लैङ्गिक विभेद उत्पन्न हुन गई सामाजिक असन्तुलनको स्थिति पैदा भएको हो भन्ने भावनाको प्रस्तुति पाइने यस उपन्यासमा महिलाहरूलाई समान दृष्टिले नहेरेसम्म लैङ्गिक समानता भाषणमा मात्र सीमित रहन्छ भन्ने दृष्टिकोण अगि सारिएको छ । सन्तानप्रति आमाको कुनै कानुनी हक नहुने विद्यमान प्रशासनले राखेको एकाङ्गी व्यवस्थाप्रति तीक्ष्ण व्यङ्ग्य प्रहारका साथै रोष प्रकट गरिएको यस उपन्यासमा वर्तमानमा चलिरहेको पैतृक सम्पत्तिमा महिलाको अधिकारसम्बन्धी सामाजिक तथा प्रशासनिक बहसमा महिलालाई छोरासरह शिक्षा दिई आत्मनिर्भर तथा चेतनशील बनाउनु पर्ने धारणा प्रस्तुत भएको छ । पुरुषको शारीरिक कमजोरीका कारण महिलालाई मातृत्व सुखबाट बञ्चित राख्न नहुने धारणा अभिव्यक्त यस उपन्यासमा वैज्ञानिक आविष्कारको उपलब्धि टेस्ट ट्युब बेबीलाई खुसी साथ स्वीकार्न आग्रह गरिएको छ । यसका साथै घरेलु हिंसा, जातीय सङ्कीर्णता तथा चेलीबेटी बेचबिखनजस्ता अन्य महिला समस्याले पनि यस उपन्यासमा स्थान पाएका छन् । यस उपन्यासमा नारीवादी अवधारणालाई सैद्धान्तिक नाराका रूपमा नभएर

सचेततापूर्वक मानवतावादी र व्यावहारिक दृष्टिकोणका साथ प्रस्तुत गरिएको छ ।

वेश्यो (पुरुष वेश्या) का आन्तरिक एवं बाह्य क्रियालापहरूलाई प्रस्तुत गरिएको मनीषा गौचन **वल्लीको डायरी** (२०६३) मा नितान्त नवीन एवं पृथक् ढङ्गले नारीवादी दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । वेश्योसँग अन्जानमा बिहे गर्न पुगेकी एउटी नारीले भोगेका पीडा र त्रासदीहरू अत्यन्त रोचक र कौतूहलपूर्ण ढङ्गमा यस उपन्यासमा अभिव्यञ्जित छन् । नेपाली नारीहरूले यौनका सम्बन्धमा अभैm पनि खुलेर आफ्ना भावना प्रकट गर्न सक्ने स्थितिको सिर्जना भइनसकेको परिस्थितिमा यौनजन्य अनुभवलाई प्रस्तुत गरिएको यस उपन्यासमा नारीलाई निरीह सम्झी पैसाले किन्न सकिने वस्तु सम्झने सङ्कीर्ण मानसिकताप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको छ । नारीको सहनशील तथा धैर्यशील रूपलाई देखाइएको यस उपन्यासमा परिस्थितिका कारण उत्पन्न नारीका नकारात्मक पाटाहरूलाई पनि देखाइएको छ । यसैगरी पुरुषहरू सबै कठोर नभई अत्यन्त कोमल, मायालु, भावुक र संवेदनशील पनि हुन्छन् भन्ने धारणाको प्रस्तुतिका साथ नारी अस्मिताको खोजी गर्दै नारीवादी अवधारणालाई यसमा अत्यन्त शिष्ट, शालीन, संयमित र विवेकपूर्ण ढङ्गबाट अभिव्यक्त गरिएको छ ।

भीम दाहालको **अभीष्टको खोज** उपन्यासलाई केही समीक्षकहरूले नारीवादी उपन्यासको रूपमा दर्‍याएका छन्। यसमा शान्ति नामकी मूल पात्रको जीवन चारित्रिक अवस्थालाई केन्द्र गरी नारीवादीको तोक लगाइनु स्वाभाविक नै छ। यसमा शान्तिको जीवनलाई नै उपन्यासको मूल विषय बनाइएको छ। उपन्यासको मूल विषयवस्तु नै शान्तिको स्वतन्त्र यौनाचार हो। यद्यपि

यसलाई नारीवादी उपन्यासका रूपमा दऱ्याउनका नारी अस्मितामाथि अति हलुका सोंच पनि नपाइने होइन। यसलाई मुख्यतः तीनवटा कुराबाट नारीवादी ठऱ्याउने प्रयास गरिएको छ

• शान्तिकी आमा धनमायाले आफु बिधवा भएपछि दोस्रो विवाह गर्नु,

• शान्तिले आफु सक्षम बन्न गान्तोक गई नोकरी गर्नु तर पुरूषको वासनाको शिकार हुनु तथा पछिबाट आफैं खुल्ला यौनाचार गर्नु ,

• शान्तिले आफुले चाहेको युवक मरेपछि बिहे नगरी स्वतन्त्र जीवन बाँच्ने निर्णय गर्नु।

• शान्तिकी काकी पनि लोग्ने हुँदाहुँदै केही परपुरूषसित यौनाचार गर्ने।

यति हुँदा हुँदै पनि उपन्यासकारले शान्तिलाई न्याय दिनसकेका छैनन्। शान्तिको कमजोरी देखाएर नारीवादी चिन्तन गरिएको छ। नारीवाद भनेको नारीको कमजोरी होइन। कमजोरी त पुरूषको पनि झन बेसी हुन्छन्। शान्तिले आफ्नो लागि गरेको संघर्षले न्याय पाउन सकेको छैन। संघर्ष गर्दा पनि उ विफल भएकी छ। उसको अभीष्ट नै देखिदैन। पुरूषप्रधान समाजमा नारीको स्थिति चिन्ताजनक हुन्छ। नारीलाई अनेक लाञ्छना, अपगाल, अन्याय, अत्याचार गरिन्छ। शान्तिले पुरूषप्रधान समाजको नारीको स्थिति विस्तारै बुझ्दै जान्छे। यद्यपि पुरूषबाट यौनभोग गरिएकी शान्तिले पछिदेखि त बानी परेर सम्भोग नभई बस्नै नसक्ने स्थितिमा पुग्छे। सुन्दरी, सुबानी र आमा बाबुको लाड-प्यार पाएकी शान्ति केही पछिदेखि भने खुल्ला यौनाचार गर्ने, जाँड-रक्सी खाने जस्ता कुलतमा फँस्छे। उपन्यासकारले मानवीय यौन

चाहनालाई 'जीववैज्ञानिक तृष्णा', 'बासनाग्रस्त शरीर' भनेका छन्। मानिसलगायत समस्त पशु-प्राणीमा यौन चाहना सामान्य कुरा हो। मानिसलाई भोक तिर्खा झैं यौन-प्यास लाग्नु स्वाभाविक कुरा हो।

धनमाया र लीलाराम कँडरिया दुवैजनाले दोस्रो बिहे गर्नु, शान्तिकी काकीले लोग्ने हुँदा हुँदै परपुरूषसित सम्भोग गर्नु, थापा बाबु, मञ्जुर, खँड्का, आग्या साइँला, ड्राइभर, सानुभाइ आदि पनि यही यौन चाहनाले डोहोरिएर काकीसित सुटुक्क आउनु सबैको मूल कारण यही हो। शान्तिले धेरैजनासित यौन सम्पर्क राख्दा खासै ठुलो कुरा होइन। समाजमा लोग्नेमान्छेले जति स्वास्नीमान्छेलाई यौन सम्पर्क राखे पनि ठुलो कुरो मानिन्न। त्यस्तै स्वास्नीमाऩ्छेले एकाधिक यौनसम्पर्क राख्दा केही हुने होइन। यद्यपि उपन्यासकारले शान्तिलाई यौन चाहना तीब्र भएको र उसलाई घरिघरि त्यही कुरा चाहिने, एकपछि अर्को लोग्नेमान्छेको स्वाद लिने बनाएका छन्। यो नारीवाद नभएर अमर्यादित र अश्लीलता हो। शान्तिले पछिबाट बिहे नगर्नाका पछाडि निम्न कारण केलाउन सकिन्छ-

- उसले पुरूषहरू नेत्र साहेब र सानोभाइबाट पाएको धोकाबाट पालेको घृणा,
- उसले रूचाएको इन्द्रकमल थपलियासित बिहे हुन नपाउँदाको कुण्ठा,
- एकजनासित बिहे गरेर एकल यौन भोगाइभन्दा बहुपुरूषबाट प्राप्त हुने चरम सन्तुष्टी
- बहुपुरूषको यौन भोगाइबाट निकासस्वरूप यौनचाहनामा ह्रास।

यसलाई नारीवादी उपन्यासको बर्को ओडाउनु उपयुक्त छैन। शान्तिको चारित्रिक पतन नारीवाद होइन। शान्तिले सबैभन्दा पहिले सानोभाइबाट यौनभोग गर्छे। त्यसपछि नेत्रसाहेबले प्रेमिका हुने वा बिहे गर्ने आशाले उसबाट यौनभोग गरेपछि गर्भ रहन्छ। पछि नेत्रसाहेबबाट गर्भाधानको रकम असुल्छे। काकीको घरमा रहँदा रक्सी नभई नहुने कुलतग्रस्त बन्छे। मञ्जुरको बलिष्ठ शरीर देखेर शान्तिमा यौन प्यास बढेर उसलाई यौनभोगको निम्तो दिन्छे। यो नारीवाद नभएर नारीको चरित्र हनन हो। एउटी सोझी, सरल बाला शान्तिलाई यौनको निपुण खेलाडी बनाउनु कुनै नारीवाद होइन। शान्तिले जीवनमा कुनै उपलब्धि हासिल गर्न सक्तिन। उसको बिहे पनि हुँदैन, चाहेको पुरूष पनि पाउँदिन, जानी जानी सानोभाइ जस्तो अनैतिक पुरूषसित जाकिन्छे, चारैतिरबाट हारेकी छ भने कसरी नारीवादी उपन्यास मान्नु? हाम्रो समाजमा बिहे नगरी बस्ने नारीहरू छन् तर नारीवादी होइनन्। दोस्रो बिहे गर्छन्, ती पनि नारीवादीमा पर्दैनन्। शान्तिको काकीले झैं धनको निम्ति रक्सी पसल चलाई शारीरिक सम्भोग गराउने नारीहरू पनि छन्, ती पनि नारीवादी होइनन्। यी त सामान्य कुरा हुन्।

यस उपन्यासलाई केही नारीवादी मान्न सकिने ठाउँ भए पनि यसमा नारीको अस्मितामाथि बढी खेलाँची गरिएको छ। शान्तिलाई बरू बिहा गराइदिएर लोग्नेको दासत्वबाट मुक्ति पाएको वा छुटानाम गराइदिएका भए नारीवादी हुनसक्ने थियो। अथवा उसको लिम्बूनी काकीले झैं लोग्ने हुँदाहुँदै अरू परपुरूषसित सहवास गर्ने गरेको देखाएको भए हुनेथ्यो। यदि लोग्ने मान्छेले चैं आफ्नी स्वास्नी हुँदा हुँदै पराइ स्त्रीसँग सहवास गर्न पाउँछन् भने नारी चैं किन पाउँदिन भन्ने तर्क राखेका भए यसलाई विशुद्ध नारीवादी उपन्यास

मान्न सकिने ठाउँ थियो। यसमा त उपन्यासकारको पुरूषवादी चिन्तनले नै बढी प्रबल भूमिका खेलेको छ।

## 7.5 उपसंहार

सरल भाषामा भन्दा नारीवादीहरू ती मानिस हुन् जो महिला र पुरुषलाई बराबरी ठान्छन् र व्यवहारमा पनि समानताको अभ्यास गर्छन् । यस्तो समानता हुनुपर्छ भन्ने विचार, सिद्धान्तलाई नारीवाद भनिन्छ । नारी - पुरुष बराबर हुनुपर्छ भन्नुमा त नराम्रो देखिँदैन तर विश्वभरी नै 'नारीवादी समाज भाँड्छन् , पुरुष विरोधी हुन्छन्' भन्ने जस्ता आरोप लाग्ने गर्छ । यो नकारात्मक धारणा कसरी निर्माण भयो ? बुझाउनमा पो समस्या भयो कि ? बुझाउनमा समस्या होइन । किनकि हामी नारीवादीले कहिल्यै पनि यो अभियानलाई पुरुष विरोधी भनेका छैनौँ । हामी पितृसत्ता विरुद्धमा छौँ ।

पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । पितृसत्ता एउटा मानसिकता र समाजिक प्रणाली हो, जसले पुरुषहरू उत्तम हुन्छन् र महिला पुरुषभन्दा निम्न र निकृष्ट हुन्छ भन्ने धारणा राख्छ । त्यो मानसिकताले घरमा छोरा जन्मिँदा उत्सव मनाउने बनाउँछ र छोरी जन्मिँदा एक खालको निराशा उत्पन्न गराउँछ । भारतमा ठूलो सङ्ख्यामा मानिस गर्भमै लिङ्ग जाँचेर मार्छन् । यहीँबाट देखिन्छ पितृसत्ता कति क्रुर छ । पितृसत्तात्मक सोचका कारण अभिभावक आफ्नी छोरी मारिरहेका छन् ।

पितृसत्ता पुरुषलाई आक्रमक हुन दबाब दिन्छ । यस सोच - प्रणालीले पुरुषलाई कैयौँ कुरामा दबाब सिर्जना गरेर र कैयौँ कुरामा छुट दिएर हिंस्रक बनाइरहेको छ । त्यसैले हामी भन्छौँ, पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुऱ्याउने खालको छ । पितृसत्ता पुरुषका लागि पनि नोक्सानी पुऱ्याउने खालको छ । लामो समयसम्म यो कुरा पुरुषको ध्यानमा पुग्न सकेन तर अहिले यसमा पनि परिवर्तन आउँदैछ । त्यसैको एउटा कडी हो 'म्यान इन्गेज्ड' । महिला र 'सुद्र' - लाई वेद सुन्न बर्जित गरिएको छ । यो महिला र दलितहरूको शिक्षामा बन्देज लगाउने प्रयास हो । जब पछि सहर बन्यो र सहरका मानिसलाई नागरिक बनाउने प्रथा सुरु भयो । त्यसमा पनि महिलालाई वञ्चित गरियो । दासलाई पनि नागरिकताबाट वञ्चित गरेर सम्पत्तिवाला पुरुष मात्र नागरिक बन्ने प्रावधान राखियो । यसैले लामो समयपछि बल्ल आजभन्दा डेड दुई सय वर्ष अघि मात्र महिलाले मतदान दिन पाउने अधिकारलाई लिएर आन्दोलन सुरु भयो । बेलायतबाट सुरु भएको यो अन्दोलन पहिलो सशक्त नारीवादी आन्दोलन थियो ।

नारीहरूका पारिवारिक र सामाजिक पक्षसँग सम्बद्ध अनेक रूपहरूलाई प्रस्तुत गर्दै विभिन्न उमेर, स्थान, परिस्थिति र वर्गका नारीहरूले भोग्नुपरेका शारीरिक, मानसिक, पारिवारिक र सामाजिक यातना तथा यौनगत शोषणहरूलाई प्रत्यक्ष÷परोक्ष ढङ्गमा वस्तुको रूपमा समेटेर मार्मिक ढङ्गमा उपन्यासको सिर्जना गरेका छन् । यिनीहरूका उपन्यासमा नारीको सहनशील, उदार, विवेकी, मायालु आदि रूपका अतिरिक्त विद्रोही रूपको पनि प्रस्तुति पाइन्छ । सामाजिकता तथा ऐतिहासिकताका माध्यमबाट लैङ्गिक समानताको लागि आग्रह गर्दै नारी अस्मिताको खोजी गरिएका यी

उपन्यासकारका उपन्यासमा नारी स्वतन्त्रता र समानताको पक्षधरता देखाउँदै नारीवादी अवधारणा मुखरित भएको छ ।

कसैसँग विवाह गरेपछि जस्तोसुकै अवस्था र जुनसुकै मूल्यमा त्यो सम्बन्धलाई जीवनभरि डो¥याउनु पर्छ मान्यता नेपाली समाजमा क्रमशः कमजोर हुँदै गएको स्थिति पनि यी उपन्यासमा अभिव्यक्त भएका छन् । यसबाट पति भक्ति मर्दैन पापी पति भए पनि, पति नारीको शृङ्गार हो, परमेश्वर हो, सर्वस्व हो भन्ने परम्परागत हिन्दू आदर्श पनि परिवर्तित भई समानता र स्वतन्त्रताको खोजी गर्दै एकअर्कामा सहयोग, सद्भाव एवं सम्मानको वातावरण सिर्जना हुनुपर्ने युगानुकूल धारणातर्फ नेपाली मानसिकता उन्मुख भएको देखिन्छ । समाजमा प्रचलित बालविवाह तथा अनमेल विवाहको विरोध, अन्तर्जातीय विवाह तथा विधवाविवाहको समर्थन, नेपाली संस्कार, मूल्यमान्यता तथा मानसिकतामा परिवर्तन हुँदै गएका सङ्केत हुन् । यस्ता सन्दर्भहरूलाई सकारात्मक परिवर्तनको सूचकका रूपमा लिइनुपर्ने दृष्टिकोण पनि यी उपन्यासमा अभिव्यक्त भएका छन् । आमाको कानुनी हकको सुरक्षाका लागि आमाको नामबाट पनि सन्तानलाई नागरिकता दिइनु पर्ने पक्षमा पनि महिला उपन्यासकारहरूले आवाज उठाएका छन् ।

## 7.6 सार

यस प्रखण्डमा **नारीवाद र लैङ्गिक समालोचनाका प्राप्ति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- अङ्ग्रेजीको 'मेल' र 'फिमेल' - को नेपाली अनुवाद 'पुरुष' र 'महिला' नभएर खासमा 'नर' र 'मादा' हो ।
- 'जेन्डर' भनेको समाजद्वारा निर्मित परिभाषा हो । जस्तो कुनै केटा छ । उसले प्यान्ट लगाउनुपर्छ भनेर समाजले निर्धारण गर्छ ।
- केटी छ, उसको लागि सारी तोकिएको छ । केटीले कपाल लामो राख्नुपर्छ, टप लगाउनु पर्छ । जनै लगाउनेदेखि सम्पत्तिको स्वामित्व लिने भने केटाको हकमा लागू हुन्छ । यो भूमिकालाई जेन्डर भनिन्छ ।
- नेपालीमा 'जेन्डर' - लाई लिङ्ग भन्छन् । तर स्त्री लिङ्ग र पुलिङ्ज स्तो 'सेक्स' - को पछि पनि लिङ्ग जोडिएको छ ।
- पुरुष ज्ञानेन्द्रियलाई पनि लिङ्ग नै भन्छन् । यसरी नेपाली लिङ्ग शब्दले सामाजिक लिङ्ग (जेन्डर), सेक्स र ज्ञानेन्द्रिय तिन कुरा जनाउँछ ।
- नेपालीमा मात्र होइन हिन्दी र बङ्गाली भाषामा लिङ्गको तीन अर्थ हुन्छ । अब 'सेक्स इक्वालिटी' जनाउने 'लैङ्गिक समानता' शब्दको प्रयोग गर्नु बिलकुल गलत हो ।
- 'सेक्स इक्वालिटी' त सम्भव हुने कुरा होइन । महिला र पुरुषको यौनाङ्ग अलग हुन्छ भने तीबीच 'सेक्स इक्वालिटी' कसरी हुन्छ ?
- आजको विश्वले खोजेको 'जेन्डर इक्वालिटी' हो । त्यसको अर्थ हरेक रूपमा अधिकारको समनता भनेको हो ।
- 'जेन्डर इक्वालिटी' - को नेपालीमा सही रूपान्तरण 'सामाजिक लैङ्गिक समानता' हुन्छ ।

- लैङ्गिक समालोचनाको महत्त्वपूर्ण लक्ष्यहरूमा नारी र पुरूष माझको भिन्नता, नर – नारी भन्दा भिन्दै लिङ्गको अस्तित्व, ती भिन्दै जेन्डरलाई नर – नार सरह प्राथमिक शिक्षा दिलाउने, लैङिगक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गर्ने, बाल मृत्युदर घटाउने, मातृ मृत्युदरमा घटाउने, वातावरणीय दिगोपना सुनिश्चित गर्ने र विकासका लागि विश्वव्यापी साझेदारीको प्रवर्द्धन गर्ने ।
- त्यसैगरी महिला र युवालाई उपयुक्त रोजगार दिने, मातृ मृत्युदर तीन चौथाइले घटाउने र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले घटाउने लक्ष्य राखिएको थियो ।
- पुरुष र स्त्रीको भेद भन्दा अरू भेद आएका छन् । ट्रान्स्जेन्डर आएको छ, सन्दिग्ध (क्वीअर) साइबोर्ग आएको छ । मार्जिनल विश्वतिर फर्किंदा छेलिएका विचार, कर्म, व्यक्ति, पेशा र वर्गीकरणहरूको अनन्त श्रेणी हाम्रा अघि प्रतिदिन थपिँदै छ ।
- लैङ्गिक विभेदप्रति विद्रोह र आक्रोश व्यक्त गर्नु, समलिङ्गीयता, तेस्रो लिङ्गीका हक र अधिकारका कुराहरू उठाउनु, लैङ्गिक विभेद देखाउने भाषाको विरोध गरी समतामूलक भाषाको आविष्कार गर्न खोज्नु आदि लैङ्गिकतालाई विषय बनाएर लेखिएका साहित्यका प्रमुख प्रवृत्तिहरू हुन् ।
- उत्तर – आधुनिकतावादको चौथो सिद्धान्त बहुलताको सिद्धान्तभित्र पर्ने एउटा सिद्धान्त हो – लैङगिक तथा जेन्डर ।
- शास्त्रीयताले हेरेको, वर्गीकरण गरेको जगत् गलत हुँदैछ । एउटा सानो उदाहरण छ – लैङ्गिक वा जेन्डरमा ।

यस प्रखण्डको अध्ययनले नारीवाद र लैङ्गिक समालोचना माझ सम्बन्धबारे बुनियाँदी जानकारी प्राप्त भयो । नारीवाद र यस वादका स्वरूप र प्रवृत्तिहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.7 अनुशीलनी

१. नारी र लैङ्गिक शब्दको उद्भवबारे चर्चा गर्दै यस लेखनका विविध साहित्यिक प्रवृत्तिहरूलाई सविस्तार चिनाउनुहोस् ।

२. नारी र लैङ्गिक शब्दको अर्थ सम्बन्धि उल्लेख गर्दै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

३. साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

४. नारीवाद र लैङ्गिक समालोचनाका प्रमुख विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

५. लैङ्गिक समालोचना र नारीवादी लेखनमा के कस्तो साम्य र वैशम्य पाइन्छ ? विवेचना गर्नुहोस् ।

६. साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाले के कस्तो भूमिका निर्वाह गरेको पाइन्छ ? आफ्नो तर्क दिनुहोस् ।

७. नेपाली साहित्यमा नारीवाद र लैङ्गिक समालोचनालाई अङ्गालेर लेख्ने मुख्य साहित्यकारहरू को को हुन् ? चर्चा गर्नुहोस् ।

८. नारीवाद र लैङ्गिक समालोचनाको पृष्ठभूमिबारे एउटा टिप्पणी लेख्नुहोस् ।

९. नारीवाद र लैङ्गिक समालोचनामा लेखिएका नेपाली साहित्यको सर्वेक्षण प्रस्तुत गर्नुहोस् ।

१०. नारीवाद र लैङ्गिक समालोचनाका मुख्य प्रवृत्तिबारे लेख लयार पार्नुहोस्।

## 7.8 अतिरिक्त अध्ययन


१५०. शर्मा र खगेन्द्र लुइटेल - **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त** ।

१५१. तामाङ, पेम्पा - **आख्यानदेखि पराख्यानसम्म** ।

१५२. सुवेदी, राजेन्द्र - **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** ।

१५३. उल्फ्रेज, जुलिअन - **इन्ट्रोडयुसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्च्युरी** ।

१५४. खेमराज, केशवशरण, 'हिन्दु संस्कृतिमा मातृशक्तिको स्थान', **नारी विकास बुलेटिन** ।

१५५. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।

१५६. आर्चाय निर्मलकुमार - **प्रथम नेपाली महिला** ।

१५७. गौतम, कृष्ण - **आधुनिक आलोचना अनेकरुप - अनेकपठन** ।

१५८. जोशी, कुमारबहादुर - **पाश्चात्य साहित्यका प्रमुखवाद** ।

१५९. शर्मा, मोहनराज र अरु - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।

१६०. शर्मा, ताना - **पश्चिमका केही महान साहित्यकार** ।

१६१. सुवेदी, अभि र अरु – **विश्व साहित्यको रुपरेखा** ।

१६२. गौतम, लक्ष्मण प्रसाद - **समकालीन नेपाली कविताका प्रवृत्ति** ।

१६३. त्रिपाठी, वासुदेव - **साहित्य - सिद्धान्त : शोध तथा सृजन विधि**।

१६४. शर्मा, मोहन राज - **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** ।

Notes

१६५. बराल, ऋषिराज - **उपन्यासको सौन्दर्य शास्त्र** ।

१६६. बराल, कृष्णहरि र नेत्र एटम - **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ।

१६७. भट्टराई, गोविन्दराज - **आख्यानको उत्तर - आधुनिक पर्यावलोकन**।

१६८. नेपाल, घनश्याम - **आख्यानका कुरा** ।

१६९. नेपाल, घनश्याम - **विधा विविधा** ।

१७०. सिंह, अमरकुमार - **नयी कविता की रचना प्रक्रिया** ।

१७१. उप्रेती, सञ्जिव - **सिद्धान्तका कुरा** ।

१७२. न्यौपाने, टङ्कप्रसाद - **साहित्यको रूपरेखा** ।

यस अतिरिक्त नारीवाद र लैङ्गिक समालोचनाबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन ।

## 7.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

३१. नारीवाद र लैङ्गिक समालोचनाको सामान्य परिचय ।

........................................................................................
.......
........................................................................................
.......
........................................................................................
.......

**( प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.२ को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३२. नारीवाद र लैङ्गिक समालोचनाको अवधारणा ।

..............................................................................................
.......
..............................................................................................
.......
..............................................................................................
.......

**( प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३३.नारीवाद र लैङ्गिक समालोचनाको प्राप्ति ।

..............................................................................................
.......
..............................................................................................
.......
..............................................................................................
.......

**( प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३४.साहित्यमा नारीवाद र लैङ्गिक समालोचनाको प्रयोग ।

..............................................................................................
.......
..............................................................................................
.......
..............................................................................................
.......

**( प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३५. नेपाली नारीवाद र लैङ्गिक समालोचना साहित्यकारहरू ।

**Notes**

……………………………………………………………………………………
…….
……………………………………………………………………………………
…….
……………………………………………………………………………………
…….

( प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ७.५ को खण्डमै उत्तर खोज्न सक्नेछन् )